लेखनवृत्ति संगालो

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय
पोखरा, नेपाल

लेखनवृत्ति संगालो

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय
पोखरा, नेपाल

लेखनवृत्ति संगालो
Lekhanbritti Sangalo

प्रकाशक

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रेस रजिष्ट्रारको कार्यालय

पोखरा, नेपाल

फोन नं. : ०६१-४५०८५२

इमेल : pro.gandaki1@gmail.com
pro@gandaki.gov.np

वेबसाइट : pro.gandaki.gov.np

संस्करण : २०८३

© सर्वाधिकार : प्रेस रजिष्ट्रारको कार्यालय, पोखरा, नेपाल

प्रेस रजिष्ट्रार : बिमला भण्डारी

परामर्शदाता सम्पादक : भरत कोइराला

आवरण : जीवन श्रेष्ठ

मुद्रक : ए फोर जेड ग्राफिक डिजाइन एन्ड प्रिन्टिङ प्रेस
पोखरा-९, कास्की

यस पुस्तकमा प्रकाशित विचार र तथ्य व्यापारिक प्रयोजनवाहेक प्रकाशकको अनुमतिमा स्रोत उल्लेख गरी पुनः प्रयोग गर्न बाधा पर्ने छैन ।

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

शुभकामना

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशले पत्रकारहरूको क्षमता अभिवृद्धि तथा खोजमूलक र सिर्जनात्मक पत्रकारितालाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन गरेको लेखनवृत्ति कार्यक्रम अन्तर्गत तयार भएका स्टोरीहरूको संगालो प्रकाशन हुन लागेकोमा खुसी लागेको छ ।

प्रतिस्पर्धात्मक प्रक्रियाबाट पत्रकार तथा सञ्चारकर्मीहरूको सहभागिता सुनिश्चित गर्दै सञ्चालित यस कार्यक्रमले पत्रकारितामा अध्ययन, अनुसन्धान, खोज र तथ्यमा आधारित लेखनलाई प्रोत्साहन गर्ने विश्वास लिएको छु । समाजका विविध पक्ष, नागरिकका सरोकार र समसामयिक विषयलाई गहिरो अध्ययन र अनुसन्धानका आधारमा सार्वजनिक बहसमा ल्याउनु जिम्मेवार पत्रकारिताको महत्वपूर्ण दायित्व हो ।

गण्डकी प्रदेश सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यटन तथा प्राकृतिक विविधताले समृद्ध प्रदेश हो । प्रदेशका सम्भावना, चुनौती, विकासका प्रयास र नागरिकका आवाजलाई तथ्यपरक रूपमा अभिलेखीकरण तथा आमजनतासमक्ष पुऱ्याउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण छ । स्वतन्त्र, निष्पक्ष, व्यावसायिक, जिम्मेवार, समावेशी र प्रविधिमैत्री पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ हुनुका साथै नागरिकको सूचनाको हक सुनिश्चित गर्ने महत्वपूर्ण माध्यम हो ।

प्रदेश सरकार सञ्चार क्षेत्रको विकास, पत्रकारहरूको क्षमता अभिवृद्धि तथा सञ्चारमाध्यमको संस्थागत सुदृढीकरणका लागि आवश्यक सहजीकरण गर्न प्रतिबद्ध छ । संघ र प्रदेशबीचको अधिकार क्षेत्र तथा प्रक्रियागत विषयका कारण सञ्चारमाध्यम र सञ्चारकर्मीले भोग्नुपरेका अनावश्यक झन्झटलाई न्यूनीकरण गर्दै सरल, सहज र प्रभावकारी सेवा प्रवाहको वातावरण निर्माण गर्न प्रदेश सरकारले आवश्यक पहल गरिरहेको छ ।

यस संगालोमा समेटिएका खोजमूलक स्टोरीहरूले गण्डकी प्रदेशका विभिन्न क्षेत्रका समसामयिक विषय, नागरिकका सरोकार, सम्भावना र समाजमा भइरहेका परिवर्तनलाई अभिलेखीकरण गर्दै सार्वजनिक बहसलाई थप समृद्ध बनाउने विश्वास लिएको छु । आगामी दिनमा पनि यस्ता कार्यक्रमले निरन्तरता पाउँदै पत्रकारिता क्षेत्रलाई थप अध्ययन, अनुसन्धान र खोजतर्फ प्रेरित गर्ने अपेक्षा गरेको छु ।

लेखनवृत्ति कार्यक्रमअन्तर्गत स्टोरी तयार गर्ने सम्पूर्ण पत्रकार तथा सञ्चारकर्मी, कार्यक्रम सञ्चालन गर्ने प्रेस रजिष्ट्रारको कार्यालय तथा प्रकाशनमा संलग्न सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद । जय नेपाल
वि. सं. २०८३ भदौ
ने. सं. ११४६

.....
सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री

☎ 061-457683 Google Plus Code: 6X4F+62X, Pokhara 33700 Email: ocmcmsachibalaya@gmail.com
Office of the Chief Minister and Council of Ministers
Gandaki Province, Pokhara, Nepal

शुभकामना

शासन व्यवस्थामा नागरिकलाई सही, विश्वसनीय र तथ्यपरक सूचना उपलब्ध गराउनुका साथै सार्वजनिक निकायलाई जवाफदेही बनाउन सञ्चार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ । पत्रकारिता सूचना सम्प्रेषणको माध्यममात्र नभई सार्वजनिक सरोकारका विषय उजागर गर्ने, नीति तथा कार्यक्रममाथि रचनात्मक बहस सिर्जना गर्ने र सुशासन, पारदर्शिता तथा उत्तरदायित्व प्रवर्द्धन गर्ने प्रभावकारी माध्यम हो ।

गण्डकी प्रदेशको सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक विविधतासँगै विकास, पर्यटन, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण तथा सेवा प्रवाहका विविध विषय नागरिकका सरोकारका रूपमा रहेका छन् । यस्ता विषयको वास्तविक अवस्था, सम्भावना र चुनौतीलाई तथ्य तथा प्रमाणका आधारमा प्रस्तुत गर्न अनुसन्धानमूलक पत्रकारिताको आवश्यकता बढेको छ । यही आवश्यकतालाई सम्बोधन गर्न प्रेस रजिष्ट्रारको कार्यालयबाट सञ्चालन गरिएको पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम सराहनीय पहल हो । यस कार्यालयको स्थापनाका साथै मार्गदर्शन प्रदान गर्ने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । यस कार्यक्रम सञ्चालन गर्ने प्रेस रजिष्ट्रार कार्यालय, सिफारिस तथा मूल्याङ्कन समितिका सदस्य, परामर्शदाता सम्पादकका साथै लेखनवृत्ति प्राप्त गर्ने पत्रकारहरूलाई सञ्चार क्षेत्र हेर्ने मन्त्रालयको जिम्मेवारी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार, सञ्चार तथा समन्वय महाशाखाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यस कार्यक्रमले पत्रकारलाई सार्वजनिक सरोकारका विषयमा गहन अध्ययन, खोज तथा अनुसन्धान गरी गुणस्तरीय सामग्री उत्पादन गर्न प्रोत्साहित गरेको छ । लेखनवृत्ति अन्तर्गत तयार सामग्रीलाई पुस्तकका रूपमा प्रकाशन गरिनुले यसको अभिलेखीकरणसँगै नीति निर्माता, अनुसन्धाता, सञ्चारकर्मी, विद्यार्थी तथा आम पाठकका लागि उपयोगी स्रोत बन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस पुस्तकले तथ्यपरक, जिम्मेवार र अनुसन्धानमूलक पत्रकारिताको विकास तथा गण्डकी प्रदेशको सुशासन र समग्र विकासमा योगदान पुऱ्याओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कृष्णप्रसाद लम्साल
सचिव
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश सरकार

खोजमूलक पत्रकारिताको प्रवर्द्धन
लेखनवृत्ति र व्यावसायिकताको मार्ग

गण्डकी प्रदेश भौगोलिक विविधता, प्राकृतिक छटा र सांस्कृतिक वैभवको अनुपम संगमस्थल हो । उत्तरतर्फ मनाङ र मुस्ताङको अटल हिमाली उचाइदेखि दक्षिणमा नवलपुरको उर्वर मैदानसम्म फैलिएको यो प्रदेश ऐतिहासिक धरोधरहरू र गौरवशाली गाथाले भरिएको छ । यस्तो बहुआयामिक समाजको ऐनाका रूपमा रहेको पत्रकारिता क्षेत्र लोकतान्त्रिक प्रणालीको सुदृढीकरण, सुशासनको प्रत्याभूति र नागरिक अधिकारको रक्षाका लागि एउटा बलियो र सचेत पहरेदार हो । प्रदेशका कुना-कन्दरामा रहेका सुषुप्त आवाज मुखरित गर्ने र सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शिताको कसीमा उतार्ने कार्य नै वास्तविक पत्रकारिता हो ।

प्रविधिको तीव्र विकास र सूचनाको बाढी आएको वर्तमान समयमा 'के सूचना हो र के पत्रकारिता हो' भन्ने प्रश्न गम्भीर बनेको छ । यस्तो परिवेशमा तथ्यपरक, सन्तुलित र अनुसन्धानात्मक सामग्रीको खडेरी चिर्नु आजको आवश्यकता हो । गण्डकी प्रदेश सरकार, प्रेस रजिष्ट्रारको कार्यालयले स्थापना कालदेखि नै 'स्वच्छ प्रेस, समुन्नत गण्डकी' को संकल्पलाई आत्मसात् गर्दै आएको छ । यसै संकल्पको महत्त्वपूर्ण कडीका रूपमा हामीले यस प्रदेशको भौगोलिक र सामाजिक गहिराइलाई समेत सम्बोधन गर्ने गरी 'पत्रकार लेखनवृत्ति (फेलोसिप) कार्यक्रम' अगाडि बढाएका हौं ।

पत्रकारितामा लेखनवृत्ति केवल आर्थिक प्रोत्साहनमात्र होइन; यो बौद्धिक लगानी र व्यावसायिक मर्यादाको पुनर्जागरण पनि हो । यस कार्यक्रमले दैनिक समाचारको चापका कारण ओझेलमा परेका गम्भीर र गहन सामाजिक, आर्थिक मुद्दालाई उधिन्ने अवसर प्रदान गर्दछ । यस लेखनवृत्तिको घनत्व यसमा समेटिएका विषयको गहिराइमा छ भने यसको गुरूत्व यसले समाजमा पार्ने प्रभाव र नीति-निर्माणमा दिने दबाबमा प्रतिबिम्बित हुन्छ । सतही सूचनाभन्दा माथि उठेर, प्रमाण र तथ्याङ्कमा आधारित भई लेखिएका सामग्रीले नै पत्रकारिताको गरिमालाई उच्च बनाउँछन् । यस कार्यक्रमले पत्रकारलाई घटनाको विवरणमात्र दिने 'रिपोर्टर'बाट समाजको सूक्ष्म विश्लेषण गर्ने अनुसन्धातामा रूपान्तरण गर्न उत्प्रेरकको भूमिका निर्वाह गरेको छ ।

'पत्रकार लेखनवृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' को अधीनमा रही अत्यन्त पारदर्शी र व्यवस्थित तबरले यो कार्यक्रम भएको छ । गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट जम्मा ३५ वटा प्रस्ताव प्राप्त भएका थिए । विज्ञ समूहको मूल्याङ्कनबाट छनोटमा परेका २४ विषय र तत्पश्चात् मेन्टरिङ र सम्पादनको कडा परीक्षण पार गरी तयार २३ खोजमूलक आलेखहरू यस संग्रहका प्राण हुन् । विज्ञहरूको निरन्तर परामर्श, मेन्टरसिप र कार्यशालाका माध्यमबाट पत्रकार साथीहरूले आफ्नो लेखनमा निखारता ल्याउनुभएको छ । यो प्रक्रियाले एकातिर पत्रकारको व्यक्तिगत क्षमता अभिवृद्धि गरेको छ भने अर्कोतिर प्रदेशको समग्र पत्रकारिताको गुणस्तरलाई नयाँ उचाइमा पुऱ्याएको छ ।

यो संगालो पुस्तकका रूपमा आउनु आफैंमा सुखद र गौरवपूर्ण विषय हो । खोजपरक सामग्री पत्रपत्रिका वा अनलाइनमा प्रकाशित भएरमात्र पर्याप्त हुँदैनन्, तिनको दीर्घकालीन महत्त्वका लागि दस्तावेजीकरण अनिवार्य हुन्छ । गण्डकी प्रदेशको सामाजिक, आर्थिक, सांस्कृतिक र प्रशासनिक अवस्थाका विविध पक्ष समेटेर तयार पारिएको यो पुस्तक भविष्यका अध्येता, नीति-निर्माता र जिज्ञासुका लागि एउटा प्रामाणिक सन्दर्भ सामग्री बन्नेछ । दस्तावेजीकरणको यो प्रयासले गण्डकी प्रदेशको समकालीन इतिहास अभिलेखीकरण गर्ने कार्यमा इँटा थपेको छ । प्रदेशको पत्रकारितामा 'इतिहासको पहिलो मस्यौदा' लेख्ने दायित्वलाई न्याय गरेको हाम्रो ठम्याइ छ ।

प्रतिकूल समय र सीमित स्रोतका बाबजुद आफ्नो श्रम र सिर्जनालाई खोजमूलक लेखनमा खर्चिनुहुने सम्पूर्ण क्रियाशील पत्रकार साथीहरूलाई हार्दिक बधाई र सम्मान गर्दछु । प्रेस रजिष्ट्रार कार्यालयको कामप्रति अभिभावकीय भूमिका निर्वाह गर्नुहुने माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू र सञ्चार सचिवज्यूप्रति विशेष आभार प्रकट गर्दछु । कार्यक्रमलाई सफल बनाउन योगदान दिनुहुने विज्ञ परामर्शदाता, मूल्याङ्कन समितिका सदस्यहरू र प्रेस रजिष्ट्रार कार्यालयको कर्मचारी टिमको लगाव र निष्ठाप्रति म धन्यवाद व्यक्त गर्दछु ।

हाम्रो यो प्रयास गण्डकी प्रदेशमा अनुसन्धानमूलक पत्रकारिताको जग बसाल्ने सानो तर अर्थपूर्ण प्रस्थानविन्दु हो । आगामी दिनमा यस कार्यक्रमलाई अझ परिष्कृत, समावेशी र प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता गर्दछु । यस पुस्तकले आमपाठकमा नयाँ चेतना र पत्रकारिता जगतमा नयाँ उत्साह भर्ने छ भन्ने मेरो पूर्ण विश्वास छ ।

बिमला भण्डारी
प्रेस रजिष्ट्रार
प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश

प्रकाशकीय

सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा स्वतन्त्र, व्यावसायिक तथा उत्तरदायी पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहन्छ । समाजमा भइरहेका गतिविधि, सार्वजनिक सरोकारका विषय, विकास निर्माण, सेवा प्रवाह तथा शासन प्रणालीसँग सम्बन्धित विषयलाई तथ्यमा आधारित, खोजमूलक र अनुसन्धानपरक ढङ्गबाट नागरिकसमक्ष पुऱ्याउन सक्षम सञ्चार क्षेत्रको विकास आजको आवश्यकता हो । यसै आवश्यकतालाई आत्मसात् गर्दै गण्डकी प्रदेशभित्र पत्रकारिता, सञ्चार तथा अनुसन्धानको क्षेत्रमा क्रियाशील पत्रकारहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रेस रजिष्ट्रारको कार्यालयले पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम सञ्चालन गरेको हो ।

गण्डकी प्रदेशमा क्रियाशील पत्रकार, सञ्चार माध्यम तथा अनुसन्धातालाई लक्षित गरी प्रदेशभित्रका सार्वजनिक सरोकारका विषयमा खोजमूलक समाचार, अनुसन्धानमूलक सामग्री तथा आलेख तयार गरी उत्पादन, प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहित गर्ने, पत्रकारिताको गुणस्तर अभिवृद्धि गर्ने, अनुसन्धानको दायरालाई फराकिलो बनाउने तथा पत्रकारितामा तथ्य, प्रमाण र गहिरो अध्ययनको संस्कार विकास गर्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

यसै उद्देश्यअनुरूप पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ तर्जुमा गरी कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धात्मक रूपमा कार्यान्वयन गरिएको हो । कार्यविधिबमोजिम लेखन वृत्तिका लागि विषयक्षेत्र निर्धारण गरी आवेदन आह्वान गरिएको थियो । प्राप्त आवेदनको छनोट तथा सिफारिसका लागि विज्ञ परामर्शदाता नियुक्त गरी प्रारम्भिक मूल्याङ्कन तथा सिफारिस गर्ने र त्यसपछि मूल्याङ्कन तथा सिफारिस समितिबाट अन्तिम मूल्याङ्कन गरी लेखन वृत्तिका लागि आवेदक छनोट गर्ने व्यवस्था थियो ।

लेखनवृत्तिका लागि गण्डकी प्रदेशभित्रका पत्रकारबाट आवेदन आह्वान गर्दा ३५ जना आवेदकबाट प्रस्ताव प्राप्त भएका थिए । विज्ञ परामर्शदाता र मूल्याङ्न तथा सिफारिस समितिको सिफारिसका आधारमा बजेटको सीमाभित्र रही २४ जना आवेदकलाई लेखन वृत्तिका लागि छनोट गरिएको थियो । छनोट भएका आवेदकलाई तोकिएको विषयक्षेत्रमा खोज तथा अध्ययन गरी सामग्री तयार गर्न प्रोत्साहित गरिएको थियो । परामर्शदाताबाट विभिन्न चरणमा आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गरी सामग्रीलाई थप तथ्यपरक, अनुसन्धानमूलक र गुणस्तरीय बनाउन सहजीकरण गरिएको थियो ।

यस प्रक्रियाबाट २३ जना लेखनवृत्ति प्राप्त पत्रकारले लेखन सामग्री पूर्णरूपमा तयार गरी विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारणसमेत गरेका छन् । परामर्शदाता सम्पादकबाट आवश्यक सम्पादन तथा मूल्याङ्कनपछि मूल्याङ्कन तथा सिफारिस समितिको स्वीकृतिका आधारमा लेखनवृत्ति प्राप्त पत्रकारलाई प्रोत्साहनस्वरूप रू. २५,००० ।- का दरले लेखन तथा प्रसारण वृत्ति उपलब्ध गराइएको छ ।

लेखनवृत्ति कार्यक्रमबाट तयार भएका यी सामग्री केवल सम्बन्धित सञ्चार माध्यममा प्रकाशन वा प्रसारणमा सीमित नरही गण्डकी प्रदेशका समसामयिक विषय, सार्वजनिक सरोकार, विकास, सुशासन, सामाजिक अवस्था, चुनौती तथा सम्भावनासँग सम्बन्धित महत्त्वपूर्ण दस्तावेजका रूपमा समेत उपयोगी हुने विश्वास गरिएको छ । पत्रकारिता क्षेत्रमा खोज, अनुसन्धान र तथ्यमा आधारित लेखनलाई प्रोत्साहन गर्ने क्रममा उत्पादन भएका यस्ता सामग्रीको संरक्षण, अभिलेखीकरण तथा व्यापक उपयोगका लागि पुस्तकका रूपमा प्रकाशन गरिएको हो ।

यस पुस्तकमा समेटिएका सामग्रीले गण्डकी प्रदेशका विविध पक्षलाई नजिकबाट नियाल्ने प्रयास गरेका छन् । यी सामग्रीले प्रदेशको वास्तविक अवस्था बुझ्न, सार्वजनिक बहसलाई तथ्यपरक बनाउन, नीति निर्माण तथा अनुसन्धानका लागि आधार सामग्री उपलब्ध गराउन र पत्रकारिताको व्यावसायिक गुणस्तर अभिवृद्धि गर्न योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

लेखनवृत्ति कार्यक्रमलाई सफल बनाउन योगदान गर्नुहुने विज्ञ परामर्शदाता, मूल्याङ्कन तथा सिफारिस समितिका पदाधिकारी, लेखनवृत्ति प्राप्त पत्रकार, सञ्चार माध्यम तथा कार्यक्रम सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति प्रेस रजिष्ट्रारको कार्यालय हार्दिक आभार व्यक्त गर्दछ । विशेषतः खोज, अध्ययन र अनुसन्धानमा आधारित सामग्री तयार गरी यस पुस्तकलाई समृद्ध बनाउन योगदान गर्नुहुने सम्पूर्ण लेखक/पत्रकारप्रति कार्यालय हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

आगामी दिनमा पनि यस्ता कार्यक्रममार्फत् पत्रकारिता क्षेत्रमा अनुसन्धान, खोज, तथ्यपरक लेखन र सिर्जनशीलतालाई प्रोत्साहन गर्दै गण्डकी प्रदेशको सञ्चार क्षेत्रलाई थप व्यावसायिक, जिम्मेवार र गुणस्तरीय बनाउने कार्यमा प्रेस रजिष्ट्रारको कार्यालय निरन्तर क्रियाशील रहने प्रतिबद्धता गर्दछ ।

प्रेस रजिष्ट्रारको कार्यालय

विषयसूची

	विषयक्रम	लेखक	पृष्ठ
१.	'पोखेली सिसाकलम' **फोहोर व्यवस्थापन, महिला सिर्जनशीलता र आत्मनिर्भरताको उदाहरण**	बालकुमारी पौडेल (तारा)	१
२.	**कालीगण्डकी नदी संरक्षण र उपयोग कसरी ?**	विजय नेपाल	९
३.	डिजिटल दुनियाँको अदृश्य पासो **साइबर अपराधको चक्रव्यूहमा समाज र सुरक्षाको चुनौती**	विजय नेपाली	१६
४.	**गण्डकीले बिर्सेको त्रिवेणी र संघीयताको कसीमा सुस्ताको अस्तित्व**	विशन क्षेत्री	२०
५.	नवप्रवर्तन **व्यवहारमा सुधार, उत्पादनमा रफ्तार**	विष्णुप्रसाद गौडेल	२६
६.	**गुलजार अन्नपूर्ण, सुनसान धौलागिरी**	दीपक परियार	३२
७.	**पर्यटनको राजधानी पोखरामा** **खेल पर्यटनले फेर्न सक्छ अर्थतन्त्रको अनुहार**	दीननाथ बराल	३८
८.	सेती किनारको मौन जोखिम **बिर्सिएको विपद् र निम्तिँदो संकट**	फडिन्द्र अधिकारी	४४
९.	जलवायु संकटले बढायो हिमाली अर्थतन्त्रको चिन्ता **किसान खोज्दैछन् च्यांग्रा जोगाउने उपाय**	घनश्याम खड्का	५१
१०.	पर्यटनको हब ज्ञण्डकी **नेपालको समृद्धिको ढोका**	गोविन्द मरासिनी	५६
११.	**मैदानमा उत्साह, नीतिमा उदासिनता**	ज्योति हमाल	६२
१२.	**चिमखोलाको पहिचान र म्याग्दीको गौरव थाली नाच**	कमल खत्री	६७

विषयसूची

	विषयक्रम	लेखक	पृष्ठ
१३.	हनुमान नाच **तीन शताब्दीको सांस्कृतिक धरोहर**	खेमराज गौतम	७२
१४.	संकटमा सीमान्तकृत **पुख्यौंली पहिचान जोगाउनै सास्ती**	मिला दरै	७७
१५.	हिमाली खेतीमा जलवायुको मार **मनाङको रैथाने स्वादमा आधुनिकता र तापक्रमको असर**	नवीन लामिछाने	८३
१६.	**भीरमा अल्झिएको भेडागोठालाको जीवन**	प्रतीक्षा आले मगर	९०
१७.	**घर छेउकै अस्पतालमा विशेषज्ञ सेवा**	पूर्ण विके	९५
१८.	नाट्य शिक्षा **आत्मविश्वासदेखि सामाजिक चेतनासम्मको यात्रा**	राजाराम पौडेल	१००
१९.	ठाण्डकी सरकारका आठ वर्ष **बिजुली र पानीमा फड्को, ठूला पूर्वाधारमा अझै अलमल**	रोहितराज पराजुली	१०७
२०.	गार्जंदो सेती **फेवातालको छायामा ओझेलिएको पर्यटकीय स्वर्ण**	सन्देश श्रेष्ठ	११४
२१.	साइबर अपराधको महाजाल **कसैको धन लुटियो, कसैको इज्जत**	सञ्जय रानाभाट	१२०
२२.	**तालिमको तागत, नतिजामा प्रश्न**	तारा चापागाईं	१२७
२३.	कृषि आधुनिकीकरणको परीक्षा **किसानको अपेक्षा, राज्यको चुनौती**	यदुनाथ बन्जारा	१३५

‘पोखेली सिसाकलम’
फोहोर व्यवस्थापन, महिला सिर्जनशीलता र आत्मनिर्भरताको उदाहरण

बालकुमारी पौडेल (तारा)

> **‘पोखेली सिसाकलम’ केवल सिसाकलम होइन । यो फालिएको पत्रिकाले पाएको दोस्रो जीवन हो ।**

पोखरा ।

पहिले घरको कुनामा थन्किने पुराना पत्रपत्रिका अहिले पोखरा र आसपासका बालबालिकाको हातमा सिसाकलम बनेर पुगिरहेका छन् । फालिने कागजलाई आम्दानीको स्रोतमा बदल्ने पोखराका पाँच महिलाको प्रयासले फोहोर व्यवस्थापन, महिला उद्यमशीलता र वातावरण संरक्षणलाई एउटै सूत्रमा बाँधेको छ ।

नेपालका अधिकांश सहरमा फोहोर व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । कागजको बढ्दो प्रयोगसँगै पुनः प्रयोग गर्न सकिने सामग्री ठूलो परिमाणमा फोहोरमा परिणत भइरहेका छन् । यस्तै अवस्थामा पोखराका पाँच महिलाले पुराना पत्रपत्रिकालाई वातावरणमैत्री सिसाकलममा रूपान्तरण गर्दै फोहोर व्यवस्थापनलाई आयआर्जन र रोजगारीसँग जोडेका छन् ।

पोखरा महानगरपालिकाको फोहोर व्यवस्थापन तालिमबाट जन्मिएको यो उद्यम अहिले महिला आत्मनिर्भरता र स्थानीय उत्पादन प्रवर्द्धनको उदाहरण बनेको छ । ‘पोखेली सिसाकलम’ ले दिगो विकासको अवधारणालाई व्यवहारमा उतार्नुका साथै समुदायमा फोहोर व्यवस्थापनप्रति सकारात्मक सन्देश पनि फैलाएको छ ।

पुराना पत्रपत्रिका तथा कागज पुनः प्रयोग गरेर वातावरणमैत्री सिसाकलम उत्पादन गर्ने यो अभियान पोखरा महानगरपालिका वडा नम्बर २ मा बसोबास गर्ने शान्ति अधिकारी, विमला देवी भण्डारी अधिकारी, सिर्जना तिवारी, गीता सुवेदी र पद्मा पौडेल आचार्यको सामूहिक प्रयासबाट अघि बढिरहेको छ ।

तालिमबाट उद्यमसम्म

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) र कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को आर्थिक र प्राविधिक

सहयोग तथा पोखरा महानगरपालिकाको सहकार्यमा रिसाइक्लिङ र अपसाइक्लिङ परियोजना अन्तर्गत फोहोर व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा महानगरपालिकाका ३३ वटै वडाका १ सय ३६ टोल विकास संस्थाका ४ हजार ८० सहभागीलाई विसं २०८१ पुसदेखि चैतसम्म तीन चरणमा प्रशिक्षण दिइएको थियो ।

फोहोर वर्गीकरण, पुनः प्रयोग र आयआर्जनका सम्भावनाबारे तालिममा जानकारी दिइएको थियो । यही क्रममा शान्ति अधिकारीले 'पेपर टु पेन्सिल' अर्थात् पुराना पत्रिकाबाट सिसाकलम बनाउने व्यावसायिक अवधारणा प्रस्तुत गरिन् । सहभागीमध्ये उनको अवधारणा उत्कृष्ट व्यावसायिक योजनाका रूपमा छनोट भयो ।

त्यसपछि पाँच महिलाले मिलेर गत वर्ष जेठको पहिलो सातादेखि 'पोखेली सिसाकलम' उत्पादन सुरू गरे । उद्यम सञ्चालनका लागि कोइकाले करिब ७ लाख ३० हजार रूपैयाँ बराबरको रोलिङ मेसिन, साइज कट मेसिन र ड्रायर उपलब्ध गरायो । पोखरा महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्रबाट ७० हजार रूपैयाँ सहयोग प्राप्त भयो ।

यसका अतिरिक्त महिलाहरूले आफ्नै श्रम, समय र व्यक्तिगत लगानी पनि व्यवसायमा खर्च गरेका छन् । सुरूवाती चरणमा प्राविधिक कठिनाइ आए पनि अभ्यास र अनुभवसँगै अहिले उत्पादन व्यवस्थित रूपमा अघि बढिरहेको उनीहरू बताउँछन् ।

सिसाकलम बन्ने प्रक्रिया

सिसाकलम उत्पादनका लागि आवश्यक पुराना पत्रपत्रिका विद्यालय, संघ, संस्था, समुदाय र कबाडीबाट संकलन गरिन्छ । घरघरमा पढेर थन्किएका पत्रिका पनि उनीहरूले खरिद गर्ने गरेका छन् ।

संकलित पत्रिकालाई निश्चित आकारमा नापेर काटिन्छ । त्यसपछि दुई मिलिमिटर मोटाइको लिड राखेर पत्रिकालाई सावधानीपूर्वक बेरिन्छ । बेर्दा पत्रिकाका तह एक आपसमा नटाँसिने गरी मिलाइन्छ । एकै पटक १० देखि १५ वटासम्म सिसाकलमको लिड बेर्न सकिन्छ भने एक जनाले दैनिक करिब पाँच सय वटासम्म लिड तयार गर्न सक्छन् ।

त्यसपछि रोलिङ मेसिनमार्फत् सिसाकलमलाई अन्तिम आकार दिइन्छ । मेसिनबाट निस्किएको सिसाकलमलाई दुई दिन ओसिलो ठाउँमा राखेर सुकाइन्छ । त्यसपछि थप ३ देखि ४ दिन घाममा सुकाइएपछि अन्तिम चरणमा तिखारेर आवश्यक आकारमा काटिन्छ । त्यसपछि मात्रै उत्पादन बजार पठाउनका लागि तयार हुन्छ ।

यी सिसाकलम सामान्य बजारमा पाइने 'सार्पनर' ले नै तिखार्न सकिन्छ । हाल 'पोखेली सिसाकलम' अन्तर्गत कालो र रंगीन दुवै प्रकारका सिसाकलम उत्पादन भइरहेका छन् ।

विमलाको संघर्ष र सफलताको यात्रा

उद्यमी विमलादेवी भण्डारी अधिकारीको व्यावसायिक यात्रा संघर्ष, धैर्य र आत्मविश्वासले भरिएको छ । उद्यममा संलग्न हुनुअघि उनी सानो व्यवसाय सञ्चालन गर्थिन् । श्रीमान् वैदेशिक रोजगारीका लागि विदेश गएपछि साना छोराछोरीको जिम्मेवारी र व्यवसाय दुवै सम्हाल्नु उनका लागि चुनौतीपूर्ण थियो ।

तर, उनले एक्लैले पसल सञ्चालन गर्दै छोराछोरी हुर्काइन् । दुई वर्षपछि श्रीमान्ले जापान बोलाए । छोराछोरीलाई बुबाआमाको रेखदेखमा छोडेर विदेश गइन् । त्यहाँ चार वर्ष मेहनत गरेपछि उनी स्वदेश फर्किइन् ।

नेपाल फर्किएपछि आफ्नै देशमा केही नयाँ काम गर्ने इच्छा जाग्यो । त्यही समयमा उनलाई 'पोखेली सिसाकलम' उद्योगसँग जोडिने अवसर मिल्यो । पाँच जना साथीसँग मिलेर उनले सिसाकलम उत्पादन व्यवसाय सुरू गरिन् । अहिले उनीहरू उत्पादनसँगै ब्रान्डिङ र प्याकेजिङमा पनि विशेष ध्यान दिइरहेका छन् ।

विमलाका अनुसार परिवारको सकारात्मक सहयोगले व्यवसाय अघि बढाउन सहज भएको छ । उद्यममा जोडिएपछि उनको जीवनमा पनि परिवर्तन आएको छ । समय अहिले उत्पादन र व्यवस्थापनमा खर्च भइरहेको छ । घरखर्चमा सहयोग पुगेको छ भने आफ्नै आम्दानी हुन थालेपछि सामान्य खर्चका लागि अरूमाथि निर्भर हुनुपर्ने अवस्था हटेको छ ।

उनको अनुभवमा आर्थिक आत्मनिर्भरता केवल आम्दानीको विषय होइन; आत्मविश्वास र सम्मानसँग पनि जोडिएको विषय हो । यही कारणले उद्यमबाट प्राप्त सफलताले परिवारमा समेत सकारात्मक प्रभाव पारेको छ ।

आर्थिक आत्मनिर्भरताको आधार

'पोखेली सिसाकलम'ले वातावरणीय लाभसँगै स्थानीयस्तरमा आर्थिक अवसर पनि सिर्जना गरेको छ । साधारण सिसाकलम १० रूपैयाँमा बिक्री हुन्छ भने रंगीन तथा डिजाइनयुक्त सिसाकलमको मूल्य १२ देखि २५ रूपैयाँसम्म पर्छ ।

व्यक्ति वा संस्थाको नाम, लोगो तथा विशेष सन्देश अंकित सिसाकलम उत्पादन गरिने भएकाले यसको माग क्रमशः बढिरहेको उद्यमीहरू बताउँछन् । उनीहरूले दैनिक औसत १ हजार ५ सय वटा तथा मासिक करिब १७ हजार सिसाकलम उत्पादन गर्न सक्ने क्षमता विकास गरेका छन् । उत्पादनका लागि एक वर्षमा करिब ४ सय ६० किलो पुराना पत्रपत्रिका पुनः प्रयोग गरिएको छ ।

अहिले उनीहरूको प्राथमिकता आम्दानीभन्दा पनि 'पोखेली सिसाकलम'लाई दिगो स्थानीय ब्रान्डका रूपमा स्थापित गर्नु हो । अहिले सिसाकलम पोखराका स्टेसनरी, विद्यालय, होटल तथा विभिन्न संस्थामार्फत् बिक्री भइरहेको छ । काठमाडौं, हेटौंडा, कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ र मकवानपुर लगायतका जिल्लामा समेत यसको बजार विस्तार भएको छ ।

करिब ५० नियमित ग्राहक छन् । केही ग्राहकले पुनः बिक्रीका लागि सिसाकलम लैजान्छन् भने केहीले आफ्नै प्रयोगका लागि खरिद गर्छन् । उद्यमीहरू सामाजिक सञ्जाल, वेबसाइट, मेला-महोत्सव तथा विद्यालयस्तरीय कार्यक्रममार्फत् उत्पादनको प्रचारप्रसार गरिरहेका छन् । हप्ताको एक-दुई दिन उनीहरू आफैं बजार पुगेर उत्पादन मार्केटिङ पनि गर्छन् ।

उद्यममा संलग्न पाँचै जना महिला यस कार्यमा लाग्नुअघि गृहिणी थिए । परिवारको सहयोग र प्रोत्साहनका कारण उनीहरू निरन्तर सक्रिय रहन सकेका छन् । आफ्नै श्रम र सीपबाट आम्दानी गर्न थालेपछि आत्मविश्वास, खुसी र आत्मनिर्भरताको भावना बढेको उनीहरू बताउँछन् ।

उनीहरूले उत्पादनमात्र होइन, समुदायमा फोहोर व्यवस्थापनसम्बन्धी चेतना फैलाउने काम पनि गरिरहेका छन् । हरेक महिनाको २ गते समुदायमा प्लास्टिकजन्य फोहोर संकलन गरेर रिसाइकलमा पठाउने कामसमेत गर्दै आएका छन् । प्लास्टिक बिक्रीबाट प्राप्त रकम महानगरलाई तिर्नुपर्ने फोहोर शुल्कमा उपयोग हुने गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको लक्ष्य

उद्यमीहरूको अबको लक्ष्य 'पोखेली सिसाकलम' लाई व्यवस्थित ब्रान्डिङमार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनु हो ।

हाल एक उद्यमीको घरको बरन्डा र स्टोररूममा सञ्चालन भइरहेको उद्योगलाई उपयुक्त स्थानमा विस्तार गर्ने योजना उनीहरूको छ । आधुनिक मेसिन र सरकारी सहयोग प्राप्त भए उत्पादन बढाएर विदेश निर्यात गर्न सकिने उनीहरूको विश्वास छ । उनीहरू भन्छन्, 'नेपाललाई पेन्सिल उत्पादनमा आत्मनिर्भर बनाउने र आयात घटाउने हाम्रो सोच छ ।'

उनीहरूले आर्थिक रूपमा कमजोर तथा अवसरको खोजीमा रहेका महिलालाई उद्यमशीलतामा जोडिन आग्रह पनि गरेका छन् । व्यावसायिक गतिविधिसँगै सामाजिक उत्तरदायित्वलाई महत्त्व दिँदै विभिन्न विद्यालयका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई निःशुल्क सिसाकलम वितरण गर्दै आएका छन् । बजार विस्तारसँगै उनीहरू तालिममार्फत् इच्छुक र आर्थिक अवस्था कमजोर महिलालाई पनि उद्यमशीलतामा जोड्ने योजना बनाइरहेका छन् ।

समाज र विद्यालयको साथ

'पोखेली सिसाकलम'लाई फोहोर व्यवस्थापन, वातावरण संरक्षण र महिला आत्मनिर्भरतासँग जोडिएको प्रशंसनीय अभियानका रूपमा नागरिक समाज कास्कीका संस्थापक संयोजक तथा वातावरण महाअभियानका संयोजक रामबहादुर पौडेलले लिएका छन् ।

पढिसकेका पत्रिका जथाभावी फाल्ने बानी सुधारेर पुनः प्रयोगमार्फत् उत्पादनमा जोड्नु सकारात्मक अभ्यास हो । उनी भन्छन्, 'महिलाले समूहमा संगठित भएर सिर्जनशील काम गरेका छन् । यस्ता प्रयासलाई स्थानीय सरकार, व्यवसायी र नागरिक समाजले प्राथमिकतामा राखेर सहयोग गर्नुपर्छ ।'

उनले विद्यालय स्तरमै बालबालिकालाई वातावरणमैत्री सामग्री प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने बताए । प्रारम्भिक लेखन तथा खेस्रा तयार गर्न यस्ता सिसाकलम उपयोगी हुन सक्ने उनको विश्वास छ ।

विद्यालयमा बढ्दो आकर्षण

'पोखेली सिसाकलम' ले विद्यालय स्तरमा पनि राम्रो स्थान बनाउँदै गएको छ । वातावरणमैत्री उत्पादनप्रतिको बढ्दो चासो, प्रयोगमा सहजता र गुणस्तरका कारण विद्यार्थी, शिक्षक तथा अभिभावकमाझ यसको लोकप्रियता बढ्दै गएको देखिन्छ ।

पोखरा-२ स्थित मुना मन्टेसरीकी प्रिन्सिपल मौजा गुरूङले विद्यालयमा एक वर्षदेखि 'पोखेली सिसाकलम' प्रयोग भइरहेको बताइन् । सुरूमा वातावरणमैत्री सोचका कारण प्रयोग सुरू गरिएको भए पनि पछि यसको गुणस्तरले विद्यार्थी र अभिभावकलाई आकर्षित गरेको उनको अनुभव छ ।

उनी भन्छिन्, 'अभिभावकले विद्यालयमा बच्चाको अक्षर राम्रो भएको तर घरमा त्यस्तो नभएको बताउन थालेपछि हामीले घरमा पनि यही सिसाकलम प्रयोग गर्न सुझाव दिएका छौं ।'

पेपरबाट बनेकाले यो चिप्लिँदैन, समात्न सहज हुन्छ र लिड गाढा भएकाले लेखाइ स्पष्ट देखिन्छ । आकर्षक प्याकेजिङ र रंगीन डिजाइनले बालबालिकालाई थप आकर्षित गरेको छ ।

गुरूङका अनुसार नेपाली बजारमा 'मेड इन नेपाल' स्टेसनरी सामग्रीको अभाव छ । 'पोखेली सिसाकलम' ले त्यो खालीपन पूरा गर्न सक्ने सम्भावना बोकेको छ । स्वदेशी उत्पादनको मागअनुसार अघि बढ्न सके यसको भविष्य उज्ज्वल रहेको उनको विश्वास छ ।

पोखरा-२१ की गीता कार्कीले पनि करिब एक वर्षदेखि 'पोखेली सिसाकलम' प्रयोग गर्दै आएकी छन् । सुरूमा उत्सुकतावश खरिद गरेको सिसाकलमले गुणस्तर, लेखाइ र वातावरणमैत्री पक्षका कारण आफूलाई आकर्षित गरेको उनी बताउँछिन् ।

उनका अनुसार काठका सिसाकलमभन्दा फरक अनुभव दिने यो उत्पादन घरका भाइबहिनीले समेत मन पराएका छन् । पोखराको एक निजी विद्यालयमा अध्यापन गर्दै आएकी कार्कीले आफ्ना विद्यार्थीलाई पनि यो सिसाकलम प्रयोग गर्न प्रेरित गर्दै आएकी छन् । अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कारस्वरूप सिसाकलम प्रदान गर्ने गरेको उनले बताइन् ।

उनी भन्छिन्, 'विद्यार्थीले यो कहाँ उत्पादन हुन्छ भनेर चासो राख्छन् । आफूहरूले पनि प्रयोग गर्न चाहेको बताउँछन् ।' उनका अनुसार 'पोखेली सिसाकलम' वातावरणमैत्रीमात्र होइन; गुणस्तरीय पनि छ । फालिएका कागजको पुनः प्रयोगबाट बनेका यस्ता सामग्रीले वातावरण संरक्षणसँगै महिलाका लागि आयआर्जनको अवसर पनि सिर्जना गरेका छन् । सामाजिक सञ्जालमा आएका प्रतिक्रियाले पनि उत्पादनको गुणस्तरप्रति सकारात्मक धारणा रहेको देखाउँछ ।

बालमन्दिर माध्यमिक विद्यालय, नदीपुरमा कक्षा ८ मा अध्ययनरत समीक्षा चापागाईंले पनि करिब एक वर्षदेखि 'पोखेली सिसाकलम' प्रयोग गर्दै आएकी छन् । दिदीले उपहारस्वरूप दिएपछि उनले यसको प्रयोग सुरू गरेकी हुन् ।

अन्य सिसाकलम चाँडै भाँचिने र राम्रोसँग तिखार्न गाह्रो हुने समस्या हुन्थ्यो । तर पेपर पेन्सिल टिकाउ र प्रयोगमा सहज लागेको छ । उनी भन्छिन्, 'यो सिसाकलम राम्रोसँग तिखारिन्छ र लामो समयसम्म टिक्छ ।'

उनका अनुसार यसले लेखाइ सफा र आकर्षक बनाउन सहयोग गरेको छ । वातावरणमैत्री हुनुका साथै प्रयोगमा सहज भएकाले उनी यसलाई अन्य सिसाकलमभन्दा फरक र विशेष मान्छिन् । उनका साथीहरूले पनि यो सिसाकलम मन पराएर ल्याइदिन आग्रह गर्ने गरेका छन् ।

स्थानीय सरकारको सहयोग

कोइका र युएनडिपीको साझेदारीमा सञ्चालित जिसिआरयु परियोजनामार्फत् महिलाले सञ्चालन गरेको फोहोर व्यवस्थापन अभियानले महानगरलाई उत्साहित बनाएको पोखरा महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्र तथा पर्यटन प्रवर्द्धन कार्यक्रम प्रमुख नवराज अधिकारी बताउँछन् ।

महिलाले 'फोहोरलाई मोहोरमा बदल्ने' अवधारणासहित सुरू गरेको अभियानले फोहोर व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । उनी भन्छन्, 'यो अभियानले फोहोर व्यवस्थापनमा ठूलो सहयोग पुगेको छ । वातावरणमैत्री उत्पादनमार्फत् महिलाले उद्यमशीलताको राम्रो उदाहरण प्रस्तुत गरेका छन् ।'

महानगरले 'मेकिङ पोखरा, मेड इन पोखरा' कार्यक्रममार्फत् स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ, मार्केटिङ र प्रवर्द्धनमा सहयोग गरिरहेको छ । साथै, प्रविधि हस्तान्तरण, मेन्टरिङ, तालिम तथा वित्तीय र प्राविधिक सहयोगका कार्यक्रम पनि सञ्चालन गरिरहेको उनले बताए । महिला उद्यमीलाई सहुलियत दरमा कर्जा प्रवाह, व्यवसाय विस्तार र सीप विकासका क्षेत्रमा पनि महानगरले काम गरिरहेको अधिकारीको भनाइ छ ।

'पोखेली सिसाकलम' जस्ता वातावरणमैत्री उत्पादनले पोखरालाई सफा, सुन्दर र आत्मनिर्भर बनाउने अभियानमा सकारात्मक योगदान पुऱ्याएका छन् ।

महिला उद्यम, रिसाइकल र दिगोपन

महिला सीप विकास संस्था पोखराकी कार्यकारी निर्देशक रामकली खड्काले फोहोर कागजबाट सिसाकलम बनाउने प्रयासलाई महिला आर्थिक सशक्तीकरण, वातावरण संरक्षण र स्थानीय उद्यमशीलताको सकारात्मक उदाहरणका रूपमा लिएकी छन् ।

खड्काका अनुसार महिलाले उद्यम सुरू गर्दा परिवारको सहयोग नपाउने, आर्थिक स्रोतको अभाव हुने, बजार खोज्न कठिन हुने र समाजले साना उत्पादनमूलक कामलाई कम मूल्यांकन गर्ने जस्ता चुनौती सामना गर्नुपर्छ । उनी भन्छिन्, 'सामग्री बनाएरमात्र पुग्दैन । ग्राहकसम्म पुग्ने क्षमता, गुणस्तर, व्यवहार र निरन्तर बजार खोजी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।'

उद्यमको सुरूआती चरणलाई उनले सानो बच्चाको हेरचाहसँग तुलना गरिन् । सुरूवातमा धेरै मेहनत, धैर्य र समर्पण आवश्यक हुन्छ । एउटै क्षेत्रमा निरन्तर काम गर्दै गुणस्तर कायम राख्न सके मात्र स्थायी पहिचान स्थापित गर्न सकिन्छ । उनी भन्छिन् कि धेरै महिलालाई परिवारकै समर्थन प्राप्त गर्न कठिन हुन्छ । घरको जिम्मेवारी, सामाजिक हेपाइ र आर्थिक अभाव उद्यमशीलताका प्रमुख चुनौती हुन् ।

उद्यमको सफलताका लागि निरन्तरता, नवप्रवर्तन, सीप, बजार र संस्थागत सहयोग अपरिहार्य छन् । सहुलियतपूर्ण ऋण, सरल कर प्रणाली, सहज नवीकरण प्रक्रिया, कच्चा पदार्थमा सहुलियत तथा बजार व्यवस्थापनमा सहयोग उपलब्ध भए यस्ता उद्यम अझ दिगो बन्न सक्छन् ।

फोहोरबाट चक्रीय अर्थतन्त्रको अभ्यास

वातावरणविद् कुशल गुरूङका अनुसार 'पोखेली सिसाकलम' केवल पुनः प्रयोग गरिएको कागजबाट बनेको उत्पादन होइन; फोहोर व्यवस्थापन, वातावरण संरक्षण र स्थानीय आर्थिक विकासलाई एकसाथ जोड्ने चक्रीय अर्थतन्त्रको व्यावहारिक उदाहरण हो ।

उनले परम्परागत काठका सिसाकलम उत्पादनका लागि हुने रूख कटानले वन विनाश, जैविक विविधता र कार्बन अवशोषण क्षमतामा असर पुऱ्याउन सक्ने बताए । उनका अनुसार वन क्षेत्रले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले रूख संरक्षणसँग जोडिएका यस्ता प्रयासलाई सामान्य व्यवसायका रूपमा मात्र हेर्नु उचित हुँदैन । गुरूङले फालिने अवस्थामा पुगेका पत्रपत्रिकालाई पुनः प्रयोग गरेर सिसाकलम उत्पादन गर्नु दोहोरो लाभको अभ्यास भएको बताए ।

यसबाट फोहोरको मात्रा घट्नुका साथै नयाँ कच्चा पदार्थको माग कम हुन्छ र आर्थिक मूल्य पनि सिर्जना हुन्छ । उनका अनुसार फोहोर जहाँ उत्पादन हुन्छ, त्यहीँ व्यवस्थापन गर्नुपर्छ । नेपालको फोहोर व्यवस्थापन प्रणाली अझै पनि 'संकलन गर, ढुवानी गर र ल्यान्डफिलमा फाल' भन्ने सोचमा आधारित रहेको उनले बताए । गुरूङ भन्छन्, 'फोहोर आफैंमा एउटा स्रोत हो । त्यसलाई सही ढंगले व्यवस्थापन गर्न सकियो भने वातावरण संरक्षणसँगै आर्थिक अवसर पनि सिर्जना हुन्छ ।'

समुदाय स्तरमै पुनः प्रयोग, पुनर्चक्रण र अपसाइक्लिङ गर्न सके लागत घट्नुका साथै स्थानीय रोजगारी पनि सिर्जना हुन्छ । यस्ता अभ्यासलाई दिगो बनाउन नीति, बजेट, प्राविधिक सहयोग र बजार व्यवस्थापन आवश्यक हुने उनको सुझाव छ ।

हरित अर्थतन्त्र र स्थानीय रोजगारीको आधार

पृथ्वीनारायण क्याम्पसमा प्राध्यापनरत अर्थशास्त्री डा. लेखनाथ भट्टराई 'पोखेली सिसाकलम' जस्ता उद्यम केवल उत्पादनमूलक गतिविधिमात्र नभई हरित अर्थतन्त्रका व्यावहारिक अभ्यास भएको बताउँछन् । प्रयोग भइसकेका सामग्रीको पुनः प्रयोगले वातावरणीय दबाब कम गर्नुका साथै आर्थिक मूल्य पनि सिर्जना गर्छ ।

थोरै लगानी र सामूहिक प्रयासबाट सुरू गर्न सकिने यस्ता उद्यमले स्थानीय रोजगारी सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । उनी भन्छन्, 'सहरी क्षेत्रमा बेरोजगारी र गरिबी बढिरहेका बेला यस्ता साना उद्यमले मानिसलाई उत्पादनमूलक काममा जोड्ने र परिवारको आय बढाउने अवसर दिन सक्छन् ।'

स्थानीय स्रोतमा आधारित यस्ता उद्यम हरित अर्थतन्त्र र रोजगारीका आधार बन्न सक्छन् । सीप, प्रविधि, इन्क्युबेसन सेवा तथा बीजपुँजीको पहुँचले यस्ता प्रयासलाई दीर्घकालीन बनाउन मद्दत गर्छ ।

स्थानीय तथा प्रदेश सरकारले उत्पादन र रोजगारी सिर्जनामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए । 'पोखेली सिसाकलम' जस्ता उत्पादनलाई स्थानीय पहिचान र मौलिकतासँग जोडेर ब्रान्डिङ गर्न सके बजार विस्तारको सम्भावना अझ बढ्न सक्छ ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम

यस्ता उद्यमलाई प्रवर्द्धन गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले उद्योग तथा उद्यमशीलता विकासलाई प्राथमिकतामा राख्दै आएको छ । यस आर्थिक वर्षका लागि प्रदेश सरकारले 'उद्योगको विकास, प्रदेश समुन्नतिको आधार' भन्ने संकल्पका साथ स्थानीय स्रोतमा आधारित उद्योग, महिला उद्यमशीलता, ब्रान्डिङ तथा बजारीकरणलाई प्राथमिकता दिएको छ ।

सरकारको नीति तथा कार्यक्रममा विपन्न महिलाको आर्थिक सबलीकरणका लागि 'एक महिलाः एक सीप' कार्यक्रम सञ्चालन गरी उद्योग स्थापना र बजारीकरणमा सहयोग गर्ने उल्लेख गरिएको छ ।

यो उद्यमले महिलालाई आम्दानीसँगै सीप, आत्मविश्वास र सामूहिक रूपमा काम गर्ने अवसर दिएको छ ।

उद्यमी शान्ति अधिकारीका शब्दमा, 'देशमा केही छैन भनेर विदेशिनेभन्दा आफ्नै ठाउँमा साना उद्यम गरेर पनि सफल हुन सकिन्छ ।' उनीहरूका लागि फोहोर अब फाल्ने वस्तुमात्र होइन, उत्पादन र अवसरको स्रोत बनेको छ ।

कागजका सिसाकलम काठका सिसाकलमभन्दा वातावरणमैत्री विकल्प मानिन्छन् । रिसाइक्लिङसम्बन्धी अन्तर्राष्ट्रिय तथ्यांकका अनुसार एक टन पत्रिका पुनः प्रयोग गर्दा १७ वटा परिपक्व रूख काटिनबाट जोगिन्छन् । यद्यपि यो संख्या कागजको प्रकार र प्रयोग गरिएका कच्चा पदार्थअनुसार फरक पर्न सक्छ । आवश्यक नीति, बजार र संस्थागत सहयोग प्राप्त भए यस्ता साना तर सिर्जनशील प्रयासले वातावरण संरक्षण, स्थानीय रोजगारी, हरित अर्थतन्त्र र महिला आत्मनिर्भरतामा अझ ठूलो योगदान दिन सक्छन् ।

'पोखेली सिसाकलम' केवल सिसाकलम होइन । यो फालिएको पत्रिकाले पाएको दोस्रो जीवन हो । साथै, सिर्जनशील सोच, सामूहिक प्रयास र आत्मनिर्भरताको एउटा अर्थपूर्ण उदाहरण पनि हो ।

◆◆◆

कालीगण्डकी नदी संरक्षण र उपयोग कसरी ?

विजय नेपाल

डाइभर्सन आयोजनाले भौगोलिक क्षेत्रमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्ने भन्दै कालीगण्डकीको तल्लो तटीय क्षेत्रका बासिन्दाले चर्को विरोध गरेका छन् ।

पोखरा ।

पाल्पा रम्भाका दुर्गाबहादुर माझी (५२) लाई अब माछा मारेर जीविकोपार्जन गर्न पाइन्न कि भन्ने संशय छ । घरमुनिको कालीगण्डकी नदी पहिले झैं सुसाउँदैन कि भन्ने उस्तै पीर पनि । बाउबराजुदेखि चलिआएको पेसाले परिवार पाल्दै आएकोमा काली थुनेर तिनाउमा मिसाउने खबरले उनको मथिङ्गल धेरै दिनसम्म नराम्ररी हल्लायो । किनकि कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बहस पछिल्लो समय निकै चर्चामा छ । पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार सिँचाइ एवं विद्युत् उत्पादनका लागि पाल्पाको पीपलडाँडामा मुख्य टनेल राखेर २७ किमी सुरूङमार्गमार्फत् तिनाउमा पानी झार्ने योजना छ । गण्डकी सरकारसँग कुनै पनि सरोकार नराखी एकलौटी ढंगले संघ सरकारले अघि बढाएको आयोजना गण्डकी र लुम्बिनी प्रदेश सरकारबीच द्वन्द्व बढाउने खेलमात्र भएको एकथरि बताउँछन् ।

तल्लो तटीय क्षेत्रमा माछा मारेर गुजारा चलाइरहेका दुर्गाबहादुर जस्तै धेरै जनाको रोटीरोटीका लागि काली सुसाइरहनुपर्छ । कृष्णागण्डकीमाथि मानवीय अतिक्रमण रोकिनुपर्छ । किनकि नदी किनारमा बसोबास गर्ने माझी, बोटेलगायतका आदिवासी, अल्पसंख्यक समुदायका लाखौं व्यक्तिको जीविका यही नदीसँगै जोडिएको छ । कालीगण्डकीकै कारण विकसित भएका कागवेनी, जोमसोम, लेते, दाना, तातोपानी, बेनी बजार, कुस्मा, सेतीवेणी, रूद्रवेणी, पूर्तिघाट, रिडी, राम्दी, रामपुर, देवघाट आदि बजार चलायमान राख्न नदी संरक्षण आवश्यक छ ।

अनेकौं हिमनदी भएको जलाधार क्षेत्र गण्डकी नदी प्रणाली मासिने क्रममा छ । ३ सय तालतलैया, ३० प्रजातिका कीराफट्याङ्ग्रा, २० प्रजातिका पुतली, एक दर्जन अभयचर प्रणाली १ सय १० प्रजातिका चराचुरूङ्गीको आश्रय क्षेत्र दिनप्रतिदिन भत्किँदो छ । कालीगण्डकी नदी तटीय क्षेत्रमा १५ लाखभन्दा बढी मानिसको बसोबास छ ।

यसका प्रत्येक तटीय क्षेत्र धार्मिक, ऐतिहासिक र पर्यावरणीय दृष्टिले उस्तै महत्त्वपूर्ण छन् । धार्मिक र सांस्कृतिक महत्त्वका हिसाबले विश्वकै सबैभन्दा पवित्र नदी कालीगण्डकी दोहन रोकिनुपर्ने माग विभिन्न सभा, सम्मेलन तथा संसद्मै पनि उठे पनि कार्यान्वयन शून्यप्रायः छ ।

अहिलेको संकट

कागबेनी खण्डहर बनाउने गरी २ वर्षअघि गएको बेमौसमी बाढी कमैले बिर्सेका होलान् । २०८० साउन २८ गते कागखोलामा आएको बाढीले ४२ घरमा क्षति पुगेको थियो । तीमध्ये २९ घर पूर्णरूपमा क्षति भएकोमा १३ घरमा आंशिक क्षति पुग्यो । घरमात्र हैन; पुल, मन्दिर, आश्रम, विद्यालय, प्रहरी चौकीसमेतका भौतिक संरचना हेर्दाहेर्दै बगरमा परिणत हुन पुगे । भौगोलिक संरचनाले फरक र कम पानी पर्ने मुस्ताङमा एक्कासि बाढी आउला र यति ठूलो भौतिक क्षति गर्ला भन्ने मुस्ताङीको कल्पना बाहिर थियो ।

अर्को हिमाली जिल्ला मनाङ पनि अछूतो छैन । २०७८ जेठ ३१ गते रातिको भीषण वर्षासहित मर्स्याङ्दी नदीमा आउको बाढीले सदरमुकाम चामेका घर, विद्यालय, पुल, सडक लगायतका संरचना क्षणभरमै खण्डहर भए । बाढीले चामेदेखि नासो गाउँपालिकाको ताल गाउँ आसपासमा ठूलो क्षति हुन पुगेको थियो ।

मुस्ताङको बोक्सी खोलामा अहिले पनि हिउँपहिरो गइरहन्छ । दामोदरकुण्ड गाउँपालिकाको ध्ये गाउँ खानेपानीको मुहान सुक्दा विस्थापित नै हुन पुगेको छ । एक दशकअघि म्याग्दीको राम्चेस्थित बैसरीमा र ६ वर्षअघि मुस्ताङको छैरोमा पहिरो खस्दा काली थुनियो । अहिले पनि बेलाबखत हिउँपहिरो गइरहन्छ । कहिले मुस्ताङमा बेस्मारी हिउँ पर्छ त, कहिले अत्यधिक वर्षा ।

मनाङमा २०७८ मा बाढी आउँदा त्यस वर्ष ८४८.५७ मिलिलिटर वर्षा भएको थियो । मनाङमा परेको यो अहिलेसम्मकै ठूलो वर्षा हो । २०७८ सालमा मुस्ताङमा ६७ वर्षको इतिहासमा सबैभन्दा बढी ६६५.७९ मिलिमिटर वर्षा भयो । मुस्ताङमा पहिले-पहिले स्याउ अलि ढिलो पाक्थ्यो, अहिले असोज-कात्तिकतिर पाक्ने गरेको कागवेनीका कुन्जाङमो गुरूङ बताउँछन् ।

जलवायु संकटका यी केही मुख्य घटना हुन् । जलवायु परिवर्तनले पारिस्थितिकीय प्रणाली नै संकटमा पर्दै गएको र मानव, जीवजन्तुदेखि जैविक विविधताको जीवनचक्र नै उच्च जोखिममा परेको वातावरणविद् हुमबहादुर गुरूङ बताउँछन् । गुरूङ भन्छन्, 'जलवायु संकटले हिमाली जिल्लाहरू र त्यहाँ बसोबास गर्ने समुदायलाई असर पार्छ । प्रकृतिलाई जोगाउनु हाम्रो कर्तव्य हो ।'

कालीगण्डकी संरक्षणबारे चिन्ता गर्नेहरू पनि उत्तिकै छन् । किनकि यहाँ मानवीय अतिक्रमण र दोहन रोकिएको छैन । मानिसहरू पवित्र जलमा फोहोर मिसाउँछन् । जथाभावी बाटोघाटो खनेकोखन्यै छन् । नदीको प्राकृतिक प्रवाह र प्रवृत्तिमा हस्तक्षेप गर्दा जलवायु परिवर्तन, बाढी र भूगर्भीय संरचनामा दीर्घकालीन नकारात्मक प्रभाव पर्न सक्ने विज्ञहरूको भनाइ छ । जलवायु परिवर्तनसँगै मनसुनमा आएको फेरबदलले नेपालका नदी र पर्यावरणीय संरचनामा गम्भीर असर पुऱ्याएको छ । नदीहरूको बहाव र जलवायु प्रणालीको असन्तुलनले भविष्यमा थप हानिनोक्सानी नहोला भन्न सकिन्न ।

नदीको बीच भागमै डोजर र एस्काभेटर प्रयोग गरी ठूलो मात्रामा ढुंगा, गिट्टी र बालुवा उत्खनन भइरहेको छ । कानुनी मान्यता एवं सर्वोच्च अदालतको आदेशसमेत उल्लंघन गरी क्रसर उद्योग अनियन्त्रित रूपमा सञ्चालित छन् । यसले नदीको प्राकृतिक बहाव र तटीय संरचनामा नकारात्मक असर पारिरहेको छ । अत्यधिक उत्खननले नदीको गहिराइ बढ्ने, बहावको दिशा परिवर्तन हुने र कटान बढ्ने समस्या छ । यसले पुल, सडक, खेतीयोग्य जमिन तथा बस्तीमा जोखिम बढाउँछ । शालिग्राम पाइने नदीमा आश्रित माछा, जलचर तथा अन्य जीवको बासस्थान नष्ट भइरहेको छ । नदी किनारका होटल, रेस्टुरेन्ट तथा अन्य व्यवसायबाट निस्कने फोहोर पानी नदीमा मिसाइँदा प्रदूषण बढेको छ । घरेलु फोहोर पनि नदीमा फाल्ने प्रवृत्तिले पानीको गुणस्तर घटाएको छ । सडक निर्माण, उत्खनन र नदीजन्य पदार्थ संकलनका कारण पानी धमिलो हुने र नदीको गुणस्तर घट्ने समस्या पनि एकातिर छ ।

'कालीगण्डकी बचाऔं'का अभियन्ता आरके अदीप्त गिरी प्रकृतिले दिएका वस्तुको समुचित उपयोग गर्ने गर्नुपर्ने तर ठेक्का व्यापार लगाउने नहुने तर्क गर्छन् । उनी भन्छन्, 'राज्यले नदीनाला ठेक्कामा लगाएर विकास समृद्धिको भजन गाउनु अतिशयोक्ति छ । कालीगण्डकीको अथाह मर्म, आस्था र सभ्यता जोगाउन, प्राकृतिक प्रणाली रक्षा गर्न र नदीलाई आफ्नै बाटोमा बग्न दिनुपर्छ ।'

पण्डित कमलनयन गौतमले एकताका कालीगण्डकीमा कल्पवृक्ष अभियान नै चलाए । उनी नेतृत्वको राष्ट्रिय परोपकार महासंघ नेपालले २०६८ सालदेखि कालीगण्डकी नदी, खुला ठाउँ तथा राजमार्गमा मासिएका चौतारीहरू समेतमा गरी २५ हजार बिरूवा रोपिसकेको छ । कल्पवृक्षअन्तर्गत बर, पीर, आँप, समी र डुम्री जातका रूख पर्छन् । गौतम भन्छन्, 'कालीगण्डकी सबै नदीमा उत्तम नदी हुन् । शालिग्राम बिना कुनै मन्दिर मन्दिर बन्न सक्दैन । यहाँको पानीलाई सामान्य पानी नमानेर गरिमा सम्झिनुपर्छ ।'

कालीगण्डकीको महत्त्व

दामोदरकुण्ड मुहान रहेको कालीगण्डकी नदीलाई 'कृष्णागण्डकी' नामले समेत पुकारिने गर्छ । धार्मिक अभियन्ताहरू गण्डकीभन्दा ठूलो नदी अरू कुनै नदी नभएको, शालिग्रामभन्दा ठूला अन्य कुनै देवता नभएको, मुक्तिनाथभन्दा ठूलो अर्को ठूलो तीर्थस्थल नभएको दाबी गर्छन् । मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, गुल्मी, पाल्पा, तनहुँ, नवलपुर र चितवन हुँदै सप्तगण्डकीको मुख्य नदीको रूपमा

बहदै गरेको नेपालको प्रमुख नदीमध्येको एक हो । माथिल्लो मुस्ताङदेखि त्रिवेणी सुस्तासम्म रहेको गण्डकी प्रदेशको बीच भागबाट बहेको कालीगण्डकी धार्मिक एवं सांस्कृतिक महत्त्वका दृष्टिले विश्वकै सबैभन्दा पवित्र नदी हो । नेपालका ३ ठूला नदीमध्ये यो एक हो । यो नदी धौलागिरी हिमालको बीचमा गलेश्वरको राहुघाट खोला, बेनी बजारको म्याग्दी खोला, कुस्मा बजार नजिकको मोदी खोला र रिडी बजारको माथि रूद्रबेनीमा बडीगाड नदीसँग मिसिएर बग्दछ । कालीगण्डकीको ऐतिहासिक धार्मिक महत्त्व हुँदाहुँदै कृषि, पर्यटन, खानेपानी, सरसफाइ, जलसम्पदा, मत्स्य उत्पादन, जलविद्युत् उत्पादन, सिँचाइ सुविधा लगायतमा निकै महत्त्व छ ।

६ सय ३४ किलोमिटर लम्बाइ र २६ हजार वर्ग किमी जलप्रवाह भूमिमा गण्डकी नदी फैलिएको छ । चीन, नेपाल हुँदै भारतसम्म फैलिएको गण्डकी नदीलाई भारतमा 'गण्डक' ले चिनिन्छ । मानव र जैविक विविधताको अस्तित्वसँग गासिएको कालीगण्डकी नदीको नेपालको पुरानो सभ्यतामध्येको एक सभ्यता बोकेको नदी हो । नेपालकै गहिरो नदी कालीगण्डकी संसारको सबैभन्दा गहिरो गल्छी बनाएर बग्छ । विगतमा कालीगण्डकीबाट निकालिएका २ शिला भारतको अयोध्या पुऱ्याइएको थियो । हिन्दू धर्मावलम्बीहरूले भगवान विष्णुको अवतारका रूपमा शालिग्रामलाई पुज्ने गर्दछन् । शालिग्राम विश्वका हरेक हिन्दू मन्दिरमा पाइन्छ ।

बागलुङ नगरपालिका-४, कुडुलेका श्रीधर आचार्यले शालिग्राम संरक्षणका लागि २०४२ सालमा गलेश्वरमा विद्याश्रम र अन्नदान क्षेत्र स्थापना गरेका थिए । शालिग्राम संग्रहालय बनाउने अभियान उनका अनुयायी ऋषि प्रपन्नाचार्यले करिब डेढ दशकको मेहनतपछि ७ करोड लागतमा पूरा गरिछाडे । अचेल कालीगण्डकीमा शालिग्राम लोप हुने अवस्थामा पुगेको छ । उनी 'कालीगण्डकीको हरेक थोपा तथा शालिग्रामको हरेक कण कणमा पैसा छ' भन्छन् । नदीले धारै परिवर्तन गर्दा बेनी बजार, मालढुंगा, सहस्रधारा, मोदीवेणी, सेतीवेणी, देवघाट, जोमसोम लगायतका सम्पदास्थल र बस्ती नदी कटान र दोहनले जोखिम बढेको छ ।

डाइभर्सन विवाद

कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाले प्रदेशको समृद्धि गर्छ वा संकट निम्त्याउँछ भन्ने विषय पेचिलो बन्दै गएको छ । यो आयोजना एमाले नेता विष्णुप्रसाद पौडेलले २०६५ सालमा जलस्रोत मन्त्री हुँदा अघि बढाएका हुन् । २०६८ सालमा डाइभर्सनको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिँदा पाल्पाको पीपलडाँडामा मुख्य टनेल राखेर २७ किमी सुरूङमार्गमार्फत् तिनाउमा पानी झार्ने योजना छ । जसबाट रूपन्देही, नवलपरासी र कपिलवस्तुमा १ लाख हेक्टरभन्दा बढी जमिन सिँचाइ गर्ने लक्ष्य छ । सम्भाव्यता अध्ययनअनुसार १२६ मेगावाट विद्युत् उत्पादन हुनेछ । डिपिआरसहित ८ वर्षमा योजना पूरा गर्न १ खर्ब ८० अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ । आयोजना अघि बढाउन संघ सरकारले नीति तथा कार्यक्रममा समेत पार्दै प्राथमिकता दियो ।

दीर्घकालीन महत्त्वको यस आयोजनाको काम सुरू गर्न बुटवलमा स्थापना गरिएको कार्यालयको २०७८ असार १२ मा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले उद्घाटन गरेका थिए । तर गण्डकी प्रदेश सरकार त्यसको निरन्तर विरोधमा छ । तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले भनेका थिए, 'शिर छेदन भए पनि डाइभर्सन गर्न दिइने छैन ।' उनीपछि मुख्यमन्त्री बनेका कृष्णचन्द्र नेपाली पोखरेल, खगराज अधिकारी, सुरेन्द्रराज पाण्डेले पनि कुनै पनि हालतमा डाइभर्सन अघि बढाउन नदिने अड्डी लिए । मुख्यमन्त्री पाण्डेले गत वर्ष जेठमा प्रदेश सभालाई सम्बोधन गर्दै कुनै एक प्रदेशलाई मात्रै फाइदा पुग्ने गरी भएको डाइभर्सनमा गण्डकीको समर्थन नरहने घोषणा नै गरे ।

आयोजनाले भौगोलिक क्षेत्रमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्ने भन्दै कालीगण्डकीको तल्लो तटीय क्षेत्रका बासिन्दाले चर्को विरोध गरेका छन् । गण्डकी प्रदेशका स्याङ्जा र तनहुँ तथा लुम्बिनी प्रदेशको पाल्पा समेतका गरी १० स्थानीय तहको विरोध भएको थियो । यसैबीच, कालीगण्डकी नदीको पानी डाइभर्सन गर्ने सरकारको निर्णयविरूद्ध सर्वोच्चमा रिटसमेत पऱ्यो । २०८१ कात्तिक ११ मा न्यायाधीश डा. कुमार चुँडाल र विनोद शर्माको इजलासले रिट खारेजको आदेश गरिदिएको छ । आयोजनाको कार्यालयसमेत खारेज भएको हुँदा तत्काल कुनै काम, कारबाही अघि बढेको छैन ।

माझी, बोटे लगायतका आदिवासी, अल्पसंख्यक समुदायका लाखौं व्यक्तिको जीविका कालीगण्डकीसँगै जोडिएको छ । रम्भा गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारी कालीगण्डकी डाइभर्सन गर्दा वातारणीय प्रभाव परी तल्लो तटीय क्षेत्रका बासिन्दालाई ठूलो असर पार्ने तर्क गर्छन् । 'हामीले थुप्रै खानेपानी आयोजना सञ्चालन गरेका छौं, सिँचाइ सुरू गरेका छौं । नदी डाइभर्सन हुँदा सुख्खा भई ती आयोजना बन्द हुन्छन्,' उनी भन्छन्, 'ऐतिहासिक, धार्मिक एवं पर्यटकीय क्षेत्रको महत्त्व घट्दै जान्छ । माछा मार्ने, डुंगा तार्ने पेसा गर्दै गरेका माझी, बोटेहरूको पेसा संकटमा पर्छ ।' नदी किनारका धेरै ठाउँमा माझी तथा बोटे समुदाय आश्रित छन् । उनीहरूको जीविकोपार्जन भनेको नदीमा दिनभरि माछा मार्ने तथा डुंगा चलाउने नै हो ।

जलस्रोत तथा जलविद्युत क्षेत्रका विज्ञ सूर्यनाथ उपाध्याय भन्छन्, 'कुनै पनि नदी डाइभर्सन गर्दा डाउन स्ट्रिम बेनिफिट हुन्छ भने डाइभर्सन गर्ने हो, नभए भारततिर पानी पठाउने हो भने त्यो गर्नु हुँदैन ।' अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त उपाध्याय नेपालको जलस्रोतबाट अथाह सम्भावना रहेको बताउँछन् । नेपालमा करिब ३२ हजार मेगावाट जलविद्युत् उत्पादन क्षमता भए पनि पर्याप्त उत्पादन हुन नसकेको उनले टिप्पणी गरे ।

लुम्बिनी प्रदेश प्रदेश योजना आयोग उपाध्यक्ष डा. डिल्लीराज अर्याल बहुउद्देश्यीय प्रकृतिको आयोजना भएमा समग्र राष्ट्रका लागि हित हुने बताउँछन् । तर, डाइभर्सनबारे लुम्बिनी प्रदेशले नीतिगत रूपमा कुनै निर्णय नगरिसकेको स्पष्ट पारे । उनले भने, 'कालीगण्डकी डाइभर्सन राष्ट्रिय गौरवको आयोजना भएकाले लुम्बिनीबाट लगानी पनि सम्भव छैन । हामी न सहकार्य गर्न सक्छौं; न सहलगानी । हामीहरूको नीतिगत रूपमा कही निर्णय छैन ।' तर डाइभर्सन भएर आयो भने परासी, रूपन्देहीको पश्चिम तथा कपिलवस्तुको तौलिहवा आदिमा जहाँ जहाँ सिँचाइ पुगेको छैन, त्यहाँ सिँचाइ पुगेर उत्पादन बढ्ने उनको भनाइ छ ।

पोखराका अधिकारकर्मी रामबहादुर पौडेल कालीगण्डकी सांस्कृतिक एवं धार्मिक महत्त्वको नदी भएकाले डाइभर्सन गर्न दिन नहुनेमा जोड दिए । उनी भन्छन्, 'यदि डाइभर्सन भयो भने त्यसको असर विविध क्षेत्रमा पर्छ । जलचर, वरिपरीको पर्यावरणमा असर पार्छ । यो कार्य रोकिनुपर्छ ।'

उपयोगिता

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केही वर्ष पहिले मुक्तिनाथ दर्शन गरे । संयुक्त राष्ट्र संघका महासचिव एन्टेनियो गुटेर्रेस पोखरा आएका बखत अन्नपूर्ण आधार शिविर पुगे । मोदी तथा गुटेर्रेस जस्तै उच्च ओहोदाका व्यक्तित्वहरू पोखरा र यस आसपासमा आउनुको अर्थ यहाँको धार्मिक एवं पर्यटकीय महत्त्व नै हो । नेपाल, भारत र हिन्दू धर्मावलम्बीका लागि मुक्तिनाथ र कालीगण्डकी निकै ठूलो आस्थाको केन्द्र हुन् । कालीगण्डकीबाट पर्यटन क्षेत्रले फाइदा लिन सक्ने त छँदै छ; त्यसबाहेक यसको उपयोग गरी बहुआयामिक लाभ लिन सकिन्छ ।

यही नदीको नामबाट 'गण्डकी प्रदेश' नामकरण हुनु पनि प्रदेशवासीका लागि गौरवको विषय हो । गण्डकी प्रदेशले कालीगण्डकी नदी क्षेत्र विकासको पूर्व सम्भाव्यता अध्ययन गरेको छ । तत्कालीन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको पालामा उक्त अध्ययन गरिएको थियो । नीति तथा योजना आयोग सदस्य डा. सुवास अधिकारीको संयोजकत्वमा गठित ७ सदस्यीय कार्यदलले लामो समयको अध्ययनपछि 'कृष्णागण्डकी नदी क्षेत्र विकासको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन-२०७८' सरकारलाई बुझाएको थियो । प्रतिवेदनमा कालीगण्डकी नदी डाइभर्सन गर्न नहुने विषयमा जोड दिँदै नदी संरक्षण र यसको सभ्यतासँग जोडिएका अन्य सबै सम्पदाको संरक्षण र सिंगो कालीगण्डकी सभ्यता अपरिहार्य रहेकोमा जोड दिइएको छ । निर्माणाधीन सडक पूर्वाधारलाई लाभदायक उपयोग गरी प्रदेशको समृद्धिमा योगदान पुऱ्याउन पशुपालन, उच्च मूल्ययुक्त फलफूलहरू र स्थानीय रैथाने जातका बालीहरूको संरक्षणमार्फत् कृषि-पर्यापर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना औंल्याइएको छ । नदी किनारका ऐतिहासिक सम्पदाको संरक्षण र विकास, विद्युत् उत्पादन, सिँचाइ सुविधा विस्तार, उद्योग स्थापना आदि विषयमा गण्डकी प्रदेशले गर्न धेरै बाँकी रहेको उल्लेख छ ।

कालीगण्डकी किनार र आसपासका टाकुरीहरूमा १०८ भन्दा बढी महत्त्वपूर्ण तीर्थहरू छन् । यीमध्ये कैयन तीर्थमा सनातन मान्यताका कल्पवासी कुटीहरू छन् । सनातन गृहस्थहरूको अत्येष्टिको भूमि पनि यसैको किनार हुने गरेकाले यो नदी ओमकार परिवारका समुदायका लागि परम्परागत सम्पदा बन्न हो । शालिग्राम शिलाको पुरातात्विक महत्त्व विश्व सम्पदाको सुरक्षा र परम्परादेखि रहेका गुरूपूजक, शिलापूजक, नदीपूजक संस्कृतिको जीवित संग्रहालय जीवन्त राख्न कालीगण्डकीको मूल प्रवाहलाई शुद्ध र स्वतन्त्र प्रवाहको अवसर सुनिश्चित गरिनुपर्छ । प्रदेश सम्पदा नदी, राष्ट्रिय सम्पदा नदी हुँदै विश्व सम्पदा नदीका रूपमा संरक्षण गरेर लाभ लिन सकिनेमा जोड दिइएको छ ।

कालीगण्डकीबाट विभिन्न जातजातिको रहनसहन, कला, संस्कृतिबारे जानकारी लिनुका साथै साहसिक खेलको मज्जा लिन सकिन्छ । कालीगण्डकीमा तातोपानीका कुण्ड, झरना, छहरा, बन्जी जम्प, ऱ्याफ्टिङ पनि आकर्षणका केन्द्र हुन सक्छन् । पर्वतमा सञ्चालित बन्जी जम्प विश्वकै दोस्रो अग्लो भएको दाबी छ । कोरला नाकादेखि तराई जोड्ने कालीगण्डकी लोकमार्गले भारतीय पर्यटकलाई देवघाटदेखि मुक्तिनाथधाम तथा दामोदरकुण्डसम्म तथा चिनियाँ पर्यटकलाई लुम्बिनीसम्म पुऱ्याउन ठूलो भूमिका खेल्न सक्छ । गण्डकी सरकारले ल्याएको शालिग्राम लोकमार्ग पनि पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिमा सहयोगी हुने विश्वास छ ।

गण्डकी प्रदेश नीति तथा योजना उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा कालीगण्डकीबाट जलस्रोतको अधिकतम् उपयोग गरी जलविद्युत् उत्पादन, कृषि सिँचाइ गर्न सकिने बताउँछन् । म्याग्दीदेखि तल्लो भाग जलविद्युत् र सिँचाइका लागि उपयुक्त छ । 'कालीगण्डकी 'ए' जलविद्युत् आयोजना सञ्चालित छ भने माथिल्लो भागमा जलविद्युत् आयोजनाको काम भइरहेको छ । 'प्रदेश सरकारले मात्र ठूलो आयोजना सञ्चालन गर्न सक्दैन, संघ सरकारको पनि प्रत्यक्ष संलग्नता एवं स्थानीय तहको सहकार्यमा स्रोत साधनको अधिकतम् उपयोग गर्न सकिन्छ,' उनले भने, 'जलविद्युत् बन्दा मल्टिपर्पोज ड्यामहरू पनि बन्छन् । त्यसलाई वाटर स्पोर्टस्देखि टुरिजज्म डेस्टिनेसन पोइन्टको रूपमा विकास गर्ने सम्भावना छ ।' प्राकृतिक उत्पादन ढुंगागिट्टी, बालुवाको उत्खनन् गर्न सकिन्छ । कालीगण्डकी किनारका ठूला ठूला टार उपयोग गर्न सकिन्छ ।

गण्डकीबाटै समृद्धि सम्भव रहेको पण्डित कमलनयन गौतमको धारणा छ । डाइभर्सन गर्न दिन नहुनेमा जोड दिँदै उनी कालीगण्डकीलाई आफ्नै तालमा प्रवाहित हुन दिनुपर्ने, विकल्पमा अरू नदीहरू खोज्नुपर्ने बताउँछन् ।

पर्वतका साहित्यकार एवं कालीगण्डकीका जानकार इन्द्रमान खत्रीको पनि आफ्नै तर्क छ । यो शान्त नदी भएकाले कसैको बालीनाली र बस्ती विस्थापित भएको घटना अहिलेसम्म छैन । नदी किनारसम्मै व्यक्तिको लालपुर्जा बनाउन रोक्न कानुन नै बनाएर राज्य लाग्नुपर्ने उनले सुझाव दिए ।

नदीका केही क्षेत्रमा ड्याम बनाएर भारतको प्रसिद्ध धार्मिक पर्यटकीय ठाउँ अक्षरधामको जस्तो अवधारणामा धार्मिक पर्यटनको प्रवर्द्धन गर्न सकिने सुझाव एकथरिको पनि छ । गण्डकी प्रदेशले आफ्नो नीति तथा कार्यक्रम एवं बजेटमा धार्मिक पर्यटकीय गतिविधिलाई प्राथमिकता दिँदै आएको छ । आव २०८३/०८४ को नीति तथा कार्यक्रम एवं बजेटमा 'गण्डकी जाऔं : प्रकृति र संस्कृतिसँग रमाऔं' अभियान सञ्चालन गर्ने उल्लेख गर्दै प्रदेशका उपलब्ध पर्यटकीय वस्तु र सेवा अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार गरिने जनाइएको छ । दामोदरकुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, रिडी, रामदी, केलादीघाट, देवघाट, त्रिवेणीधाम जस्ता महत्त्वपूर्ण धार्मिकस्थल जोड्ने गरी 'धार्मिक पर्यटन परिपथ' विकास गर्ने नीति लिएको छ । आगामी आवको बजेट पनि प्रदेश सरकारले 'नदी किनारका गह्वा, सधैं हराभरा' अभियान सञ्चालन गर्ने जनाएको छ । ठूला टारमा सिँचाइ सुविधा पुऱ्याउन सिँचाइ आयोजनाको पहिचान र सम्भाव्यता अध्ययन गरिने भएको छ ।

यसरी कालीगण्डकी पानी बग्ने नदीमात्र होइन; यो सभ्यता, संस्कृति, जैविक विविधता र लाखौं मानिसको जीवनधारा हो । यसको संरक्षण र दिगो उपयोगबीच सन्तुलन कायम गर्न सकेमात्रै विकास र सम्पदाको सहयात्रा सम्भव हुन्छ ।

◆◆◆

डिजिटल दुनियाँको अदृश्य पासो
साइबर अपराधको चक्रव्यूहमा समाज र सुरक्षा चुनौती

विजय नेपाली

> **साइबर ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलिपकुमार गिरीका अनुसार, अनुसन्धानमा सबैभन्दा ठूलो बाधा नै यस्ता गिरोहको 'निश्चित ठेगाना' नहुनु हो ।**

पोखरा ।

एक 'क्लिक' र रित्तिएको सपना

गत वर्षको चैत ६ गते बुद्धचोककी सुम्निमा (नाम परिवर्तन) का लागि सामान्य दिन हुनुपर्ने थियो । सामाजिक सञ्जाल इन्स्टाग्राम चलाउँदै गर्दा 'एलिगेन्टली नेपाल' नामक आकर्षक पेजमा उनको आँखा अडियो । त्यहाँ एउटा महँगो डिजाइनको कुर्ता ३ हजार ६ सय रूपैयाँमा देखाइएको थियो । आकर्षक विज्ञापन र सस्तो मूल्यले उनलाई लोभ्यायो । उनले तत्कालै अनलाइन अर्डर गरिन् र सोही पेजले पठाएको क्युआर कोडमार्फत् रकम भुक्तानी गरिन् ।

तर, त्यो कुर्ता सुम्निमाको घरसम्म कहिल्यै आइपुगेन । बरू, भुक्तानी गरेको केही मिनेटभित्रै उनको मोबाइलमा बैंकबाट सन्देशको वर्षा हुन थाल्यो । उनले ३ हजार ६ सय तिर्न खोज्दा उनको बैंक खाताबाट अनाधिकृत रूपमा ३ लाख ६ हजार रूपैयाँ पलभरमै गायब भयो । सुम्निमाको मिहिनेतको कमाइ नारायणघाटकी विपिका तामाङ र धरानकी आस्था राईको नाममा रहेका खाताहरूमा पुगिसकेको थियो । जिल्ला प्रहरी कार्यालय पुग्दा सुम्निमाको अनुहारमा जुन रित्तोपन र त्रास थियो; त्यो आजका धेरै नेपाली युवाको साझा पीडा बन्दैछ । यो प्रतिनिधि घटनामात्र हो । सूचना प्रविधिको विकासले संसारलाई एउटा औंलामा ल्याइदिए पनि त्यसको अर्को पाटो यति अँध्यारो छ कि, जहाँ हाम्रो गोपनियता, प्रतिष्ठा र सम्पत्ति हरपल असुरक्षित हुन्छ ।

अपराधको बढ्दो ग्राफ र तथ्यांकको भयावह तस्बिर

नेपाल प्रहरीको तथ्यांकलाई सूक्ष्म ढंगले केलाउने हो भने साइबर अपराधको ग्राफ उकालोमात्र लागेको छैन; यसले एउटा भयावह संकटको संकेत गरिरहेको छ । चालु आर्थिक वर्षको साउनदेखि माघ २३ गतेसम्म मात्रै साइबर अपराधसँग

सम्बन्धित १३ हजार ३ सय ३० वटा उजुरी प्रहरीमा दर्ता भएका छन् । यसलाई औसतमा हेर्ने हो भने दैनिक ६० देखि ८० जना मानिस ठगिएको उजुरी बोकेर प्रहरी कार्यालय पुग्ने गरेका छन् ।

दर्ता भएका उजुरीमध्ये सामाजिक सञ्जालको दुरूपयोगसँग सम्बन्धित ११ हजार ४२५ वटा छन् भने सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराधका उजुरी १ हजार ९०५ वटा छन् । यी उजुरीमा पनि फेसबुक र म्यासेन्जर दुरूपयोगका घटना सबैभन्दा बढी (९ हजार ३५० वटा) छन् । यसका साथै टिकटक (६६७), इन्स्टाग्राम (४३२), इमेल (८०), र वालेट कम्पनीहरू जस्तै इसेवा (१९०) मार्फत् पनि ठगीका घटना बढिरहेका छन् । तथ्यांकले के देखाउँछ भने, आर्थिक वर्ष २०७९/८० को तुलनामा आव २०८०/८१ मा साइबर अपराधका मुद्दाहरू ११९ प्रतिशतले अभूतपूर्व वृद्धि भएको छ । यो वृद्धिले हाम्रो डिजिटल सुरक्षा संयन्त्र कति कमजोर छ र अपराधीहरू कति अपडेटेड छन् भन्ने तीतो यथार्थ ओकलिरहेको छ ।

प्रविधिको पहुँच कि अपराधको नयाँ मार्ग ?

पछिल्लो समय नेपालमा इन्टरनेट र स्मार्टफोनको पहुँच नागरिकको घर-घरमा पुगेको छ । तर, प्रविधिको पहुँचसँगै 'डिजिटल साक्षरता' भने त्यसै अनुसार बढ्न सकेको छैन । हिजोका दिनमा डकैती वा चोरीका लागि हतियार बोकेर घरमै आउनुपर्ने अपराधीहरू आज मोबाइलको स्क्रिनबाटै निजी कोठा र बैंक खातामा प्रवेश गरिरहेका छन् । सस्तो फ्ल्याट, अनलाइन सपिङ, चिट्ठा, गिफ्ट, आकर्षक जागिर, सम्पत्तिको उत्तराधिकारी बनाउने आश्वासन, अनलाइन यौन शोषण र वैदेशिक रोजगारीको लोभ यी सबै साइबर अपराधीले प्रयोग गर्ने विभिन्न 'हुक' हुन् । साइबर अपराध अब केवल व्यक्तिको निजी समस्यामात्र रहेन; यो त देशको समग्र अर्थतन्त्र, सामाजिक सद्भाव र राष्ट्रिय सुरक्षाका लागि नै गम्भीर चुनौती बनेको छ ।

साइबर अपराधको स्वरूप परिवर्तन हुँदै गएको छ । हिजोका दिनमा सामान्य ह्याकिङमा सीमित अपराधीहरू आज एआई (आर्टिफिसियल इन्टेलिजेन्स), डिपफेक र सामाजिक इन्जिनियरिङमार्फत् मानिसको मनोविज्ञानसँग खेलिरहेका छन् । जसलाई चिन्नु सामान्य प्रयोगकर्ताका लागि फलामको चिउरा चपाउनुसरह छ ।

अपराधका विविध स्वरूप र शैली

साइबर अपराधका स्वरूपहरू दिनप्रतिदिन जटिल बन्दै गएका छन् । पोखरा १९ का एक पुरूषको घटना यसको ज्वलन्त उदाहरण हो । उनको मोबाइलमा 'कनेक्ट आइपिएस' को पासवर्ड परिवर्तन गर्न भन्दै बारम्बार सन्देश आयो । उनले सोही सन्देशमा क्लिक गरेर पासवर्ड परिवर्तन गर्ने प्रयास गर्दा उनको २५ लाख रूपैयाँ क्षणभरमै गायब भयो । यो 'फिसिङ'को एउटा खतरनाक रूप हो ।

त्यस्तै, फेसबुकमा अनलाइन व्यवसायका लागि लगानी गर्ने प्रलोभनमा परेर एक व्यक्तिले १ करोड २५ लाख रूपैयाँ डुबाएको घटनाले ठूला लगानीकर्ता पनि अपराधीको निशानामा रहेको पुष्टि गर्छ । अपराधीहरूले अहिले विभिन्न किसिमका नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी 'डिपफेक' प्रविधिमार्फत् अश्लील भिडियो बनाउने, अरूको सूचना नियन्त्रणमा लिएर फिरौती माग्ने, र फेक प्रोफाइल खोलेर प्रतिष्ठित व्यक्तिको बेइज्जत गर्ने जस्ता कार्य गरिरहेका छन् ।

आर्थिक वर्ष २०७९/८० को तथ्यांक विश्लेषण गर्दा पीडित हुनेमा धेरैजसो २६ देखि ३५ वर्ष उमेर समूहका युवा छन्, जो प्रविधिमा बढी सक्रिय हुन्छन् । अर्कोतिर, अपराधीको उमेर समूह १९ देखि २५ वर्ष हाराहारी देखिन्छ । यसको अर्थ, प्रविधिमा पोख्त तर नैतिक मूल्य-मान्यता नभएका युवा आवेगमा आएर यस्ता अपराधमा संलग्न भइरहेका छन् ।

प्रहरीको चुनौती, प्रविधि र समन्वयको खाडल

साइबर अपराधको रोकथाम र अनुसन्धान गर्ने प्राथमिक निकाय नेपाल प्रहरी हो । तर, यस्ता गतिविधिमा संलग्नहरूको क्षमता र उनीहरूले प्रयोग गर्ने प्रविधि प्रहरीको संयन्त्रभन्दा निकै अब्बल देखिन्छ । साइबर ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरीका अनुसार, अनुसन्धानमा सबैभन्दा ठूलो बाधा नै यस्ता गिरोहको 'निश्चित ठेगाना' नहुनु हो । उनीहरू आफ्नो 'डिजिटल फुटप्रिन्ट' मेटाउन भिपिएन, प्रोक्सी सर्भर र फेक आइडी प्रयोग गर्छन् । उनीहरू संसारको जुनसुकै कुनाबाट पनि नेपालको कुनै नागरिकलाई शोषण गर्न सक्छन् ।

प्रहरीलाई प्रमाण संकलनमा पनि निकै सास्ती छ । डिजिटल प्रमाणहरू सोझै 'डिलिट' गर्न सकिने, मोबाइल 'फर्म्याट' गर्न सकिने भएकाले प्रमाण रिकभर गर्नु चुनौतीपूर्ण हुन्छ । अर्को मुख्य समस्या समन्वयको अभाव हो । साइबर अपराधको अनुसन्धानमा बैंक, दूरसञ्चार कम्पनी र इन्टरनेट सेवा प्रदायकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । तर, प्रहरीले विवरण माग्दा 'गोपनीयता' को हवाला दिँदै सूचना दिन ढिलाइ गर्नाले अपराधीलाई प्रमाण नष्ट गर्ने वा उम्कने पर्याप्त समय मिल्ने गरेको छ ।

जहाँ 'साइबर सुरक्षा' ओझेलमा छ

प्रविधिको यो वेगलाई समात्न सक्ने जनशक्तिको नेपालमा निकै खाँचो छ । गण्डकी विश्वविद्यालयका प्राध्यापक अमृत पौडेलका अनुसार, नेपालका विश्वविद्यालयहरूमा आइटीको अध्यापन भए पनि 'साइबर सुरक्षा' लाई विशेष प्राथमिकतामा राखेर कोर्षहरू तयार पारिएका छैनन् ।

'हामी एआईको कुरा गर्छौं, तर त्यो एआईलाई कसरी सुरक्षित प्रयोग गर्ने भन्ने सिकाउँदैनौं,' पौडेल भन्छन् । नेपालमा साइबर सुरक्षाका लागि जति दक्ष जनशक्ति चाहिने हो, त्यो स्तरको उत्पादन हुन सकेको छैन । अधिकांश नेपालीले आफ्नो पासवर्ड '१२३' जस्ता सजिलै अनुमान लगाउन सकिने राख्ने गरेका छन् । यो सानो लापरवाही नै अपराधीका लागि ठूलो ढोका बन्ने गरेको छ । प्रविधिको बढ्दो प्रयोगसँगै साइबर सुरक्षाका विषयलाई प्राथमिक तहदेखि नै पाठ्यक्रममा समावेश गर्नुपर्ने उनको सुझाव छ ।

नेपालमा साइबर अपराध नियन्त्रणका लागि २० वर्ष पुरानो 'विद्युतीय कारोबार ऐन' को सहारा लिइँदै छ, जुन आजको डिजिटल चुनौती, क्रिप्टोकरेन्सी, र एआईको दुरूपयोग सामना गर्न पूर्ण रूपमा अपर्याप्त र असान्दर्भिक भइसकेको छ ।

कानुनी रिक्तता: पुरानो ऐन र नयाँ अपराध

नेपालमा हाल साइबर अपराधलाई सम्बोधन गर्ने छुट्टै र विस्तृत कानुन छैन । जति पनि साइबर मुद्दाहरू चल्छन्; ती सबै 'विद्युतीय कारोबार ऐन, २०६३' अन्तर्गत चल्छन् । अधिवक्ता विमल लामिछानेका अनुसार, २० वर्ष पुरानो यो ऐनले आजको आधुनिक प्रविधि र बदलिँदो अपराधको परिवेशलाई समेट्न सक्दैन ।

डेटा संरक्षण, पहिचान चोरी, अनलाइन बैंकिङ ठगी र सामाजिक सञ्जालमा हुने आधुनिक दुर्व्यवहारका लागि विद्यमान कानुनमा स्पष्ट व्यवस्था छैन । 'हामीलाई तत्काल डेटा सुरक्षा मापदण्ड र छुट्टै साइबर सुरक्षा ऐन आवश्यकता छ' लामिछाने जोड दिन्छन् । कानुनी स्पष्टता नहुँदा कतिपय अवस्थामा अभिव्यक्ति स्वतन्त्रता र अपराध बीचको रेखा छुट्ट्याउन पनि कठिन हुने गरेको छ । मौका छोप्नेहरूले कानुनको यही छिद्रबाट फाइदा उठाइरहेका छन् ।

धनमात्र होइन; मन पनि लुटिँदै

साइबर अपराधले आर्थिक क्षतिमात्र गर्दैन, यसले पीडितको मानसिक र सामाजिक जीवनमा गहिरो घाउ बनाइदिन्छ । विशेष गरी महिला लक्षित गरी गरिने 'साइबर बुलिङ' र चरित्र हत्याका कारण कतिपय पीडित डिप्रेसनमा जाने र कतिपयले त आत्महत्याको बाटोसमेत रोज्ने गरेका छन् । तस्बिरमा अश्लीलता जोडेर सामाजिक सञ्जालमा फैलाइदिँदा व्यक्तिको सामाजिक प्रतिष्ठा पलभरमै समाप्त हुन्छ । यसले परिवारमा विखण्डन, विश्वासको सफ्ट र समाजमा एउटा अज्ञात त्रासको वातावरण पैदा गरेको छ ।

कसरी जोगिने ?

अपराध भएपछि प्रहरी कहाँ जानुभन्दा अपराध हुनै नदिनु बुद्धिमानी हो । साइबर सुरक्षा विज्ञहरूका अनुसार, प्रयोगकर्ताले केही आधारभूत कुरामा ध्यान दिएमा ८० प्रतिशत साइबर अपराधबाट बच्न सकिन्छः

- **पासवर्ड र सुरक्षाः** बलियो र फरक-फरक पासवर्ड राख्ने । सम्भव भएसम्म 'टु फ्याक्टर अथेन्टिकेसन' प्रयोग गर्ने ।
- **गोपनीयताः** आफ्नो बैंकको ओटिपी, पिन कोड वा पासवर्ड कसैलाई पनि, कुनै पनि बहानामा नदिने ।
- **लिंक र सन्देशः** अपरिचित नम्बर वा इमेलबाट आएका शंकास्पद लिंकहरूमा क्लिक नगर्ने । सस्तो सामान वा चिट्ठाको प्रलोभनमा नफस्ने ।
- **अनलाइन सपिङः** विश्वसनीय र आधिकारिक वेबसाइटबाट मात्र सामान किन्ने । सामान हात परेपछि मात्र पैसा तिर्ने सुविधा रोज्ने ।
- **स्क्रिन सेयरिङः** कसैको आग्रहमा आफ्नो मोबाइल वा कम्प्युटरको 'रिर्मोट एक्सेस' वा 'स्क्रिन सेयरिङ' एपहरू प्रयोग नगर्ने ।

साइबर सुरक्षाको पहिलो ढोका भनेकै 'सतर्कता' र 'चेतना' हो । एउटा सानो 'असावधानीपूर्ण क्लिक' ले तपाईँको जीवनभरको कमाइमात्र जाँदैन; तपाईँको सामाजिक पहिचान र गोपनियतासमेत अन्त्य हुन सक्छ ।

एकीकृत प्रयास आवश्यकता

साइबर अपराध अहिलेको समयको एउटा जटिल र संक्रामक 'भाइरस' हो । यसको उपचार केवल प्रहरीको सक्रियताले मात्र सम्भव छैन । यसका लागि सरकार, निजी क्षेत्र, शिक्षाविद् र नागरिक समाजको एकीकृत प्रयास आवश्यक छ । गण्डकी प्रदेश सरकारले यस्ता विषयमा अनुसन्धानात्मक लेखनलाई प्रोत्साहन गरे भैँ, अबको लगानी 'डिजिटल सुरक्षा' मा केन्द्रित हुनुपर्छ ।

सरकारले तत्कालै समयसापेक्ष साइबर कानुन निर्माण गर्नुपर्छ । दूरसञ्चार र बैंकिङ क्षेत्रले सुरक्षा प्रणालीलाई अझ मजबुत बनाउँदै प्रहरीसँगको समन्वयलाई 'रियल टाइम' मा लैजानुपर्छ । विश्वविद्यालयहरूले साइबर सुरक्षाका विशेषज्ञ जनशक्ति उत्पादनमा ध्यान दिनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, प्रत्येक नागरिकले प्रविधिको प्रयोग गर्दा रमाउने मात्र होइन, यसका जोखिमप्रति पनि सचेत बन्नुपर्छ । प्रविधि एउटा दुई धारे तरबार हो; यसलाई चलाउन जान्दा यसले जीवन सहज बनाउँछ, नजान्दा यसले हामीलाई नै समाप्त पारिदिन्छ । डिजिटल नेपालको सपना साकार पार्न डिजिटल सुरक्षाको पर्खाल पनि उत्तिकै बलियो बनाउनु अपरिहार्य छ ।

गण्डकीले बिर्सेको त्रिवेणी र संघीयताको कसीमा सुस्ताको अस्तित्व

विशन क्षेत्री

> विस २०७४ मा सुस्ता गाउँपालिकालाई लुम्बिनीमा राख्दा त्यहाँका निर्वाचित जनप्रतिनिधिले पनि पहिलो बैठकबाटै विद्रोह गरेका थिए ।

पोखरा ।

गण्डकी प्रदेशलाई भारतसँग जोड्ने एकमात्र लाइफलाइन त्रिवेणीले आफ्नै प्रदेशसँगको सम्बन्ध विच्छेदको घोषणा गरेको छ । यो कुनै राजनीतिक दाउपेच वा वैचारिक लडाइँ होइन; राज्यले दशकसम्म जम्मा ८ किलोमिटर सडक, प्रशासकीय भवन बनाइदिन्छु भन्दै सपना देखाउने तर बनाउन नसक्दाको चरम आक्रोश हो । ८ किलोमिटर सडक खन्न नसक्ने प्रदेश सरकारको हविगतले अहिले प्रदेशको रणनीतिक भूगोल मात्र होइन, संघीयतामाथिको नागरिक भरोसा नै लुम्बिनी प्रदेशमा विलय हुने संघारमा पुगेको छ ।

२०८३ असार ७ गते सम्पन्न विनयी त्रिवेणी गाउँपालिकाको १९ औँ गाउँसभाले वडा नम्बर ६ र ७ लाई गण्डकी प्रदेशबाट अलग गराई लुम्बिनी प्रदेशमा गाभ्ने प्रस्ताव दुई तिहाइभन्दा बढीले पारित गऱ्यो । यो केवल प्रशासनिक भूगोल परिवर्तनको मागमात्र होइन, सात वर्षअघि जारी भएको नेपालको संविधान र त्यसले परिकल्पना गरेको संघीय शासन व्यवस्थामाथिकै एउटा गम्भीर प्रश्नचिह्न पनि हो ।

एउटा गाउँपालिका किन आफ्नै प्रदेश छाडेर अर्को प्रदेशमा जान खोज्छ ? के यो केवल विकासको भोक हो, वा राज्यले गरेको निरन्तर उपेक्षाको प्रतिफल ? यस रिपोर्टमा हामी यसका सबै पत्र उधिन्ने प्रयास गर्ने छौं ।

आठ किलोमिटरको पासो : जहाँ विकास र कानुन बाझिन्छन्

त्रिवेणीवासीको आक्रोशको मुख्य चुरो हो; दुम्कीबास-त्रिवेणी सडक । विनयी त्रिवेणी गाउँपालिकाको केन्द्र र जिल्ला सदरमुकाम कावासोतीसँग वडा नम्बर ६ र ७ लाई जोड्ने यो सडक जम्मा ८ किलोमिटर लामो छ । तर यति छोटो ट्र्याक खोल्न राज्यले देखाएको लाचारी गण्डकी सरकारको उदेकलाग्दो उदाहरण बनेको छ ।

विस २०५९ अघिसम्म यो मार्ग हुलाकी सडकका रूपमा प्रयोग हुन्थ्यो । २०६३ सालको जनआन्दोलनपछि स्थानीयकै सक्रियतामा सामान्य मर्मत गरी यहाँ साना सवारीसाधन गुड्न थालेका थिए । स्थानीयका अनुसार २०६४ सालसम्म यो सडकमा जिप र ट्र्याक्टर निर्वाध चल्थे । तर विस २०६४ मा चितवन राष्ट्रिय निकुञ्जले यो क्षेत्रलाई मध्यवर्ती क्षेत्र' र वन्यजन्तुको जैविक मार्ग भएको दाबी गर्दै सडक बन्द गरिदियो ।

चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत क्षेत्र हो । युनेस्कोको मापदण्डअनुसार त्यहाँ कुनै पनि ठूला भौतिक संरचना निर्माण गर्दा अन्तर्राष्ट्रिय स्तरको वातावरणीय प्रभाव मूल्यांकन आवश्यक पर्छ । गण्डकी प्रदेश सरकारले यसलाई प्रदेश गौरवको आयोजना र भारतसँग जोड्ने एकमात्र लाइफलाइन भन्दै आए पनि, निकुञ्ज र संघीय सरकारको वन मन्त्रालयबीचको समन्वय अभावमा यो सडक सधैं कागजमै सीमित भयो । वडा नम्बर ६ का अध्यक्ष नुरेन्द्र शाहका अनुसार सामान्य जन्मदर्ता वा सिफारिसका लागि स्थानीयले झन्डै दिनभरिको समय र हजारौं रूपैयाँ खर्च गर्नुपर्छ । 'हाम्रो प्रशासनिक सेवा केन्द्र सेमरीमा छ । सिधा बाटो भए ५ किलोमिटरमै पुगिन्थ्यो, तर अहिले ६५ किलोमिटर घुमेर लुम्बिनी प्रदेशकै बाटो प्रयोग गर्नुपर्छ,' शाह भन्छन् ।

यही भौगोलिक सास्तीका कारण स्थानीयमा 'हामी गण्डकीका नागरिक हौं कि लुम्बिनीका' भन्ने मनोवैज्ञानिक द्वन्द्व सिर्जना भएको छ । सडक नहुँदा यहाँका किसानले आफ्ना उत्पादन बजारसम्म पुऱ्याउन पाउँदैनन्, बिरामीले समयमै अस्पताल पुग्न पाउँदैनन् । यो केवल सडकको अभावमात्र होइन; मानव अधिकारको हनन पनि हो ।

संविधानले चिनेको, तर कानुनले बिर्सेको भूगोल

यो समस्याको जड बुझ्न वि.स २०७४ सालको राज्य पुनर्संरचनाको समयमै फर्कनुपर्छ । नेपालको संविधान २०७२ को अनुसूची ४ ले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लालाई स्पष्ट रूपमा गण्डकी प्रदेश (तत्कालीन प्रदेश नम्बर ४) मा राखेको छ । यसअनुसार साविकको नवलपरासी जिल्लाको दाउन्ने पूर्वको सम्पूर्ण भूभाग, सुस्तासहित, गण्डकीमै पर्नुपर्ने थियो । तर वि.स २०७४ वैशाख १३ गतेको मन्त्रिपरिषद्को निर्णयले संविधानको मर्ममाथि नै प्रहार गऱ्यो । तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सूचना जारी गर्दै त्रिवेणी सुस्ता गाउँपालिकालाई दुई टुक्रा बनायो । पहिलोः सुस्ताको मुख्य भाग (वडा १ देखि ५) लाई सुस्ता गाउँपालिका बनाई लुम्बिनी प्रदेशमा हालियो । दोस्रोः त्रिवेणी नाका र भन्सार जोडिएको वडा ६ र ७ लाई मात्र काटेर गण्डकीको विनयी त्रिवेणीमा मिसाइयो ।

यसका पछाडि दुई ठूला राजनीतिक शक्तिको दाउपेच थियो । गण्डकी प्रदेशलाई ल्यान्ड-लक्ड हुनबाट बचाउन र भारतसँगको एकमात्र नाका जोगाउन कांग्रेस नेता रामचन्द्र पौडेल लगायतको टोलीले त्रिवेणी क्षेत्रलाई जसरी पनि गण्डकीमा राख्न दबाब दिएको थियो । अर्कोतर्फ, मधेसवादी नेता हृदयेश त्रिपाठी र लुम्बिनीका नेताहरू सुस्ताको ठूलो भूगोल र मधेसी समुदायको बाहुल्य भएको क्षेत्र लुम्बिनीमै राख्न चाहन्थे । अन्ततः राजनीतिक भागबन्डामा त्रिवेणीको नाका गण्डकीलाई र सुस्ता लुम्बिनीलाई दिइयो । तर यो भागबन्डामा त्यहाँका नागरिकको भौगोलिक सुगमतालाई पूर्णतः बेवास्ता गरियो । भूगोल गण्डकीमा राखियो, तर पुग्ने बाटो लुम्बिनीमै छोडियो ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री गोविन्दबहादुर नेपालीले नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) को सुस्ता गाउँपालिका-६ र ७ लाई गण्डकी प्रदेशबाट अलग गर्ने मागलाई केवल प्रशासनिक विषयका रूपमा नभई स्थानीयवासीको भावनासँग जोडिएको विषयका रूपमा लिनुपर्ने बताएका छन् । उनले सुस्ता क्षेत्र गण्डकी प्रदेशबाट छुट्टिने वा नछुट्टिने विषय तत्काल निर्णय हुने अवस्था नरहेको बताए ।

उनीले गण्डकी प्रदेशमा समावेश भए पनि सुस्ता क्षेत्रका नागरिकले आफ्नै प्रदेशको सदरमुकाम तथा अन्य स्थानमा आवतजावत गर्न सहज सडक सुविधा नपाउँदा उनीहरूको भावनामा चोट पुगेको स्वीकारे । यही कारण अहिले देखिएको आन्दोलन र असन्तुष्टि उत्पन्न भएको उनको भनाइ छ ।

'सुस्ताका वडा ६ र ७ छुट्टिने-नछुट्टिने भन्ने कुरामात्रै मुख्य होइन । मुख्य कुरा त्यहाँका नागरिकको भावना हो । उहाँहरूको भावनामा चोट लागेको छ,' मन्त्री नेपालीले भने, 'गण्डकी प्रदेशमा जोडिएपछि पनि आफ्नै प्रदेशमा आउजाउ गर्न सडकको समस्या लामो समयसम्म समाधान हुन सकेन । त्यसैले अहिले देखिएको आवाज त्यसैको विस्फोट हो । हामी त्यसलाई स्वीकार गर्छौं ।'

उनले सुस्ताको समस्या सडक पहुँचमा मात्र सीमित नरहेको उल्लेख गर्दै बफर जोन अन्तर्गतको वन क्षेत्रसँग सम्बन्धित कानुनी तथा प्रशासनिक जटिलता पनि समाधान गर्नुपर्ने विषय रहेको बताए । सडक निर्माणमा वन क्षेत्रका कारण देखिएका अवरोध हटाउन प्रदेश सरकारले आवश्यक समन्वय र पहल गरिरहेको उनको भनाइ छ ।

'मुख्यमन्त्रीज्यूले पनि सदनमा यो विषय सम्बोधन गर्नुभएको छ । हामी यसलाई छिट्टै टुंग्याएर उहाँहरूको भावना सम्बोधन गर्ने दिशामा अघि बढ्छौं,' उनले भने, 'यो सामान्य प्रशासनिक विषयमात्र होइन, स्थानीय नागरिकको भावना जोडिएको विषय भएकाले सरकारले विशेष संवेदनशीलताका साथ लिएको छ । आवश्यक सबै पहल र प्रयत्न भइरहेका छन्, अब प्रक्रिया अझ तीव्र रूपमा अघि बढ्छ ।'

मन्त्री नेपालीले प्रदेश सरकारले सुस्तावासीको गुनासोलाई गम्भीर रूपमा लिएको बताउँदै सडक पहुँच विस्तार तथा अन्य संरचनात्मक अवरोध समाधान गरेर उनीहरूलाई गण्डकी प्रदेशसँग सहज रूपमा जोड्ने वातावरण बनाइने विश्वास व्यक्त गरे ।

सुस्ताको पहिलो विद्रोह : रहर गण्डकीको, बाध्यता लुम्बिनीको

अहिले विनयी त्रिवेणी लुम्बिनी जान खोज्दैछ; तर इतिहासको अर्को पाना झन् रोचक छ । विस २०७४ मा सुस्ता गाउँपालिकालाई लुम्बिनीमा पार्रिदा त्यहाँका निर्वाचित जनप्रतिनिधिले पनि पहिलो बैठकबाटै विद्रोह गरेका थिए ।

२०७४ असार १९ गते सुस्ता गाउँपालिकाका तत्कालीन अध्यक्ष रामप्रसाद पाण्डेको अध्यक्षतामा बसेको पहिलो कार्यपालिका बैठकको प्रस्ताव नम्बर १ नै थियोः 'हामी लुम्बिनीमा होइन, गण्डकीमा जान चाहन्छौं ।' २९ मध्ये २७ जना कार्यपालिका सदस्यले हस्ताक्षर गरेको उक्त निर्णयमा भनिएको थियो, 'संविधानअनुसार हामी गण्डकीको भूगोल हौं, हाम्रो आर्थिक र सामाजिक विकासका लागि हामीलाई गण्डकीमै फिर्ता पठाइयोस् ।'

पाण्डेका अनुसार उनीहरूले सो निर्णय संघीय मामिला मन्त्रालयमा पठाए, पटक-पटक डेलिगेसन पनि गए । तर सिंहदरबारले आफ्नै संविधान मिचेर गरेको त्यो गल्ती सच्च्याउन कहिल्यै आवश्यक ठानेन ।

अहिले त्रिवेणीवासीले गरेको निर्णय त्यसैको ऐना हो । हिजो सुस्ता गण्डकीमा आउन चाहन्थ्यो, आज त्रिवेणी गण्डकीबाट जान खोज्दै छ । 'हामीले सुस्तालाई गण्डकीमा राख्नुपर्छ भन्दा कसैले सुनेन, अहिले त्रिवेणी नै भाग्ने अवस्था आउनु राज्यकै असफलता हो,' पाण्डे भावुक सुनिए ।

गण्डकी प्रदेश सभाको लाचारी र अलपत्र 'संकल्प प्रस्ताव'

गण्डकी प्रदेश सरकारले त्रिवेणी-दुम्कीबास सडकलाई सधैं 'प्रदेश गौरवको आयोजना भन्यो, तर व्यवहारमा यो केवल राजनीतिक गफमै सीमित भयो । वि.स २०८० फागुन १९ गते एमाले संसदीय दलका नेता खगराज अधिकारीले प्रदेश सभामा तीन वटा संकल्प प्रस्ताव दर्ता गराएका थिए, जसमा लुम्बिनीमा रहेको सुस्ता गाउँपालिकालाई गण्डकीमा फिर्ता ल्याउने, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सुनिश्चित गर्ने र कालीगण्डकी-तिनहुँ डाइभर्सन खारेज गर्ने माग थिए ।

तर विडम्बना ! प्रस्ताव दर्ता भएको दुई दिनमै केन्द्रमा सत्ता समीकरण बदलियो – एमाले सरकारमा पुग्यो, कांग्रेस प्रतिपक्षमा । जुन दलले संकल्प प्रस्ताव ल्याएको थियो, त्यही दल सरकारको नेतृत्वमा पुग्दा पनि ती प्रस्ताव अघि बढेनन् । सभामुख कृष्णप्रसाद धितालले भने, 'राजनीतिक अस्थिरता र सत्ता फेरबदलका कारण संकल्प प्रस्तावहरू कार्यव्यवस्थामा प्रवेशै गर्न पाएका छैनन्, अझ मुख्य कुरा प्रदेशको गौरवको कुरालाई किन एउटा दलले दर्ता गरेको प्रस्तावलाई सबैले सर्वसहमतले निर्णय गरेर अगाडि बढाउने गरी जाउ भन्ने नै हो ।'

यसबीचमा गण्डकीमा ४ पटक सत्ता फेरियो । प्रदेश सभाको दोस्रो कायकालमा खगराज अधिकारी २ पटक मुख्यमन्त्री भए । मुख्यमन्त्री सुरेन्द्र पाण्डे दोस्रो पटक मुख्यमत्रीको कुर्चीमा छन् । सत्ताको लुछाचुँडीले जनताको विकासको चाहनालाई नै हरायो । यदि विनयी त्रिवेणीका वडा ६ र ७ लुम्बिनीमा गाभिए भने गण्डकी प्रदेश नाकाविहीन बन्नेछ ।

यो प्रदेशको भारतसँग जोडिने एकमात्र विन्दु त्रिवेणी हो । गण्डकी सरकारले चीनको कोरालादेखि भारतको त्रिवेणीसम्मको उत्तर-दक्षिण त्रिदेशीय मार्गको सपना देखेको छ, तर यो भूगोल नै अर्को प्रदेशमा गयो भने गण्डकीको त्यो रणनीतिक महत्त्व सधैंका लागि समाप्त हुनेछ ।

यो नाका गुम्नु भनेको गण्डकी प्रदेश आर्थिक रूपमा खुम्चिनु हो । 'बर्दघाट सुस्तापूर्वको भाग गण्डकीमा पर्ने भएपछि सुस्ता गाउँपालिका पनि गण्डकीमै हुनुपर्थ्यो ।

संविधानविपरीत यसलाई लुम्बिनीमा पारियो,' योजना आयोग स्रोत ती व्यक्ति भन्छन्, 'त्रिवेणी नाका गुम्दा गण्डकीले भविष्यमा व्यापारिक र पारवहन नाकाबाट प्राप्त गर्न सक्ने ठूलो राजस्व र विकासको सम्भावना गुमाउनेछ ।' विनयी त्रिवेणीको यो निर्णयले नेपालको संघीयता कार्यान्वयनका केही गम्भीर र खतरनाक आयाम उजागर गरेको छ । नेपालमा प्रदेशको सीमांकन गर्दा भूगोल र जातीयतालाई केही हदसम्म ध्यान दिइयो, तर जनताको दैनिक सुगमतालाई पूर्णतः बेवास्ता गरियो ।

त्रिवेणी यसको सबैभन्दा ठूलो सिकार हो । ५ किलोमिटरमा हुने काम ६५ किलोमिटर घुमेर गर्नुपर्ने बाध्यता संघीयताको मर्मविपरीत छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३ ले स्थानीय तहलाई आफ्नो सीमा हेरफेरका लागि प्रस्ताव गर्ने अधिकार दिएको छ । त्रिवेणीले यसको प्रयोग गरेर केन्द्र र प्रदेशलाई एक प्रकारको अल्टिमेटम दिएको छ । यो माग पूरा भएमा नेपालका अन्य विवादित जिल्ला र पालिकामा पनि यस्तै प्रदेश फेर्ने लहर चल्न सक्छ; जसले प्रशासनिक अस्थिरता निम्त्याउनेछ ।

एउटा प्रदेश सरकारले सात वर्षसम्म आफ्नो भूगोलका जनतालाई ८ किलोमिटर सडक दिन नसकी उनीहरू नै अर्को प्रदेशमा जाने निर्णयमा पुग्छन् भने, प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठ्छ । सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा त्रिवेणीका लागि सिंहदरबार झन् टाढा भएको अनुभूतिमा बदलिएको छ । संविधानको धारा २७४ अनुसार प्रदेशको सीमाना परिवर्तन गर्न सम्बन्धित दुवै प्रदेश सभाको सहमति र संघीय संसदको दुई-तिहाइ बहुमत चाहिन्छ । यो प्रक्रिया निकै जटिल भए पनि विनयी त्रिवेणीले यो मुद्दालाई राजनीतिक र संवैधानिक बहसमा ल्याई राज्यलाई ठूलो दबाब दिएको छ ।

जनप्रतिनिधिको सामूहिक पीडा

विनय त्रिवेणी गाउँपालिका अध्यक्ष घनश्याम गिरी भन्छन्, 'यो निर्णय जनप्रतिनिधिको रहर होइन, जनताको चरम निराशाको परिणाम हो । हामीले सात वर्षसम्म सबै मुख्यमन्त्री र प्रधानमन्त्रीको ढोका ढक्ढक्यायौं, तर सबैले आश्वासनमात्र दिए । अब जनतालाई कतिन्जेल झुक्याउने ?' उनले संघीय वन मन्त्रालयको सचिव स्तरीय निर्णय नहुँदा गण्डकी प्रदेश भारतसँगको सीमा सम्बन्ध नै छुटेको बताउँछन्

'दुई वटा गाडी लिएर आए । हामीलाई प्रशासनीक भवन पनि नबनाइदिने, बाटो पनि नबनाइदिने भन्दै आए । हामीले रोक्न सक्ने अवस्था नै भएन,' अध्यक्ष गिरीले भने । दुई वटा वडालाई गाभ्ने निर्णय सुस्ताले पनि गरेको छ । संविधानले पनि गाभिने र गाभ्ने दुवै पालिकाले निर्णय गर्नुपर्ने व्यवस्था गरेको छ ।

वडा नम्बर ७ का अध्यक्ष उमेश कार्कीले त्रिवेणीका बासिन्दाले गण्डकी प्रदेशमा रहँदा आफूलाई अनागरिक महसुस भएको बताउँदै आएको जनाए । उनले दुःखमा न पोखरा आइपुग्छ, न कावासोती; आफूहरूलाई त लुम्बिनीकै सुस्ता र बर्दघाटले साथ दिएको बताए । 'त्यसैले जहाँ सजिलो हुन्छ, त्यहीं जाने निर्णयमा पुगेका हौं,' उनले भन्दै आएका छन् । त्रिवेणी-दुम्कीबास सडकको ८ किलोमिटर खण्ड चितवन राष्ट्रिय निकुञ्जभित्रै पर्छ । सरकारी अधिकारीले सधैं निकुञ्ज र युनेस्कोको डर देखाउँदै सडक निर्माणबाट हात झिक्दै आएका छन् । तर स्थानीय बासिन्दाको प्रश्न छ, 'निकुञ्जभित्र होटल चल्न सक्छन्, ठूला विद्युत् तार जान सक्छन् भने जनताको एउटा सानो सडक किन बन्न सक्दैन ?'

यद्यपि पूर्व मन्त्री तथा गण्डकी प्रदेश सभा सदस्य वेदबहादुर गुरूङ 'श्याम'ले चितवन निकुञ्जकै कारणले बाटो बनाउन नसकिएको बताएका छन् । उनले प्रदेशले पटक पटक बाटो बनाउन खोजे पनि निकुञ्जको रूख काट्नै नदिएको बताए । यद्यपि प्रदेश सरकारले त्यो ठाउँमा प्रशासनिक भवन पनि नबनाइदिएकोमा स्थानीय असन्तुष्ट थिए ।

यो सडक नबन्दा त्रिवेणी क्षेत्रका बासिन्दाले बर्सेनि वर्षातको समयमा नारायणी नदीमा आउने बाढी र यातायातको असुविधाका कारण ज्यान गुमाउनुपरेको छ । शिक्षा र स्वास्थ्यका लागि उनीहरू लुम्बिनी प्रदेशकै भर पर्नुपर्ने बाध्यता छ । आफ्नै जिल्ला पुग्न विदेशी भूमि भैं सास्ती खेप्नुपर्ने भएपछि उनीहरूले भौगोलिक सीमाभन्दा व्यावहारिक सुविधालाई रोज्नु स्वाभाविकै देखिन्छ ।

गण्डकी प्रदेश सभामा दर्ता भएको अर्को महत्त्वपूर्ण संकल्प प्रस्ताव कालीगण्डकी-तिनहुँ डाइभर्सन परियोजना खारेज गर्ने थियो । यो परियोजनाले गण्डकीको पानी लुम्बिनीमा लैजाने लक्ष्य राखेको छ; जसको गण्डकी प्रदेश सरकार र स्थानीयले विरोध गर्दै आएका छन् । यसले दुई प्रदेशबीचको सम्बन्धलाई झन् जटिल बनाएको छ । एकातिर गण्डकीले आफ्नो पानी लुम्बिनीमा लैजान नदिने अडानमा छ, अर्कोतिर गण्डकीकै भूगोलका जनता हामीलाई लुम्बिनीमा पठाइदेऊ भन्दै आन्दोलित छन् । यसले संघीय शासन व्यवस्थामा प्राकृतिक स्रोत र भौगोलिक सीमाको व्यवस्थापन कति चुनौतीपूर्ण छ भन्ने देखाउँछ ।

२०७४ सालको स्थानीय तह निर्वाचनमा सुस्ता गाउँपालिकालाई लुम्बिनी प्रदेशअन्तर्गत राखेरै निर्वाचन गराइयो । संविधानले गण्डकीमा भनेको भूगोललाई निर्वाचनका बेला लुम्बिनीमा पारिनु नै सबै विवादको प्रस्थानविन्दु थियो । त्यति बेला निर्वाचन आयोग र सरकारले भौगोलिक सुगमताभन्दा राजनीतिक स्वार्थलाई नै प्राथमिकता दिएका थिए ।

त्यसको असर अहिले ९ वर्षपछि त्रिवेणीमा देखिएको छ । विनयी त्रिवेणी गाउँपालिकामा २ वटा वडा थपिए पनि ती वडाका बासिन्दा अहिले आफ्नै पालिका जानसमेत लुम्बिनीकै बाटो हुँदै जानुपर्छ । सुस्तामा रहेका यी वडा विनयी त्रिवेणीमा मिसाइए पनि यहाँका बासिन्दाले प्रशासनिकदेखि व्यक्तिगत घटना दर्तासम्मका कामका लागि ५८ देखि ६५ किलोमिटर घुमेर जानुपर्ने अवस्था छ । सुस्ता क्षेत्र नेपाल-भारत सीमा विवादको एउटा संवेदनशील बिन्दु पनि हो । नारायणी नदीको धार परिवर्तनका कारण सुस्ताको धेरै भूभाग भारतले अतिक्रमण गरेको छ । यस्तो संवेदनशील क्षेत्रका बासिन्दालाई राज्यले विशेष सुविधा र पहुँच दिनुपर्नेमा उल्टै प्रशासनिक झन्झट र बाटोको अभावमा अल्झाएर राख्नु राष्ट्रिय सुरक्षाको दृष्टिकोणले समेत घातक हुन सक्छ ।

त्रिवेणीवासीले प्रदेश परिवर्तनको निर्णय गर्नुमा आफ्नो सुरक्षा र पहिचानको खोजी पनि एउटा कारण हो । उनीहरूले लुम्बिनी प्रदेशसँगको सामीप्यतालाई आफ्नो अस्तित्व जोगाउने आधार मानेका छन् । विनयी त्रिवेणीको यो निर्णयले सिंहदरबारको निद्रा बिथोल्नुपर्ने हो । यो केवल सानो पालिकाको सानो भूगोलको कुरा होइन; यो त नेपालको संघीयता सफल कि असफल भन्ने मापन गर्ने एउटा कडी हो ।

◆◆◆

नवप्रवर्तन

व्यवहारमा सुधार, उत्पादनमा रफ्तार

विष्णुप्रसाद गौडेल

गण्डकी प्रदेशमा २०७८/७९ देखि अहिलेसम्म ५६ वटा नवप्रवर्तन कार्यक्रम कार्यान्वयन भएका छन् । अब यसअघि नपरेका स्थानीय तहलाई मात्र सहभागी गराएर कार्यक्रम सञ्चालन गरिने भएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) ।

मध्यविन्दु नगरपालिका ४ स्थित मदनपुर ग्रिनभ्याली बोर्डिङ स्कुलमा कक्षा ३ की सिम्रन पाठक व्यवहारमा आफ्नो उमेरभन्दा परिपक्व देखिन्छिन् । नम्र भएर बोल्छिन्; ठूलाबडालाई सम्मान गर्छिन् र घरका काममा पनि सघाउँछिन् ।

केही वर्षअघिसम्म उनको बानी फरक थियो । मोबाइलमा धेरै समय बिताउने, साना साना कुरामा रिसाउने, अभिभावकसँग जिद्दी गर्ने र पढाइमा खासै रूचि नदेखाउने सिम्रनमा अहिले उल्लेखनीय परिवर्तन आएको छ ।

'पहिले घरमा झगडा गर्ने, काममा नसघाउने र धेरै जिद्दी गर्ने गर्थें,' सिम्रन भन्छिन्, 'अहिले परिवार, साथी, पढाइ र समयको महत्त्व बुझेकी छु । यो सबै मैले 'हाम्रो खुसी' कक्षाबाट सिकेकी हुँ ।'

सिम्रनको परिवर्तन व्यक्तिगत कथामात्र होइन । यो गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मध्यविन्दु नगरपालिकाले सञ्चालन गरेको 'हाम्रो खुसी' पाठ्यक्रमको प्रभावको एउटा झलक हो ।

शिक्षा केवल परीक्षा होइन, जीवन पनि हो

गण्डकी प्रदेश सरकारको ८० लाख रूपैयाँ र मध्यविन्दु नगरपालिकाको २० लाख रूपैयाँ साझेदारीमा सुरू भएको 'हाम्रो खुसी' कार्यक्रम अहिले नगरभित्रका ६६ वटा सामुदायिक तथा संस्थागत विद्यालयमा सञ्चालन भइरहेको छ ।

कक्षा १ देखि ८ सम्म लागू गरिएको यस पाठ्यक्रमले विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञानमात्र होइन; जीवन उपयोगी सीप, नैतिकता, भावनात्मक सन्तुलन, सामाजिक उत्तरदायित्व र सकारात्मक सोच सिकाउने प्रयास गरिरहेको छ ।

नवजागरण नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक हरि देवकोटाका अनुसार कार्यक्रमले विद्यार्थीको व्यवहारमा उल्लेखनीय परिवर्तन ल्याउन थालेको छ । 'पहिले विद्यार्थीको सिकाइ कक्षाकोठाभित्र सीमित थियो,' उनले भने, 'अहिले उनीहरू परिवार, समुदाय र सामाजिक उत्तरदायित्वसँग जोडिन थालेका छन् ।'

मध्यविन्दु ७ की अभिभावक लक्ष्मी न्यौपाने पनि परिवर्तन प्रत्यक्ष देखिएको बताउँछिन् । 'पहिले छोरो विद्यालयबाट आएपछि मोबाइलमै झुण्डिन्थ्यो,' उनले भनिन्, 'अहिले घरका काममा सघाउँछ; सम्मान गर्न सिकेको छ र जिम्मेवार बनेको छ ।'

नगर प्रमुख भीमलाल अधिकारीका अनुसार यस वर्ष १ हजारभन्दा बढी अभिभावकलाई समेत 'हाम्रो खुसी' सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । 'हामीले विद्यालयमात्र होइन, समुदायमा पनि सकारात्मक सोचको वातावरण निर्माण गर्न खोजेका छौं,' अधिकारीले भने ।

अहिले मध्यविन्दु नगरपालिका यस पाठ्यक्रमको अन्य स्थानीय तहका लागि सिकाइ केन्द्र बन्न थालेको छ । यही पाठ्यक्रम स्याङ्जा जिल्लास्थित कालीगण्डकी गाउँपालिकाले यसै शैक्षिक सत्रदेखि सञ्चालन गरेको छ ।

फोहोरबाट मल, मलबाट आम्दानी

मध्यविन्दु नगरपालिकाको अर्को नवप्रवर्तन कार्यक्रम हो–सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्र । नगरपालिकाले घरघरबाट निस्कने जैविक फोहोरलाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्दै त्यसलाई जैविक मलमा रूपान्तरण गर्ने कार्य सुरू गरेको छ ।

केन्द्रमा संकलित फोहोर प्रशोधन गरी मल उत्पादन गरिन्छ । यो स्थानीय कृषकले प्रयोग गर्ने गरेका छन् । प्रदेश सरकारको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० मा सञ्चालन गरिएको यस परियोजनाको कुल लागत २ करोड १३ लाख ८० हजार रूपैयाँ छ ।

मध्यविन्दु नगरपालिकाले सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन कार्यक्रम विगत ३ वर्षदेखि निरन्तर रूपमा प्रभावकारी ढंगले सञ्चालन गर्दै आएको छ । नगर सरसफाइ अभियानमा अहिलेसम्म १४ हजार ८१६ घरपरिवार आबद्ध भएका छन् । जसले समुदाय स्तरमा फोहोर व्यवस्थापनलाई संस्थागत, सहभागितामूलक र व्यवस्थित बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

३ वर्षको अवधिमा कार्यक्रम सञ्चालनका लागि ६ करोड ५६ लाख खर्च भएको मध्यविन्दु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विपिन क्षेत्रीले बताए । यही अवधिमा यस केन्द्रबाट ३ करोड ५ लाख आम्दानी भएको छ ।

यस कार्यक्रमले वार्षिक सञ्चालन खर्च कटाएर आम्दानी दिन थालेको नगर प्रमुख भीमलाल अधिकारीले बताए । उनका अनुसार कार्यक्रमले एकै पटक २ समस्या समाधान गरेको छ ।

'फोहोर व्यवस्थापन सहज भएको छ,' उनले भने, 'साथै उत्पादन भएको मल बिक्रीबाट आम्दानीको स्रोत समेत सिर्जना भएको छ ।' नेपालका अधिकांश स्थानीय तह फोहोर व्यवस्थापनको चुनौतीसँग जुधिरहेका बेला मध्यविन्दुको यो अभ्यास वातावरणीय तथा आर्थिक दुवै दृष्टिले उदाहरणीय मानिएको छ ।

उखु र बेसारबाट आर्थिक समृद्धि खोजी

विनयी त्रिवेणी गाउँपालिकाले भने आफ्नो नवप्रवर्तन कार्यक्रमलाई कृषि उत्पादनसँग जोडेको छ ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको 'नगदे बाली खेती प्रविधि अनुकूलन तथा व्यावसायीकरण कार्यक्रम'मार्फत् गाउँपालिकाले उखु र बेसार खेतीलाई प्राथमिकता दिएको छ ।

गाउँपालिका अध्यक्ष घनश्याम गिरीका अनुसार कृषि उत्पादन वृद्धि र किसानको आयआर्जन बढाउने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको हो । 'हामी कृषिलाई स्थानीय अर्थतन्त्रको मेरूदण्ड बनाउन चाहन्छौं,' अध्यक्ष गिरीले भने, 'उत्पादन बढे किसानको आम्दानी बढ्छ र त्यसको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा देखिन्छ ।'

कार्यक्रम अन्तर्गत किसानलाई उन्नत बीउ, प्राविधिक सहयोग, कृषि सामग्री र यान्त्रिक उपकरण उपलब्ध गराइएको छ । कृषि प्राविधिक मनोज चापागाईंका अनुसार करिब १ करोड ५० लाख रूपैयाँ लगानीमा कार्यक्रम सञ्चालन गरिएको छ ।

उखु खेती हुने क्षेत्रमा डिप बोरिङमार्फत् सिँचाइ सुविधा विस्तार गरिएको छ भने ८ वटा कृषक समूहलाई ३० टन बेसारको बीउ वितरण गरिएको छ । कृषि क्षेत्रमा गरिएको यो लगानीले किसानलाई परम्परागत खेतीबाट व्यावसायिक उत्पादनतर्फ उन्मुख गराउन सहयोग पुऱ्याएको स्थानीय कृषकहरू बताउँछन् ।

प्रविधि मैत्री सिकाइतर्फ नयाँ पुस्ता

विनयी त्रिवेणी गाउँपालिकाकै अर्को कार्यक्रम हो–प्रविधि मैत्री सिकाइ परियोजना । ग्रामीण विद्यालयमा डिजिटल शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले गाउँपालिकाले विद्यालयहरूमा कम्प्युटर, डिजिटल सामग्री तथा प्रविधिमैत्री शिक्षण वातावरण निर्माण गरेको छ ।

गण्डकी प्रदेश सरकारको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले शिक्षकलाई प्रविधि मैत्री सीप पनि सिकाउने लक्ष्य राखेको छ । प्रदेश सरकारको तथ्यांक अनुसार आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भइरहेको यस परियोजनाको लागत २ करोड १५ लाख रूपैयाँ छ । जसमा प्रदेश सरकारको १ करोड ५० लाख र गाउँपालिकाको ६५ लाख रूपैयाँ साझेदारी छ ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख भूपराज पाण्डेका अनुसार डिजिटल सामग्री प्रयोग गर्दा विद्यार्थीको सिकाइमा रूचि बढेको छ । 'चित्र, भिडियो र अन्तरक्रियात्मक सामग्रीले कठिन विषय पनि सहज रूपमा बुझ्न सहयोग गरेको छ,' उनले भने । स्थानीय शिक्षक रामु थापाका अनुसार यो कार्यक्रमले ग्रामीण विद्यार्थीलाई डिजिटल युगसँग जोड्ने महत्त्वपूर्ण आधार तयार गरेको छ ।

विद्यालयमा रोबोटदेखि बायोग्याससम्म

कावासोती नगरपालिकाले नवप्रवर्तनलाई विद्यालय शिक्षासँग जोडेको छ । 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रम अन्तर्गत नगरभित्रका २३ विद्यालयमा विभिन्न उत्पादनमुखी तथा अनुसन्धानमूलक परियोजना सञ्चालन गरिएका छन् ।

कावासोती १७ स्थित त्रिभुवन बाल माध्यमिक विद्यालयका विद्यार्थीले 'राधा' नामको रोबोट निर्माण गरेका छन् । विद्यालय पुग्ने पाहुनालाई उक्त रोबोटले स्वागत गर्छ ।

त्यस्तै अन्य विद्यालयले बायोग्यास उत्पादन, सोलार ड्रायर, स्मार्ट सिँचाइ प्रणाली, गड्यौला मल उत्पादन, बेसार प्रशोधन, जैविक खेती तथा नर्सरी सञ्चालन जस्ता परियोजना अघि बढाएका छन् ।

शिक्षा शाखा अधिकृत राजन पाण्डेका अनुसार कार्यक्रमले विद्यार्थीमा अनुसन्धान, नेतृत्व, समस्या समाधान र उद्यमशीलताको भावना विकास गर्न मद्दत गरिरहेको छ ।

गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत कावासोती नगरपालिकाले सञ्चालन गरेको 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रमले विद्यालय शिक्षालाई कक्षाकोठाबाट उत्पादन र प्रयोगसँग जोड्ने प्रयास गरेको छ । परियोजनाले विद्यालयलाई पढाइ हुने ठाउँ मात्र नभई सिकाइ, अनुसन्धान र उत्पादनको केन्द्र बनाउने प्रयास गरेको देखिन्छ ।

विद्यालयले कृषि, वातावरण, प्रविधि, नवीकरणीय ऊर्जा तथा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिरहेका छन् । विद्यालयले कम्पोस्ट बिन निर्माण, सोलार ड्रायर निर्माण तथा ड्राइफ्रुट्स उत्पादन, फलफूल नर्सरी स्थापना, जैविक मल तथा नर्सरी निर्माण, मौसमी तथा बेमौसमी तरकारी उत्पादन, कालो हलेदो खेती तथा प्रशोधन लगायतका कार्यक्रम सञ्चालन भइरहेको नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृत राजन पाण्डेले बताए ।

पिठौली आधारभूत विद्यालयले बेसारको व्यवसायीकरणका लागि नवीकरणीय ऊर्जामा आधारित बेसार प्रशोधन एकाइ स्थापना गरेको छ । गोसाईँबाबा आधारभूत विद्यालयले अम्बा र बेसार खेती तथा प्रशोधन एकाइ सञ्चालन गर्ने योजना बनाएको छ । यसले विद्यालय र समुदाय बीचको सम्बन्धलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ ।

कावासोतीकै दीपेन्द्र आधारभूत विद्यालय र वडा नम्बर १, रिठेपानीमा रहेको जनकल्याण माविले सोलार ड्रायर निर्माण गरेका छन् । नेपाल राष्ट्रिय आधारभूत विद्यालयले विद्यालयको भान्साबाट निस्कने फोहोर प्रयोग गरेर बायोग्यास प्लान्ट निर्माण गरेको छ । छनोट भएका अधिकांश परियोजना कृषि तथा कृषिमा आधारित उद्यमसँग सम्बन्धित छन् । हरितगृह निर्माण, नर्सरी स्थापना, जैविक विषादी उत्पादन, गँड्यौला मल निर्माण, बेसार खेती तथा प्रशोधन जस्ता परियोजनाले स्थानीय कृषि उत्पादनलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

पशुपालकका लागि राहत साइलेज उद्योग

देवचुली नगरपालिकाले पशुपालक कृषकलाई लक्षित गर्दै साइलेज उत्पादन उद्योग सञ्चालन गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा सुरू गरिएको उक्त परियोजनाको कुल लागत २ करोड १४ लाख रूपैयाँ छ । प्रदेश सरकारको तथ्यांक अनुसार परियोजनाले ९९.९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

वर्षभरि हरियो घाँस उपलब्ध नहुने समस्या समाधानका लागि घाँसलाई वैज्ञानिक तरिकाले प्रशोधन गरी भण्डारण गर्ने व्यवस्था मिलाइएको हो । स्थानीय कृषक राजु चापागाईंका अनुसार उद्योग सञ्चालनपछि हिउँद तथा खडेरीका समयमा पशुलाई आहार व्यवस्थापन गर्न सहज भएको छ । 'यसले दूध उत्पादनमा पनि सकारात्मक प्रभाव पारेको छ,' उनले भने ।

अहिले साइलेज उत्पादन उद्योगलाई नगरपालिका र कृषक समूहबीच सहकार्य गरी सञ्चालन गरिएको छ । यसबाट उत्पादन भएको साइलेज बिक्रीबाट नगरपालिकालाई आम्दानीको स्रोत पनि बन्न थालेको देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले बताए ।

मकै र नेपियर घाँसबाट उत्पादन भएको साइलेजको प्रयोगका कारण कृषकको उत्पादन लागत घटेको छ भने नगरपालिकालाई समेत वार्षिक ७ लाख ५० हजार रूपैयाँ आम्दानी हुन थालेको छ ।

नगरपालिकाले पशु आहारामा कृषकको लागत घटाउन र हरियो घाँसको उपलब्धता बढाउन ५० प्रतिशत अनुदानमा साइलेज बनाउने कृषकहरूलाई प्रोत्साहन स्वरूप प्रति केजी २ रूपैयाँका दरले उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने निर्णय गरेको छ ।

दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा

हुप्सेकोट गाउँपालिकाले गण्डकी प्रदेशको नवप्रवर्तन साझेदारी कोषमार्फत् दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गरेको छ । हुप्सेकोट गाउँपालिकामा आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भएको दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रमको कुल लागत २ करोड १६ लाख रूपैयाँ थियो ।

यस कार्यक्रममार्फत् नमुना बस्ती निर्माण, कृषि तथा पशुपालन सम्बन्धी स्थानीय स्रोत व्यक्तिलाई तालिम, कृषि पशुपन्छी तथा सीप उद्यमशीलता विकास कार्यक्रम, आइसिटी मैत्री विद्यालय निर्माण कार्य गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

यस कार्यक्रमले गाउँपालिकाका ११ सय ५० घरपरिवार प्रत्यक्ष लाभान्वित भएको देखिन्छ । अहिले हुप्सेकोट गाउँपालिका कृषि र पशुपालनका क्षेत्रमा जिल्लामा नै अग्रणी क्षेत्रका रूपमा परिचित हुन सफल भएको छ ।

प्रदेशको सोच, स्थानीय तहको अभ्यास

गण्डकी प्रदेश सरकारले पछिल्ला वर्षमा उत्पादन वृद्धि, रोजगारी सिर्जना, सेवा सुधार र स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राख्दै आएको छ । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम यही सोचको महत्त्वपूर्ण हिस्सा बनेको छ । प्रदेश सरकारले स्थानीय तहलाई केवल बजेट उपलब्ध गराउने होइन; स्थानीय समस्या पहिचान गरी समाधान खोज्न प्रेरित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिरहेको गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत उपसचिव पार्वती लामिछानेले बताइन् ।

'प्रदेश सरकारले स्थानीय तहले सञ्चालन गर्न चाहेको नवीन कार्यलाई सुरूवाती प्रोत्साहन र सहकार्य गर्ने हो त्यसपछिको सञ्चालन, व्यवस्थापन र निगरानी गर्ने जिम्मेवारी स्वयं पालिककै हुन्छ,' उनले भनिन् ।

गण्डकी प्रदेशको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/७९ देखि चालु आर्थिक वर्षसम्म गण्डकी प्रदेशमा ५६ वटा नवप्रवर्तनका कार्यक्रम कार्यान्वयन भएका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ मा अहिलेसम्म नवप्रवर्तन कार्यक्रममा समावेश नभएका स्थानीय तहलाई मात्र सहभागी गराएर नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्ने योजना गण्डकी प्रदेश सरकारले बनाएको छ ।

प्रदेशमा अहिलेसम्म सञ्चालित नवप्रवर्तन कार्यक्रमहरू सफल भएकाले स्थानीय तहसँगै प्रदेशलाई उत्पादन, रोजगारी र आर्थिक समृद्धिमा जोड्न सहयोग पुगेको उपसचिव लामिछानेले बताइन् ।

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पनि नवप्रवर्तन, प्रविधिमैत्री शिक्षा, कृषि आधुनिकीकरण, उद्यमशीलता र स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ । प्रदेश सरकारले स्थानीय तहलाई केवल बजेट उपलब्ध गराउने होइन, स्थानीय समस्या पहिचान गरी त्यसको समाधान खोज्न प्रेरित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

नवलपुरका विभिन्न स्थानीय तहमा सञ्चालित मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमका आधारमा स्थानीय समस्या समाधानका लागि स्थानीय स्तरकै नवीन उपायको खोजी दिगो र सफल देखिएको गण्डकी प्रदेश सभा सदस्य महेन्द्रध्वज जिसीले बताए ।

नवलपुरका उदाहरणहरूले शिक्षा, कृषि, वातावरण, प्रविधि र पशुपालन क्षेत्रमा स्थानीय आवश्यकता अनुसार नवीन अभ्यास सुरू भएको देखाउँछन् । यद्यपि कार्यक्रमका सकारात्मक परिणाम देखिन थाले पनि चुनौती भने समाप्त नभएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् । कतिपय परियोजनामा प्राविधिक जनशक्ति अभाव छ । केही कार्यक्रम नेतृत्व परिवर्तनसँगै निरन्तरता नपाउने जोखिममा रहेको देखिन्छ ।

त्यसैगरी कार्यक्रमको प्रभाव मापन गर्ने स्पष्ट सूचकांक विकास गर्नुपर्ने देखिएको छ । 'हाम्रो खुसी' कार्यक्रमले विद्यार्थीको व्यवहारमा कति परिवर्तन ल्यायो, आइसिटी कक्षाले सिकाइ उपलब्धिमा कति सुधार गर्यो, जैविक मल उत्पादन केन्द्रबाट कति आम्दानी भयो वा साइलेज उद्योगबाट कति कृषक लाभान्वित भए भन्ने तथ्यांक नियमित रूपमा सार्वजनिक गरिनु पर्छ ।

मध्यविन्दुकी सिम्रन पाठकको बदलिएको व्यवहारदेखि कृषकको बढ्दो उत्पादनसम्मका तथ्यांकले नवलपुरमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमले सकारात्मक प्रभाव पार्न थालेको संकेत गरेका छन् ।

मध्यविन्दुको 'हाम्रो खुसी'ले शिक्षालाई जीवनोपयोगी बनाउने प्रयास गरेको छ । जैविक मल उत्पादन केन्द्रले फोहोरलाई स्रोतमा बदल्ने काम गरेको छ । विनयी त्रिवेणीले कृषि व्यवसायीकरण र डिजिटल शिक्षालाई जोडेको छ । कावासोतीले विद्यालयलाई अनुसन्धान र उत्पादनसँग जोडेको छ भने देवचुलीको साइलेज उद्योगले पशुपालक कृषकको दैनिकी सहज बनाएको छ ।

यी कार्यक्रम पूर्ण रूपमा सफल भइसकेका छन् भन्ने निष्कर्ष निकाल्न अझै समय लाग्न सक्छ । तर, स्थानीय आवश्यकता पहिचान गरी समाधान खोज्ने अभ्यासका रूपमा भने यिनले सकारात्मक सम्भावना देखाएका छन् ।

अबको चुनौती भनेको यस्ता कार्यक्रमलाई दिगो, मापनयोग्य र प्रदेशभर विस्तारयोग्य बनाउनु हो । यदि त्यसो गर्न सकियो भने मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम केवल बजेट खर्च गर्ने कार्यक्रम नभई स्थानीय विकासको प्रभावकारी मोडल बन्न सक्छ ।

◆◆◆

गुलजार अन्नपूर्ण, सुनसान धौलागिरी

दीपक परियार

> दुई हिमाल,
> दुई भिन्न भाग्य ।
> यही विरोधाभासको
> कथाले धौलागिरी
> क्षेत्रको पर्यटकीय
> सम्भावना र राज्यको
> उपेक्षाबीचको खाडल
> उजागर गर्छ ।

पोखरा ।

घरको भित्तामा अझै पनि पुरानो होमस्टेको साइनबोर्ड झुण्डिएको छ । रङ उड्दै गएको त्यो साइनबोर्ड हेर्दै गणेश घर्ती गाउँमा विदेशी पर्यटकका बुटको आवाज र राति अबेरसम्म घरको भान्साबाट आउने परिकारको वासना सम्झन्छन् । तर त्यो दिन अब सम्झनामा मात्र बाँकी छ । म्याग्दीको धौलागिरी गाउँपालिका-४, मुदीमा सामुदायिक होमस्टे चलाएका घर्ती अहिले बाख्राफार्म सञ्चालन गरी बस्नुपर्ने बाध्यतामा छन् ।

'पर्यटक आगमन नहुँदा होमस्टे बन्द गरेर बाख्राफार्म खोल्नुपर्ने भयो,' उनी भन्छन्, 'धारापानी, ताकम, मुदी हुँदै धौलागिरी आधार शिविर पुग्ने पर्यटक घट्नुमा सरकार, व्यवसायी, स्थानीय तह कसैको पनि नजर नपुगेको हो कि भन्ने लाग्छ ।'

मुदी गाउँबाट केही किलोमिटर उत्तरमा पर्छ धौलागिरी हिमालको काख । विश्वको सातौं अग्लो हिमाल, ८ हजार १ सय ६७ मिटरको भव्य उचाइ र एउटा पदयात्रा मार्ग जसलाई अनुभवी ट्रेकरहरू 'जीवनकै सबैभन्दा रोमाञ्चक यात्रा' भन्ने गर्छन् । तर यो हिमालको काखमा रहेको मुदी गाउँ आज सुनसान छ । होमस्टे बन्द छन् । भरियाहरू बेरोजगार छन् । गाउँको उत्पादन बिकेको छैन ।

अन्नपूर्ण क्षेत्रका घान्द्रक, घोरेपानी, घलेगाउँहरूमा बाह्रै महिना पर्यटक पुग्छन् । अन्नपूर्ण सर्किट, अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल लगायत पदमार्गमा विदेशी पर्यटक ओइरिन्छन् । अन्नपूर्ण संरक्षण क्षेत्रमा गत वर्ष तीन लाखभन्दा बढी बाह्य पर्यटक भित्रिए । दुई हिमाल, दुई भिन्न भाग्य । यही विरोधाभासको कथाले धौलागिरी क्षेत्रको पर्यटकीय सम्भावना र राज्यको उपेक्षाबीचको खाडल उजागर गर्छ ।

इतिहासका २ मोड

सन् १९५० मा फ्रान्सेली आरोही मौरिस हर्जोग र लुइस लाचेनलले मानव इतिहासमा पहिलोपल्ट ८ हजार मिटरभन्दा अग्लो हिमाल अन्नपूर्ण प्रथमको सफल आरोहण गरे । हर्जोगको 'अन्नपूर्ण' पुस्तक विश्वभर 'बेस्ट सेलर' बन्यो । युरोप र अमेरिकामा नेपाल र अन्नपूर्णप्रति चासो बढ्यो ।

त्यसको ठीक एक दशकपछि सन् १९६० मे १३ मा स्विस-अस्ट्रियन संयुक्त टोलीले म्याक्स आइसेलिनको नेतृत्वमा धौलागिरी हिमालको पहिलो सफल आरोहण गऱ्यो । नेपाली आरोही निमा दोर्जी शेर्पा र ङ्वाङ दोर्जी शेर्पासहित सात सदस्यको उक्त टोलीले इतिहास रच्यो । यो धौलागिरी आरोहणको ७ दिन अगाडि ५ मेमा धौलागिरी अभियानकै आपूर्ति विमान 'पिलाटस पिसी-६' धम्पुस पासमा दुर्घटनाग्रस्त भएको थियो । यो स्विस जहाजले पोखराबाट धौलागिरीसम्म आरोहीलाई खाना लगायत बन्दोबस्तीका सामान ओसारपसार गर्थ्यो । दुवै चालक सकुशल रहे । यो विश्वकै अग्लो स्थानमा भएको पहिलो हवाइ दुर्घटना थियो ।

यी दुई हिमालको आरोहण इतिहास लगभग समानान्तर छ । तर त्यसपछिको यात्रामा जमिन-आसमानको फरक आयो । अन्नपूर्णको प्रवेशद्वार पोखरामा सन् १९६०-७० को दशकमा हिप्पी संस्कृतिसँगै पर्यटकको लहर थियो । सन् १९८६ मा राजा महेन्द्रबाट प्रकृति संरक्षण कोष मातहत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) स्थापना भयो । त्यही निर्णयले अन्नपूर्णको भाग्य बदलियो ।

एक्यापले बदलेको भाग्य

एक्याप प्रमुख रविन कडरियाका अनुसार आज एक्याप क्षेत्रभित्र ५७ वटा संरक्षण क्षेत्र व्यवस्थापन समिति, ४५ भन्दा बढी पर्यटन व्यवस्थापन समिति र ३ सय भन्दा बढी आमा समूह क्रियाशील छन् । १ हजार ५ सय भन्दा बढी होटल सञ्चालित छन् । पर्यटक प्रवेश शुल्कबाट मात्र वार्षिक ४५ करोड रूपैयाँभन्दा बढी राजस्व संकलन हुन्छ ।

एक्याप स्थापना कालमा यस क्षेत्रमा वार्षिक झन्डै ३३-३६ हजार विदेशी पर्यटक आउँथे । सन् २०१२ मा पहिलोपल्ट एक लाख पार गरेर १ लाख २ हजार ५ सय ७० पुग्यो । सन् २०२५ मा यो संख्या तीन लाख नाघेको छ । चालु आर्थिक वर्षको जेठसम्म ४ लाख ४४ हजार पर्यटक अन्नपूर्ण पुगेका छन् ।

यो तथ्यांकमा भने पछिल्लो समय बढ्दो भारतीय पर्यटकको मुक्तिनाथ यात्रासमेत समेटिएको छ । जेठसम्म तेस्रो मुलुकबाट १ लाख २१ हजार पर्यटक अन्नपूर्ण क्षेत्र प्रवेश गरेका छन् । आन्तरिक पर्यटक त वार्षिक ६ लाखभन्दा बढी पुग्छन् । स्थानीय समुदायले यार्सागुम्बा संकलनबाट मात्रै वार्षिक २० करोड रूपैयाँभन्दा बढी आम्दानी गर्छन् ।

एक्यापले सेल्टर बनायो, पानीको व्यवस्था गऱ्यो, क्याम्पसाइट विकास गऱ्यो । ती क्याम्पसाइट पछि होटल र टि-हाउसमा परिणत भए । स्थानीय रोजगारी, स्थानीय आम्दानी, स्थानीय स्वामित्वको त्रिकोण नै अन्नपूर्णको सफलताको सूत्र हो ।

धौलागिरी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष यामबहादुर घर्तीसँग मनाङमा २२ वर्ष जागिर खाएको अनुभव छ । 'त्यहाँ एक्यापले यति राम्रो गरेको छ,' उनी भन्छन्, '१० वर्ष अगाडि मुदी गाउँमा पर्यटकको भीडले क्याम्पिङ बस्ने ठाउँ पनि नपाइने अवस्था थियो । अहिले कुनै पनि पर्यटक आएका छैनन् ।'

धौलागिरी आरोहण गर्नेहरू हेलिकप्टरमै आधार शिविरसम्म पुग्छन् । नेपाल पर्वतारोहण संघको तथ्यांकअनुसार हालसम्म ७ सय ३३ ले धौलागिरी आरोहण गरिसकेका छन् । तर स्थानीय बासिन्दाले खासै आर्थिक फाइदा पाउन सकेका छैनन् ।

अप्ठेरो भूगोल, पूर्वाधार अभाव

अनुभवी ट्रेकिङ गाइड तथा नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका पूर्वअध्यक्ष शेषकान्त शर्माले सन् १९९४-९५ तिर एउटा जापानी टोलीलाई भरियाका रूपमा धौलागिरी-४ को बेस क्याम्प पुऱ्याएका थिए । सन् १९९६ मा रसियन टोलीसँग म्याग्दी खोलाको बाटो हुँदै धौलागिरी सर्किट ट्रेक गरे ।

'इटालियन बेस क्याम्पबाट अलि माथि पुगेपछि एउटा कुइनेटो र सानो खोला तर्ने ठाउँ थियो,' उनी सम्झन्छन्, 'सन् १९९६ मा फेरि त्यहाँ पुग्दा त्यो बाटो पूर्ण रूपमा बदलिएर दक्षिणतिरबाट भइसकेको थियो ।' ग्लेसियर (हिमनदी) का कारण हरेक वर्ष बाटो परिवर्तन हुनु धौलागिरी पदमार्गको सबैभन्दा ठूलो चुनौती हो ।

धौलागिरी सर्किट ट्रेकको यात्रा पोखराबाट सुरू हुन्छ । बेनी, दरबाङ, धारापानी, ताकम, मुना हुँदै मुदी, बगर, दोभान, इटालियन बेस क्याम्प, जापानी क्याम्प हुँदै धौलागिरी आधार शिविर पुगिन्छ । ४ हजार ७ सय मिटरको उचाइमा रहेको बेस क्याम्पबाट हिमालहरूको दृश्य बेजोड देखिन्छ । बेस क्याम्पबाट फ्रेन्च पास (५३०० मिटर) र हिडन भ्याली पार गरेर धम्पुस पास, याक खर्क, मार्फा र जोमसोम हुँदै यात्रा सम्पन्न हुन्छ । यो सम्पूर्ण पदयात्राका लागि सामान्यतया १६ देखि १८ दिन लाग्छ ।

'फ्रेन्च पासबाट धौलागिरी, टुकुचे, नीलगिरि र अन्नपूर्ण हिमशृंखला एकैसाथ देख्न सकिन्छ,' शर्मा भन्छन्, 'हिडन भ्याली हिमालहरूको बीचको फराकिलो निर्जन उपत्यका हो; जहाँ पुग्दा हिमाली मरूभूमिको अनुभूति हुन्छ ।' तर यो सौन्दर्यको पहुँच उत्तिकै कठिन छ । मौसम पूर्वानुमान सही नहुने, ग्लेसियर (हिम नदी)ले हरेक वर्ष बाटो बदल्ने र बासस्थानको अभावमा यो रूट पर्यटकको आँखामा पर्न सकेको छैन ।

पहिला दरबाङबाट हिँड्नुपर्ने भए पनि अहिले दोभानसम्म जलविद्युत आयोजनाले कच्ची मोटरबाटो पुऱ्याएको छ । बगर गाउँ धौलागिरी सर्किट ट्रेकको अन्तिम मानव बस्ती हो । बगर पुग्ने दुई वटा बाटो छन् । एउटा, ताकम, मुना, मुदी हुँदै पुग्छ भने अर्को खिवाङ हुँदै कच्ची मोटरबाटो पुग्छ । बगरमा ८ घरमा होमस्टे छन् । पहिलो बगरबाट दोभान पुग्न ५ घण्टा लाग्यो भने अहिले जिपमा २ घण्टामै पुगिन्छ । दोभानमा तीन होटल छन् । त्यसपछि तलित्रेमा खाजा घर, सल्लाघारीमा २ होटल र इटाली

बेस क्याम्पमा एक होटल छन् । इटाली बेस क्याम्पसबाट एक दिनमा पुगिने जापानी बेस क्याम्प र अर्को दिन पुगिने धौलागिरी बेस क्याम्पमा होटल छैनन्, टेन्ट टाँगेर बस्नुपर्छ ।

पर्यटक अभावमा ती होमस्टे र होटल पनि सुनसान छन् । धौलागिरी क्षेत्रका पर्यटन अभियन्ता एवं व्यवसायी हरि तिलिजाले तीन दशकदेखि पदयात्रा मार्गको इटाली बेस क्याम्पमा तिलिजा होटल चलाइरहेका छन् । 'पहिला १८-२० जना विदेशी एउटा समूहमा आउँदा १ सय ५० नेपाली सहयोगी आउँथे,' उनी सम्झन्छन्, '०६४/०६५ पछि पर्यटक आउने क्रम निरन्तर ओरालो लाग्यो ।'

पहिला धौलागिरी सर्किटमा कति पर्यटक पुगे भन्ने तथ्यांक राख्ने चलन थिएन । एक दशकअघिदेखि भने प्रशासनको आग्रहमा उनको होटलमा तथ्यांक राख्ने गरिएको छ । त्यति बेला वार्षिक ५ सय हाराहारीमा विदेशी पर्यटकमात्रै आउने गरेकोमा अहिले विदेशी र नेपाली गरी ३ सय पुग्न पनि मुस्किल छ । धौलागिरी क्षेत्रमा पर्यटकले कुनै प्रवेश शुल्क तिर्नुपर्दैन तर निस्कँदा मुस्ताङ हुँदै निस्कनुपर्ने भएकाले एक्यापले प्रवेश शुल्क लिन्छ । धौलागिरी हिमाल आरोहणको रोयल्टी पनि पालिकाले पाएको छैन । पर्यटकको तथ्यांक राख्न, सूचना र प्राथमिक उपचार सेवा उपलब्ध गराउन इटाली बेस क्याम्पमा चेक पोस्ट सञ्चालनका लागि भवन बनाइए पनि प्रयोगविहीन छ ।

पर्यटकीय सम्भावना हुँदाहुँदै पनि राज्यको उचित लगानी नहुँदा पर्यटक आगमन निरन्तर ओरालो लागेको जनप्रतिनिधिसमेत रहेका तिलिजा बताउँछन् । 'पहिला आएका पर्यटकले दुःख पाए,' उनी भन्छन्, 'पदयात्रामा पर्ने खोला र खोल्सामा झोलुंगे पुल हालौं भन्दा कतैबाट सुनुवाइ भएन ।' धौलागिरी पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरेर पूर्वाधारमा लगानी गर्नुपर्ने र स्थानीयलाई होटल व्यवसायी सञ्चालनका लागि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने उनी सुझाउँछन् ।

अन्नपूर्ण सर्किटमा १ हजार ५ सयभन्दा बढी व्यवस्थित होटल छन्; सञ्चारको सुविधा छ; उद्धार संयन्त्र छ । पदयात्रामा संकेत बोर्डहरू छन् । धौलागिरी पदमार्गमा इटालियन बेस क्याम्पमाथि होटल छैन; मोबाइल नेटवर्क छैन; आपतकालीन आश्रयस्थल छैन । तापक्रम वृद्धिका कारण इटालियन क्याम्पदेखि बेस क्याम्पसम्मको हिउँ पग्लिएर गइसकेकाले ढुंगाहरू खस्ने समस्या बढेको छ । कहिले हिउँले रूख ढलाएर बाटो अवरूद्ध गर्छ ।

धौलागिरी गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुन यो वास्तविकतालाई स्वीकार गर्छन् । 'हिउँदमा बनाएको पदमार्ग बर्खाको बाढी पहिरोले भत्काइदिँदा पदयात्रीलाई ठूलो समस्या हुन्छ,' उनी भन्छन्, 'आज बनायो, भोलि हिमपहिरोले लैजान्छ ।' तर उनी आफ्नो गाउँपालिकाका सम्भावनाप्रति आशावादी छन् । बागलुङ, मुस्ताङ, डोल्पा र पूर्वी रूकुम जोडिएको विशाल भूगोल, गुर्जा हुँदै ढोरपाटन निस्कने नयाँ रूटको विकासमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक रहने उनी बताउँछन् ।

गुरुयोजना अलपत्र, बजेट दुरुपयोग

यसअघि थमसरा पुन गाउँपालिका अध्यक्ष हुँदा धौलागिरीको पर्यटन गुरूयोजना (०७८/७९-०८२/८३) तयार गरिएको थियो । दुई वर्ष लगाएर तयार भएको उक्त गुरूयोजनामा धौलागिरी गाउँपालिकामा ५ वर्षमा पर्यटनमा ७ करोड ८ लाख रूपैयाँ खर्च गर्ने अनुमान थियो । लाखौं रूपैयाँ खर्च गरी तयार पारिएको गुरूयोजनाअनुसार काम भएन । यसअघि पृथ्वीसुब्बा गुरूङ गण्डकीको मुख्यमन्त्री हुँदा धौलागिरी परिपथ (सर्किट) को पूर्वाधार विकासका लागि ५ करोड रूपैयाँ विनियोजन भएको थियो । तर पदमार्ग खिवाङपट्टिबाट बगर गाउँ निकाल्ने कि मुदीपट्टिबाट भन्नेमा स्थानीयको विवाद भयो ।

फलस्वरूप उक्त रकम सदुपयोग हुन सकेन । खिबाङबाट बगर निस्कन ठाउँ-ठाउँमा ढुंगा बिछ्याएर पदमार्ग बनाइयो तर उक्त पदमार्ग हाल प्रयोग भएको छैन । उक्त रकममध्येबाट मुदी गाउँमा फलामे रेलिङ हाल्न ५५ लाख रूपैयाँ खर्च भयो ।

प्रदेशबाटै धौलागिरी परिपथका लागि गाउँपालिकामार्फत् काम गर्न चालु आर्थिक वर्षमा ३ करोड रूपैयाँ विनियोजन भएको थियो । उक्त रकम पनि पनि सदुपयोग हुन सकेन । जेठमा रकम निकास हुँदा टेन्डर प्रक्रियामा हुने ढिलाइले काम गर्न नसकेको गाउँपालिका उपाध्यक्ष रेशम पुन मगरको दाबी छ । 'गाउँपालिकाले स्थलगत अध्ययन गरेर विभिन्न १२ स्थानमा झोलुंगे पुल र तीन स्थानमा साना ढल निर्माण गर्नुपर्ने आवश्यकता देखेको थियो,' उनले भने, 'हाम्रो मात्रै बजेटले भ्याउँदैन । संघ र प्रदेशले नै लगानी गर्नुपर्छ ।' पालिकाले गत आर्थिक वर्षमा ५० लाख र चालु आर्थिक वर्षमा २५ लाख रूपैयाँ खर्च गरेको थियो । धौलागिरी पदमार्गका लागि आगामी आर्थिक वर्ष ०८३/०८४ का लागि भने कुनै रकम छुट्याएको छैन ।

'डिक्याप'को माग

ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) गण्डकी अध्यक्ष कृष्ण आचार्यको प्रश्न छ, 'अन्नपूर्णमा वार्षिक तीन लाख पर्यटक जान्छन् भने धौलागिरीमा किन नसकिने ? यहाँ नहुने भन्ने कुरै छैन ।' उत्तर पनि उनीसँगै छ । एक्यापले अन्नपूर्णमा गरेको काम धौलागिरीमा हुन सकेको छैन । 'यो क्षेत्रलाई धौलागिरी संरक्षण क्षेत्र आयोजना (डिक्याप) को मोडेलमा लैजानुपर्छ भनेर बारम्बार आवाज उठाउँदै आएका छौं,' उनी भन्छन् ।

एक्याप प्रमुख कडरिया डिक्याप अवधारणालाई समर्थन गर्दै तुलना गर्छन् । अन्नपूर्ण सर्किटको सर्वोच्च बिन्दु थोरङ पास (५,४१६ मि.) र एबिसी (४,१३० मि.) जत्तिकै उचाइमा धौलागिरी बेस क्याम्प (४,६०० मि.) र फ्रेन्च पास (५,३०० मि.) पर्छन् । भौगोलिक र सांस्कृतिक विविधताका हिसाबले दुवै क्षेत्र समतुल्य छन् । 'आगामी १० देखि १५ वर्षभित्र धौलागिरी क्षेत्रमा वार्षिक १५ हजारभन्दा बढी विदेशी पर्यटक र ठूलो संख्यामा आन्तकिर पर्यटक सजिलै भित्र्याँउन सकिन्छ,' उनी भन्छन् ।

तर डिक्यापको मागले जटिलता पनि बोक्छ । म्याग्दीबाट निर्वाचित गण्डकी प्रदेश सभा सदस्य तथा पूर्वपर्यटनमन्त्री रेशम जुग्जाली एक्यापको नियमावली स्थानीयमैत्री नहुँदा म्याग्दीकै अन्नपूर्ण गाउँपालिका र कास्कीको मादी गाउँपालिकाले एक्याप विरूद्ध आन्दोलन नै गर्नुपरेको स्मरण गर्छन् । 'केन्द्र र प्रदेश सरकारले स्थानीय तह र समुदायको प्राकृतिक स्रोत साधनमाथिको अधिकार सुनिश्चित हुने गरी कानुन परिमार्जन गरेरमात्र डिक्यापको ढाँचामा जानु उपयुक्त हुन्छ,' उनको मत छ ।

नीतिगत निर्णय खाँचो

नेपालको संविधान २०७२ को अनुसूची ६ को बुँदा नम्बर १९ मा 'प्रदेशभित्रको राष्ट्रिय वन, जलउपयोग र वातावरण व्यवस्थापन' सम्बन्धी अधिकार स्पष्ट रूपमा प्रदेशकै क्षेत्र भित्र पर्छ । अनुसूची ७ को साझा अधिकार सूचीमा वन, वन्यजन्तु, जैविक विविधता पर्छ । हाल गण्डकी प्रदेशभित्र रहेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अन्तर्गत चल्छन्; जुन संघीय सरकारको मातहतमा छ ।

गण्डकी प्रदेश वन ऐन २०८० ले 'विशेष वन क्षेत्र' घोषणाको व्यवस्था गरेको छ । ऐनको परिच्छेद-६ मा पर्यापर्यटकीय महत्त्वको क्षेत्रलाई पनि विशेष वन क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ । त्यसका लागि विशेष वन क्षेत्र व्यवस्थापन परिषद् गठन गर्ने परिकल्पना ऐनले गरेको छ ।

गण्डकी प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्ले एक्यापको मोडेलभन्दा फरक गरी प्रदेश सरकार आफैंले व्यवस्थापन गर्ने 'विशेष वन क्षेत्र' को मोडेलमा धौलागिरी क्षेत्रलाई लैजान सकिने बताउँछन् । 'एक्याप र एमक्यापको व्यवस्थापन पनि प्रदेशले पाउनुपर्छ भन्ने बहस चलिरहेको छ । धौलागिरीमा स्थानीयसँग छलफल चलाएर विशेष वन क्षेत्र घोषणा गर्न सकिन्छ,' उनी भन्छन् ।

धौलागिरी क्षेत्रलाई न ढोरपाटन सिकार आरक्षले समेट्छ, न डोल्पोले, न पूर्ण रूपमा अन्नपूर्ण संरक्षण क्षेत्रले । एक्यापले मुस्ताङको मार्फासम्म मात्र समेट्छ । यो बीचको भाग धौलागिरी हिमालको काख संस्थागत शून्यतामा छ ।

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा अन्नपूर्ण, धौलागिरी र मनास्लु क्षेत्रमा पदमार्गको स्तरोन्नति तथा वैकल्पिक पदमार्गको विकास गर्ने उल्लेख छ । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा धौलागिरीको पर्यटन विकास प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँछन् । तर तत्कालै नयाँ संरक्षण क्षेत्र घोषणा गर्नु हतारो हुने उनी संकेत गर्छन् ।

धौलागिरी क्षेत्रलाई पनि एक्याप वा एमक्याप जस्तै संरक्षण क्षेत्रका रूपमा लैजाने विषय पूर्ण रूपमा संघीय सरकारको कार्यक्षेत्र र निर्णयमा भर पर्ने विषय हो । यसमा प्रदेश सरकारले एकल निर्णय गर्न सक्दैन । वर्तमान अवस्थामा एक्याप र एमक्यापलाई नै प्रदेश सरकारको मातहत ल्याउन नसकिरहेको अवस्थामा धौलागिरीमा तत्कालै नयाँ संरक्षण क्षेत्र घोषणा गर्ने कुराको कल्पना गर्नु अलि हतारो हुने देवकोटाको भनाइ छ । 'धौलागिरी क्षेत्रको विकासका लागि संघीय सरकार, स्थानीय तह र निजी क्षेत्रबीचको एकीकृत सहकार्य अपरिहार्य छ,' उनी भन्छन् । अहिले दुर्गम स्थानमा व्यवस्थित पदमार्ग विकास गरी निजी क्षेत्रलाई होटल तथा रेस्टुरेन्ट स्थापनामा प्रोत्साहन गर्नुपर्ने उनको सुझाव छ ।

मोबाइल नेटवर्क र आकस्मिक आश्रयस्थल निर्माण न्यूनतम आवश्यकता हो । अन्नपूर्ण सर्किट सडकका कारण ५-६ दिनमा छोटिएको अवस्थामा धौलागिरी पास गरेर मुस्ताङको लेते, मार्फा र आलुबारीलाई जोड्ने हो भने यो मार्ग २१ दिनको एउटा उत्कृष्ट विश्वस्तरीय ट्रेकिङ ट्रेल बन्न सक्ने टान गण्डकीका अध्यक्ष कृष्ण आचार्य बताउँछन् । भन्छन्, 'त्यसका लागि डिपिआर तयार गर्नुपर्छ ।'

प्रदेश सांसद रेशम जुग्जाली धौलागिरी क्षेत्रको जापानी क्याम्प जाने पदमार्गमा प्राविधिक रूपमा उपयुक्त स्थान पहिचान गरी झोलुंगे पुल र सुरक्षित पूर्वाधार बनाउनुपर्ने आवश्यकता देख्छन् । गण्डकी प्रदेशका पूर्व पर्यटनमन्त्रीसमेत रहेका उनले आफ्नो अनुभव सुनाए, 'गण्डकी प्रदेश सरकारले म्याग्दीतर्फको अन्नपूर्ण बेस क्याम्प जाने मार्गमा झोलुंगे पुल निर्माण गरेपछि त्यहाँ पर्यटक आगमन उल्लेखनीय रूपमा बढेको थियो । एउटा पुलले कति फरक पार्न सक्छ भन्ने यही उदाहरणले देखाउँछ ।' नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछाने पोखराका पर्यटन व्यवसायीलाई धौलागिरी क्षेत्रमा पर्यटक लैजान जोड गर्नुपर्ने बताउँछन् ।

टान गण्डकीले म्याग्दीको मुदीमा गएको ३० वैशाखमा धौलागिरी हिमाल आरोहणको ६६ औं वार्षिकोत्सव मनायो । उत्सवमा पुगेका एक्याप प्रमुख रविन कडरियाले प्राविधिक सहकार्य र समन्वय गर्न तयार रहेको बताए । टानका आचार्यले यो दिनलाई 'अभियानको सुरूआत' भने । तर मुदी गाउँमा गणेश घर्तीको घरको भित्तामा अझै पनि त्यही रङ उडेको साइनबोर्ड झुण्डिएको छ । उनी बाख्राफार्मबाट फर्कंदा साँझको उज्यालोमा धौलागिरीको सेताम्मे शिखर देख्छन् । अझै भव्य, अझै स्थिर । त्यो हिमालले कुनै दिन फेरि उनको घरमा पाहुना ल्याउनेमा उनी आशावादी छन् ।

◆◆◆

पर्यटनको राजधानी पोखरामा खेल पर्यटनले फेर्न सक्छ अर्थतन्त्रको अनुहार

दीननाथ बराल

> **अन्नपूर्ण हिमशृंखलाको काखमा रहेको यो सहरसँग अन्तर्राष्ट्रिय विमानस्थल छ, एकै रातमा ४० हजार पर्यटकलाई राख्न सक्ने बेडसहितका प्रशस्त होटल छन्, खेल मैदान छन्, साहसिक खेलको विश्वव्यापी ब्रान्ड छ र खेलकुदप्रतिको सामाजिक संस्कार पनि बलियो छ ।**

पोखरा ।

पोखरा रंगशालामा आहा-रारा पोखरा गोल्डकप चलिरहँदा लेकसाइड आसपासका होटल तथा रेस्टुरेन्टमा चहलपहल बढ्छ । सहारा क्लबले २५ वर्षदेखि निरन्तर गर्दै आएको आहा-रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताले फुटबल खेलसँगै पोखरा आसपासका क्षेत्रको अर्थतन्त्रलाई समेत चलायमान बनाउँदै आएको छ । क्लबले हरेक वर्ष कम्तीमा दुईदेखि चार विदेशी टिमको सहभागितासहित आफ्नो मातृ संगठन सहारा युके, सहारा हङकङ र सहारा अस्ट्रेलियाबाट कम्तीमा ६० देखि ७० जनाको जम्बो टोली पोखरामा उतार्ने गरेको छ । उनीहरू कम्तीमा दुई साता पोखरामा बिताउने गरी आउँछन् । प्रति टिम २७ जनाका दरले नेपालका चर्चित ए डिभिजनका क्लबसहित कम्तीमा १२ टिमबीच हुने उक्त खेलको ११ दिनको अवधिमा ३ सयभन्दा बढी खेलाडी, अफिसियल, पाहुना र दर्शकको कुरा गर्दा यस क्षेत्रमा १५ देखि २० करोड मूल्य बराबरको आर्थिक कारोबार हुने गरेको छ । उसो त क्लबले आफ्नो ढंगले मात्र करिब डेढदेखि दुई करोडको कारोबार गर्दै आएको छ भने आहा रारा पोखरा गोल्ड कपको फाइनल खेलमा मात्र ८ देखि १० हजार दर्शक भित्र्याउन सफल भएको छ ।

सहारा क्लबका अध्यक्ष केशवबहादुर थापा यस प्रतिष्ठित प्रतियोगिताले खेल पर्यटन प्रवर्द्धन गर्न २५ वर्षदेखि महत्त्वपूर्ण रूपमा योगदान दिँदै आएको बताउँछन् । पाहुनाले पोखरामा उत्पादन हुने गरेका वस्तु खरिद गर्दा यहाँको थप कारोबार हुने र यस वर्ष भारतीय पर्यटक पोखरासहित नेपालमा ठूलो संख्यामा भित्रिएको अवस्थामा पोखरामा भारत र पाकिस्तान जस्ता देशलाई लक्षित गरी यहाँ क्रिकेट खेल खेलाउन सके त्यसबाट यस क्षेत्रको अर्बौंको आर्थिक कारोबार हुने थापाको ठम्याइ छ । उनी भन्छन्, 'विराट कोहलीले छक्का हान्दा माछापुच्छ्रेको ब्याकग्राउन्ड देखिँदा त्यो फोटोले विश्वमा कति चर्चा पाउला; हामीले कल्पना गरौं न ।'

निश्चित खेल संघ-संस्था एवं क्लबले निरन्तर विभिन्न प्रतियोगिता गर्दै आए पनि नीतिगत रूपमा सरकारले यसलाई अब स्पष्ट रूपमा अपनत्व लिँदै यसको ब्रान्डिङ र मार्केटिङसहित सहयोग गरेमा खेल पर्यटनबाट यस क्षेत्रमा ठूलो आर्थिक लाभ लिन सकिने उनको बुझाइ छ ।

पोखरामा लामो इतिहास बनाउँदै खेल पर्यटनका माध्यमबाट पोखराको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान बनाउने काममा नेपाल भूतपूर्व खेलाडी मञ्चले आयोजना गर्ने सफल अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिता र नेपाल हवाई खेलकुद संस्था (ना) ले आयोजना गर्दै आएको खुला नेपाल प्याराग्लाइडिङ प्रतियोगिताले समेत दुई दशक पार गरेका छन् । यी प्रतियोगिताले यस क्षेत्रको खेलकुदसँगै अन्तर्राष्ट्रिय बजारमा पोखरा र नेपालको नाम ब्रान्डिङ गराउनुका साथै विदेशबाट खेलाडी भित्र्याउने काम गरेका छन; जसले यस क्षेत्रको आर्थिक पर्यटनमा ठूलो टेवा पुगेको छ । पछिल्लो समयमा सफल म्याराथन प्रतियोगितामा १२ देखि १४ देशका धावक सहभागी भएसँगै उपाधि केही वर्षदेखि विदेशी धावकले जित्ने गरेका छन् । उक्त प्रतियोगितामा ८ देखि १० हजार धावक सहभागी हुने गरेको मञ्चको दाबी छ । युके र बोस्टन म्याराथनको अवधारणामा पोखरा म्याराथनलाई र आहा रारा पोखरा गोल्ड कपलाई पोखरा महानगरपालिकाले आफ्नो संरक्षकत्व लिँदै बजेटसमेत उपलब्ध गराउँदै आएको छ ।

पोखरा खेल पर्यटनसँगै साहसिक खेलकुदको पनि हबको चर्चा चलिरहँदा पोखराको दिगो पर्यटनको लागि प्याराग्लाइडिङले निकै महत्त्वपूर्ण भूमिका खेल्ने गरेको छ । प्याराग्लाइडिङका लागि विश्वकै पाँच उत्कृष्ट स्थानमा पर्ने सराङकोट क्षेत्रमा दुई दशकदेखि हुँदै आएको प्याराग्लाइडिङ प्रतियोगिताको प्रि-वर्ल्ड कप र स्याङ्जाको स्वरेकमा वर्ल्ड कप हुनुले यसबाट पोखराको विश्वसामु चर्चासँगै खेल पर्यटनबाट ठूलो आर्थिक लाभ दिइरहेको छ । कुनै समयमा २० भन्दा बढी विदेशी प्याराग्लाइडिङ पाइलटको सहभागितामा पोखरामा ६ दिन भएको प्रतियोगिताले यस क्षेत्रमा पारेको आर्थिक प्रभाव निकै सकारात्मक छ । पोखरामा हरेक दिन जसो करिब दुई सयभन्दा बढी व्यावसायिक प्याराग्लाइडिङ उडान हुने गरेका छन् । मौसम खुल्दा पोखरामा प्याराग्लाइडिङ उडान गर्दा न्यूनतम १७ लाख मूल्य बराबरको त यहाँ उडान शुल्कबाट मात्र आर्थिक कारोबार हुने गरेको छ ।

अब भन्न सकिन्छ, पोखरामा प्याराग्लाइडिङ गर्न भनी आएकाले हवाई उडानदेखि ट्याक्सी, बस, हुँदै होटल तथा रेस्टुरेन्ट र थप पर्यटकीय गन्तव्यमा घुमघाममा जाँदा उनीहरूले गर्ने खर्चले यस क्षेत्रको अर्थतन्त्रमा करिब दैनिक ५० लाखभन्दा बढीको कारोबार हुने गरेको छ । पोखरामा सञ्चालनमा रहेका ६० भन्दा बढी प्याराग्लाइडिङ कम्पनी तथा दुई सयभन्दा बढी प्याराग्लाइडिङ पाइलटले समेत नियमित उडान गर्दै आएका छन् । पोखरामा पर्यटकको बसाइ अवधि लम्ब्याउने कडीका रूपमा प्याराग्लाइडिङले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपालले प्याराग्लाइडिङ क्रस कन्ट्रीतर्फको इभेन्टमा एसियन गेम्समा रजत पदक हात पार्न सफल भएको थियो । यो नेपाली इतिहासमा साहसिक खेलकुदमा ठूलो पदक हो ।

खेल र पर्यटनको अनुपम संगम

सामान्यतः पर्यटन र खेलकुदलाई अलग क्षेत्रका रूपमा हेरिन्छ । तर विश्वका विकसित मुलुकले यी दुई क्षेत्रलाई एउटै आर्थिक इन्जिनका रूपमा प्रयोग गरेका छन् । खेलकुद प्रतियोगिता हेर्न, खेल्न वा सहभागिता जनाउन हजारौं मानिस यात्रा गर्छन् । उनीहरू होटलमा बस्छन्; रेस्टुरेन्टमा खान्छन्, यातायात प्रयोग गर्छन्; किनमेल गर्छन् र स्थानीय अर्थतन्त्रलाई प्रत्यक्ष चलायमान बनाउँछन् । पोखराले यही मोडेललाई सफल बनाउन सक्ने सबैभन्दा बढी सम्भावना बोकेको सहरका रूपमा केही उदाहरण दिइसकेको छ ।

अन्नपूर्ण हिमशृंखलाको काखमा रहेको यो सहरसँग अन्तर्राष्ट्रिय विमानस्थल छ, एकै रातमा ४० हजार पर्यटकलाई राख्न सक्ने बेडसहितका प्रशस्त होटल छन्; खेल मैदान छन्; साहसिक खेलको विश्वव्यापी ब्रान्ड छ र खेलकुदप्रतिको सामाजिक संस्कार पनि बलियो छ । यिनै कारणले पोखरा पर्यटनको राजधानीबाट खेल पर्यटनको राजधानी बन्ने यात्रामा अघि बढिरहेको छ ।

हिमाल, ताल, प्राकृतिक सौन्दर्य, साहसिक गतिविधि र बहुसांस्कृतिक जीवनशैलीका कारण विश्वभर परिचित पोखराले अब खेल पर्यटनमार्फत् आर्थिक समृद्धिको नयाँ ढोका खोल्न सक्ने सम्भावना छ । पोखरासहित कास्की क्षेत्र केन्द्रित हरेक दिन जसो विभिन्न प्रतियोगिता हुने गरेका छन् । १३ औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत पोखरामा ८ वटा विभिन्न खेलकुद प्रतियोगिता आयोजना हुँदा अधिकांश खेल पोखरा रंगशालामा भएका थिए । ४ सय १७ रोपनी क्षेत्रफलमा फैलिएको रंगशालामा हाल २१ वटा खेल मैदान तथा कोर्ट एवं कभर्डहल छन् । २०७६ मंसिर १५ देखि २४ गतेसम्म महिला क्रिकेट, महिला फुटबल, बिच भलिबल, ह्यान्डबल, आर्चरी, भारोत्तोलन, ट्रायथलन र ब्याडमिन्टन प्रतियोगिता पोखरा क्षेत्रमा भएका थिए ।

२०७९ असोज २८ देखि कार्तिक ३ गतेसम्म नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेश राजधानी पोखरा केन्द्रित अधिकांश खेल पोखरासहित कास्कीमै भए । गण्डकी प्रदेश आफैंमा खेलकुदको सहर र सम्भावनासहित यहाँ उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी समेत रहेको नवौं राष्ट्रिय खेलकुदमा समग्रतामा चौथो र प्रदेशमा पहिलो हुन सफल हुनुले प्रस्टाएको छ । गण्डकी प्रदेशले ३२ स्वर्ण, ३१ रजत र ५७ कांस्यसहित १ सय २० पदक जितेर प्रदेशमा पहिलो हुन सफल भएको हो । यसबाट यस क्षेत्रमा खेलकुदको उर्वर भूमिसँगै खेलाडी र नतिजा दिने गौरवशाली खेलाडी उत्पादन हुँदै छन् भन्ने संकेत गर्छ ।

गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचन खेलकुद र खेल पर्यटनको दिगो विकासका लागि एकीकृत विकास योजना आवश्यक रहेको बताउँछन् । उनी खेलकुद र पर्यटन क्षेत्रका सरोकारवालालाई साझा दृष्टिकोणसहित दीर्घकालीन योजना ल्याउन आग्रह गर्दै सरकार आवश्यक पूर्वाधार निर्माण र नीतिगत सहयोग गर्न तयार रहेको स्पष्ट पार्छन् । उनले ढोरपाटनमा स्की तथा

घोडा दौड, मुस्ताङमा गल्फ, पोखरामा साहसिक खेल तथा अन्तर्राष्ट्रिय प्रतियोगिता विकास गर्न प्रदेश सरकारले सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री शेरचनको भनाइलाई समर्थन गर्दै प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्मा पोखरासहित समग्र गण्डकी प्रदेशलाई खेलकुदको केन्द्र घोषणा गर्नुपर्ने माग गर्छन् । हिमालपारिका जिल्ला मुस्ताङ र मनाङमा स्की, घोडचढी, अल्ट्रा म्याराथन, मोटरसाइकल रेस र गल्फ जस्ता खेलको अन्तर्राष्ट्रिय सम्भावना रहेको उल्लेख गर्दै उनले हिमालदेखि तराईसम्म खेल पर्यटनका असंख्य अवसर रहेको बताए ।

उनका अनुसार नारायणी नदीमा कायाकिङदेखि मुक्तिनाथ हुँदै कोरला नाकासम्म मोटरसाइकल रेस आयोजना गर्न सकिने सम्भावना छ । खेलकुदले पर्यटन मात्र नभई अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक सम्बन्ध विस्तारमा समेत योगदान पुऱ्याउने उनको तर्क छ । प्रदेश सरकारले नीतिगत रूपमा खेलकुदलाई प्राथमिकता दिए पनि बजेट विनियोजन अत्यन्त न्यून रहेको उनको गुनासो छ । प्रदेश सरकारले चालु आर्थिक वर्षमा करिब ९ करोड बजेट खेलकुद क्षेत्रमा विनियोजन गरेको उनले जनाए । परिषद्ले राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा खुला एवं प्रदेशस्तरीय प्रतियोगिताको खेल सञ्चालनका लागि चालु वर्षमा १ सय ५० वटा विभिन्न प्रतियोगिताको अनुमति लिएको छ ।

पोखराको खेल संस्कृति र पूर्वाधार

खेलकुद र पर्यटनलाई सँगसँगै लैजान सके पोखराको खेल पर्यटनबाट ठूलो आर्थिक लाभसहित यस क्षेत्रमा कायापलट गर्न सकिन्छ । सायद यहाँ सम्भावना भएरै होला गण्डकी विश्वविद्यालयले खेलकुदलाई प्राथमिकता दिँदै ब्याचलर इन स्पोर्ट्स म्यानेजमेन्ट कोर्स सञ्चालन गरेको छ । सरकारी तथा निजी क्षेत्रबाट भएका पहल र केही प्रयासले गर्दा पोखरा क्षेत्र अब पर्यटनको राजधानीमात्र नभई खेलकुदको राजधानी बनाउन धेरै मद्दत पुग्ने विश्वास गरिएको छ । करिब २२ अर्ब ऋणमा निर्माण गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय उडान पनि खेलकुदको माध्यमबाट हुन सफल भयो । २०७९ पुस १७ गते सञ्चालनमा आएको पोखरा विमानस्थल ६ महिनापछि खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय उडान भएको हो । चीनको छेन्दुबाट सिचुवान एयरलाइन्सको जहाज २०८० असार ६ गते पोखरामा अवतरण गर्दा त्यसले ड्रागन बोट रेस फेस्टिभलका खेलाडी लिएर आएको थियो ।

नेपाल ओलम्पिक एकेडेमीका अध्यक्ष तेजबहादुर गुरूङ पोखरा खेल संस्कृतिको सहर भएको बताउँछन् । पूर्व सैनिक तथा खेलप्रेमी समुदायको बाक्लो उपस्थिति, तालतलैया, पहाडी भूगोल र साहसिक खेलका सम्भावनाले पोखरालाई खेल पर्यटनको उत्कृष्ट गन्तव्य बनाएको उनको भनाइ छ । उनले प्याराग्लाइडिङ, पोखरा म्याराथन, आहा-रारा गोल्डकप, टाइगर कप, ड्रागन बोट रेस, ट्रायथलन, टेनिस प्रतियोगिता, अन्नपूर्ण म्याराथन लगायतले पोखरालाई खेलकुदको विशिष्ट पहिचान दिएको बताए । पोखराबाट प्रत्यक्ष अन्तर्राष्ट्रिय उडानको अभावले विदेशी खेलाडी र खेल पर्यटक आकर्षित गर्न चुनौती सिर्जना गरेको उल्लेख गर्दै उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए । पोखरामा पछिल्लो समयमा पर्वतीय दौडसहित अल्ट्रा म्याराथन हुनुले खेलकुदमा पोखरा अपरिहार्य भएको गुरूङले जनाए ।

गण्डकी प्रादेशिक क्रिकेट संघ तथा नाटा गण्डकी पूर्व अध्यक्ष सञ्जयकान्त सिग्देलका अनुसार पोखरामा देशकै दुर्लभ खेल पूर्वाधारको संयोजन छ । पोखरा रंगशालाभित्र क्रिकेट मैदान, फुटबल स्टेडियम, टेनिस कोर्ट, आर्चरी मैदान, ब्याडमिन्टन हल, बास्केटबल कोर्ट, भलिबल कोर्ट, ह्यान्डबल मैदान र बहुउद्देश्यीय कभर्डहल एउटै परिसरमा उपलब्ध छन् । सिग्देल भन्छन्, 'यदि सही रणनीति बनाइयो भने सन् २०२७ मा नेपाल र बंगलादेशमा आयोजना हुने यु-१९ विश्वकप क्रिकेटका केही खेल पोखरामा ल्याउन सकिन्छ ।' यसले पोखराको अन्तर्राष्ट्रिय पहिचानलाई नयाँ उचाइमा पुऱ्याउने

उनको विश्वास छ । तर आवश्यक क्रिकेट पूर्वाधार निर्माणमा सरकारको उदासीनता रहेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे । पोखराका फोटो पत्रकार सुदर्शन रञ्जितले पोखरा रंगशालामा क्रिकेट खेल्दै गरेको फोटो, जहाँ माछापुच्छ्रे हिमालको प्रतिबिम्ब रहेको थियो, त्यसका आधारमा एसिया प्रशान्त स्तरीय 'आइसिसी डेभलपिङ फोटो अफ दि इयर' विधामा प्रथम भई ग्लोबल अवार्डमा समेत छनोट भए । यसले यहाँ खिचिने तस्बिर विश्व प्रतिस्पर्धामा उत्कृष्ट हुन सक्छन् भन्ने देखाउँछ; जसले यस क्षेत्रमा खेल पर्यटनको आकर्षण बढाउन सक्छ ।

पोखरा भ्रमण वर्ष कार्यसम्पादन समिति २०२५/०२६ का संयोजक तथा पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष गोपीबहादुर भट्टराई खेलकुद र पर्यटनको सम्बन्ध नङ र मासु जस्तै भएको बताउँछन् । उनी भन्छन्, 'जहाँ पर्यटक हुन्छन्; त्यहाँ खेलकुद चलायमान हुन्छ; जहाँ खेलकुद हुन्छ; त्यहाँ पर्यटक पुग्छन् ।' खेल पर्यटनले मास टुरिजमदेखि गुणस्तरीय पर्यटकसम्म आकर्षित गर्न सक्छ । पोखरामा वर्षभरि खेल गतिविधि सञ्चालन गर्न सकिने मौसम, ८ सय मिटरदेखि ५ हजार मिटर उचाइसम्मका भौगोलिक विविधता र पर्याप्त प्राकृतिक पूर्वाधार भएकाले राज्यले रणनीतिक लगानी गरे दक्षिण एसियाकै प्रमुख खेल पर्यटन गन्तव्य बन्न सक्ने सम्भावना रहेको उनको दाबी छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक प्रभाव

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने पर्यटनको राजधानी सहर पोखरामा पछिल्लो समयमा खेलकुदका विभिन्न गतिविधिले गर्दा यहाँको पर्यटनलाई खेलकुदले र खेलकुदलाई पर्यटनले चलायमान बनाएको बताउँछन् । उनी भन्छन्, 'साउथ एसियन रिजनमा हेर्दा क्रिकेटमा भारत र पाकिस्तानको न्युट्रल भेन्यु नेपाल र पोखरालाई बनाउन सकिएमा एक खेलबाटै यस क्षेत्रको अर्थतन्त्रमा कति प्रभाव पर्छ, हामीले कल्पना पनि गर्न सक्दैनौं ।' भारत र पाकिस्तानले एक देशका खेलाडी अर्को देशमा गएर नखेल्ने घोषणा गरेकाले छिमेकी मुलुक नेपालले त्यसको फाइदा उठाउने गरी त्यसको विकल्प पोखराले दिन सक्नुपर्ने उनको तर्क छ । बोर्डले स्थानीय र राष्ट्रियभन्दा अन्तर्राष्ट्रिय प्रतियोगितालाई प्रवर्द्धन गर्ने गरेको उनले जनाए ।

होटल संघ पोखरा नेपाल अध्यक्ष लक्ष्मण सुवेदी प्रकृति, संस्कृति र साहसिक खेलकुदका माध्यमबाट पोखरामा धेरै पर्यटक भित्रिने गरेको बताउँछन् । ड्रागन बोट रेस, क्रस कन्ट्री रेस र अल्ट्रा म्याराथन लगायतका प्रतियोगिताले खेल पर्यटनमा निकै आकर्षण थपेका छन् । सुवेदी भन्छन्, 'पोखरामा हुने ठूला प्रतियोगिताका बेला अफसिजनमा पनि होटल अकुपेन्सी बढ्छ, जसले यस क्षेत्रका पर्यटन व्यवसायीलाई धेरै राहत पुग्छ ।' तर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ कास्कीका निर्वतमान अध्यक्ष राजन पौडेल भने संरचना नबनाई खेलकुदको राजधानी बनाउँदा समस्या हुने ठान्छन् ।

उनी भन्छन्, 'पोखरालाई पर्यटनको राजधानी बनाउन जुन रूपमा हतार गरियो; संरचना नबनाई खेलकुदको राजधानी बनाउँदा यहाँको खेल मैदान अन्तर्राष्ट्रिय स्तरको हुनुपर्‍यो ।' सार्वजनिक स्थलमा शौचालय र पार्किङ जस्ता आधारभूत विषय बिना राजधानी घोषणा गर्ने तर राज्यले पूर्वाधार निर्माणमा उदासीन हुने हो भने त्यसको अर्थ नहुने उनको तर्क छ । पौडेलले फेवाताल किनारमा बिच भलिबल, बिच तथा मड फुटबल र बिच बास्केटबल जस्ता खेलको राम्रो सम्भावना रहेको औंल्याए ।

फ्रान्सका मौरिस हर्जोग नेतृत्वको टोलीले सन् १९५० जुन ३ मा अन्नपूर्ण हिमालको कीर्तिमानी आरोहण गरेको विषयले आज विश्वमा यो क्षेत्र चर्चामा रहेको छ । यसले यहाँ रहेका आठ हजार मिटरभन्दा अग्लो हिमालसँगै खेल पर्यटनको सम्भावनालाई उजागर गरिदिएको छ । उनै मौरिसको सम्झनामा कास्कीमा अन्नपूर्ण म्याराथन र म्याग्दीमा मौरिस हर्जोग दौड प्रतियोगिता सञ्चालन भएको छ ।

१३ औं सागका बेला तत्कालीन राखेप सदस्य राजेश गुरूङको सक्रियतामा एक अर्ब २८ करोड लगानीमा पोखरा फुटबल रंगशाला निर्माण भएको छ । अन्य खेलकुदका ठूला संरचनामा प्रायः निजी क्षेत्रको उल्लेख्य योगदान रहेको छ । २०७५ सालमा नेपालगन्जमा आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएसँगै स्विमिङ र सुटिङको योजना पोखरामा आयो । तर समयमै टेन्डर आह्वान नहुँदा पटक पटक परेको बजेट समेत फ्रिज हुँदा हालसम्म यी दुई योजना अलपत्र परेका छन् । संघीय सरकारको बजेटमा आउँदो वर्षको लागि क्रिकेट मैदानको स्तरोन्नति र पोखरा रंगशालाको फुटबल स्टेडियममा फ्लड लाइट जडानको लागि ५-५ करोड बजेट विनियोजन भएको छ ।

खेलकुदले चलाउने अर्थतन्त्र टिकट बिक्रीमा मात्र सीमित हुँदैन । एउटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना हुँदा होटल, होमस्टे, रेस्टुरेन्ट, क्याफे, यातायात, ट्राभल कम्पनी, खेल सामग्री व्यवसाय, मिडिया, विज्ञापन, हस्तकला तथा स्मृति-वस्तु बजार सबै चलायमान हुन्छन् ।

पोखरामा वर्षभरि खेल गतिविधि सञ्चालन गर्न सके हजारौं प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना हुन सक्ने विज्ञको आकलन छ । रात्रिकालीन खेलकुदको सम्भावनालाई पनि पोखराले प्रमाणित गरिसकेको छ । गत चैतमा भएको रात्रिकालीन सडक दौडमा ५ देशका १ सय ४५ धावक सहभागी भए; जसले खेलकुदलाई मनोरञ्जन र उत्सवसँग जोड्न सकिने देखाएको छ ।

टाइगर ग्रुप अफ पोखरा नेपालका सचिव डिबी नेपाली टाइगर कप भलिबल प्रतियोगिताले खेलकुदलाई सही व्यवस्थापन गर्न सके प्रत्यक्ष आर्थिक प्रतिफल दिने उद्योगका रूपमा विकास गर्न सकिन्छ भन्ने प्रमाणित गरेको बताउँछन् । प्रतियोगिताले ९ दिनमा करिब १ करोड ६० लाख रूपैयाँ आम्दानी गरेको थियो भने यसले १० करोडभन्दा बढीको आर्थिक कारोबार गराउन मद्दत पुऱ्याएको थियो । संस्थाले थाइल्यान्ड, भुटान, भारत लगायतका देशबाट खेलाडीको टिम ल्याउने गरेको र यसको शाखा जापान, पोर्चुगल, क्यानडा र अस्ट्रेलियामा समेत विस्तार भएको उनले बताए ।

भविष्यको मार्गचित्र र नयाँ पहिचान

यति धेरै सम्भावना हुँदाहुँदै पनि केही चुनौती बाँकी छन् । सबैभन्दा ठूलो चुनौती पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान नहुनु हो । फ्लाई दुबई कम्पनीले आउँदो असोज ७ देखि कार्तिक ७ सम्म एक महिना पोखरादेखि सिधा दुबई फ्लाइट गर्ने गरी परीक्षणको लागि अनुमति लिएकाले यो निकै सकारात्मक कदम भएको खेलकर्मीको भनाइ छ ।

पोखरा केवल प्राकृतिक सौन्दर्यका लागि मात्र होइन; खेल पर्यटनको अन्तर्राष्ट्रिय केन्द्र बन्ने अवसरको पर्खाइमा छ । यहाँ हिमाल छन्; ताल छन्; खेल मैदान छन्; साहसिक खेल छन्; खेल संस्कृति छ र खेलप्रेमी जनशक्ति पनि छ । अब आवश्यक छ—स्पष्ट दृष्टिकोण, दीर्घकालीन रणनीति र बलियो राजनीतिक प्रतिबद्धता । यदि खेलकुदलाई खर्च नभई लगानीका रूपमा हेर्न सकियो भने त्यसको प्रतिफल पर्यटन, रोजगारी, कर राजस्व र अन्तर्राष्ट्रिय पहिचानका रूपमा प्राप्त हुनेछ ।

गण्डकी प्रदेशको विशेषता भौगोलिक विविधता हो । मुस्ताङ र मनाङमा हाइ अल्टिच्युड प्रशिक्षण, स्की, स्नो रन र मोटरसाइकल रेसको सम्भावना छ । ढोरपाटन क्षेत्रमा स्की तथा घोडा दौड विकास गर्न सकिन्छ । मुक्तिनाथदेखि कोरला नाकासम्म साहसिक मोटरसाइकल रेस आयोजना गर्न सकिने सम्भावना छ । नारायणी नदी र कालीगण्डकी क्षेत्रमा कायाकिङ र च्याफ्टिङका अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न सकिन्छ । पोखरा केन्द्रित खेल पर्यटनले सम्पूर्ण गण्डकी प्रदेशलाई आर्थिक रूपमा जोड्न सक्छ । त्यस दिन खेल मैदानमा गुन्जिने सिट्टीको आवाज केवल खेलको संकेत मात्र हुने छैन, त्यो गण्डकी प्रदेशको अर्थतन्त्रमा आएको नयाँ परिवर्तनको संकेत पनि हुनेछ । पोखराका ताल, हिमाल र मैदानले सँगै घोषणा गरिरहेका हुनेछन्—पर्यटनको राजधानी अब खेलकुदको राजधानी पनि बनिरहेको छ ।

◆◆◆

सेती किनारको मौन जोखिम
बिर्सिएको विपद् र निम्तिँदो संकट

फडिन्द्र अधिकारी

पोखरा उपत्यकाको सर्जक सेती आज पनि कास्की र तनहुँका दर्जनभन्दा बढी बस्ती, पूर्वाधार र हजारौं मान्छेका लागि मौन जोखिम बनेर बगिरहेको छ ।

पोखरा ।

सेती नदी धमिलो भयो कि सन्तोष गुरूङको मन अमिलो हुन्छ । आँखा रसाउँछन्, मुटु भक्कानिन्छ । कास्कीको माछापुच्छ्रे-२, खारापानीका सन्तोषको सर्वस्व १४ वर्षअघि त्यही सेतीको बाढीमा गुमेको थियो । हेर्दाहेर्दै उनका दुई घर र होटल बाढीको बेगमा बिलाए, जीवनसाथी पुण्यशोभा बेपत्ता भइन् । ज्यान गुमाउने र बेपत्ता हुनेको संख्या ७२ पुग्यो ।

आकस्मिक रूपमा २०६९ वैशाख २३ गते बिहान आएको बाढीले दुई घन्टामै खारापानी बजारलाई बगर बनाइदियो । माछापुच्छ्रे गाउँपालिकाका बस्तीहरू जिमिरबारी, सादल, भराभरी, खारापानी, सार्दीखोला घाचोक, लाहाचोक हुँदै पोखरा महानगरका हेमजा, लाल्टिन बजार, महेन्द्रपुल, रामघाट, नयाँबजार, पृथ्वीचोक, रातोपहिरो, दोबिल्लासम्म भागाभाग भयो । तनहुँको सेती किनारका बासिन्दाको पनि हंसले ठाउँ छाड्यो ।

हिउँदमा बिना वर्षा आएको बाढीले देशभरी मात्र नभई अन्तर्राष्ट्रिय रूपमै चर्चा पायो । भूगोलविद्, भूगर्भविद्, जलवायु संकटका अध्येता र विज्ञहरूका लागि घटना अध्ययन (केस स्टडी)को नयाँ विषय थपियो । अन्यत्र सामान्य क्षति भए पनि गुलजार खारापानी बजारको नामोनिशान रहेन । खारापानी अझै चकमन्न, सुनसान र उजाड छ ।

पोखरा उपत्यकाको सर्जक सेती आज पनि कास्की र तनहुँका दर्जनभन्दा बढी बस्ती, पूर्वाधार र हजारौं मान्छेका लागि मौन जोखिम बनेर बगिरहेको छ । यो आलेख सेती नदीले ल्याउन सक्ने विपत्ति, नदीको मापदण्डको उपेक्षाले आउन सक्ने संकट र संकट घटाउने उपायहरू केन्द्रित छ । वैज्ञानिक अध्ययनहरू, खारापानी बाढी पीडितको अनुभव र सरकारको विपद् रणनीति केलाउँदै यो रिपोर्टले मुख्य रूपमा सेतीले सिर्जना गरेका जोखिमहरू औंल्याएको छ भने मापदण्ड पालना गर्दै यसबाट सिर्जित अवसरहरूको विवेकपूर्ण उपयोग गर्न सुझाएको छ ।

यसरी बन्यो पोखरा उपत्यका

पोखरा उपत्यका कसरी बन्यो ? यसको उत्तरमा दुई खालका मत आउँछन् । केही भन्छन्ः यहाँ कुनै बेला काठमाडौंको जस्तै विशाल ताल थियो; पछि यो फुटेर उपत्यका बन्यो; जमिन देखियो; केही ताल र पोखरी बाँकी रहे । यो उपत्यकाको नाम पोखरा पनि सानो पोखरी अर्थात् पोखरोबाट अपभ्रंश हुँदै बनेको अनुमान गरिन्छ ।

'हिमालयको उत्पत्तिः सागरदेखि सगरमाथासम्म'मा विक्रम श्रेष्ठ (२०७९)ले पोखराको उपत्यकाको उत्पत्ति, विकास र सेती नदीबारे प्रकाश पारेका छन् । पोखरीबाटै पोखरा नाम रहन गएको उनको तर्क छ । उनी लेख्छन्, 'वास्तवमा नेपाली शब्द पोखरीबाटै पोखरा भन्ने शब्द निर्माण भएको जानकारहरू बताउँछन् । अतः शाब्दिक रूपमा पोखरा भन्नाले ताल वा पोखरा निकटको बस्ती भन्ने बुझिन्छ ।'

अर्कोथरी मत राख्नेहरूले वैज्ञानिक आधार दिएका छन् । भूगोलविद् डा. हर्क गुरूङ, विक्रम श्रेष्ठसहित अन्तर्राष्ट्रिय अनुसन्धाताहरू पोखरा उपत्यकालाई सेती नदीको सिर्जना मान्छन् । पोखरासहित यो क्षेत्रको सिर्जना र बेला बेलामा विनाशसमेत गर्ने सेती नदीको बहुआयामिक जोखिमलाई भने लामो समयदेखि वेवास्ता गरिएको देखिन्छ ।

सेती नदी कचौरा आधारको ठूलो उपत्यकाबाट उत्पत्ति भएको छ । दक्षिण पश्चिममा माछापुच्छ्रे हिमाल, पूर्वमा अन्नपूर्ण चौथो र उत्तरपश्चिममा अन्नपूर्ण तेस्रोको बीचको उपत्यका मुहान भएको सेती कास्कीको माछापुच्छ्रे गाउँपालिका र पोखरा महानगर हुँदै बग्छ, र तनहुँ हुँदै त्रिशूलीमा मिसिन्छ । पोखरा उपत्यका हुँदै बग्ने सानाठूला सबैजसो खोला सेतीमै मिसिन्छन् । सेतीका सहायक नदीमा मर्दीखोला, याम्दी खोला, सार्दीखोला, भलाम्दी खोला, कालीखोला, फुर्सेखोला, विजयपुर खोला लगायत छन् ।

यसको पानीको विशेषताकै आधारमा नाम सेती रहेको देखिन्छ । मुहानमै चुन मिसिएको क्षेत्र भएकाले वर्षामा उर्लिदा धमिलो हुनेबाहेक यसको पानी सेतो देखिन्छ । पोखरा उपत्यका खासगरी दुई खालका भौगर्भिक पदार्थबाट बनेको छ । आधारशील कडा चट्टान समूह र तालमा जम्मा भएका बालुवा, गिट्टी, गेगर, ठूल्ठूला ढुंगा र तैलीय माटो यो उपत्यकामा पाइन्छ । सन् १९८२ मा जापानी भूवैज्ञानिकहरूले पोखरा उपत्यकाको विस्तृत भौगर्भिक अध्ययन गरेका थिए । उनीहरूले पहिलो पटक पोखरा उपत्यकाको उत्तरदेखि दक्षिणसम्म सेती नदीलाई पन्छाउँदै त्यसको वरपरको भौगर्भिक अवस्थाबारे अध्ययन गरेका थिए ।

त्यसअघि सन् १९६९ मा टोनी हेगनले पोखरा उपत्यकाको वैज्ञानिक अध्ययन सुरूआत गरेका थिए । भूगोलविद् डाकृष्ण केसी पोखरा उपत्यका र यहाँका ताल, पोखरीको निर्माण सेती नदीमा आएका ठूला बाढीहरूबाट भएको बताएका छन् । उनी भन्छन्, 'सेती नदी पोखरा उपत्यका र यहाँका ताल, पोखरी, गुफाहरूको जननी हो ।' घाचोक फर्मेसनका बेला फेवाताल बनेको र अरू ताल भने पोखरा फर्मेसनका बेला सिर्जना भएको उनले सुनाए ।

'ठूला भूकम्पसँगसँगै विविध कारणले आएका भीषण बाढीसँगै आएको गेग्रानले खोलाहरूको प्राकृतिक बहाव थुनिएपछि पोखराका तालहरू बनेको देखिन्छ,' उनले भने । भूगर्भविद्हरूका अनुसन्धानहरूले पनि डा केसीको भनाइलाई पुष्टि गर्छन् । विभिन्न अनुसन्धानमा उनीहरूले सेती नदी र पोखरा उपत्यकाको विस्तृत भौगर्भिक अध्ययन र वस्तुस्थितिअनुरूपको योजनाबद्ध तयारी गर्नुपर्ने औंल्याएका छन् ।

भूगर्भविद् डा. वसन्तराज अधिकारी सेतीमा बेला बेलामा आउने आकस्मिक बाढीहरू र पोखरा उपत्यकाको भूगर्भलाई सँगसँगै अध्ययन गर्नुपर्नेमा जोड दिन्छन् । 'सेती बाढीमा पाइएका पदार्थ र पोखरा उपत्यकाको भित्री भागमा पाइने पदार्थ उस्तै छन्,' उनी भन्छन्, 'सेतीमा आउने यस्तै महाविपद्बाट पोखरा उपत्यका सिर्जना भएको भन्ने वैज्ञानिक रूपमै पुष्टि हुन्छ ।'

तर्साइरहने सेती बाढी

अहिले पोखराको मुख्य बजारसहित आसपासका पर्यटकीय स्थलमा आन्तरिक र बाह्य पर्यटकसमेत भरिभराउ छन् । पोखराबाट करिब २० किलोमिटरमा पर्ने माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ को खारापानी भने निसासलाग्दो छ । फाट्टफुट आउने आन्तरिक पर्यटक त्यहाँ बनेको स्मृति पार्क नियाल्छन्, पारिपट्टि बनेको सानो तातोपानी कुण्ड हेर्छन् र फर्किन्छन् । १३ वर्षअघि तातोपानी कुण्डमा नुहाउने, वनभोज खानेहरूको लर्कोले खारापानी गुलजार थियो । त्यहाँ होटलहरू र लजसमेत चलेका थिए ।

अहिले पूर्ववत् सुसाइरहने सेती नदी पारिपट्टि एउटा दुई कोठे चिया पसल छ । झोलुंगे पुल तरेर हम्मेसि जोकोही पारिपट्टि कुनामा बनाइएको तातोपानी कुण्ड पुग्दैनन्, पुलबाटै सेल्फी खिचेर फर्किन्छन् । पुलपारिको सानो खिर्चीमिर्ची पसल चलाइरहेकी यशोदा भुजेललाई अचेल फुर्सद छ । यशोदा भन्छिन्, 'हिउँदमा अलिअलि मान्छे आउँछन्; वर्षामा भने सुनसान नै हुन्छ । पानी परेका बेला हामी पनि यहाँ बस्दैनौं, पारि कोठा लिएका छौं; त्यहाँ जान्छौं ।'

२०६९ वैशाख २३ गतेको बिहान सेती किनारका बासिन्दाका लागि अरू दिनभन्दा भिन्न थिएन । त्यो दिन बिहान यात्रुलाई माछापुच्छ्रेको मोहनी देखाउन अल्ट्रालाइट विमान उडाएका क्याप्टेन अलेक्जेन्डर मासिमोभले माछापुच्छ्रे फेदीमा कालो बादल जस्तो अनौठो दृश्य देखे । यात्रुलाई हिमाली सौन्दर्य देखाउन उडेका उनी आफैं अनौठो दृश्यले आकर्षित बने । विमान पोखरातर्फ मोडे र विमानस्थलको टावरमा विपद् आउन लागेको सन्देश पठाए ।

बिहान सवा ९ बजे टावरलाई उनले सूचना दिएपछि पोखराका एफएम रेडियोहरूले बाढी आएको सन्देश प्रवाह गरे । विपद् पूर्वतयारीको कुनै संयन्त्र नरहेको खारापानीका केही बासिन्दालाई पनि खारापानीभन्दा माथिका मानिसहरूले बाढीको सूचना दिएका थिए । सेती किनारमा काम गर्दै गरेका र खारापानीका धेरैले भागेर ज्यान बचाए । तर अकस्मात आएको बाढीमा परी ४० जनाको मृत्यु भयो भने ३२ बेपत्ता बने ।

हेर्दाहेर्दै खारापानी बजार बगरमा बन्यो । बाढीले मानव जीवनमात्र होइन; संरचनाहरू पनि तहसनहस बनायो । पुल, सडक, घर, खानेपानी र जलविद्युत आयोजनाका संरचना क्षतिग्रस्त भए । पोखरा उपत्यकासम्म यसको असर पऱ्यो । बाढीले १६ वटा आवासीय घर, आठ वटा पसल र करिब साढे सात हेक्टर जमिन बगाएको थियो । सोही बाढीले १२ वटा गाडी, दुई झोलुंगे पुल, तीन किलोमिटर सडकसमेत बगाएको थियो । जिल्ला प्रशासन कार्यालय कास्कीले त्यस बेला संकलन गरेको विवरणमा बाढीबाट ४ करोड ९६ लाख २८ हजार रूपैयाँको आर्थिक क्षति भएको उल्लेख छ ।

सेती बाढीमा छोरी अर्चनालाई गुमाएपछि पोखरा-८, बगालेटोलका दिलीप श्रेष्ठको परिवार बसाई सऱ्यो । पुरानो घर, सेती नदी र आफन्तको सोधखोजले उनको घाउ बल्झिइरहन्थ्यो । कलेजबाट साथीहरूसँग पिकनिक खान खारापानी पुगेका बेला बाढीमा परेकी छोरीको स्मृतिमा अक्षयकोष स्थापना गरी विपन्न विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएका उनी विपद्पछि सरकारको बेवास्ताका कारण स्तब्ध छन् ।

खारापानीमै भएर पनि सेती बाढीमा बाँच्नेहरू थोरैमात्र थिए । ६५ वर्षीय ज्ञानी गुरूङलाई त्यो दिनको घटना चलचित्र जस्तै लाग्छ । ज्ञानी र उनको परिवार बाढीमा संयोगले जोगियो तर उनकोमा काम गर्ने तीन जनालाई बाढीले आफूसँगै लपेट्यो । माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ चौरामा रहेको आफ्नै निवासमा बाढीको घटना सुनाउँदा उनी घरी भावुक बन्थिन्; घरी गम्भीर । कम्मरसम्म आइपुगेको बाढीबाट संयोगले जोगिएकी उनले ठट्टा भावमा भनिन्, 'त्यत्रो बाढीले त लान सकेन, अब ससानो बिमारको त केही लाग्दैन !'

त्यो बेला खारापानीमा छ वटा पौवा, पाँच वटा होटल, एउटा मासु पसल र पक्की घरसमेत रहेको उनी सम्झिन्छिन् । बाढी आउने दिन उनका नाति र बुहारी पोखरा आएका थिए, श्रीमान् गोलमान छिमेकीको अर्घौंमा गएका थिए; छोरा भने सहकारीका कर्मचारी भएकाले अफिस गएका थिए ।

उनीकहाँ काम गर्ने कर्मचारी बिना गुरूङले सेतीमा बाढी आएको ज्ञानीलाई सुनाएकी थिइन् । 'उसले सेतीमा बेस्मारी ठूलो बाढी आयो आथे (बज्यै)भनेर सुनाई, म त पछ्यौरा पनि नओडी भागेछु,' उनी भन्छिन्, 'भाग्दाभाग्दै चप्पल पनि खुस्कियो, कुनामा पुग्दा कम्मरसम्म बाढी आइपुगेछ । कसोकसो समाउने ठाउँ पाएर बाँचैं ।' माथि पुगेर फर्केर हेर्दा न उनको पसल देखिन्थ्यो, न खारापानी बजार ।

खोंचले खाइरहन्छ मान्छे

पोखरा महानगरमा सेती नदी कतै खुला भई बग्छ, कतै गहिरो गल्छी बनाएर हिँडेको छ । सेती नदीको गहिरो खोंच छेउछाउ सयौं गहिरा धर्तीफाटा छन् । ती खोंचमा बेला बेलामा मानिसहरू थाहै नपाई खस्ने गरेका छन् । केहीले आत्महत्या गर्ने मनसायले समेत हाम फाल्ने गरेका छन् ।

सेती खोंचका दुर्घटनामध्ये नमिता, सुनिताको घटना र आरधना प्रधानको उद्धार निकै चर्चित छन् । विसं २०३८ जेठ १८ गते काठमाडौंको सम्पन्न परिवारका दुई युवती नमीता र सुनीता पोखरा आएका थिए । उनीहरूलाई पोखरा घुमाउने काम पोखराकी नीरा पराजुलीले गरेकी थिइन् । पोखरा आएको छ दिनपछि तीनै जना बेपत्ता भएका थिए । त्यसको पाँच दिनपछि पृथ्वीनारायण क्याम्पस तलको बगरमा

एक किशोरीको लास भेटिएको थियो भने पाँच महिनापछि अर्की महिलाको शव भेटियो । ती शव नमिता र सुनिताको भएको अनुमान गरियो; निराको अस्तित्व अझै सेतीकै गर्तमा गुमनाम छ ।

हत्याकाण्डलाई प्रत्यक्ष देखेका वनपाले चूडामणि अधिकारीको पनि रहस्यमय मृत्यु भएको थियो । हत्याकाण्डको पाँच दशक हुँदा पनि त्यसको रहस्य सुल्झिएको छैन । २०६५ असार १० गते पोखरा-१५, खरबारीमा पर्ने सेतीको धर्तीफाटामा साढे दुई वर्षीया आराधना प्रधान खसिन् । ६० फिट तल खोंचमा अड्किएकी उनलाई उद्धार गर्न त्यति बेला अनेक उपाय गरियो । तर, ती उपाय कामयाब भएनन्, अन्तिममा १२ वर्षीय किशोर कमल नेपालीले खोंचबाट आराधनालाई निकाले । १२ घन्टापछि आराधनालाई सकुशल बाहिर निकालेर कमलले नयाँ जीवन दिए; उनी देशैभर चर्चित बने । न सधैं कमल नेपालीहरू भेटिन्छन्, न सबैको भाग्य आराधनाको जस्तो हुन्छ । त्यस्ता विपद् कम गर्न आवश्यक पूर्वसावधानी, तारबार र उद्धारको चुस्त संयन्त्र बनाउनु आवश्यक हुन्छ । तर, त्यतातिर कसैको ध्यान गएको देखिँदैन ।

उसो त सेती नदी र त्यसको धर्तीफाटामा खसेकालाई निकाल्न पनि सजिलो छैन । गहिरा र चट्टानी खोंचमा खसेकाहरू हम्मेसि फर्कदैनन् । कोही खसेका बेला शव निकाल्न पनि नदीको बहाव बढाउनुपर्छ । बेला बेलामा जौबारीमा रहेको सेती नहरको बाँध खोलेर प्रहरीले मानिसको खोजी गर्ने गरेको छ ।

पछिल्लो पाँच वर्षमा सेती नदीमा हाम फाली १० जनाले ज्यान गुमाएको कास्की प्रहरीको तथ्यांक छ । सेती नदीमा कुनै मानिस खसेमा उद्धारका लागि सशस्त्र प्रहरी बलको गोताखोर टोली र विशेष उद्धार टिम परिचालन गर्ने गरिएको छ । यी संयन्त्र फेवाताल र सेतीमा हुने दुर्घटनामा उद्धारका लागि परिचालित हुने गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवान सीमित स्रोत, साधनका बाबजुद उद्धारका काममा सुरक्षा निकायले काम गर्ने गरेको बताउँछन् । 'सेतीमा कोही खसे वा कुनै घटना भएको खबर आउँदा प्रहरी तुरून्त परिचालित हुन्छ, आवश्यक पर्दा सशस्त्र र नेपाली सेनाको सहयोग पनि लिन्छौं,' उनले भने ।

किनारका बस्ती जोखिममा

कास्कीको माछापुच्छ्रे गाउँपालिका हुँदै बग्ने सेती नदी पोखरा महानगर आइपुग्दा कतै देखिएर बग्छ, कतै गहिरो खोंचबाट दौडिन्छ । पोखरा महानगरका विभिन्न क्षेत्रमा सेती किनारमा घना बस्ती बसेका छन् । लाल्टिन बजार, रामघाट, दोबिल्ला जस्ता क्षेत्रका बस्ती नदी किनारमै भएकाले जोखिममा छन् भने बगर, महेन्द्रपुल, नयाँबजार, पृथ्वीचोक लगायतका क्षेत्रमा सेती किनारबाटै मापदण्ड मिचेर बनाइएका भवनहरू जोखिममा छन् । वैशाख २३ कै जस्तो वा त्यो भन्दा ठूलो बाढी राति आइदियो भने अनुमानै गर्न नसकिने क्षति हुन सक्छ ।

साना ठूला आठ ताल, दर्जनौं गुफा, कतै फाँट, कतै बगर, कतै घना बस्ती, कतै सदावहार जंगल भएको पोखरा महानगर सेतीको सबैभन्दा बढी जोखिममा छ । पोखरा महानगरले बनाएको भवन तथा पूर्वाधार निर्माण मापदण्डमा घर निर्माणका लागि सेती किनारबाट ३० मिटर छाड्नुपर्छ । पोखरा नगर योजना कार्यान्वयन समितिले २०३३ मा बनाएको पोखरा नगर योजना क्षेत्रभित्र भवन निर्माणका निम्ति लागू गरिएको मापदण्डमा पनि सेतीको दुवैतिर अहिलेकै मापदण्ड थियो । अहिले पोखरा बजार क्षेत्रमा सेतीको मापदण्डमा सयौं बहुतले भवन देखिन्छन् ।

सेती बाढीबाट सबैभन्दा बढी प्रभावित माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ हो । त्यहाँका वडाध्यक्ष गणेश आचार्य पालिकाको लगानीले पुनर्निर्माण सम्भव नहुने जनाउँदै खारापानीको पुनर्निर्माणमा प्रदेश र संघ सरकारको सहयोगको अपेक्षा गरे । 'पहिला जतातैबाट आश्वासन आएको थियो । अहिलेसम्म काम भएन । खारापानी बजार स्मृतिमै सीमित भयो,' उनी भन्छन् । अहिले सेती नदीमा सञ्चालनमा आइसकेका र निर्माणाधीन गरी आधा दर्जन जलविद्युत आयोजना छन् । ती आयोजनाका ठूला गाडीहरू चल्दा खारापानी क्षेत्र जाने बाटो भत्किएको वडाध्यक्ष आचार्यले बताए ।

विपद्मा प्रदेशको साथ

गण्डकी प्रदेश सरकार स्थापना भएको एक दशक हुन लागेको छ । यो अवधिमा सरकारले विपदमा परेकालाई उद्धार, राहतदेखि विपद् प्रतिकार्यका लागि पनि काम गर्दै आएको छ । सम्भावित विपद्को पूर्वतयारी, राहत, उद्धार र पुनर्स्थापनामा सघाउन गण्डकी सरकारले छुट्टै संरचनासमेत बनाएको छ । यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत आन्तरिक मामिला, शान्ति, सुरक्षा र विपद् व्यवस्थापन शाखा छ ।

शाखा प्रमुख उपसचिव नवराज पोखरेलले विपदमा सघाउन प्रदेश सरकारको छुट्टै कोष रहेको बताए । 'प्रदेशको छुट्टै विपद् कोष छ; कोषमा अहिले २२ करोड मौज्दात छ,' उनी भन्छन्, 'कोषमा १० करोड नघट्ने व्यवस्था मिलाएका छौं ।' दुई वर्षअघि मुस्ताङको कागबेनीमा आएको आकस्मिक बाढीपछि प्रदेशले यही कोषबाट राहत वितरण गरेको थियो ।

मुख्यमन्त्रीको संयोजकत्वमा विपद् व्यवस्थापन परिषद् पनि प्रदेशमा छ । यसले आकस्मिक रूपमा आइपर्ने ठूला विपद्मा आवश्यक निर्णय गर्दै आएको छ । विपद्को सूचना लिन प्रदेशले आपतकालीन कार्यसञ्चालन केन्द्र बनाएको छ । केन्द्रमा चौबिसै घन्टा चार सुरक्षाकर्मी खटिएर प्रदेशभरका विपद्का घटनाबारे सूचना संकलन गर्ने गरेका छन् ।

बिर्सिइयो विपद्, कमजोर पूर्वसावधानी

सेतीमा आएको आकस्मिक बाढीपछि त्यसबारे दर्जनभन्दा बढी अनुसन्धान भएका छन् । सो बाढीको अनुसन्धान भए पनि पोखरा उपत्यका र सेतीको जलाधार क्षेत्रको विस्तृत भौगर्भिक अध्ययन भएको छैन । आकस्मिक बाढी केही मिनेटदेखि केही घन्टाभित्रै आउने शक्तिशाली बाढी हो । यो अपर्झट आउने बाढी न धेरै समयअघि पूर्वानुमान गर्न सकिन्छ; न भाग्ने समय नै मिल्छ । केही घन्टामा यस्ता बाढीले उत्पात मच्चाइसक्छन् ।

भूगोलविद् डा. कृष्ण केसी पोखरा उपत्यकाको अध्ययन पछि आवश्यक पूर्वतयारी गर्नुपर्नेमा जोड दिन्छन् । 'पोखरा उपत्यका र सेती नदीको विस्तृत भौगर्भिक अध्ययन आवश्यक छ,' उनी भन्छन्, 'आकस्मिक रूपमा आउन सक्ने बाढीको पूर्वतयारी नगरे फेरि ठूलै क्षति व्यहोर्नुपर्ने हुन सक्छ ।'

सेतीमा आकस्मिक बाढी आए माछापुच्छ्रेको साँदलदेखि तनहुँको भिमादसम्मका क्षेत्र जोखिममा पर्न सक्छन् । सेतीको मुहान अन्नपूर्ण चौथो, अन्नपूर्ण तेस्रो, माछापुच्छ्रे हिमाल र साब्चे सर्कको क्षेत्र निकै संवेदनशील छ । दलदले माटो रहेको सब्चे सर्कमा हुने गडबडीले सेतीमा बाढी आउने गरेको छ । कचौरा आकारको अन्नपूर्ण चौथो, अन्नपूर्ण तेस्रो, माछापुच्छ्रे हिमाल बिचको क्षेत्र साब्चे सर्क हिमनदी र हिमालमा हुने गडबडका कारण बनेको संवेदनशील क्षेत्र हो; जसले हिमालय क्षेत्रमा आकस्मिक बाढी निम्त्याउने गरेको छ ।

हिमालयमा हुने सानो हलचल वा भूकम्पले पनि ठूलो विपद् निम्त्याउन सक्छ । त्यस्तो जोखिम कम गर्न आधुनिक साइरन राख्ने, सेती किनारका बस्तीहरूको व्यवस्थापन गर्ने लगायतका उपाय उनी सुझाउँछन् ।

सेती बाढीको घटना अध्ययन गरेका भूगोलविद् खगेन्द्रराज पौडेल कमजोर र संवेदनशील भूभागमा जलवायु परिवर्तनले थप जोखिम बढाएको टिप्पणी गर्छन् । उनी भन्छन्, 'यसलाई कम गर्न प्रारम्भिक चेतावनी प्रणाली, जोखिम स्थलहरूको पहिचान र नक्सांकनसँगै नदी अतिक्रमण नियन्त्रण गर्दै स्थानीयलाई प्रशिक्षित गर्नुपर्छ ।'

खारापानी बाढीपछि प्रतिबद्धता अनुरूप सरकारले न त्यहाँ बजार पुनर्स्थापनामा सघायो, न पीडितहरूको जीविकोपार्जनमै सहायता गऱ्यो । त्यसबारे भएका अध्ययन, अनुसन्धानका सुझावहरू दराजमै थन्किएका छन् । यहाँसम्म कि प्रारम्भिक चेतावनी प्रणालीसमेत जोखिम क्षेत्रमा छैन । माछापुच्छ्रे गाउँपालिकाले ५० मिटरको मापदण्ड बनाएको छ । ३० मिटर मापदण्ड तोकेको पोखरा महानगरले त्यसलाई लागू गर्न सकेको छैन ।

महानगर क्षेत्रमा सेती किनारमै ठूला ठूला बस्ती छन् । कतै दुई मिटर त कतै दुई सय मिटर फराकिलो भई बग्ने सेतीका खोंचमाथि नै बहुतले भवन छन् । पोखरा महानगर अब सबै प्राकृतिक सम्पदाको अतिक्रमण हटाउँदै मापदण्ड कडाइका साथ कार्यान्वयन गर्ने तयारीमा रहेको नगर प्रमुख धनराज आचार्यले बताए । उनी भन्छन्, 'अहिले हामी पोखरा बसपार्क निर्माणमा केन्द्रित छौं; विस्तारै सबै प्राकृतिक सम्पदा, नदीनालालाई अतिक्रमण मुक्त बनाउँदै सुरक्षित र सभ्य सहर बनाउन अघि बढ्छौं ।'

आधा दर्जन जलविद्युत आयोजना, किनारमा दर्जन जति बस्ती र ठाउँ ठाउँमा नदीजन्य पदार्थ उत्खनन् भइरहेको सेती नदीको जोखिम व्यवस्थापनमा तीन तहकै सरकारको एकीकृत प्रयास जरूरी छ ।

◆◆◆

जलवायु संकटले बढायो हिमाली अर्थतन्त्रको चिन्ता

किसान खोज्दैछन् च्यांग्रा जोगाउने उपाय

घनश्याम खड्का

> बदलिँदो हावापानीका कारण एकातिर गोठमै च्यांग्रा थलिँदै छन् भने अर्कोतिर हिमाली चरन क्षेत्र सुक्दै गएका छन् ।

मुस्ताङ ।

बर्खाको झरी किसानका लागि राहत बन्नुपर्ने हो । तर, उपल्लो मुस्ताङको चराङका च्यांग्रापालक कर्साङ गुरूङलाई पिरलो बन्न थालेको छ ।' पहिला बर्खा याममा मुस्ताङमा सामान्यबाहेक पानी नै पर्दैनथ्यो,' लोघेकर दामोदरकुण्ड गाउँपालिका वडा नम्बर १ चराङका कर्साङ भन्छन्, 'हाम्रा च्यांग्राले हिउँ त खप्छन् तर पानी खप्न सक्दैनन् । पानीले भिजेपछि निमोनियाले च्यांग्रा थलिन र मर्न थालेका छन् ।'

यो संकट केवल कर्साङको गोठको मात्र होइन; बरू नेपालको हिमाली अर्थतन्त्र र अन्तर्राष्ट्रिय बजारसँग जोडिएको बहुमूल्य पश्मिना उद्योगकै अस्तित्वको सवाल बनेको छ । च्यांग्राको पश्मिना विश्व बजारमा उच्च माग रहेसँगै सरकारले नै चराङमा पश्मिना संकलन तथा प्रशोधन केन्द्र स्थापना गरेको छ ।

जलवायु परिवर्तनसँगै मुस्ताङको छायावृष्टि क्षेत्रमा अस्वाभाविक वर्षाले हिमाली भेगको यो परम्परागत पशुपालनलाई ठूलो संकटतर्फ धकेलिरहेको छ । मुस्ताङमा पालिने च्यांग्रा रैथाने जाति हुन् ।

पश्मिनाभन्दा पहिलो नेपाली समाजले च्यांग्राको मासुको स्वाद सम्झिन्छ । दसैं बेला ठूलो संख्यामा च्यांग्रा मुस्ताङबाट देशका सहर पुऱ्याइन्छ । मुस्ताङको अर्थतन्त्र पुस्तौंदेखि यही च्यांग्रा व्यापारले चलायमान बनाएको छ । तर बदलिँदो हावापानीका कारण एकातिर गोठमै च्यांग्रा थलिँदै छन् भने अर्कोतिर हिमाली चरन क्षेत्र सुक्दै गएका छन् ।

पशु सेवा विज्ञ केन्द्र मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार जलवायु परिवर्तनले यी दुवै फरक प्रजातिको प्राकृतिक अनुकूलन क्षमतामा असर देखिन थालेको छ । तापक्रम बढ्नु, हिउँदमा कम हिउँ पर्नु, बेमौसममा हिउँ पर्ने, छायावृष्टि भई अति कम वर्षा हुने क्षेत्रमा बर्खायाममा अस्वाभाविक बाक्लो र

धेरै दिन झरी पर्ने क्रम बढेका, पशु चौपायाको चरन क्षेत्र माथि सर्दै गएको र फिरन्ते भेडा च्यांग्राको वंशाणुगत गुणमै असर देखिनु जलवायु परिवर्तनको असर भन्ठानिएको छ ।

मुस्ताङका चुलुक, च्यांग्रापालक कृषक र पशु स्वास्थ्यमा कार्यरत चिकित्सकहरूले भोगिरहेको यो समस्यालाई वैज्ञानिक अध्ययनले पनि पुष्टि गरेको छ । पशु चिकित्सक अनन्त कोइराला र हिकास्टका केबी श्रेष्ठले सन् २००० देखि २०१० सम्म जोमसोम र कागबेनी क्षेत्रका ७१ वटा गोठमा गरेको र 'एसियन जर्नल अफ एग्रिकल्चर एन्ड डेभलपमेन्ट' (एजाड) जुन २०१७ मा प्रकाशित प्रतिवेदनमा मुस्ताङमा गर्मी दिनहरू बढेकाले च्यांग्रा र चौंरीहरूमा बाह्य तथा आन्तरिक परजीवी र छालाका नयाँ रोग देखिएको, उत्पादन क्षमतामा ह्रास आएको उल्लेख छ ।

पशु चिकित्सक डा. लालमणि अर्यालले जलवायु परिवर्तनको कारणले मुस्ताङका च्यांग्रामा जैविक संकटलाई पुष्टि गरे । डा. अर्यालका अनुसार च्यांग्राको शरीरमा दुई तहको रौं हुन्छ । बाहिर लामा र जकल्टिएका कडा रौं हुन्छन् भने छालासँग टाँसिएर मसिना नरम भुवा (पश्मिना) हुन्छन् । सुख्खा र ठोस हिउँ पर्दा बाहिरी कडा रौंले त्यसलाई भित्र छिर्न दिँदैन र भित्री भुवा (पश्मिना) ले थर्मल इन्सुलेसन (च्यांग्राको शरीरमा तातो) कायम राखिरहन्छ ।

तर जब मुस्ताङ जस्तो सुख्खा ठाउँमा मौसमी प्रवृत्ति परिवर्तन भई अस्वाभाविक ठूलो र लामो समय वर्षा हुन्छ; तब पानीले भित्री पश्मिनासमेत पूरै रौं भिजेर च्यांग्राको शरीरमा टाँसिन्छ । जसका कारण चिसो गढेर ब्याक्टेरिया सक्रिय भई घातक निमोनिया देखिने डा. अर्याल बताउँछन् ।

सन् २०२४ मे २१ मा 'डायलग अर्थ' मा प्रकाशित मुस्ताङ जस्तै उचाइ र भूगोल भएको भारतको लद्दाखका रैथाने च्यांग्रामा गरिएको स्थलगत अध्ययनले ट्रान्स-हिमालयन क्षेत्रमा अत्यधिक चिसो हावा र हिउँ खप्न सक्ने च्यांग्राहरू फेरिएको मौसमी चक्रपछि बेमौसमी वर्षा र क्लाउड ब्रस्ट जस्ता मौसमी घटनापछि कलेजो र फोक्सोको निमोनियाको सिकार भई धमाधम मर्न थालेको उल्लेख छ ।

त्यस्तै प्रकृतिको संकट मुस्ताङमा पनि देखिएको तथ्य सन् २०१७ को जुनमा 'एसियन जर्नल अफ एग्रिकल्चर एन्ड डेभलपमेन्ट' भोलुम १४ अंक १ मा प्रकाशित रिपोर्टमा छ । मुस्ताङको बदलिँदो सूक्ष्म हावापानी 'माइक्रो क्लाइमेट' को कारणले वर्षाको मात्रा बढेकोले च्यांग्रामा खोकी लाग्ने, सिँगान बग्ने र कलेजो-फोक्सोमा पानी जमेर मर्ने क्रम बढेको यसमा उल्लेख छ ।

लोमन्थाङ गाउँपालिका २, छोसेरका अगुवा कृषक मिङ्माछिरिङ गुरूङ भन्छन्, 'हिउँ पर्दा केही हुँदैन । चर्को घाम र पानी भयो भने तुरून्तै च्यांग्राले सिँगान बगाउने, खोक्ने गर्छन् । लसुन र जिम्बुको तातोपानी बनाएर खुवाउँछौं, खुल्ला चौरमा बस्ने गोठ, कसरी तातो बनाउनु, यस्तो बेला पाठापाठीलाई जोगाउनै मुस्किल हुन्छ ।'

बालुवाले छोपेको पहाडमा फाट्टफुट्ट टुक्यह्मा, म्ह्यौं, तालाङ, छेम्मा, कोते, झब्जाङ, रब्जाँ, सै र तोरा रैथाने नामका काँडेदार झाडी उम्रिन्छन् । यिनै काँडेदार झाडी र झार नै मुस्ताङका च्यांग्रा र चेलुकको चरन हो । च्यांग्रा, चौंरी, स्थानीय झोपागाई र घोडा उपल्लो भेगका मुख्य पशुपालन हुन् ।

च्यांग्रापालक कृषक कर्साङ गुरूङका अनुसार हिमपातको मात्रा घटेपछि उपल्लो मुस्ताङका चरनखर्कहरूबाट झब्जाङ, रब्जाँ र सै घाँस पूरै सुकेर नष्ट हुँदै छ भने छेम्मा प्रजातिको घाँस सुक्दै माथि-माथि सर्दै गएको छ ।

'हिउँदमा धेरै हिउँ पऱ्यो भने च्यांग्रा र चौंरी गोठ राम्रो हुन्छ । गाउँको नजिक-नजिकमा धेरै घाँस उम्रिन्छ, च्यांग्रा र चौंरी चराउन टाढा जानु पर्दैन । पशु पनि चरेर अघाउँछन् । तर अहिले चरन अपुग हुन थालेको छ,' लोमन्थाङ गाउँपालिका २, नाम्सुङका ६५ वर्षीय छिमी दोर्जे गुरूङले भने, 'अहिले त हिउँमा हिउँ पर्न छोड्यो, परे पनि अलिअलि मात्र पर्छ, हिउँ एकै दिनमा पग्लिन्छ । पानी नपुगेर घाँस उम्रिन छोड्यो । चरन नहुँदा च्यांग्रा पनि घटे ।' गुरूङ ४५ वर्षसम्म च्यांग्रा गोठालो गरेका अनुभवी कृषक हुन् ।

गुरूङले आफ्नो आम्दानीको हिसाब सुनाए, 'पहिला मासुका लागि च्यांग्रा बेचेरै घरको खर्च चल्थ्यो । अहिले चरन अभाव छ; रोग र चिसोले पाठापाठी बचाउनै धौधौ भएको छ । चरनखर्कमा घाँस घट्ने र च्यांग्रा, चौंरी, गाई, घोडाको सबैको एउटै चरनमा खुम्चिएपछि आहारा अभाव भई उत्पादन घट्न थालेको छ । पहिला जस्तो बढी तौल आउन छोडेको छ ।'

साबिक भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङको अभिलेखमा आर्थिक वर्ष २०७८/७९ मा मुस्ताङभर ३८ हजार हाराहारीमात्र चेलुक, च्यांग्रा रहेकोमा यो संख्या बढेर आव २०८१/८२ मा ५६ हजारभन्दा बढी पुगेको छ । सोही अवधिमा गण्डकी प्रदेश सरकारले मुस्ताङका चेलुक, च्यांग्रा पालनमा ३ करोड ७ लाख अनुदान वितरण गरेको थियो ।

मुस्ताङमा च्यांग्राको संख्या वृद्धि पछाडि पालन शैली नै फेरिनु मुख्य कारण हो । पुस्तौंदेखि हरेक घरघरमा धेरथोर च्यांग्रा पालिन्थ्यो; जसले गर्दा झट्ट हेर्दा गाउँभरि गोठको संख्या धेरै देखिन्थ्यो । तर अचेल गाउँबाट सहरतर्फ बसाइँसराइ बढ्दो छ । पशुपालन गर्नेहरू परम्परागत पेसा छोडेर विदेश पलायन हुने बढेकाले गोठको संख्या घटेको छ । तर अचेल परम्परागत शैली फेरिएर फर्म दर्ता गरी कामदार राखेरै व्यावसायिक रूपमा च्यांग्रा पाल्न थालिएको छ । राज्यका विभिन्न निकायले दिने आर्थिक सहायता (अनुदान) फर्मले मात्र पाउने भएकाले पनि फर्म दर्ता गरी हेरालु (गोठालो) राखेर एउटै फर्मले धेरै संख्यामा पाल्न थालेका छन् । त्यसैले गाउँमा गोठ घटे पनि च्यांग्राको संख्या बढेको हो ।

त्यतिमात्र होइन, केही वर्षअघि चितुवाको आक्रमणबाट र भारी हिमपातमा पुरिएर उपल्लो मुस्ताङमा सयौँको संख्यामा एकै पटक च्यांग्रा मरेपछि घटेको संख्या विस्तारै लयमा फर्कन थालेको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका पशु सेवा शाखा प्रमुख एवं पशु प्राविधिक चक्र विकले बताए । निमोनियाको छुट्टै खोप नभए पनि पिपिआर लगायत रोगको नियमित खोप लगाउने गरिएको छ । निमोनियाको उचारका लागि भने कृषक नै रैथाने उपायको भर पर्ने गरेका छन् ।

'लगातार तापक्रम वृद्धि र समयमा हिमपात नहुँदा हिमपातको लाइन माथि सरेको, अति न्यून हिमपातले जमिन भिज्न नपाउँदा हिमाली झारहरू उम्रिने क्रम पनि तलबाट माथि सर्दै गएको भेटिएको छ,' एक्याप लोमन्थाङ प्रमुख उमेश पौडेलले भने, 'जलवायु परिवर्तनले अनियमित हिमपात र वर्षाको कारण हिमाली चरनमा असर गरेको छ । हिमचितुवाको आक्रमण बढेको देखिन्छ ।'

मुस्ताङी च्यांग्राको पश्मिना

नेपाल पश्मिना उद्योग संघका अनुसार नेपालबाट वार्षिक ३ अर्बको पश्मिना तेस्रो मुलुक निर्यात हुन्छ । तर यी पश्मिना नेपालको उत्पादन नभई युरोपका विभिन्न देशबाट पश्मिनाको कच्चा पदार्थ भेडाको ऊन ल्याएर प्रशोधन गरी उत्पादित पश्मिनाका सामान र पश्मिना नै निर्यात गर्ने गरिएको छ ।

नेपालको पश्मिना उद्योगमा ठूलो हिस्सा तिब्बतबाट आयातित कच्चा पदार्थमा निर्भर रहेका बेला मुस्ताङमा च्यांग्रा जोन बनाई पश्मिनाको आयात घटाउने र हिमाली भेगका कृषकको आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्यमा जलवायु संकटले जोखिम बढाउँदो छ । पश्मिनामात्र होइन; देशको प्रमुख मासु बजारको मेरूदण्ड मुस्ताङका च्यांग्रा प्रमुख हुन् । च्यांग्राको व्यापारबाट मात्रै दसैका बेला मुस्ताङमा वार्षिक ४० करोडभन्दा बढी नगद भित्रने गरेको आकलन छ ।

पश्मिनाको कच्चा पदार्थको आयात घटाउन नेपाल सरकारले मुस्ताङ, मनाङ, डोल्पा, मुगु र हुम्लामा भुवा संकलन केन्द्र स्थापना गरेको छ । मुस्ताङको उपल्लो भेगमा पर्ने लोघेकर दामोदरकुण्ड गाउँपालिका १, चराङमा च्यांग्राको भुवा संकलन तथा प्रशोधन केन्द्र बनाइएको छ ।

भुवा संकलन केन्द्र लोमन्थाङका मुख्य संकलक पासाङ गुरूङका अनुसार पछिल्लो ६ वर्षदेखि लोघेकर दामोदरकुण्ड र लोमन्थाङ क्षेत्रका च्यांग्राबाट पश्मिनाका लागि भुवा संकलन थालिएको हो । गुरूङका अनुसार गत वर्ष लोमन्थाङ संकलन केन्द्रबाट ८ सय केजी प्रशोधित भुवा संकलन भएको थियो ।

यहाँको प्रशोधित भुवा प्रतिकिलो ४ हजार ५ सय रूपैयाँमा नेपाल पश्मिना महासंघले खरिद गर्ने गरेको छ । कृषकलाई भुवा उत्पादनमा प्रोत्साहन गर्न गण्डकी प्रदेश सरकारले कृषि तथा पशु विकास कार्यालय मुस्ताङमार्फत् प्रतिकिलो ३ सय रूपैयाँका दरले प्रोत्साहन अनुदान दिँदै आएको छ ।

अन्तर्राष्ट्रिय पश्मिना संघका पश्मिना विशेषज्ञ, नेपाल पशु प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्र, नेपाल पश्मिना उद्योग संघ र च्यांग्रा पश्मिना किसान संघले संयुक्त रूपमा मुस्ताङमा पालिएका च्यांग्राको भुवा झिकेर मंगोलियाको अन्तर्राष्ट्रिय पश्मिना प्रयोगशालामा परीक्षण गर्दा उत्कृष्ट कच्चा पदार्थ भनेको च्यांग्रा जोन मुस्ताङले जनाएको छ ।

कृषि तथा पशुपन्छी विकास निर्देशनालय, पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयका प्रमुख सहसचिव जगदीश पाण्डेका अनुसार जलवायु परिवर्तनको असर मुस्ताङसमेत हिमाली भेगका पशुपालनमा देखिन थालेको छ । पछिल्लो एक दशकयता हिउँदमा हुनुपर्ने हिमपातमा धेरै कमी आएकाले चरन क्षेत्रमा च्यांग्रा, चुलुक, चौँरी, लुलुगाई समेत जनावरहरूको चरन (आहारा) मा कमी आउँदा मासु उत्पादनमा मात्र होइन; यसको पश्मिना उत्पादनमा समेत कमी आएको छ ।

'खुल्ला चरनमा आश्रित च्यांग्राहरूले प्रशस्त चरन नपाएपछि स्वाभाविक छ; मासु, पश्मिना उत्पादनमा कमी आउँछ । तापवृद्धिले यिनीहरूको जैविक गुणमै फेरबदल आएको त छैन तर भविष्यमा कसो होला', पाण्डेले सुनाए ।

अबको बाटो

विज्ञहरू भन्छन्, 'रैथाने च्यांग्रा पालन जोगाउने हो भने अब हामीले जलवायु परिवर्तन छेक्दैनौं बरू हामी नै अनुकूलन हुने हो ।' त्यसका लागि परम्परागत च्यांग्रा वा पशुपालन विधि, शैली र तौरतरिका फेर्ने पर्छ । खुल्ला चौरमा च्यांग्रा राख्दा पानीले भिज्ने भएपछि पानी नपस्ने गोठ बनाउन विज्ञहरूले सुझाएका छन् । रूखबिरूवा नहुने मुस्ताङमा परम्परागत गोठको सट्टा ट्रस्ट पाइपको स्थायी प्रकृतिको गोठको संरचना बनाई माथिबाट त्रिपाल वा जस्तापाताको छाना राखेर गोठ बनाउन कृषि प्राविधिकहरूले किसानलाई सल्लाह दिएका छन् ।

त्यस्तै, जलवायु परिवर्तनको बाहानामा रैथाने च्यांग्रामा स्थानीय भूगोलको रोग प्रतिरोधात्मक क्षमता उच्च हुने भएकाले जथाभावी आनुवंशिक परिवर्तन 'क्रसब्रिडिङ' गराउँदा त्यो नासिने भएकाले प्रत्युत्पादक हुन सक्ने विज्ञहरूको सुझाव छ ।

उपल्लो मुस्ताङका लोघेकर दामोदरकुण्ड र लोमन्थाङ गाउँपालिकालाई च्यांग्रा जोन बनाई प्रवर्द्धनको कार्यक्रम गरिरहेको कृषि, वन तथा पर्यटन मन्त्रालयअन्तर्गत राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयका उपसचिव केशव भट्टले च्यांग्रा परम्परादेखि मासुका लागि मात्र पालिँदै आएकोमा मन्त्रालयले स्थानीयलाई च्यांग्राको शरीरमा खेर गइरहेको बहुमूल्य वस्तु भुवाको महत्त्व र मूल्य चिनाउने प्रयास थालेको बताए ।

'मासुका लागि मात्र पाल्दा च्यांग्रा पालन खर्चिलो भएको भन्दै स्थानीय पेसा छोड्न थालेका थिए; अहिले पश्मिनाबाट पनि आम्दानी थपिन थालेपछि भने फेरि पेसाप्रति आकर्षण बढ्दो छ,' उपसचिव केशव भट्ट भन्छन्, 'तर जलवायु परिवर्तनको प्रभाव हिमाली चरन क्षेत्रमा परेको र घाँस उत्पादन घट्दा च्यांग्रा समेत चरनमा निर्भर जनावरहरूलाई आहारा समस्या देखिएको छ ।'

उच्च पहाडी तथा हिमाली क्षेत्रका चरन खर्कमा सामुदायिक चरिचरन गराउँदै आएका आश्रित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन खर्क नीति २०६८ आएको भए पनि खर्क व्यवस्थापनमा कानुनी अल्झन पेचिला बनेका छन् । खर्क नीतिको उद्देश्यअनुसार सामुदायिक चरिचरन रहेको खर्क व्यवस्थापन समुदायलाई हस्तान्तरण गरिनुपर्नेमा अझै वन मन्त्रालय वा संरक्षण क्षेत्रभित्रै राखिएकाले चरन व्यवस्थापन गर्न समस्या भइरहेको हो ।

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयका उपसचिव भट्ट भन्छन्, 'खर्क नीति संघीयताअघि आयो तर स्थानीय सरकार र समुदायमा हस्तान्तरित हुनुपर्ने भएन । त्यसले गर्दा चरनखर्क व्यवस्थापनमा स्वामित्व विवाद अल्झियो ।'

नीतिगत बहस र कानुनी अल्झिनहरू विस्तारै हट्दै जालान् तर जलवायु परिवर्तनले ल्याएको संकट भने झन् गहिरिँदै जाने पक्का छ । हिमाली खर्कमा हिउँ पर्न छोड्नुले चरन खर्कमा घाँस उम्रिन छोड्नु र बेमौसम (मनसुनको अन्त्यतिर) अस्वाभाविक वर्षा बढेकाले चिसो लागेर च्यांग्रा बिरामी पर्न थालेसँगै मानिसलाई मात्र होइन, पशुचौपायालाई पनि जलवायु अनुकूलित बासस्थान र चरनखर्क व्यवस्थापन गरिनु पर्ने देखिन्छ ।

◆◆◆

पर्यटनको हब गण्डकी
नेपालको समृद्धिको ढोका

गोविन्द मरासिनी

> **विश्वका धेरै पर्यटन गन्तव्यमा दुर्लभ मानिने यस्तो बहुआयामिक अनुभव गण्डकीको सबैभन्दा ठूलो शक्ति हो ।**

स्याङ्जा ।

मुक्तिनाथको उकालो चढ्दै गरेका भारतीय तीर्थयात्री, अन्नपूर्ण पदमार्गमा ट्रेकिङ ब्याग बोकेर हिँडिरहेका युरोपेली पदयात्री र फेवातालको किनारमा सूर्यास्तको तस्बिर खिचिरहेका स्वदेशी पर्यटक । यी दृश्य भौगोलिक रूपमा सयौँ किलोमिटर टाढा देखिए पनि एउटै कथाले बाँधेको छ । नेपालको पर्यटनको केन्द्रमा रहेको गण्डकी प्रदेशको कथा । नेपालको पर्यटनबारे चर्चा हुँदा एउटा रोचक तथ्य देखिन्छ । पर्यटक नेपालमा विभिन्न कारणले आउँछन् । कोही हिमालको दृश्यावलोकनका लागि, कोही आस्थाका लागि, कोही संस्कृतिसँग रमाउन र कोही साहसिक अनुभव संगाल्न । यसरी आउने अधिकांशको बाटो अन्ततः गण्डकीतर्फ मोडिन्छ; जसले गण्डकी प्रदेश नेपालको पर्यटन अर्थतन्त्रको सबैभन्दा सक्रिय भूगोल बनेको छ ।

विसं २०८० चैत ४ गते गण्डकी प्रदेशलाई नेपालको पहिलो 'पर्यटन राजधानी' घोषणा गरियो । यो घोषणा कुनै आकस्मिक राजनीतिक निर्णय थिएन । दशकौँदेखि निर्माण हुँदै आएको पर्यटन पहिचानको औपचारिक स्वीकारोक्ति थियो । हिमाल, ताल, तीर्थस्थल, संस्कृति, साहसिक खेल र ग्रामीण जीवनशैलीको दुर्लभ संयोजनले गण्डकीलाई लामो समयदेखि नेपालको पर्यटनको केन्द्रमा राख्दै आएको थियो । तर पर्यटन राजधानी घोषणा भएको केही वर्षपछि एउटा महत्त्वपूर्ण प्रश्न अझै जीवित छ । के यो उपाधि 'ब्रान्डिङ' मात्रैको सफलता हो ? यसले स्थानीय जीवन, रोजगारी र अर्थतन्त्रमा वास्तविक परिवर्तन पनि ल्याइरहेको छ कि छैन ? गण्डकीले नेपालको पर्यटन अर्थतन्त्रमा कस्तो योगदान गरिरहेको छ ?

विश्वस्तरीय गन्तव्य बन्न अझै के कस्ता संरचनागत चुनौती पार गर्न बाँकी छन् भन्ने बारेमा जिम्मेवारी निकायको ध्यान जान जरूरी छ ।

विडम्बना के छ भने, नेपालको पर्यटन अर्थतन्त्रको केन्द्र मानिने गण्डकीको वास्तविक आर्थिक योगदान सम्बन्धी धेरै विवरण अझै अनुमान र प्रक्षेपणमै भर पर्नुपर्ने वाध्यता छ । यही तथ्यांकीय कमजोरी स्वयं पर्यटन व्यवस्थापनको महत्त्वपूर्ण चुनौती बनेको छ । प्रदेश स्तरमा पर्यटक आगमन, बसाइ अवधि र खर्चको यकिन अभिलेख अझै व्यवस्थित छैन । राज्यको अरबौं लगानी भएको अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरूपमा सञ्चालन हुन नसक्नु र गन्तव्यहरूको पर्याप्त प्रचारप्रसार अभाव अर्को चुनौती बनेको छ ।

नेपालको पर्यटनको केन्द्रका रूपमा गण्डकीको चर्चा भइरहँदा राष्ट्रिय तथ्यांकले पनि पर्यटन क्षेत्रको बढ्दो महत्त्व देखाउँछ । नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०१६ देखि २०२५ सम्मको दशकमा ८३ लाख ८४ हजारभन्दा बढी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । यस अवधिमा वार्षिक औसत पर्यटक आगमन करिब ८ लाख ३८ हजार पुगेको छ । सन् २०२५ मा विदेशी पर्यटकबाट प्राप्त कुल पर्यटन आय ८७ अर्ब ३७ करोड १६ लाख पुगेको छ; जुन अघिल्लो वर्षको तुलनामा ४.७७ प्रतिशत बढी हो ।

यो तथ्यांकले नेपालमा पर्यटकको आगमन मात्र बढेको नभई उनीहरूको खर्च क्षमता पनि विस्तार भइरहेको संकेत गर्छ । यद्यपि तीमध्ये कति पर्यटक गण्डकी प्रदेशसम्म पुग्छन् भन्ने यकिन प्रदेशगत तथ्याङ्क उपलब्ध छैन । तर, पर्यटन क्षेत्रका सरोकारवालाका अनुसार नेपाल भ्रमण गर्ने कुल विदेशी पर्यटकको ठूलो हिस्सा–कतिपयको अनुमानमा ७० देखि ८० प्रतिशतसम्म–कुनै न कुनै रूपमा पोखरा, अन्नपूर्ण, मुस्ताङ, मनास्लु वा मुक्तिनाथ क्षेत्रसँग जोडिने गरेका छन् ।

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२।८३ को आर्थिक सर्वेक्षण अनुसार प्रदेशको कुल गार्हस्थ उत्पादन ५.८३ खर्ब छ भने आर्थिक वृद्धिदर ४.८३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१।८२ मा १६३६ डलर रहेको प्रदेशको प्रतिव्यक्ति आय आ.ब. २०८२।८३ मा १६५१ डलर पुगेको तथ्यांकले देखाउँछ । नेपाल राष्ट्र बैंकको पोखरा कार्यालय, अनुसन्धान एकाईले २०८१ मा गरेको एक अनुसन्धानका अनुसार गण्डकी प्रदेश भ्रमण गर्ने पर्यटकको यस प्रदेशमा औसत बसाई अवधि १२ दिन र पर्यटकहरूको भारित औसत दैनिक खर्च ८ हजार ३ सय ५५.२९ रूपैयाँ (अमेरिकी डलर ६२.८९) रहेको पाइएको छ । प्याकेज टुरमा आउने पर्यटकले दैनिक औसत ८९.३१ डलर (करिब ११ हजार ८ सय ६६ रूपैयाँ) खर्च गर्ने गरेका छन् ।

प्रकृतिले कोरेको पर्यटनको खाका

नेपालका अधिकांश पर्यटकीय प्रतीक एउटै प्रदेशमा भेटिनु संयोग होइन । अन्नपूर्ण, धौलागिरि र मनास्लु हिमश्रृखंला, फेवाताल, बेगनास, रूपा, कालीगण्डकीको गहिरो उपत्यका, मुस्ताङको मरूभूमि जस्तो भूगोल, मनाङका उच्च हिमाली बस्ती । म्याग्दीको रूप्से झरना, बागलुङको ढोरपाटन क्षेत्र, नवलपुरको वनजंगल, लमजुङको दूधपोखरी तथा तनहुँको सिद्धगुफा । यी धरोहरले गण्डकीलाई पर्यटनको विविधताले भरिएको खुला संग्राहलय बनाएका छन् । विश्वका धेरै पर्यटकीय गन्तव्य खास एउटा विशेषताका कारण चिनिन्छन् । कतै समुद्र छ, कतै हिमाल, कतै संस्कृति । गण्डकीको विशेषता भनेको यहाँको भौगोलिक विविधता हो । त्यसैले त गण्डकी पुग्ने पर्यटकले दृश्यावलोकनमात्रै होइन अनुभवहरूको श्रृंखला बटुल्छन् । पोखरा यी सबै पर्यटन गतिविधिको प्रवेशद्वार बनेको छ । फेवातालमा प्रतिबिम्बित माछापुच्छ्रे हिमालको दृश्य, सराङकोटबाट देखिने सूर्योदय, सेती नदीको गहिरो गल्छी, विश्वशान्ति स्तूप र पोखराको हरियालीले देशभित्र र बाहिरका पर्यटकलाई समानरूपमा आकर्षित गर्दै आएको छ ।

पर्यटक बिहान तालको किनारमा हुन सक्छन् । दिउँसो हिमाली पदमार्गतर्फ उकालो लाग्न सक्छन् ।

अनि साँझ सांस्कृतिक गाउँमा स्थानीय परिवारसँग बस्न सक्छन् । सराङकोटबाट चरोजस्तै आकासमा उड्ने प्याराग्लाइडिङ होस् वा बन्जी जम्प, फेवातालमाथिको कायाकिङ होस् वा अल्ट्रालाइट उडान । यिनै गतिविधिका कारण पोखरा साहसिक खेलको एउटा जीवन्त खेलमैदान हो । विश्वका धेरै पर्यटन गन्तव्यमा दुर्लभ मानिने यस्तो बहुआयामिक अनुभव गण्डकीको सबैभन्दा ठूलो शक्ति हो । तर प्राकृतिक सौन्दर्य आफैंमा पर्याप्त हुँदैन । त्यसलाई पर्यटन अर्थतन्त्रमा रूपान्तरण गर्न पूर्वाधार, पहुँच, सेवा र व्यवस्थापन आवश्यक पर्छ । त्यसैले गण्डकीको कथा प्रकृतिको उपहारको कथामात्र नभई अवसरलाई उपयोग गर्ने प्रयासको कथा पनि हो ।

पोखराका पर्यटन व्यवसायी एवं प्रसिद्धी ट्राभल्सका सञ्चालक युवराज हमाल आफ्नो अनुभव सुनाउँदै भन्छन्, 'पोखरा र अन्नपूर्ण क्षेत्र प्राकृतिक रूपमा वरदान नै सावित भएका छन् । सराङकोटबाट देखिने सूर्योदय र प्याराग्लाइडिङको रोमाञ्चक अनुभूति लिन संसारका मानिस लालायित छन् ।' तर, पछिल्लो समय जथाभावी सडक खनिँदा परम्परागत पदमार्गहरूमा असर परेको छ; छोटिएका छन्; जसले गर्दा पर्यटकको बसाइ अवधि घट्दो छ । वैकल्पिक पदमार्गहरू जस्तै 'मिलेनियम ट्रेक' र 'राउन्ड फेवा' जस्ता अवधारणालाई तत्काल प्रबर्द्धन गर्नुपर्छ । मौसमअनुसार फरक-फरक देशका नागरिकहरू गण्डकी प्रदेश घुम्न आउँछन् । अहिले भने स्थलमार्ग हुँदै धेरै भारतीय पर्यटक आइरहेका छन् ।

हिमाल र पदमार्गले बनाएको पहिचान

नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन नक्सामा स्थापित गर्ने सबैभन्दा शक्तिशाली माध्यममध्ये एक हो पदयात्रा । त्यही पदयात्राको केन्द्रबिन्दु हो गण्डकी प्रदेश । विश्वको सातौं अग्लो धौलागिरि र आठौं अग्लो मनास्लु र दशौं अग्लो अन्नपूर्ण हिमाल यही प्रदेशमा छन् । यिनै हिमालका काखमा चल्तीमा रहेका पदमार्गले गण्डकीलाई विश्व पदयात्रा पर्यटनको प्रमुख गन्तव्य बनाएका छन् । अन्नपूर्ण सर्किट, अन्नपूर्ण आधार शिविर, घोरेपानी-पुनहिल, मनास्लु सर्किट, नार-फु उपत्यका, तिलिचो ताल र माथिल्लो मुस्ताङ जस्ता पदमार्ग विश्वभरका पदयात्रीका 'हट लिस्ट' मा छन् । विदेशी पर्यटक नेपालमा हिमाल हेर्नमात्र होइन; हिमालभित्र हिँड्न आउँछन् । त्यसैले गण्डकीको पदयात्रा पर्यटन दृश्यावलोकनमा सीमित छैन । अनुभवमा आधारित पर्यटन हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रमा जारी हुने पदयात्रा अनुमति पत्रको संख्या हेर्दा गण्डकी प्रदेशको पदयात्रा पर्यटनको प्रभाव स्पष्ट देखिन्छ । गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयको सर्वेक्षण अनुसार गत आवमा २ लाख ५१ हजार १ सय ८८ विदेशी पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका छन् । यसरी भ्रमण गर्नेमा सबैभन्दा धेरै छिमेकी मुलुकका भारतीय पर्यटक (१ लाख ४५ हजार ३ सय ४८) छन् ।

ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेश अध्यक्ष कृष्ण आचार्यका अनुसार गण्डकीमा आउने अधिकांश विदेशी पर्यटक कुनै न कुनै रूपमा पदमार्गसँग जोडिएका हुन्छन् । पर्यटनले सिर्जना गर्ने आर्थिक प्रभाव होटल वा ट्राभल एजेन्सीसम्म सीमित हुँदैन । एउटा पदयात्री अन्नपूर्ण क्षेत्रमा पुग्दा त्यसको लाभ गाइड, भरिया, होटल, यातायात व्यवसायी, तरकारी किसान, स्थानीय पसल, हस्तकला व्यवसायी र ग्रामीण समुदायसम्म पुग्छ । गण्डकी आउने धेरै पर्यटक पदमार्गकै कारण आउँछन् । 'पर्यटनले सिर्जना गर्ने रोजगारीको प्रभाव निकै व्यापक छ,' आचार्य भन्छन् ।

दुई दशकदेखि ट्रेकिङ गाइडको काम गर्दै आएका राजकुमार श्रेष्ठ आफू गाइडको रूपमा चिनिन पाउँदा खुसी व्यक्त गर्छन् । अन्तिम समयसम्म पनि यही पेसामै रहने सोचमा रहेको उनी बताउँछन् । उनी भन्छन्, 'विदेशी पर्यटकको आगमनकै कारण हामी जस्ता धेरै गाइडले रोजगारी पाएका छौं र आफ्नै देशमा बसेर सम्मानपूर्वक जीवनयापन गर्न सकेका छौं । यसले मलाई निकै खुसी र गर्वको अनुभूति गराउँछ ।'

आस्थाको केन्द्र

पर्यटकलाई लोभ्याउन गण्डकीसँग हिमालमात्र छैन; धार्मिका आस्थका केन्द्रसमेत छन् । धार्मिक पर्यटनलाई गण्डकीको पर्यटन अर्थतन्त्रको दोस्रो बलियो आधार मानिन्छ । मुस्ताङको मुक्तिनाथ हिन्दू र बौद्ध धर्मावलम्बीको साझा आस्थाको केन्द्र हो । नेपाल र भारतका हजारौँ श्रद्धालु हरेक वर्ष यहाँ पुग्छन् । तीर्थयात्रा पूरा गर्ने उद्देश्यले आउने पर्यटकले यातायात, होटल, भोजन र स्थानीय सेवामा खर्च गर्ने भएकाले मुक्तिनाथ क्षेत्रको अर्थतन्त्र प्रत्यक्ष रूपमा पर्यटनसँग जोडिएको छ । मुक्तिनाथ दर्शनका लागि आएका भारतीय पर्यटक दुर्लभ रोय चौधरीले मुक्तिनाथको धार्मिक महत्त्वमात्र नभई हिमाली वातावरणले पनि आफूलाई प्रभावित बनाएको बताए । 'हामी दर्शनका लागि आएका हौं, तर यहाँको प्रकृति पनि अविस्मरणीय रहेछ । यदि सडक र सेवा अझ सहज भए धेरै भारतीय पर्यटक आउन सक्छन्,' उनले भने ।

गोरखाको मनकामना मन्दिरमा केबलकार सञ्चालनपछि यहाँ पुग्ने श्रद्धालुहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ । धार्मिक यात्रुहरू वर्षभरि आउने जसले पर्यटनको मौसमी निर्भरता घटाउन सक्ने सम्भावना बोकेको छ । पछिल्ला वर्षहरूमा स्याङ्जाको अर्जुनचौपारीमा निर्माण गरिएको नवग्रह मन्दिर धार्मिक पर्यटनको नयाँ आकर्षणका रूपमा उदाएको छ । शनिवार र विशेष पूजाका अवसरमा हजारौँ भक्तजन यहाँ पुग्ने गरेका छन् । अर्जुनचौपारी गाउँपालिका अध्यक्ष प्रकाश तिवारीका अनुसार मुक्तिनाथ, नवग्रह र अन्य धार्मिक केन्द्रहरूलाई जोडेर धार्मिक पर्यटन करिडोर विकास गर्न सकिए पर्यटकको बसाइ अवधि बढाउन र आर्थिक गतिविधि विस्तार गर्न सकिन्छ ।

गाउँको बदलिँदो अनुहार

गण्डकीको पर्यटन कथासँगै जोडिएर आउँछन् यहाँका गाउँका कथा । होमस्टेमा गरिने आत्मीय स्वागत, आतिथ्य र सांस्कृतिक कार्यक्रमबाट विशेष रूपमा प्रभावित हुने गरेका छन् । स्थानीय उत्पादनबाट बनेका अर्गानिक परिकारको स्वादले उनीहरूलाई निकै आकर्षित गर्छ । स्याङ्जाको सिरूबारी, लमजुङको घलेगाउँ, कास्कीको घान्द्रुक, सिक्लेस र धम्पुस, गोरखाको बारपाक र लाप्राक, मुस्ताङको मार्फा तथा तनहुँको बन्दीपुर जस्ता गाउँले पर्यटनको केन्द्र सहरमात्र नभई समुदाय पनि हुन सक्छ भन्ने प्रमाणित गरेका छन् । सिरूबारीलाई नेपालको सामुदायिक होमस्टे अवधारणाको अग्रणी उदाहरण मानिन्छ ।

सिरूवारी सामुदायिक होमस्टेकी अगुवा उर्मिला गुरूङ भन्छिन्, 'सिरूवारी होमस्टेको सुरूवाती चरण त्यति सहज थिएन । पाहुनाको संख्या कम हुन्थ्यो; गाउँमा पर्यटनको सम्भावनामाथि धेरैलाई विश्वास पनि थिएन ।'

विस्तारै पर्यटकको आगमन बढ्दै गयो र त्यससँगै पोखरा तथा काठमाडौंमा बसेका युवा पनि गाउँ फर्किएर होमस्टे व्यवसायमा आबद्ध हुन थाले । यसले गाउँको अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै स्थानीयलाई आफ्नै ठाउँमा रोजगारी सिर्जना गर्ने अवसर दिएको छ ।' होमस्टे सञ्चालन, हस्तकला, सांस्कृतिक कार्यक्रम र स्थानीय उत्पादनको बजारीकरणमा महिलाको सक्रिय भूमिका देखिन थालेको छ । कतिपय गाउँमा पर्यटनले महिलालाई पहिलो पटक आफ्नै आयआर्जनको अवसर दिएको छ ।

होटल, रेष्टुरेन्ट, ट्रेकिङ कम्पनी, गाइड सेवा, यातायात, हस्तकला, कृषि उत्पादन, साहसिक खेल र होमस्टे व्यवसायमा हजारौँ मानिस प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्भर छन् । पोखरा, मुस्ताङ, मनाङ, गोरखा, बागलुङ र लमजुङका धेरै स्थानीय अर्थतन्त्र पर्यटनसँग जोडिएका छन् । एउटा पर्यटकले खर्च गरेको रकम होटलको खातामा मात्र सीमित नभई गाउँका किसान, सवारी चालक, गाइड, पसले र स्थानीय उत्पादकसम्म पुग्छ । त्यसैले पनि कारण पर्यटनलाई धेरैले स्थानीय अर्थतन्त्रमा सबैभन्दा छिटो प्रभाव पार्ने क्षेत्रका रूपमा हेर्छन् ।

पर्यटन राजधानीका चुनौती

गण्डकी प्रदेशलाई पर्यटन राजधानी घोषणा गर्नु सम्मानमात्र नभई ठूलो जिम्मेवारी पनि हो । तर जिम्मेवारीसँगै आएको सबैभन्दा ठूलो चुनौती हो, अन्तर्राष्ट्रिय पहुँचको सीमितता । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पर्यटन राजधानी घोषणापछिको सबैभन्दा ठूलो पूर्वाधार उपलब्धि मानिन्छ । तर विमानस्थल सञ्चालनमा आएको लामो समय बित्दा पनि नियमित अन्तर्राष्ट्रिय उडान अपेक्षित रूपमा विस्तार हुन सकेको छैन । पर्यटन व्यवसायीका अनुसार विमानस्थलको पूर्ण उपयोग हुन सके गण्डकीको पर्यटन अर्थतन्त्रमा ठूलो परिवर्तन आउन सक्छ । तर हालसम्म यसको सम्भावना र वास्तविक उपलब्धिबीच दूरी छ । यही दूरीबीचमा संयुक्त अरब इमिरेट्स (युएई) को विमान कम्पनी 'फ्लाई दुबई' ले आगामी असोज ७ गतेदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधा उडान गर्ने समझदारीले गण्डकी प्रदेशको पर्यटनमा मात्र नभई समग्र देशकै पर्यटनमा आशाको दियो बालेको छ ।

गण्डकी प्रदेशको मात्र नभई देशभरकै समस्याका रूपमा गाइड, होटल कर्मचारी, आतिथ्य क्षेत्रका दक्ष कामदार र पर्यटन व्यवस्थापनसँग सम्बन्धित जनशक्ति विदेश पलायन भइरहेका छन्; जसले पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको अभाव छ । धेरै पर्यटक पोखरामा केन्द्रित भएर छोटो समयमै फर्किन्छन् । यसले प्रदेशका अन्य जिल्लामा पर्यटनको लाभ समान रूपमा फैलिन नसकेको अवस्था देखाउँछ । पर्यटकको संख्या बढ्नु र पर्यटनबाट समृद्धि बढ्नु एउटै कुरा भने होइन । यदि पर्यटक पोखरामै सीमित भए, ग्रामीण क्षेत्र लाभबाट बाहिर रहे, यदि प्राकृतिक सम्पदा संरक्षण हुन सकेन भने पर्यटन राजधानीको उपाधिले मात्र अपेक्षित परिवर्तन ल्याउन सकिँदैन । गण्डकी प्रदेशमा आउने पर्यटकहरूल भाषागत समस्या, पर्यटन सूचनाको कमी, यातायातको समस्या, सुरक्षाको समस्या, फोहोरको अव्यवस्थापन, उच्च भिसा लागत, ठगी, इन्टरनेटको समस्या, विमानस्थलमा लामो समय होल्ड लगायतका समस्या समेत छन् ।

सरकार र सरोकारवालाको पहल

यी चुनौतीका बीच सरकार र निजी क्षेत्र दुवैले पर्यटन विकासका विभिन्न प्रयास अघि बढाइरहेका छन् । गण्डकी प्रदेश सरकारले हालासालै सार्वजनिक गरेको बजेट कार्यक्रममा 'पहिला घर देश, अनि परदेश', 'लेक टु लेक' र 'एक जिल्ला एक गन्तव्य' जस्ता कार्यक्रमलाई प्राथमिकता दिएको छ ।

धार्मिक पर्यटन सर्किट, ग्रामीण होमस्टे स्तरीकरण र साहसिक पर्यटन प्रवर्द्धनका योजना पनि अघि सारिएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने, अन्नपूर्ण-मनास्लु-धौलागिरि क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने र धार्मिक पर्यटनलाई व्यवस्थित सर्किटका रूपमा विकास गर्ने रणनीतिहरूमा पनि काम भइरहेको छ । नेपाल पर्यटन बोर्ड, स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा 'गण्डकी जाऔँ, प्रकृति र संस्कृतिसँग रमाऔँ' जस्ता अभियान सञ्चालन भइरहेका छन् ।

पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेका अनुसार आगामी आर्थिक वर्ष २०८३/८४ मा प्रदेशभर पर्यटन पूर्वाधार र गन्तव्य विकासलाई थप सशक्त बनाइनेछ । यसअन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनयी त्रिवेणी गाउँपालिका-६ स्थित त्रिवेणीधामलाई प्रमुख धार्मिक गन्तव्यका रूपमा विकास गर्ने योजना छ । त्यस्तै, पोखरा, गोरखा र बन्दीपुरलाई एकीकृत पर्यटन सर्किटका रूपमा जोड्दै ग्रामीण पर्यटन प्रवर्द्धनलाई नयाँ गति दिने लक्ष्य लिइएको छ । लामिछानेका अनुसार प्रत्येक वर्ष सञ्चालन हुँदै आएको गाउँ पर्यटन मेलालाई अब प्रदेशका विभिन्न जिल्लामा चरणबद्ध रूपमा विस्तार गरिनेछ, जसले स्थानीय अर्थतन्त्र र समुदायमा आधारित पर्यटनलाई थप मजबुत बनाउनेछ ।

बागलुङलाई विशेष पर्यटन गन्तव्यका रूपमा विकास गर्ने, स्याङ्जाको अर्जुनचौपारी स्थित नेपालकै पहिलो नवग्रह मन्दिरलाई प्रवर्द्धन गर्न अल्ट्रा म्याराथन जस्ता साहसिक गतिविधि सञ्चालन गर्ने र स्याङ्जाकै अन्धाअन्धी दहलाई नयाँ पर्यटकीय आकर्षणका रूपमा उजागर गर्ने योजना अघि सारेको लामिछाने बताउँछन् ।

पर्यटन राजधानीको उपाधिलाई व्यवहारिक उपलब्धिमा रूपान्तरण गर्न प्रचारप्रसारमात्र पर्याप्त हुँदैन । डिजिटल युगअनुसार वेबसाइट, मोबाइल एप, भर्चुअल टुर, डिजिटल नक्सा र सामाजिक सञ्जालमार्फत् अन्तर्राष्ट्रिय प्रचारलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ । पोखरा, कुश्मा, मनाङ र मुस्ताङलाई केन्द्र बनाएर अन्तर्राष्ट्रिय स्तरका साहसिक पर्यटन महोत्सव आयोजना गर्ने, 'स्वच्छ गन्तव्य, समृद्ध पर्यटन' अभियानमार्फत् वातावरण संरक्षणलाई प्राथमिकता दिने तथा गाइड, होटल व्यवस्थापन, विदेशी भाषा र डिजिटल मार्केटिङसम्बन्धी तालिम स्थानीय तहसम्म विस्तार गर्ने आवश्यकता पनि उत्तिकै देखिन्छ । यी सबै प्रयासलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यसहितको एकीकृत पर्यटन गुरूयोजनाले मात्र दिगोपन दिन सक्छ ।

गण्डकी प्रदेशसँग हिमाल, ताल, पदमार्ग, तीर्थस्थल, संस्कृति र साहसिक पर्यटनको दुर्लभ संयोजन छ । यही कारण यो प्रदेश लामो समयदेखि नेपालको पर्यटनको केन्द्रका रूपमा स्थापित हुँदै आएको छ र अहिले 'पर्यटन राजधानी' को औपचारिक पहिचान पाएको छ । तर यो पहिचान आफैंमा अन्तिम उपलब्धि भने होइन । यो पहिचान अझ लामो यात्राको सुरूवात हो । पर्यटन राजधानी घोषणा भएपछि पूर्वाधार विकास, प्रचारप्रसार लगायतका केही प्रयास थालिएको छ । अबको बाटो भनेको घोषणालाई आर्थिक रूपान्तरणमा बदल्ने ठोस योजना, बलियो पूर्वाधार, दिगो व्यवस्थापन र अन्तर्राष्ट्रिय हवाई पहुँचको सुनिश्चितता हो ।

पर्यटन क्षेत्रको सफलता पर्यटकको संख्याले मात्र मापन गर्न सकिँदैन । गण्डकीको पर्यटन कथा 'कहाँ जाने' भन्ने प्रश्न र यसको जवाफले मात्रै स्पष्ट हुँदैन । यसमा 'कसले कमाइरहेको छ', 'कसको जीवन बदलिएको छ ?' र 'भविष्यका पुस्ताले के पाउनेछन् ?' 'के गण्डकीले पर्यटकहरूको उपस्थितिलाई दिगो आर्थिक समृद्धिमा रूपान्तरण गर्न सक्छ ?' सक्यो भने 'पर्यटन राजधानी' उपाधिमा सीमित हुने छैन । गण्डकीको विकासको नयाँ अध्याय बन्नेछ र पर्यटन राजधानी घोषणा पर्याप्त हुनेछ । गण्डकीको पर्यटकीय भविष्य यही प्रश्नको उत्तरमा निर्भर हुनेछ ।

◆◆◆

मैदानमा उत्साह, नीतिमा उदासिनता

ज्योति हमाल

मोबाइल र ग्याजेटको संसारबाट बाहिर निस्केर पोखराका खेलमैदानमा पसिना बगाइरहेका बालबालिकाको लहरले नेपाली खेलकुदमा एउटा 'स्वर्ण पुस्ता' को आशा जगाएको छ ।

पोखरा ।

बिहानी सूर्यको पहिलो किरण माछापुच्छ्रेको सेतो टाकुरामा ठोकिनुअगावै पर्यटकीय सहर पोखराको टेनिस मैदानमा एउटा अर्कै चमक सल्बलाउन थाल्छ । १५ वर्षीय बालकद्वय अभिषेक विक र सुरेन्द्र विकका ऱ्याकेटले बल प्रहार गर्दा निस्कने ट्याक-ट्याक आवाजले निदाएको पोखरालाई बिउँझाउँछ । यी दुई बालकको कथा कुनै चलचित्रको काल्पनिक पटकथाभन्दा कम मार्मिक र प्रेरणादायी छैन ।

अभिषेक ५ वर्षको हुँदा आमाले छाडेर गइन्, बुबा कामको सिलसिलामा बाहिरै हराए । सुरेन्द्रको अवस्था पनि उस्तै संघर्षपूर्ण थियो । अभिभावकको साथ त थियो, तर गरिबीको चिसोले सधैँ उनीहरूको बाल्यकाललाई थिचिरह्यो । उनीहरूका लागि जीवनको मोड तब फेरियो; जब प्रशिक्षक विनोद कायस्थले यी दुई बालकलाई सेती नदीको जोखिमपूर्ण खोंचमा मृत्युसँग खेल्दै पौडी खेलिरहेको देखे । पानीको बेगसँग जुध्ने उनीहरूको त्यो प्राकृतिक साहसलाई कायस्थले चिने र उनीहरूलाई टेनिस कोर्टको अनुशासनमा बदल्ने साहसिक निर्णय लिए । आज यी दुई बालक प्रशिक्षक कायस्थकै घरमा बसेर प्रशिक्षण मात्र लिइरहेका छैनन्; श्रीलंकाको कोलम्बोमा आयोजित जुनियर डेभिस कप एसिया ओसिनिया यु १६ प्रि-क्वालिफाइङ मा नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय अनुभवसमेत बटुलिसकेका छन् ।

यो दृश्य केवल अभिषेक र सुरेन्द्रको मात्र होइन; पोखरा रंगशालाभित्र हरेक बिहान ५ बजेको चिसो सिरेटोलाई बेवास्ता गर्दै स-साना खुट्टाहरू मैदानतिर दौडिरहेका भेटिन्छन् । कोही फुटबलसँगै कुदिरहेका छन्, कोही करातेको किआई गरिरहेका छन्, त कोही भलिबलको नेटमाथिबाट आफ्नो उज्यालो भविष्य नियालिरहेका छन् । यो केवल खेल अभ्यासको दृश्यमात्र होइन, यो त नेपाली समाजको बदलिँदो सोच, अभिभावकको बढ्दो चेतना र नयाँ पुस्ताको खेलप्रतिको तीव्र भोकको प्रमाण हो ।

बदलिँदो चेतना र नीतिगत रिक्तता

पछिल्लो समय नेपालमा 'खेले बिग्रिन्छन्, पढे सप्रिन्छन्' भन्ने परम्परागत भाष्य तीव्र गतिमा भत्किँदै छ । मोबाइल र डिजिटल ग्याजेटको लतबाट आफ्ना सन्तानलाई बचाउन र उनीहरूको शारीरिक तथा मानसिक विकास सुनिश्चित गर्न अभिभावकहरू आफैं बालबालिकालाई मैदानसम्म डोऱ्याउन थालेका छन् । पोखरा रंगशालामा बढ्दै गएको बालबालिकाको उपस्थिति नेपालका लागि अभूतपूर्व अवसर हो । तर, खेलाडी उत्पादनको यो उत्साहलाई दिगो राष्ट्रिय उपलब्धिमा बदल्न आवश्यक पर्ने न्यूनतम पूर्वाधार, दक्ष प्रशिक्षकको उपलब्धता र दीर्घकालीन खेल नीतिको अवस्था भने अत्यन्तै दयनीय र चिन्ताजनक देखिन्छ । यो आलेखले मैदानमा देखिएको उत्साह र राज्यको उदासीनताबीचको यही भयावह खाडललाई उधिन्ने र समाधानका उपायहरू खोज्ने प्रयास गरेको छ ।

जेन्जी पुस्ता र खेलप्रतिको बदलिँदो आकर्षण

पोखराका सडक र गल्लीहरूमा हिजोआज बालबालिका मोबाइल बोकेर होइन; खेल पोसाकमा सजिएर हिँडेको देखिनु सुखद पक्ष हो । अभिभावकहरू बिहानै ५ नबज्दै आफ्ना छोराछोरीलाई फुटबल बुट, करौंतेको गि वा टेनिस ऱ्याकेट बोकाएर रंगशाला पुऱ्याइरहेका हुन्छन् । यो दृश्यले नेपाली खेलकुदमा नयाँ पुस्ताको रूचिलाई मात्र होइन, अभिभावकको सोचमा आएको आमूल परिवर्तनलाई पनि संकेत गर्छ ।

डिजिटल लतले बालबालिकामा देखिएको एक्लोपन र स्वास्थ्य समस्याका लागि खेलकुद एउटा बलियो ओखती साबित भएको छ । १४ वर्षीया सानी शेरचन यसको ज्वलन्त उदाहरण हुन् । इन्जिनियर बुबा र बैंकर आमाकी छोरी सान्वी ८ वर्षदेखि टेनिसमा छिन् । ६ वर्षको उमेरमा 'समर क्याम्प' बाट सुरू भएको उनको यात्राले श्रीलंकामा सम्पन्न 'यु-१४ एसिया' खेलमा दोस्रो स्थान हासिल गर्ने सफलता दिलायो । उनी भन्छिन्, 'नेपालको नाम उच्च पार्न पाउँदा गर्व लाग्छ, तर यहाँका कोर्टहरूको स्तर र मर्मत सम्भारको अवस्था देख्दा दुःख लाग्छ ।'

१२ वर्षीय आर्यशराज पौडेलको कथा पनि उस्तै प्रेरणादायी छ । उनले श्रीलंका, भियतनाम र मलेसियामा अन्तर्राष्ट्रिय अनुभव बटुलिसकेका छन् । आफ्ना साथीहरू मोबाइलमा व्यस्त हुँदा उनी कोर्टमा पसिना बगाउन रूचाउँछन् । तर, उनी सरकारसँग एउटै माग गर्छन् 'वैदेशिक भ्रमण र प्रशिक्षणमा राज्यले सहयोग गरिदिए हामी अझै राम्रो गर्न सक्छौं ।'

यस्तै, करौंतेका सजन अर्याल, एथ्लेटिक्सकी एन्जल अधिकारी र क्रिकेटका रणिस पौडेलहरूको सामूहिक पीडा एउटै छ; पानी पर्दा ओत लाग्ने इन्डोर हल छैन; रात्रिकालीन अभ्यासका लागि फ्लड लाइट छैन र वैज्ञानिक प्रशिक्षणका लागि आधुनिक उपकरण छैनन् ।

मोबाइल र कोचिङ कक्षाको चार पर्खालमा सीमित मानिने जेन्जी पुस्ता अहिले पोखराका खेल मैदानतर्फ आकर्षित भइरहेको छ । यो डिजिटल लत विरूद्धको एउटा 'मौन सामाजिक क्रान्ति' हो; तर यसलाई राज्यको फितलो पूर्वाधार र पुरातन नीतिले गिज्याइरहेका छन् ।

प्रशिक्षक संकट

बालबालिकाको आकर्षण बढे पनि उनीहरूलाई बाटो देखाउने गुरूहरूको अवस्था भने निकै चुनौतीपूर्ण छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ कास्की अध्यक्ष राजन पौडेलका अनुसार नेपाली खेलकुद अहिले प्रशिक्षक शून्यताको संघारमा छ ।

तथ्यांक अनुसार विगत २५-२६ वर्षदेखि नयाँ प्रशिक्षक नियुक्ति नहुँदा देशभरका करिब ३ सय प्रशिक्षकमध्ये २०८४ सालसम्म २ सयभन्दा बढीले अनिवार्य अवकाश पाउँदै छन् । 'यो भनेको नेपाली खेलकुदको जग नै भत्किनु हो,' पौडेल चिन्ता व्यक्त गर्छन् । पोखराका धेरै प्रशिक्षक अहिले स्वयंसेवकका रूपमा काम गरिरहेका छन् । क्युकोसिन कान करातेका प्रशिक्षक विनोद नेगी भन्छन्, 'प्रशिक्षकहरूले निःस्वार्थ रूपमा प्रतिभा उत्पादन गरिरहेका छन्, तर उनीहरूको जीविकोपार्जन र वृत्तिविकासको कुनै सुनिश्चितता छैन ।'

एथ्लेटिक्स प्रशिक्षक सिद्धान्त अधिकारीको गुनासो छ, 'सरकारले एथ्लेटिक्सलाई केवल स्वास्थ्यका लागि दौडिने माध्यममात्र ठान्यो, यसलाई व्यावसायिक बनाउने कुनै नीति नै छैन ।' भलिबल प्रशिक्षक रमेश केसी र मलिन रोकाका अनुसार राष्ट्रिय खेल भलिबलका प्रतिभाशाली खेलाडीहरू भविष्य नदेखेर विदेश पलायन भइरहेका छन् । प्रशिक्षकहरूको आर्थिक रूपमा सुरक्षा नभएसम्म र उनीहरूको नयाँ पुस्ता उत्पादन गर्ने ढोका नखुलुञ्जेल मैदानमा आएका हजारौं बालबालिकालाई अन्तर्राष्ट्रिय पदकको बाटो देखाउन असम्भव प्रायः छ ।

विद्यालयः खेलाडी उत्पादनको प्राथमिक पाठशाला

खेलाडी उत्पादनको प्राथमिक थलो विद्यालय नै हो । पोखराका केही सरकारी विद्यालयले खेलकुदलाई शिक्षाको अभिन्न हिस्सा बनाउँदै उल्लेखनीय उपलब्धि हाँसिल गरिरहेका छन् । छोरेपाटन माध्यमिक विद्यालय यसको उत्कृष्ट उदाहरण हो । यहाँकी छात्रा नारायणी भण्डारीले पोखरा स्पोर्ट्स अवार्ड २०८२ मा उत्कृष्ट एथ्लेटिक्सको उपाधि जितिन् भने साफ र वर्ल्ड एथ्लेटिक्स च्याम्पियनसिपमा सहभागिता जनाइसकेकी छन् । त्यस्तै, साधना परियारले राष्ट्रिय स्तरको ८ सय मिटर दौडमा स्वर्ण पदक जितेकी छन् ।

तर, निजी विद्यालयहरूको समस्या बेग्लै छ । एनप्याब्सन कास्की अध्यक्ष हेमन्त अधिकारीका अनुसार निजी विद्यालयले आफ्नै खर्चमा प्रशिक्षक राखेर खेलाडी उत्पादन गरे पनि सरकारी रंगशाला प्रयोग गर्दा समेत भारी शुल्क तिर्नुपर्ने बाध्यता छ । विद्यालय तहमा हप्ताको कम्तीमा एक दिन अनिवार्य खेलकुद पिरियड र पाठ्यक्रममै खेल शिक्षा समावेश नगरेसम्म दिगो रूपमा खेलाडी उत्पादन हुन सक्दैन भन्ने निष्कर्षमा पुगेका छन् खेल शिक्षकहरू दिलीप गुरूङ, रोमन थापामगर र भीमबहादुर थापा ।

बजेटको ओरालो यात्रा

बालबालिकाको खेलप्रतिको आकर्षणलाई सरकारी तथ्यांकले पनि पुष्टि गर्छ । पोखरा महानगरपालिका खेलकुद विकास समितिका निर्वतमान सदस्य सचिव सुवास खड्काका अनुसार राष्ट्रपति रनिङ शिल्डमा सहभागी हुने बाल खेलाडीको संख्या २०८१ मा ३२०० रहेकोमा २०८२ मा बढेर ३५०० पुगेको छ । त्यस्तै, विद्यालय सहभागिता ९२ पुगेको छ ।

तर, बजेटको तथ्यांकले भने राज्यको उदासीनताको डरलाग्दो रूप देखाउँछ । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको बजेट प्रत्येक वर्ष करिब १ करोडका दरले घटिरहेको छ । आव ०८०/८१ मा १९ करोड ४९ लाख रहेको बजेट ०८२/८३ मा झरेर १७ करोड ८८ लाखमा पुगेको छ । त्यस्तै, प्रदेश खेलकुद परिषद् गण्डकीको बजेट पनि आ.व. ०७९/८० मा १२ करोड २१ लाख रहेकोमा ०८२/८३ मा घटेर १० करोड ९ लाखमा खुम्चिएको छ ।

सहभागिताका हिसाबले सफल म्याराथनमा २०८१ मा २७६५ बालबालिका दौडिएका थिए, तर २०८२ मा यो संख्या केही घट्यो । नेपाल भूतपूर्व खेलाडी मञ्चका होम गुरूङका अनुसार दर्ता शुल्क वृद्धि र सामाजिक अस्थिरताले बालबालिकाको मैदानसम्मको पहुँचमा तगारो हाल्ने गरेको छ । खेलाडीको संख्या बढ्ने तर राज्यको लगानी र प्राथमिकता घट्ने यो प्रवृत्तिले नेपाली खेलकुदलाई कता पुऱ्याउँला ।

नेपालमा २०८४ सालसम्म मौजुदा प्रशिक्षकमध्ये झण्डै ७० प्रतिशतले अवकाश पाउँदै छन् । नयाँ नियुक्ति नहुँदा सिर्जना हुने यो रिक्तताले मैदानमा आएका हजारौँ बालबालिकालाई गुरूविहीन बनाउने गम्भीर खतरा छ ।

खेलकुदलाई विज्ञान र व्यवस्थापनको रूपमा बुझ्नुपर्ने खाँचो

गण्डकी विश्वविद्यालयका खेलकुद विभाग प्रमुख डा. मधुसुदन सुवेदी खेलकुदलाई केवल मनोरञ्जन होइन; विज्ञान र व्यवस्थापनका रूपमा बुझ्नुपर्नेमा जोड दिन्छन् । उनका अनुसार खेलकुदले सेरोटोनिन उत्पादनमार्फत् बालबालिकाको मानसिक स्वास्थ्य सुधार गर्छ र उनीहरूको मोटर स्किल्स विकास गर्छ ।

'नेपाली खेलकुदको मुख्य समस्या भनेकै खेलाडीको पोस्ट प्लेइङ करियर सुनिश्चित नहुनु हो,' डा. सुवेदी भन्छन् । उनका अनुसार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को संरचनामा विज्ञभन्दा राजनीतिक नियुक्तिको प्रभाव बढी हुँदा निर्णय प्रक्रिया कमजोर बनेको छ । उनी थप्छन्, 'खेलाडी पहिचानका लागि एन्थ्रोपोमेट्रिक टेस्ट शारीरिक बनावट परीक्षण र ग्रासरूटदेखि नै डिजिटल डाटाबेस निर्माण गर्न सकेमात्र हामीले सही प्रतिभालाई सही खेलमा लगाउन सक्छौं ।' गण्डकी विश्वविद्यालयले सुरू गरेको स्पोर्ट्स म्यानेजमेन्ट अध्ययनले यो अभावलाई केही हदसम्म पूर्ति गर्ने आशा जगाएको छ ।

खेलकुद लगानी कि खर्च ?

पोखरा रंगशालामा प्रशिक्षण लिइरहेका बालबालिकाका अभिभावकहरू दीपक कुवँर र छविलाल पौडेलका अनुसार खेलकुदमा लागेपछि बालबालिकाको आत्मविश्वास, अनुशासन र सामूहिक भावनामा निकै सुधार आएको छ । 'बालबालिकालाई मोबाइलमा सीमित राख्नुभन्दा मैदानमा ल्याउनु निकै राम्रो हो,' उनीहरू भन्छन् । तर, उनीहरूको एउटै चिन्ता छ के मेरो बच्चाले खेललाई नै पेसा बनाएर नेपालमा बाँच्न सक्छ ? सरकारले गुणस्तरीय प्रशिक्षण, निष्पक्ष खेलाडी छनोट र खेललाई सुरक्षित पेसाका रूपमा विकास नगरेसम्म अभिभावकको यो उत्साह धेरै समय टिक्न सक्दैन । खेलकुद खर्च होइन, यो हाम्रा सन्तानको भविष्यका लागि गरिएको लगानी हो भन्ने बुझाइ आम अभिभावकमा पुग्नु जरूरी छ ।

मन्त्रालयको तथ्यांकले खेलकुद बजेट बर्सेनि ५ देखि १० प्रतिशतले घटिरहेको देखाउँछ । खेल मैदानमा बालबालिकाको भीड बढ्दै गर्दा राज्यको लगानी ओरालो लाग्नुले 'खेलाडी राष्ट्रको सम्पत्ति' भन्ने नारालाई नै व्यंग्य गरिरहेको छ ।

अवसर र बेवास्ताको चपेटामा साना पाइला

पोखराका खेल मैदानहरू अहिले बालबालिकाको पसिना र उत्साहले भरिएका छन् । सडक र रंगशालामा दौडिरहेका यी साना पाइलाहरूले राष्ट्रिय पहिचान र अन्तर्राष्ट्रिय पदकको सपना देखिरहेका छन् । यो नेपालका लागि एउटा दुर्लभ सुनौलो पुस्ता उत्पादन गर्ने समय हो । खेलकुदले बालबालिकालाई अनुशासन, स्वास्थ्य र सकारात्मक जीवनशैलीतर्फ अघि बढाइरहेको छ ।

तर, मैदानमा देखिएको यो मुस्कानलाई दिगो राष्ट्रिय उपलब्धिमा बदल्न राज्यले उदासीनता त्याग्नैपर्छ । राजनीतिक नियुक्ति, बजेट कटौती र पूर्वाधारको अभावले यी प्रतिभालाई थिच्नु हुँदैन । यदि हामीले आजै वैज्ञानिक प्रशिक्षण, दक्ष प्रशिक्षकको नयाँ नियुक्ति र खेलपछिको करियरको सुनिश्चितता गर्न सकेनौं भने, भोलि हामीसँग खेलाडी नभएको खेलकुद क्षेत्र र पछुताउनुपर्ने राज्य' मात्र बाँकी रहनेछ । सडकका यी साना पाइलालाई सही मार्ग र मैदान दिनु अनिवार्य आवश्यकता हो । मैदान भरिँदै छन्, अब पालो राज्यको नीति र नियत भरिने हो । खेलकुदलाई केवल मनोरञ्जन होइन; राष्ट्रिय गौरव र समृद्धिको आधार बनाउन ढिला भइसकेको छ ।

◆◆◆

चिमखोलाको पहिचान र म्याग्दीको गौरव थाली नाच

कमल खत्री

> **चिमखोलाबाट सुरु भएर देश, विदेश फैलिएको थाली नाचलाई सांस्कृतिक सम्पदामा अभिलेखीकरण गर्न स्थानीय लागिपरेका छन् ।**

म्याग्दी ।

दुवै हातका पन्जामा चम्किला थाली । गीतको लयसँगै शरीर छमछमी नाचिरहेको छ । थाल भने कतै नखस्ने गरी निरन्तर घुमिरहेछन् । उमेरले सात दशक पार गरिसकेकी हिरामाया पुन श्रीषलाई यसरी थाली घुमाउँदै नाचिरहेको देख्दा दर्शक अझै पनि मन्त्रमुग्ध बन्छन् । अहिले धेरै कलाकारको रूचि र दर्शकको आकर्षण बन्ने गरेको थाली नाचको यो यात्रा भने उनै हिरामायाले पँधेरोमा थाली खेलाउने रहरबाट सुरू भएको थियो ।

म्याग्दीको रघुगंगा गाउँपालिका-७, चिमखोलाकी हिरामाया किशोरी उमेरमा पँधेरोमा थाल धोएर घर फर्किने क्रममा हातमा थाल घुमाउने गर्थिन् । सुरूमा रमाइलो र खेलकै रूपमा थालेको त्यो अभ्यास विस्तारै अनौठो कला बन्यो । पछि गाउँका अग्रजहरूले उनलाई लोकभाकाको गीतमा थाल घुमाउँदै नाच्न लगाए । त्यही अभ्यासले जन्म दियो आज चिमखोलाको पहिचान र म्याग्दीको गौरव बनेको थाली नाचलाई ।

'धारामा थाल धोएर घर फर्किने क्रममा थाल हातमै घुमाउँदै हिँड्थैं, सुरूमा एउटा हातमा मात्रै थाल नचाउँथैं, तर निरन्तर अभ्यासले दुवै हातमा एकैसाथ थाल घुमाउन सिकें,' उनले भनिन्, 'त्यसलाई देखेर गाउँका अग्रजहरूले गीतको भाकामा थाल नचाउन लगाए । नाचप्रति रूचि भएकाले मैले नृत्यसँगै थाललाई पनि लयबद्ध रूपमा नचाउन थालेकी हुँ ।'

गीत, लय र नृत्यसँगै दुवै हातमा थाल सन्तुलनमा राखेर घुमाउनुपर्ने भएकाले थाली नाच अन्य लोकनृत्यभन्दा फरक र आकर्षक मानिन्छ । चिमखोलाको एउटा गाउँबाट सुरू भएको यो कला आज जिल्लाकै सांस्कृतिक चिनारीका रूपमा स्थापित भइसकेको छ । राष्ट्रिय मञ्चदेखि अन्तर्राष्ट्रिय कार्यक्रममा समेत थाली नाचले अलग पहिचान बनाएको छ ।

चिमखोलाबाट सुरू भएको थाली नाच अहिले म्याग्दीको मात्र होइन; नेपालकै विशिष्ट लोकनृत्यका रूपमा स्थापित भएको छ । यसको उत्पत्ति, संरक्षण, पुस्तान्तरण र विश्वव्यापी विस्तारको कथा केवल एउटा नृत्यको कथा होइन; समुदायको सांस्कृतिक पहिचान जोगाउने संघर्ष र समर्पणको गाथा पनि हो ।

विसं २००८ सालमा चिमखोलामा जन्मिएकी हिरामायाका अनुसार त्यो समय महिलालाई सार्वजनिक रूपमा नाचगानमा सहभागी हुन परिवारको सहज स्वीकृति हुँदैनथ्यो । त्यसैले बुबाआमा घरमा नभएको बेला उनले थाली नचाउने अभ्यास गर्थिन् । पछि हरेलो, दसैँ, तिहार, भूमे पूजा तथा विभिन्न मेला-पर्वहरूमा उनले थाली नाच प्रस्तुत गर्न थालिन् । त्यही कला विस्तारै गाउँको पहिचान बन्दै गयो ।

सुरूवाती समयमा कलाकारहरूले 'चरेसको थाल' भनेर चिनिने परम्परागत थाल नचाउने गर्थे । चरेसको थाल गह्रौं हुने भएकाले सन्तुलन मिलाउन सजिलो हुन्थ्यो । समयक्रमसँगै त्यसको स्थान अहिले स्टिलका थालले लिएका छन् । थालको स्वरूप परिवर्तन भए पनि यसले बोकेको सांस्कृतिक महत्त्व भने उस्तै छ । चिमखोलाका पाखा, पखेरामा गुञ्जिने लोकभाकाहरूमा जब थालीको झन्झनाहट मिसिन्छ; तब त्यहाँको वातावरण नै उत्सवमय बन्ने गर्छ ।

एकल थाली नाचमा हिरामायाको ऐतिहासिक यात्रा

करिब छ दशकअघि सुरू भएको अनौठो थाली नाचको जीवित इतिहासका रूपमा हिरामाया पुन श्रीष परिचित छिन् । पुनले विसं २०३० को दशकसम्म तत्कालीन समयमा गाउँ, जिल्ला, अञ्चल, क्षेत्र हुँदै राष्ट्रिय स्तरसम्म पुगेर थाली नाच देखाएकी थिइन् । विसं २०२२ सालमा तत्कालीन मुस्ताङ जिल्लाको अस्थायी सदरमुकाम दानामा आयोजित सांस्कृतिक कार्यक्रममा पुनले १४ वर्षको उमेरमा नै थाली नाच प्रस्तुत गरेकी थिइन् । त्यस बेला एउटी सानी बालिकाले हातमा थाल घुमाउँदै नाचेको देख्दा धेरैले आश्चर्य मानेका थिए ।

विसं २०२५ सालमा राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा काठमाडौंमा पहिलो पटक पुनले राष्ट्रिय स्तरमा थाली नाच देखाएकी थिइन् । 'चिमखोला त्यो समयमा तत्कालीन मुस्ताङ जिल्लामा समेटिएको थियो । 'लोकनृत्यको लागि धौलागिरी अञ्चलबाट प्रतिनिधित्व गर्दै मैले थाली नाच देखाएँ, धेरैले मेरो नाचलाई अनौठो मानेका थिए । दुवै हातमा थाल नचाउँदै नाच्ने भएकाले मलाई चिनियाँ केटी भनेर पुरस्कार दिन अस्वीकार गरियो,' पुनले भनिन् ।

विभिन्न जिल्ला र अञ्चलबाट लोकनृत्य लिएर समूहहरू आए पनि उनले थाली नाचमा देखाएको कौशल धेरैका लागि नयाँ विषय थियो । विसं २०३० सालमा तत्कालीन बडामहारानीको जन्मोत्सवमा काठमाडौंको महिला प्रशिक्षण केन्द्रमा भएको लोक नृत्य प्रतियोगितामा पुनले थाली नाच प्रस्तुत गरी दोस्रो भएर पदक र प्रमाणपत्रसहित पुरस्कृत भएकी थिइन् । यो पुरस्कारले उनलाई मात्र होइन; सिंगो म्याग्दी र चिमखोलालाई नै राष्ट्रिय स्तरमा चिनाउने ढोका खोलिदियो । हिरामायाको यो साधनाले नै आज थाली नाचलाई उचाइमा पुऱ्याएको हो ।

समूहमा थाली नाचको रूपान्तरण

हिरामायाले एकल रूपमा देखाउने गरेको थाली नाचलाई समूहमा नचाउने र राष्ट्रिय स्तरमा स्थापित गराउने काममा चिमखोलाकै अग्रज कलाकार धनकुमारी थापाले नेतृत्व गरिन् । पुनको एकल कलाबाट प्रभावित बनेर थापाले पनि थाली नाच सिकेकी थिइन् । 'चाडपर्वको बेला हिरामायाले दुवै हातमा थाल राखेर नाचेको देखेपछि हामी ताली बजाएर हेर्थ्यौं; उनको नाच हेर्दाहेर्दै मैले पनि हातमा थाल राखेर नाच्न जान्ने भएकी हुँ,' थापाले भनिन् ।

गाउँमा केही समय थाली नाच हराएर जाने अवस्थामा पुगेपछि थापाकै अग्रसरतामा सामूहिक रूपमा नाच सिकाउन सुरू गरियो । विसं २०३५ सालमा बेनीमा भएको लोकनृत्य प्रतियोगितामा थापाकै नेतृत्वमा चिमखोलाबाट आएको समूहले पहिलो पटक सामूहिक थाली नाच प्रदर्शन गऱ्यो । विसं २०४२ सालमा वीरगञ्जमा भएको तेस्रो राष्ट्रिय लोक नृत्य प्रतियोगितामा तत्कालीन धौलागिरी अञ्चलको प्रतिनिधित्व गर्दै थापाको नेतृत्वमा गएको समूह प्रथम हुन सफल भयो ।

यसै प्रतियोगिताको माध्यमबाट 'नेपालमा बनेको थाल, हातैमा नचाउँला झलल' बोलको रचना गरी समूहमा तालिम दिएर पहिलो पटक थाली नाचलाई राष्ट्रियस्तरमा चिनाउन सफल भएको थापा स्मरण गर्छिन् । म्याग्दीको गाउँबाट सुरू गरिएको थाली नाचले चर्चा पाएपछि विसं २०४४ मा काठमाडौंमा भएको सार्क सम्मेलनमा समेत म्याग्दीबाट थापाको नेतृत्वमा गएको टोलीले मौलिक भाकामा थाली नाच देखायो । उक्त समयमा तत्कालीन राजपरिवारका सदस्यहरूलाई समेत थाली नाच देखाइएको थियो । कार्यक्रमपछि थाली नाच अन्तर्राष्ट्रियकरण हुन सफल भयो ।

विसं २०५३ सालमा तत्कालीन राजा वीरेन्द्र शाहको पश्चिमाञ्चल भ्रमणका क्रममा समेत पोखरामा म्याग्दीबाट थाली नाच झिकाएर देखाइएको थियो । 'म आफैंले गीतको रचना गरी थाली नाचलाई राष्ट्रिय स्तरमा परिचित गराउने अभियानमा लामो समय काम गरेकी हुँ, विसं २०६२ सालमा राधा पुनको स्वरमा गीतको रेकर्ड पनि गऱ्यौं,' थापाले भनिन् । लामो समयसम्म काठमाडौं लगायतका क्षेत्रमा जमुना गर्बुजाले समेत थाली नाचलाई चिनाउँदै आएकी छिन् । थापासँग प्रशिक्षण लिएर विसं २०४२ सालदेखि नै गर्बुजाले थाली नाचलाई निरन्तर राष्ट्रिय स्तरमा देखाउँदै आएकी छिन् । उनले ऐश्वर्य सांस्कृतिक शिल्ड लगायतका गोष्ठीहरूमा समेत थाली नाच प्रस्तुत गरिन् ।

इतिहास खोजी

चिमखोला गाउँ पञ्चायतका तत्कालीन सचिवसमेत रहेका प्रेमबहादुर पुनद्वारा लिखित 'चिमखोला गाउँको इतिहास र परिचय' पुस्तकमा भारतीय सेनाबाट अवकाशप्राप्त हवलदार स्थानीय थमन पुनले विसं २०१३ सालमा गाउँमा थाली र खुकुरी नाच देखाएको उल्लेख छ । हिरामाया भने आफूले बाल्यकालमा थालीसँग खेल्ने क्रममा यो कला सिकेको बताउँछिन् ।

हवलदार पुनले बिदामा गाउँ आएको समयमा अनौठा नाचहरू देखाउने क्रममा पहिलो पटक गाउँमा थाली नाच देखाएको र पछि हिरामायाले यसलाई व्यापक बनाएको रघुगंगा गाउँपालिका-७, चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजाले बताए । 'थाली नाच चिमखोलाको पहिचान हो, यसले गाउँलाई देश तथा विदेशमा चिनाएको छ,' वडाध्यक्ष पाइजाले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा थाली नाचको उत्पत्ति र उद्गमथलो चिमखोला भएकाले यसलाई सांस्कृतिक सम्पदामा दर्ता अभिलेख गराउने जमर्को गरिएको चिमखोलाका युवा गणेश पुनले बताए । दर्ताका लागि आवश्यक पुराना तस्बिर, भिडियो र अडियो लगायतका तथ्य सामग्रीको संकलन भइरहेको छ । थाली नाचको मुख्य विशेषता भनेको थाललाई सन्तुलनमा राख्दै लयबद्ध रूपमा नृत्य गर्नु हो । यसमा नृत्य गर्नेको कला, एकाग्रता र शारीरिक सन्तुलनको उत्कृष्ट प्रदर्शन देख्न पाइन्छ ।

पुस्तान्तरण र प्रदेश सरकारको सहयोग

रघुगंगा गाउँपालिका-१, बेगकी टीका पुर्जा पुनको थाली नाच सिक्ने रहर गण्डकी प्रदेश सरकारले पूरा गरिदियो । परम्परागत संस्कृतिमा रूचि राख्ने पुनले दुई वर्षअघि तत्कालीन सामाजिक विकास कार्यालय म्याग्दीको आर्थिक सहयोगमा नेपाल मगर संघले सञ्चालन गरेको प्रशिक्षणमा सहभागी भएर यो कला सिकेकी हुन् । उनले अहिले विभिन्न महोत्सवमा आफ्नो कला देखाउने गरेकी छन् ।

'थाली नाच हाम्रो आफ्नै ठाउँबाट सुरू भएको मौलिक संस्कृति हो, तालिमले मलाई यो कला सिक्ने मौका दियो,' उनले भनिन् । एक सातासम्म सञ्चालन भएको थाली नाच तालिमबाट ३२ जनाले सीप सिके । तालिममा सिकेका अधिकांशले विभिन्न अवसरमा थाली नाच देखाउने गरेको नेपाल मगर संघ म्याग्दी अध्यक्ष खम थापामगरले बताए । गण्डकी प्रदेश सरकारले म्याग्दीमा रहेका मगर, छन्त्याल लगायतका आदिवासी जनजाति समुदायको मौलिक कला, संरक्षणका लागि यस्ता तालिम प्रदान गर्दै आएको छ ।

एकीकृत सेवा कार्यालय म्याग्दीका प्रमुख सम्शेर घर्ती क्षेत्रीका अनुसार ज्येष्ठ नागरिकमा रहेका ज्ञान र सीप नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । म्याग्दी जेसीजले विसं २०८१ भदौमा विद्यालय तहमा समेत थाली नाच प्रतियोगिता गऱ्यो । १० विद्यालयले सहभागिता जनाएको उक्त प्रतियोगितापछि विद्यालय तहका विद्यार्थीमा यो नाचप्रति अभिरूचि बढेको छ ।

प्रवासमा लोकप्रिय बन्दै थाली नाच

चिमखोलाबाट सुरू भएको थाली नाच अहिले विदेशमा रहेका नेपाली समुदायमा समेत लोकप्रिय छ । म्याग्दी प्रवासी नेपाली संघ (मोना) मार्फत् आयोजित कार्यक्रमहरूमा यो नाच अनिवार्य जस्तै बनेको छ । हङकङमा सन् २०१५ मा पहिलो पटक चिमखोलाकी मनु पुनले थाली नाच देखाएकी थिइन् । त्यसपछि मोना र अन्य संघ, संस्थाका कार्यक्रममा पुनको नेतृत्वमा सामूहिक थाली नाच देखाउन थालियो ।

'विदेशमा बस्ने म्याग्देलीहरूले आफ्ना बालबच्चालाई पनि थाली नाच लगायतका मौलिक संस्कृति सिकाउन थालेका छन्,' उनले भनिन् । म्याग्देली पुगेका ३० भन्दा बढी मुलुकमा थाली नाच प्रदर्शन हुने गरेको छ । मोना अन्तर्राष्ट्रिय कार्यसमितिका महासचिव सुवास राम्जालीका अनुसार प्रवासमा आयोजना हुने वार्षिकोत्सव र सांस्कृतिक कार्यक्रममा थाली नाच प्राथमिकतामा पर्छ । विदेशी नागरिकले समेत यो नाचलाई चासो दिएर अवलोकन गर्ने गरेका छन् ।

मेला, महोत्सवको आकर्षण र गौरव

चिमखोला गाउँबाट सुरू भएको थाली नाचलाई प्रचारप्रसार गर्न जिल्लाका मेला, महोत्सवहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । मगर समुदायको मौलिक पोसाक रातो चोली, कम्मरमा पहेंलो पटुकी, गलामा पहेंलो पोते, सेतो भांग्रा र गुन्युमा सजिएका कलाकारले सामूहिक नृत्य देखाउँदा दर्शक मोहित हुन्छन् ।

बेनीमा आयोजना हुने सभा, समारोहहरूमा पछिल्लो समय २० देखि २५ जना महिला कलाकारले सामूहिक रूपमा थाली नाच देखाउने गर्छन् । नेपाल मगर संघ म्याग्दीले आगामी माघे संक्रान्तिको अवसरमा आयोजना गर्ने मगर सांस्कृतिक महोत्सवमा १०० जनालाई सहभागी गराएर थाली नाच प्रस्तुत गर्ने तयारी गरेको छ । यसका लागि तालिम र प्रशिक्षणको योजना बनाइएको संघका अध्यक्ष थापाले बताए ।

चिमखोलाः सांस्कृतिक गाउँको घोषणा

रघुगंगा गाउँपालिकाले चिमखोलालाई 'सांस्कृतिक क्षेत्र' घोषणा गरेको छ । थाली नाचसँगै पुर्ख्यौली मौलिक कलामा धनी भएकाले यसको संरक्षणका लागि सांस्कृतिक गाउँ घोषणा गरिएको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बताए । गलेश्वरदेखि धवलागिरी आइसफलसम्मको पदमार्गलाई पर्यटकीय र चिमखोलालाई सांस्कृतिक क्षेत्र घोषणा गरेर स्थानीय सरकारले संस्कृतिको जगेर्नामा जोड दिएको छ । चिमखोलामा थाली नाचका साथै भूमे पूजा, मण्डली बजैको थान, सेदो भाका र यानीमाया जस्ता पुराना सांस्कृतिक धरोहर जीवन्त छन् ।

मौलिकता जोगाउन चुनौती

समयसँगै थाली नाचको प्रस्तुतिमा पनि परिवर्तन देखिन थालेको छ । अचेल यो नाच आधुनिक लोकगीत, दोहोरी र पञ्चेबाजाको तालमा समेत प्रस्तुत हुन थालेको छ । अग्रज कलाकार जमुना गर्बुजाका अनुसार नयाँपनका नाममा मौलिक शैली ओझेलमा पर्ने जोखिम छ । 'थाली कसरी घुमाउने र गीतको लयमा कसरी ताल मिलाउने भन्ने कुरामा अहिलेको पुस्ताले पहिले जस्तो ध्यान दिएको पाइँदैन', उनले भनिन् ।

संस्कृति पुस्तान्तरण गर्दा त्यसको मूल आत्मा जोगाउनु महत्त्वपूर्ण हुने बेनीकी थाली नाच प्रशिक्षक खिमा पुर्जा बताउँछिन् । 'हातमा थाल घुमाउनुमात्रै ठूलो कुरा होइन; थाल र नाचको ताललाई गीतको भाव अनुसार नचाउन सक्नुपर्छ,' उनले भनिन् । पहिले महिलाले मात्र देखाउने यो नाचमा अचेल पुरूष कलाकार पनि सक्रिय हुन थालेका छन् । यसले गर्दा यो कलाको विस्तारमा मद्दत पुगेको छ ।

चिमखोलाको आँगनबाट सुरू भएको थाली नाच आज विश्वका ठूला रङ्गमञ्चहरूमा गर्वका साथ प्रदर्शन भइरहेको छ । समयसँगै थाली र गीतका भाका फेरिए पनि यसले बोकेको चिमखोलाको पहिचान भने अझै उस्तै छ । हिरामायाले पँधेरोमा थालेको त्यो सानो अभ्यास आज म्याग्दीकै चम्किलो सांस्कृतिक गहना बनेको छ । यसको मौलिकता जोगाउन नयाँ पुस्ताको सक्रियता र पुरानाको अनुभवलाई जोड्नु आवश्यकता छ ।

◆◆◆

हनुमान नाच
तीन शताब्दीको सांस्कृतिक धरोहर

खेमराज गौतम

> तीन सय वर्षअघि हाम्रा पुर्खाले लट्ठी र मादलको तालमा जुन विरासत बागलुङको नारायणचोकमा सुम्पेका छन् ।

नारायणचोकको त्यो अलौकिक साँझ

साँझ पर्ने लाग्दा बागलुङ बजारको नारायणचोकमा अर्कै रौनक छाउँछ । मादल र झ्यालीको ताल जति जति तीव्र बन्छ; रातो पोसाकमा सजिएका १३ जोडी अर्थात् २६ युवाको शरीरमा एउटा अलौकिक कम्पन सुरू हुन्छ । शरीरभरि सिन्दुरे रङ, शिरमा 'श्रीराम' लेखिएको रातो पट्टी, र कम्मरमा बाँधिएको चार फिट लामो पुच्छर ।

जब यी हनुमानहरूले हातका लट्ठीहरू एकसाथ भुइँमा ठोक्छन्, सिंगो बागलुङ बजार तीन सय वर्ष पुरानो इतिहासमा फर्किएझैं लाग्छ ।

नाचको बीचैमा अचानक केही कलाकारको भावभंगी परिवर्तन हुन्छ । उनीहरू नियन्त्रणबाहिर गएर उफ्रन थाल्छन् । दर्शकमुखामुख गर्छन्, 'हनुमानमा वीर उत्रियो !' यो कुनै साधारण नृत्यमात्र होइन, यो त आस्था, शक्ति र प्राचीन इतिहासको यस्तो फ्युजन हो । जसले बागलुङलाई नेपालको सांस्कृतिक नक्सामा एउटा विशिष्ट पहिचान दिएको छ । भक्तपुरबाट सुरू भई पहाडी जिल्ला बागलुङमा ओर्लिएको यो हनुमान नाच तीन शताब्दीदेखि कसरी जीवित छ ? यसको गर्भभित्र लुकेका संघर्ष र पुस्तान्तरणको कथा आफैंमा जीवन्त इतिहास हो ।

भक्तपुरदेखि बागलुङसम्मको तीन सय वर्षे सेतु

मल्लकालीन समयमा भक्तपुरबाट सुरू भएको मानिने 'हनुमान नाच' अहिले भक्तपुरमै हराउन लागिसकेको छ । तर, व्यापारको सिलसिलामा बागलुङ झरेका नेवार समुदायले यसलाई आफ्नो मुटुको धड्कन बनाएर जोगाएका छन् । रामायणको कथा, हनुमानको वीरता र मल्लकालीन वैभवलाई एउटै सूत्रमा उनेको यो नाच बागलुङमा मात्र किन यति व्यवस्थित छ ? धार्मिक आस्था, सांस्कृतिक पहिचान र पुस्तान्तरणको कठिन चुनौतीबीच तीन सय वर्ष पुरानो यो परम्परा कसरी जोगिएको छ भन्ने खोजी यो आलेखले गर्छ ।

यो केवल एउटा नाचको कथा होइन; यो त एउटा समुदायले आफ्नो जरा जोगाउन गरेको तीन शताब्दी लामो संघर्षको दस्तावेज हो ।

ऐतिहासिक लिखतः १८ रुपैयाँ ५० पैसाको त्यो हिसाब

हनुमान नाचको प्राचीनताबारे मौखिक दाबी धेरै भए पनि यसको लिखित प्रमाण खोज्ने काम बागलुङका प्रज्ञा प्रेम छोटाले गर्नुभएको छ । उहाँको अनुसन्धान अनुसार, वि.सं. १७६८ तिर भक्तपुरबाट नेवार समुदाय व्यापारका लागि बागलुङ आएको हो । त्यति बेलै उनीहरूले आफ्ना कुल देवता र संस्कृतिसँगै हनुमान नाच पनि सँगै ल्याएका हुन् ।

छोटाले आफ्नो पुस्तक 'हनुमान नाच बागलुङको सांस्कृतिक पहिचान' मा वि.सं. १९३३ देखि १९४२ सम्मको एउटा लिखत फेला पार्नुभएको छ । जसमा हनुमान नाचका लागि १८ रूपैयाँ ५० पैसा आम्दानी र १८ रूपैयाँ २५ पैसा खर्च भई २५ पैसा बचत भएको उल्लेख छ । छोटा भन्नुहुन्छ, 'म अहिले ८२ वर्षको भएँ, मैले वि.सं. २०२१ सालमा आफैँ हनुमान नाच नाचेको थिएँ । यो नाचको शास्त्रीय विधि र १० वटा तालको छन्द बागलुङमा जस्तो अन्त कतै भेटिँदैन ।' यसले के पुष्टि गर्छ भने, बागलुङको हनुमान नाच केवल मनोरञ्जन होइन; यो त प्रामाणिक ऐतिहासिक सम्पदा हो । वि.सं १९३३ भन्दा अघिको लिखित दस्तावेज फेला नपरे पनि यो परम्परा त्योभन्दा धेरै पुरानो भएको उहाँको दाबी छ ।

वि.सं. १९३३ को एउटा पुरानो लिखतमा हनुमान नाच सञ्चालन गर्न १८ रूपैयाँ ५० पैसा खर्च भएको विवरण भेटिएको छ । तीन शताब्दी पुरानो यो परम्परा अहिले १५ देखि २० लाख रूपैयाँ खर्च हुने भव्य र चुनौतीपूर्ण सांस्कृतिक उत्सवमा रूपान्तरण भइसकेको छ ।

रामायणको गाथा र हनुमानको वीरताको उदय

हनुमान नाचको उदय पौराणिक ग्रन्थ रामायणको कथासँग जोडिएको छ । भगवान् रामकी पत्नी सीतालाई रावणले हरण गरी लङ्का पुऱ्याउँदा हनुमानले देखाएको वीरता र पराक्रमको खुसीयालीमा यो नाच नाच्ने गरिन्छ । विशेष गरी, लक्ष्मण मूर्छित हुँदा हनुमानले सञ्जीवनी बुटीका लागि सिंगो द्रोणाचल पर्वत नै उचालेर ल्याएको र लक्ष्मणको ज्यान बचाएको खुसीयालीमा यो नाचको परिकल्पना गरिएको विश्वास गरिन्छ ।

धार्मिक मान्यता अनुसार, हनुमान नाच देखाउनाले सहरमा अनिकाल नपर्ने, महामारी नफैलिने र दैवी विपत्तिबाट जोगिने जनविश्वास छ । नेवार समुदायमा हनुमानलाई शक्तिको प्रतीक मानिन्छ; त्यसैले यो नाच नाच्दा कलाकार र वाद्यवादक दुवैले कडा अनुशासन र शुद्धता पालना गर्नुपर्ने हुन्छ । हनुमानको भेष धारण गरेका युवाको एक हुल साँझपख बागलुङ बजारका गल्ली र चोकमा एकसाथ देखिँदा वातावरण नै भक्तिमय बन्छ ।

हनुमान नाचका १० ताल, संगीत र नृत्यको व्याकरण

बागलुङको हनुमान नाचको सबैभन्दा बलियो पक्ष यसको 'ताल' हो । अनुसन्धाता ईश्वर मेलेपतीका अनुसार यो नाच १० वटा फरक-फरक तालमा नाचिन्छ । प्रत्येक तालको आफ्नै स्वर, धुन र नाचको गति हुन्छ । कलाकारहरूले करिब २ इन्चको मोटाइ भएको १.५ फिट लामो गोलो आकारको डण्डीको एक छेउको टुप्पा भुईँमा टेकाई अर्को छेउमा आफ्नो दुवै हातले टेकी घोप्टो अवस्थामा अनुशासित ढङ्गबाट अखेडा बसेर तालमा नाच्न सुरू गर्छन् ।

१. सलामी तालः नाचको सुरूमा दर्शक र देवतालाई अभिवादन गर्ने ताल ।

२. छ ताल र आठ तालः नाचको गति बढाउने तालहरू ।

३. १२ ताल र १६ तालः यी तालहरूमा हनुमानको उफ्रने शैली र लट्ठी ठोक्ने कला निकै जटिल हुन्छ ।

४. घेरा हाल्ने तालः सबै हनुमान गोलाकार घेरामा बसेर नाच्ने ।

५. चौबिस तालः यो सबैभन्दा लामो र कठिन ताल मानिन्छ ।

६. भजन तालः धार्मिक भावमा नाचिन्छ ।

७. प्रस्थान तालः नाच समापन गरी फर्कने बेलाको ताल ।

यसरी १० वटा छन्दमा बाँधिएको यो नाचलाई पूर्णता दिन कलाकारले महिनौँसम्म कठिन तालिम लिनुपर्ने हुन्छ । बागलुङका नेवार समुदायले यो नाचको छन्दलाई जसरी जोगाएका छन्; त्यो अन्त कतै पनि भेटिँदैन ।

'वीर' चढ्ने रहस्य र पुजारीको भूमिका

हनुमान नाचको सबैभन्दा रोमाञ्चक र आश्चर्यजनक पक्ष 'वीर' चढ्नु हो । नाचका क्रममा कतिपय कलाकारको शरीरमा अचानक कम्पन पैदा हुन्छ । उनीहरू अचेत झैँ बनेर उफ्रन थाल्छन् । स्थानीय विश्वास अनुसार, जब पूजा विधिमा केही कमी हुन्छ वा नाचको शुद्धतामा आँच आउँछ, तब हनुमान 'प्रसन्न' वा 'क्रोधित' भएर वीरको रूपमा प्रकट हुन्छन् ।

यो स्थिति नियन्त्रण गर्न पुजारी बद्री श्रेष्ठको भूमिका महत्त्वपूर्ण हुन्छ । उनी वीर चढेका हनुमानलाई धूप सुँघाउँछन् र मन्त्रोच्चारण गर्छन् । श्रेष्ठ भन्छन्, 'वीर चढेको हनुमानलाई दुई-तीन जना बलिया युवाले पनि समाउन सक्दैनन् । जब म धूप सुँघाउँछु, उनीहरूको शरीरको कम्पन विस्तारै शान्त हुन्छ ।'

यो दृश्य हेर्न हजारौँको भीड लाग्ने गर्छ । यो वैज्ञानिक दृष्टिले मनोवैज्ञानिक प्रभाव हुन सक्ला, तर बागलुङबासीका लागि यो साक्षात दैवी शक्तिको प्रमाण हो । सुशान्त मलेपतीका अनुसार, ताल मेल नखाँदा वा जुठो-सुत्केरो परेको कलाकार नाच्दा यस्तो कम्पन पैदा हुने गर्दछ ।

पुस्तान्तरणको कथा तीन पुस्ताको एउटै आँगन

हनुमान नाचको संरक्षणमा पुस्तान्तरणको एउटा सुन्दर पाटो छ । १८ वर्षीय सक्षम श्रेष्ठ यसको उदाहरण हुन् । उनका हजुरबुबा नरबहादुर श्रेष्ठ र बुबा विविन्द्र श्रेष्ठ दुवै हनुमान नाचका कुशल कलाकार थिए । अहिले सक्षम आफैँ हनुमान बनेर मैदानमा उत्रिएका छन् ।

सक्षम भन्छन्, 'हाम्रो परिवारको तीनै पुस्तालाई वीर चढ्छ । यो हाम्रो रगतमै छ । हजुरबुबा र बुबाले नाचेको देखेरै मैले पनि यो कला सिकेँ । नाच्ने क्रममा देउता तालमा एक्कासि झड्का लाग्यो र वीर चढ्यो ।' अहिलेको नाचमा १६ देखि ४० वर्षसम्मका युवाको सहभागिता छ; जसले यो परम्परा अर्को केही दशकसम्म सुरक्षित छ भन्ने सङ्केत गर्छ । नेवारी युवामा नाचप्रति आकर्षण बढेकाले पुस्तान्तरणको सङ्कट तत्काललाई टरेको देखिन्छ ।

१८ वर्षीय सक्षम श्रेष्ठको परिवारका तीन पुस्ताले हनुमान नाचमा 'वीर' को अनुभव गरेका छन् । हजुरबुबा र बुबाको पदचाप पछ्याउँदै युवा पुस्ता मैदानमा उत्रनु नै यो ३०० वर्ष पुरानो नाच जोगिनुको मुख्य रहस्य हो ।

महिला दृष्टिकोण र लैङ्गिक बहस

हनुमान नाच ऐतिहासिक रूपमा पुरूषप्रधान रहँदै आएको छ । हनुमानको रूपमा महिलाले नाच्ने परम्परा बागलुङमा छैन । पूजा विधि र शारीरिक बलको कारण देखाउँदै महिलालाई यो नाचमा सहभागी गराइएको छैन । यद्यपि, नेवार समुदायभित्र यसबारे विस्तारै छलफल सुरू भएको छ । संरक्षण परिषद्का अनुसार महिलाले व्यवस्थापकीय काम र पूजा सामग्री तयारीमा संघर्षपूर्ण र महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । तर नृत्यमा उनीहरूको सहभागिता अझै वर्जित छ । आधुनिक पुस्ताका केही महिलाले 'अमूर्त सम्पदामा लैङ्गिक समावेशिता'को प्रश्न उठाउन थालेका छन्; तर परम्परावादी धार्मिक मान्यता अझै पनि बलियो छ ।

संरक्षणका चुनौतीः महँगो बजेट र ९ वर्षे अन्तराल

हनुमान नाच जोगाउन अहिले सबैभन्दा ठूलो चुनौती आर्थिक भार बनेको छ । वि.सं. २०३३ मा १८ रूपैयाँमा सकिने नाच अहिले २० लाखसम्म पुगेको छ । ६० भन्दा बढी युवाको पोसाक, बाजागाजा र व्यवस्थापन निकै खर्चिलो छ । परिषद्का अध्यक्ष तीर्थप्रसाद श्रेष्ठ भन्छन्, 'हाम्रो कुनै स्थायी स्रोत छैन । टोल-टोलबाट चन्दा उठाएर यो संस्कृति धानिरहेका छौँ ।'

कोरोना महामारी र आर्थिक अभावका कारण यो नाच ९ वर्षपछि मात्र प्रदर्शन हुन सक्यो । २०८१ भदौ ११ गते शुभारम्भ गरी २०८३ वैशाख १५ गते १९ पटक देखाएर समापन गरिएको थियो । नियमित प्रदर्शन हुन नसक्दा नयाँ पुस्ताले नाच बिर्सने र वाद्यवादनको लय हराउने जोखिम रहन्छ । त्यसैले, परिषद्ले अब प्रत्येक ३ वा ५ वर्ष विजोर वर्षमा अनिवार्य रूपमा नाच देखाउने योजना बनाएको छ ।

पर्यटन र बाह्य पहुँचको खाँचो

हनुमान नाचमा आन्तरिक पर्यटकको ठूलो भीड लागे पनि बाह्य पर्यटकलाई आकर्षित गर्न सकिएको छैन । बागलुङ नगरपालिकाले यसलाई 'विश्व सम्पदा सूची' मा सूचीकृत गर्न पहल गर्ने भनेर नीति तथा कार्यक्रममा उल्लेख गरे पनि त्यो प्रक्रिया अझै प्रारम्भिक चरणमै छ ।

नगर उपप्रमुख राजु खड्काका अनुसार, नारायणचोकलाई व्यवस्थित गर्न पूर्वाधार निर्माण र हनुमान नाचलाई अन्तर्राष्ट्रियकरण गर्न पहल भइरहेको छ । यो नाचलाई पर्यटकीय क्यालेन्डरमा राख्ने हो र अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्ने हो भने, बागलुङको पर्यटनमा यसले ठूलो क्रान्ति ल्याउन सक्छ ।

बागलुङ नगरपालिकाले हनुमान नाचलाई 'विश्व सम्पदा सूची'मा सूचीकृत गर्ने नीति लिए पनि बजेट र प्राविधिक तयारीको अभाव छ । समुदायको चन्दाबाट जोगिएको यो ३०० वर्षे सम्पदालाई अब राज्यले आफ्नो 'सांस्कृतिक गौरव' को रूपमा अपनत्व लिनुपर्ने देखिन्छ ।

कलाकार र वाद्यवादकका लागि आचारसंहिता

हनुमान नाचमा सहभागी कलाकारलाई शपथ खुवाएर मात्र नाचमा समावेश गराइन्छ । कलाकार र वाद्यवादकले नुहाइधुवाइ गरी चोखो निष्ठामा रहनुपर्ने कठोर परम्परा छ । दर्शकले कलाकार तथा वाद्यवादकको बीचबाट बाटो काट्न नहुने र माथिल्लो तलाको झ्यालबाट नाच हेर्न नहुने लगायतका नियम छन् । यी नियम उल्लङ्घन भएमा नाचमा 'विघ्न' आउने वा हनुमानलाई 'वीर' चढ्ने विश्वास गरिन्छ ।

अबको बाटो के ?

हनुमान नाच बागलुङको मात्र होइन; सिंगो गण्डकी प्रदेश र नेपालकै अमूर्त सांस्कृतिक सम्पदा हो । तीन सय वर्षअघि भक्तपुरबाट आएको यो परम्परालाई जोगाउन अब नेवार समुदायको चन्दामात्र पर्याप्त छैन । यसका लागि राज्यले नीतिगत हस्तक्षेप र दीर्घकालीन सहयोग गर्न आवश्यक छः

- **प्रदेश गौरवको सम्पदा घोषणाः** गण्डकी प्रदेश सरकारले हनुमान नाचलाई प्रदेशको प्राथमिक सांस्कृतिक सम्पदा घोषणा गरी वार्षिक बजेट विनियोजन गर्नुपर्छ ।
- **डिजिटल अभिलेखीकरणः** १० वटै तालका धुन, नाचको भिडियो र मौखिक इतिहासलाई डिजिटल रूपमा अभिलेखीकरण गर्नुपर्छ ।
- **विद्यालय शिक्षाः** बागलुङका विद्यालय तहमा स्थानीय सांस्कृतिक शिक्षा अन्तर्गत हनुमान नाचको इतिहास र महत्त्व पढाउनुपर्छ ।
- **अमूर्त सम्पदा सूचीकरणः** युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदाको सूचीमा दर्ता गर्न संघ सरकारले तत्काल कूटनीतिक पहल गर्नुपर्छ ।
- **कलाकार प्रोत्साहनः** हनुमान बन्ने युवा र पुराना वाद्यवादकहरूलाई राज्यले प्रोत्साहन भत्ता र बिमाको व्यवस्था गर्नुपर्छ ।

तीन सय वर्षअघि हाम्रा पुर्खाले लट्ठी र मादलको तालमा जुन विरासत बागलुङको नारायणचोकमा सुम्पेका छन्; त्यसलाई आगामी तीन सय वर्षसम्म कसले बोक्नेछ ? यो प्रश्नको उत्तर अहिलेको पुस्ताले आफ्नो कर्मबाट दिनुपर्ने छ । हनुमान नाच केवल विगतको गाथा होइन; यो त हाम्रो भविष्यको राष्ट्रिय पहिचान पनि हो । सडकमा बजारिएका हनुमानका यी साना पाइलालाई राज्यले सही मैदान र संरक्षण दिनैपर्छ । अन्यथा, यो ३०० वर्षे गौरव केवल इतिहासको पानामा सीमित हुनेछ ।

◆◆◆

संकटमा सीमान्तकृत
पुख्यौंली पहिचान जोगाउनै सास्ती

मिला दरै

> **सरकारले समावेशीकरण भनिरहँदा गरिबी, शिक्षा लगायतका विषयले राजनीतिक तथा नेतृत्व लिने स्थानसम्म यी समुदायको पहुँच पुग्दैन ।**

तनहुँ ।

'कामको सिलसिलमा धेरै समय घर बाहिर भइन्छ, त्यति बेला आफ्नो भाषा बोलिँदैन,' तनहुँको आँबुखैरेनी गाउँपालिका २, घुम्तीका ईन्द्रबहादुर भुजेल भन्छन्, 'हामीले काम गर्दै गर्दा खस भाषामात्रै बोलियो । अहिले हाम्रो भाषा हराउने अवस्थामा पुगेको छ ।' आफ्नो भाषा बोल्ने कम रहेको र अहिलेका पुस्ताले सिक्नुपर्ने अवस्थामा पुगेको उनी बताउँछन् ।

पहिले त विद्यालयसम्म पुगेर पढ्ने अवस्था थिएन । एकापसमा भाषा बोलिएको हो र अहिले आफ्नो भाषामा पठनपाठन नहुने र खस भाषामा पढ्न सिक्दा आफ्नो मातृभाषा नै बोल्न नजान्ने भएको उनी बताउँछन् । 'सिक्नुपर्छ भन्ने कुरा कहिलेकाहीं हुन्छ,' उनी भन्छन्, 'सबैलाई मिल्ने भाषा बोलिँदा हामीले आफ्नै भाषा बिर्सिएका छौं ।'

व्यास नगरपालिका १०, बोटेगाउँका हर्षबहादुर बोटे पनि आफ्नो समुदायका बालबालिकाले परम्परागत भाषा नजानकोमा चिन्तित छन् । भन्छन्, 'हामी काममा हिँड्नुपर्छ, छोराछोरीलाई विद्यालय पठाइन्छ; उनीहरूले भाषा, कला, संस्कार, संस्कृतितर्फ ध्यान दिन सकेका छैनन् ।' उसो त बोटे समुदायको भाषामात्र हैन पेसा समेत जोखिममा छ । सुन चाल्ने मादी, सेती, बुढीगण्डकी, त्रिशूली र कालीगण्डकी नदीमा जेसिबी लगाएर गिट्टी, बालुवा निकाल्दा पेसा संकटमा परेको छ ।

त्यस्तै, व्यास नगरपालिका १० डिहीगाउँकी सीमान्त कुसुण्डा भन्छिन्, 'भाषाको महत्त्व छ भनेर बुझ्दै गएको छु । मलाई कुसुण्डा भाषा बोल्न सिकाउने बाबु बितेपछि त्यो भाषा घरभित्रै हरायो ।' विश्वमा नै दुर्लभ मानिएको कुसुन्डा भाषा सिकाउने व्यक्तित्व कहाँ खोज्ने र सिक्ने भन्ने चिन्ता लाग्ने गरेको उनी बताउँछिन् । 'बाबासँग बिलिन भएको मेरो भाषा संरक्षण र बोल्न सिक्ने ठाउँ चाहिएको छ, यसका लागि सरकारी सहयोगको आशा छ,' उनी भन्छिन् ।

कुसुण्डा भाषा जोगाउन संघर्ष गरिरहेकी सीमान्तजस्तै गण्डकीका धेरै सीमान्तकृत समुदाय अहिले आफ्नो पहिचान, भाषा, संस्कार, संस्कृति र परम्परा जोगाउने लडाइँमा छन् ।

नेपाल सरकारले आदिवासी, जनजाति, लोपोन्मुख र सीमान्तकृत समूह भनेर सूचीकृत गरेको छ । ती समुदायमध्ये गण्डकी प्रदेशमा लोपोन्मुख तथा सीमान्तकृत समूहमा पर्ने कुसुण्डा, दरै, बोटे भुजेल, हायु, थकाली, छन्त्याल, बराम लगायतका समुदायको बसोबास छ ।

राज्यले समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायका नीति अघि सारे पनि कुसुण्डाका साथै दरै (दराई), बोटे, भुजेल जस्ता सीमान्तकृत अल्पसंख्यक समुदाय अझै विकासको मूलधारमा अपेक्षित रूपमा पुग्न सकेका छैनन् ।

नेपालका सीमान्तकृत तथा अल्पसंख्यक समुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्थामा पछिल्ला वर्षमा केही सुधार देखिए पनि उनीहरू अझै पनि गरिबी, शिक्षा, स्वास्थ्य, रोजगारी र प्रतिनिधित्वका क्षेत्रमा विभिन्न चुनौतीसँग जुधिरहेका छन् । संविधानले समानता, समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गरे पनि व्यवहारमा धेरै समुदाय अझै विकासको मूलधारबाट टाढा छन् ।

हिमाल, पहाड र तराईमा फैलिएका १ सय ४० भन्दा बढी जातजाति र १ सय २० भन्दा बढी भाषाले नेपालको पहिचान निर्धारण गरेको छ । तर, यही विविधताभित्र केही समुदाय यस्ता पनि छन्; जसको अस्तित्व, भाषा र संस्कृति आज गम्भीर संकटमा छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार भुजेल समुदायको जनसंख्या करिब १ लाख २० हजार २ सय ४५ पुगेको छ । दरै समुदायको जनसंख्या १८ हजार ६ सय ९५, बोटे समुदायको ११ हजार २ सय ५८ छ । कुसुन्डा समुदायको जनसंख्या अत्यन्त कम छ । कुसुन्डाको संख्या २ सयभन्दा कम छ । जनसंख्याको हिसाबले कम भए पनि यी समुदायले नेपालको सांस्कृतिक विविधतालाई जीवन्त राखेका छन् ।

तनहुँमा कसुण्डा परिवारको एक घर छ । गोरखामा पनि कुसुण्डाको बसोवास छ । तनहुँ मुख्य केन्द्र रहेको दरै समुदाय गोरखा र नवलपुरमा पनि भेटिन्छ । भुजेल तनहुँ, गोरखा, स्याङ्जा, कास्की र लमजुङमा छन् । बरामको बसोबास गोरखालाई मानिएको छ । हायु गोरखा र आसपासका क्षेत्रमा बस्दै आएका छन् । छन्त्याल म्याग्दी र बाग्लुङमा बस्दै आएका छन् ।

दरै समुदाय

यस समुदायको थातथलो तनहुँको दमौली र मादी नदीको किनार हो । उनीहरूको जनसंख्यामध्ये २३.५ प्रतिशत उद्गम थलो तनहुँमा नै छन् । बाँकी अरू जिल्लामा छरिएका छन् । मातृभाषा बोल्ने १२ हजार १ सय ६५ जना छन् । कुल जनसंख्याको ६५.०२ प्रतिशतले भाषा बोल्न सक्ने तनहुँ दरै समाजका अध्यक्ष ठाकुरबहादुर दरैले जानकारी दिए ।

दरै समुदायको भाषा, रहनसहन, संस्कृति र संस्कार रहे पनि लिपि भने नभएको उनले बताए । दरै भाषा भारोपेलीमा पर्ने भएकाले अरू जनजातिको भन्दा फरक रहेको छ । उनका अनुसार पहाड र तराईका फाँट, टार, उर्वराभूमि भएको र सकभर पानीको सुविधा भएको ठाउँमा दरैको बसोबास छ । 'विगतमा गाउँ, बस्तीका अगुवाको रूपमा मुखिया हुने गर्दथ्यो । पारिवारिक झैझगडा मिलाउन, गाउँ ठाउँमा रीतिथिति बसाउन, अपराधीलाई दण्ड, सजाय दिन र सार्वजनिक हितका कार्य गर्न समुदायको परिचालन गर्न मुखियाले नेतृत्वकारी भूमिका लिनुका साथै पूजाआजाको व्यवस्था मिलाउने र परम्परागत स्वास्थ्य उपचार गर्ने प्रचलन थियो,' अध्यक्ष दरैले भने । उनका अनुसार धेरै कुरा छुट्दै आए पनि परम्परागत पूजाआजाले भने निरन्तरता पाइरहेको छ ।

बोटे समुदाय

तनहुँ, कास्की हुँदै बग्ने मादी नदी, सेती नदी र कालीगण्डकी नदीको किनार यिनीहरूको थातथलो मानिन्छ । कुनै समय फिरन्ते यो जातिको बासस्थान छरिएको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार ११ हजार २ सय ५८ मध्ये गण्डकीको पूर्वी नवलपरासी (नवलपुर) २२ प्रतिशत, तनहुँमा १४ प्रतिशतको बसोबास छ । कुल जनसंख्याको ६८ प्रतिशतले भाषा बोल्ने गरेका छन् । पेसाका आधारमा यो समुदायदाई दुई समूहमा वर्गीकृत गरिएको छ, पाखे बोटे र पानी बोटे । पाखे बोटे कृषि र पशुपालनमा आधारित हुन्छन् भने पानी बोटे डुंगा खियाउने र माछा मारेर जीविका चलाउने बोटे समाज नेपालका महासचिव शेरबहादुर बोटेले बताए । साथै, पानी बोटेको परम्परागत पेसा नदीको बालुवा चालेर सुन खोज्ने रहेको उनको भनाइ छ ।

भुजेल समुदाय

भुजेल समुदायको बाग्लुङको ढोरपाटन उपत्यका स्थित भुजी क्षेत्रलाई उद्‌गम थलो मानिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार जनसंख्या कुल १ लाख २० हजार २४५ रहेको छ । तीमध्ये गण्डकी प्रदेशमा २४ प्रतिशतको बसोबास रहेको देखिन्छ । कुल जनसंख्याको १०.९ प्रतिशतले मात्रै भाषा बोल्न सक्ने अवस्था रहेको भुजेल समाज केन्द्रीय महिला अध्यक्ष बसुन्धरा घर्तीले बताइन् । यस समुदायको मुख्य धर्म प्रकृति पूजा हो तर, यस समुदायको मुख्य पर्व उधौली उभौली भएको उनले बताइन् ।

उनका अनुसार कृषि, पशुपालनका साथै हस्तकलाका रूपमा बाँसको चोयाबाट डोको, नाम्लो, नाङ्लो (सुपो), डालो लगायतका सामग्री उत्पादन गर्ने गर्दछन् । यसका साथै ज्यालादारी तथा मजदूरीमा समेत आबद्ध भएको पाइएको घर्तीले सुनाइन् ।

नदी, वन र प्रकृतिसँग जोडिएको जीवन

जल, जमिन र जंगलसँग सम्बन्धित भएर बसोबास गर्न रूचाउने सीमान्तकृत अल्पसंख्यक समुदायले यीसँग टाढिएर रहन मुस्किल भएको बताउँदै आएका छन् । केही दशक अघिसम्म दराई र बोटे समुदायको जीवन नदीसँग जोडिएको थियो । तनहुँ, चितवन, नवलपुर, गोरखा र आसपासका क्षेत्रमा बसोबास गर्ने दराई समुदाय खेतीपाती गर्ने र वनजन्य उत्पादनमा निर्भर रहेको पाइन्छ । उनीहरूको आफ्नै भाषा, भेषभूषा, संस्कार, संस्कृति र सामाजिक संरचना छ ।

नेपालमा सडक सञ्जाल विस्तार, शिक्षा र सञ्चारको पहुँच बढ्दै जाँदा यी समुदायको जीवनशैलीमा पनि परिवर्तन आएको छ । विद्यालय जाने बालबालिकाको संख्या बढेको छ । सरकारी सेवामा प्रवेश गर्ने युवा पनि बढ्दै गएको पाइन्छ ।

तर, विकासले अवसरमात्र ल्याएन; चुनौती पनि थपिएको महसुस भएको बताउने गरेका छन् । बोटे समुदायको परम्परागत डुंगा व्यवसाय पुल निर्माणपछि लगभग समाप्त भएको छ । नदी पार गराउने कामबाट जीविका चलाउने परिवार आज मजदूरी वा वैदेशिक रोजगारमा निर्भर हुन बाध्य भएको बोटे समाजका महासचिव शेरबहादुरले बताए ।

दरै समुदायमा पनि परम्परागत कृषि पेसा क्रमशः घट्दै गएको छ । नदी प्रदूषण, जलवायु परिवर्तन र जलस्रोतको दोहनले उनीहरूको पुरानो जीवनशैली प्रभावित बनेको अध्यक्ष ठाकुरबहादुरले बताए । 'बालबालिकादेखि नै प्रविधिको उपयोग गर्दैदै गर्दा मातृभाषा नै बोल्न छाडिएको छ । जसले भाषा लोप भएको छ,' उनले भने ।

कुसुन्डा समुदायमा त झन् ठूलो परिवर्तन आएको छ । जंगलमा आधारित घुमन्ते जीवन अन्त्य भइसकेको छ । अधिकांश कुसुन्डा परिवार स्थायी बस्तीमा बस्न थालेका छन् । तर, आधुनिक जीवनमा घुलमिल हुने क्रममा उनीहरूको भाषा र सांस्कृतिक पहिचान गुम्ने खतरा छ ।

संकटमा भाषा

यी समुदायको सबैभन्दा ठूलो चुनौती भाषा संरक्षण मानिएको छ । भाषासँग जोडिएका कला, संस्कार र संस्कृति लोप हुँदै गएका छन् । नेपालमा मातृभाषा बोल्नेको संख्या निरन्तर घटिरहेको छ । दरै समुदायका धेरै युवाले बोलचालमा नै पूर्णरूपमा खस भाषालाई प्राथमिकता दिन थालेको भादगाउँ दरै समाजका कोषाध्यक्ष वीरबहादुर दरैले बताए ।

'बालबालिकासँगै घरका भाषाका विज्ञ नै बोल्न छाडिदिएपछि बालबालिकाले सिक्न सकेका छैनन् । शिक्षा नै खस भाषामा हुने भएकाले घरमा पनि बालबालिकासँग बोल्ने बनाउन सकिएको छैन । घरमा भाषा बोल्न सिकाउने क्रममा विद्यालय शिक्षाका लागि बोलिने खस भाषा नै बोल्न नसक्ने हुँदा पठनपाठनमा समस्या हुने गरेको पाइएको छ,' उनले भने ।

त्यस्तै बोटे समुदायमा पनि मातृभाषा बोल्ने नयाँ पुस्ताको संख्या घट्दो छ । यस समुदायका कतिपयले त भाषा नै बोल्न नसक्ने अवस्था पुगेका छन् । भाषा पठनपाठनमा ल्याउनकै लागि पनि प्रशिक्षक नपाउने अवस्थामा रहेको बोटे समाजका केन्द्रीय महासचिव शेरबहादुरले बताए ।

भुजेल समुदायको अवस्था पनि उस्तै छ । कुसुन्डा भाषाको अवस्था झन् संवेदनशील बनेको छ । केही दशकअघि यो भाषा पूर्ण रूपमा लोप हुने अवस्थामा पुगेको थियो । पछिल्ला वर्षमा भाषा संरक्षणका केही प्रयास भए पनि भाषा बोल्ने व्यक्तिको संख्या अत्यन्त कम छ । भाषा केवल सञ्चारको माध्यम होइन; समुदायको इतिहास, ज्ञान, संस्कृति र पहिचानको भण्डार पनि हो । भाषा हराउनु भनेको एउटा सभ्यता हराउनु हो ।

शिक्षामा सुधार, तर गुणस्तरीय पहुँच अझै चुनौतीपूर्ण

विगतको तुलनामा यी समुदायमा शिक्षाको पहुँच बढेको छ । सरकारले छात्रवृत्ति, आरक्षण र विभिन्न लक्षित कार्यक्रम सञ्चालन गरेसँगै आधारभूत शिक्षाको पहुँच पुगेको हो । दरै, बोटे र भुजेल समुदायका विद्यार्थी विद्यालय र विश्वविद्यालयसम्म पुग्न थालेका छन् भने केही युवा निजामती सेवा, सेना, प्रहरी,

पत्रकारिता र शिक्षण पेसामा पनि स्थापित भएको पाइन्छ । तर, ग्रामीण क्षेत्रमा अझै पनि विद्यालय छाड्ने दर उच्च छ । आर्थिक अभाव, रोजगारीको दबाब र शैक्षिक वातावरणको कमीले यी समुदायका अधिकांश विद्यार्थीले उच्च शिक्षा हाँसिल गर्न सकिरहेका छैनन् ।

विशेषगरी कुसुन्डा समुदायका बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउने व्यवस्था अझै पर्याप्त छैन । यसले भाषा संरक्षणलाई थप चुनौतीपूर्ण बनाएको देखिन्छ ।

गरिबीको चक्र अझै कायम

अधिकांश दराई, बोटे, कुसुन्डा र भुजेल परिवार आज पनि न्यून आय भएको समूहमा पर्दछन् । खेतीयोग्य जमिन अभाव, सीपमूलक तालिमको कमी, सीमित रोजगारीका अवसर र परम्परागत पेसाको अन्त्यले उनीहरूको आर्थिक अवस्था कमजोर बनेको हो ।

अन्य समुदायका युवा गुणस्तरीय शिक्षा, रोजगारीको पहुँचको खोजीमा गाउँ छाड्ने गरेको पाइन्छ भने यी समुदायका गुणस्तरीय शिक्षाको अभावले नै युवा खाडी मुलुक, मलेसिया, दक्षिण कोरिया र भारतमा रोजगारी खोज्न बाध्य छन् । गाउँमा वृद्ध, महिला र बालबालिकामात्र रहने प्रवृत्ति बढ्दै गएको देखिन्छ । आर्थिक कमजोरीका कारण स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षामा पनि प्रत्यक्ष असर परेको छ ।

स्वास्थ्य सेवामा पहुँचको समस्या

सीमान्तकृत समुदाय बसोबास गर्ने अधिकांश क्षेत्र अझै पनि गुणस्तरीय स्वास्थ्य सेवाबाट टाढा छन् । स्वास्थ्य चौकी भए पनि दक्ष जनशक्ति र आवश्यक औषधि अभावलगायत सामान्य समस्या बनेको पाइन्छ । आर्थिक अवस्था कमजोर भएकाले धेरै परिवारले समयमै उपचार गराउन सक्ने अवस्था छैन ।

महिला तथा बालबालिकाको स्वास्थ्य अवस्था अझ चुनौतीपूर्ण छ । केही अवस्था परिवर्तन भए पनि पोषण, मातृ स्वास्थ्य र सरसफाइका विषयमा अझै सुधार आवश्यक देखिन्छ । संविधानले दिएका अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन भएमा यी समुदायलाई सहज रूपमा स्वास्थ्यको पहुँचमा पुऱ्याउन सकिनेछ ।

राजनीतिक प्रतिनिधित्व अझै न्यून

नेपालको संविधानले समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था छ । स्थानीय, प्रदेश र संघीय तहमा आरक्षण तथा समानुपातिक प्रतिनिधित्वको व्यवस्था पनि छ । तर, व्यावहारिक रूपमा दराई, बोटे, कुसुन्डा र भुजेल समुदायको राजनीतिक उपस्थिति सीमित छ । निर्णय प्रक्रियामा उनीहरूको पहुँच नहुँदा अझै कमजोर देखिएका हुन् ।

भाषाविज्ञ तथा आदिवासी जनजाति अध्ययनकर्ता बुद्धवीर बहिङले आदिवासी, जनजातिलाई एउटै भाँडोमा राखिएको बताए । 'पहिला त सीमान्तकृत तथा अल्पसंख्यक समुदाय जनसंख्याले नै कम छ । त्यसमाथि पनि आदिवासी जनजातिको टोकरीमा राखिएको छ । कम जनसंख्या भएका आदिवासी जनजाति अन्तर्गतका सीमान्तकृत अल्पसंख्यकको पहुँच पुग्दैन,' उनले भने, 'सरकारले समावेशीकरण भनिरहँदा गरिबी, शिक्षालगायतका विषयले राजनीतिक तथा नेतृत्व लिने स्थानसम्म यी समुदायको पहुँच पुग्दैन । जसले अझैसम्म पनि पछि बस्न बाध्य छन् ।'

राजनीतिक दलहरूले चुनावका बेला यी समुदायलाई प्राथमिकतामा राखे पनि नीति निर्माण र नेतृत्व तहमा उनीहरूको प्रतिनिधित्व पर्याप्त रूपमा सहभागी गराउन सकेका छैनन् । उनीहरूको आवश्यकता र कार्यान्वयनमा पनि समस्या देखिएको उनको भनाइ छ ।

भाषा र संस्कृति जोगाउने संघर्ष

आधुनिक सञ्चार माध्यम, बसाइँसराइ र बाह्य सांस्कृतिक प्रभावका कारण यी समुदायको मौलिक संस्कृति संकटमा परेको छ । आधुनिकीकरण र प्रविधिको विकाससँगै यी समुदायको वास्तविक पहिचानका रूपमा रहेको भाषा र संस्कृति लोप हुने अवस्थामा पुगेको भाषा विज्ञ तथा अध्ययनकर्ता बहिङले बताए । 'यी समुदायले आफैंले पनि चासो दिनुपर्ने हुन्छ । तर, यतिले मात्रै पुग्दैन,' उनले भने, 'जबसम्म सरकारले यी समुदायलाई अमूल्य गहनाका रूपमा लिएर संरक्षण गर्ने प्रयत्न गर्दैन । तबसम्म यी समुदायको न त संरक्षण हुन्छ; न त यिनका भाषा, संस्कृति ।'

परम्परागत नाच, गीत, बाजागाजा, धार्मिक संस्कार र लोककथा नयाँ पुस्तामा हस्तान्तरण हुन सकेका छैनन् । वैवाहिक सम्बन्ध र आधुनिकीकरणले अल्पसंख्यक समुदायको पहिचान गुम्ने अवस्थामा पुगेकाले संरक्षणको प्रयास भइरहेको व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैले बताइन् ।

'नगरपालिकाले यी लोपोन्मुख तथा अल्पसंख्यक समुदायको भाषा, कला, सीप विकासका कार्यक्रमलाई प्राथमिकता दिइरहेका छौं । हामीले मात्रै प्राथमिकतामा राखेर उनीहरूको भाषा, संस्कृति संरक्षण हुँदैन,' उनले भनिन्, 'यी समुदायको अग्रसरताले मुख्य भूमिका खेल्दछ ।'

कतिपय स्थानमा समुदायले सांस्कृतिक महोत्सव आयोजना गरी आफ्नो पहिचान जोगाउने प्रयास गरिरहेका छन् । तर, आर्थिक स्रोत अभावले यस्ता प्रयास निरन्तर हुन सकेका छैनन् ।

राज्यका प्रयास

नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय समावेशी आयोग तथा विभिन्न मन्त्रालयमार्फत् सीमान्तकृत समुदायका लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ । गण्डकी प्रदेशले सीमान्तकृत तथा अल्पसंख्यक समुदायको क्षमता विकास, आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न तालिमका साथै उद्यमशीलतातर्फ उन्मुख बनाउने कार्यमा अग्रसर भएको छ ।

गण्डकी प्रदेशअन्तर्गत सामाजिक विकास कार्यालय तनहुँमार्फत् अल्पसंख्यक सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई उद्यमशील बनाउनका लागि साबुन, हार्पिक, फिनेल बनाउने तालिम प्रदान गरिएको एकीकृत विकास कार्यालय तनहुँका सहायक प्रशासकीय अधिकृत गुरू घिमिरेले जानकारी दिए । उक्त तालिममार्फत् यी समुदायका महिलालाई उद्यमशील बनाउन प्रोत्साहन गरिएको हो ।

गण्डकी प्रदेश सरकारले यी समुदायलाई आत्मनिर्भर, उद्यमशील, संस्कृतिमार्फत् पर्यटनलाई जोडेर आयआर्जन वृद्धि गर्दै जीविकोपार्जनमा सहज बनाउने योजना लिएर अगाडि बढेको पाइन्छ । तनहुँमा जस्तै यी समुदायको संरक्षण, प्रवर्द्धन र क्षमता विकासका साथै जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यमा सरकारबाट बजेट विनियोजन हुँदै आएको छ । जसले यी समुदायलाई अभिभावकको संरक्षणमा भएको जस्तो आभास गराउन मद्दत पुगेको बताउँछन् ।

छात्रवृत्ति, सीप विकास तालिम, भाषा संरक्षण, सांस्कृतिक प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिए पनि ती कार्यक्रमको प्रभाव अझै अपेक्षाकृत नदेखिएको व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए । 'समुदायको वास्तविक आवश्यकता पहिचान गरी स्थानीय स्तरमै लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ,' नगर प्रमुख न्यौपानेले भने, 'दरै, बोटे, कुसुन्डा र भुजेल समुदायको भविष्य सुरक्षित गर्न भाषा संरक्षण, सांस्कृतिक पुनर्जागरण, गुणस्तरीय शिक्षा, सीप विकास र आर्थिक सशक्तीकरणमा विशेष ध्यान दिनुपर्ने छ ।'

मातृभाषामा शिक्षा, स्थानीय इतिहासको दस्तावेजीकरण, सांस्कृतिक केन्द्र स्थापना र परम्परागत ज्ञानको संरक्षण गर्न सके यी समुदायको पहिचान जोगाउन सहयोग पुग्ने निश्चित छ । कृषि, पर्यटन, हस्तकला र प्राकृतिक स्रोतमा आधारित आयआर्जन कार्यक्रममार्फत् यी समुदायको आर्थिक अवस्था उकास्न सकिन्छ ।

◆◆◆

हिमाली खेतीमा जलवायुको मार

मनाङको रैथाने स्वादमा आधुनिकता र तापक्रमको असर

नवीन लामिछाने

> **हिमाली भेगमा पहिला टनेल प्रविधिको खेती गरिएको पाइँदैन । अहिले मौसमानुकूल उत्पादनका लागि यस प्रविधिको विकास गरिरहेका छौं :**
>
> **शंकर पौडेल**
>
> प्रमुख, कृषि विकास कार्यालय

मनाङ ।

पहिले जैविक खेतीपातीमात्रै हुने ठाउँ हो मनाङ । तर, पहिले स्थानीय प्रजातिको स्याउ, फापर खेती हुन्थ्यो र गरिन्थ्यो । मनाङको नासों गाउँपालिका-६, तिल्चेका पुराना किसान कमल घले भन्छन्, 'मनाङको मौसम फेरिएको छ । स्थानीय जातको स्याउ पाउनै मुस्किल भएको छ ।' स्थानीय स्याउ बिक्री तथा विभिन्न परिकार बनाउने गरिएको भए पनि अहिले उत्पादन घट्दा विकासे (हाइब्रिड) स्याउ लगाएको प्रशस्त देखिने उनी बताउँछन् ।

स्थानीय प्रजातिको जस्तो स्वाद अहिलेका स्याउमा नपाइने उनी बताउँछन् । 'स्थानीय जातकै स्याउका दानाको आकार घटेको छ । त्यतिमात्रै हो र फापरको मिठास, करू, गहुँ, कोलु बोडीको दानासमेत घटेका छन्,' घले भन्छन्, 'हिउँ समयमा पर्दैन; पानीको काम नै पहिले त हिउँले गर्ने हो, कहिले अर्कै समयमा परेको हुन्छ त । कहिले हिउँ नै पर्दैन । केको हुनु खेतीपाती ।'

मनाङको यो व्यथा केवल एउटा गाउँको मात्र होइन, सिंगो हिमाली क्षेत्रको साझा समस्या बनेको छ । हिजोका दिनमा यहाँका किसान प्रकृतिको लयसँगै बाँचेका थिए । हिउँ र वर्षाको निश्चित चक्र थियो; जसले माटोलाई भित्रैदेखि भिजाउँथ्यो र पोषणयुक्त बनाउँथ्यो । तर अहिले प्रकृतिको त्यो लय बिग्रिएको छ ।

पहिले प्रांगारिक मलबाहेक अरू कुनै पनि बजारिया मल हाल्ने चलन थिएन । तर, फल राम्रो हुन्थ्यो । अहिले धेरै फल्ने भए पनि स्वाद र पोषिलो नहुने घलेको अनुभव छ । खेतीपातीमा कीरा नै देखिँदैन थियो । अहिले कीरा प्रशस्त भेटिएको उनी बताउँछन् । खेतीपाती जोगाउनकै लागि विषादी प्रयोग गर्ने किसान बढ्न थालेको उनको भनाइ छ ।

हिमाली क्षेत्रमा विषादीको प्रवेश हुनु आफैंमा एउटा गम्भीर संकेत हो । चिसो हावापानीमा कीराको प्रकोप कम हुने विश्वास हिजोका दिनमा थियो; तर तापक्रम बढेसँगै नयाँ-नयाँ रोग र किराहरूले मनाङका पाखाहरूमा डेरा जमाउन थालेका छन् । 'अहिले गोलभेंडा, काउली, बन्दा, फर्सी, प्याज, लसुन, साग, मूला, गाँजर लगायतका तरकारी खेती हुन थालेको छ । उत्पादन बढ्दै जाँदा यहाँको बजार पनि फराकिलो भएको छ । तर, माटोको उत्पादन गर्ने क्षमता खस्कँदो अवस्थामा छ,' नासों गाउँपालिका-८ ताचैका किसान सोलबहादुर गुरूङले भने ।

यसरी विषादी प्रयोग बढ्दै जाँदा स्वास्थ्यमा प्रभाव पार्ने देखिएको गुरूङले बताए । पहिले विषादीरहित स्वस्थ खाद्यवस्तु उपयोग गर्न पाइएको थियो । तर, अहिलेको विषादीको प्रयोगले परिवारको स्वास्थ्यमा चुनौती थपिदिएको उनी बताउँछन् । मनाङमा हुने यस्तो परिवर्तनले स्थानीय बासिन्दाको आहार र विहारमा समेत असर पारिरहेको छ ।

मनाङको कृषि भूगोल र रैथाने बालीको विरासत

समुद्री सतहबाट एक हजार ८८० मिटरदेखि आठ हजार १६३ मिटरसम्म समेटेको मनाङ रैथाने खेतीबालीमा आत्मनिर्भर छ । दुई हजार २४६ वर्गकिलोमिटर भूभाग समेटिएको यस जिल्लाको दुई लाख २४ हजार ६०० हेक्टरमध्ये दुई हजार १५६ भूभाग खेतीयोग्य छ । खेतीयोग्य भूमिको दुई हजार १७ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिँदै आएको कृषि विकास कार्यालयले जनाएको छ । त्यसमध्ये एक हजार ६३ हेक्टर जमिन सिञ्चित क्षेत्र हो भने अन्य क्षेत्र प्राकृतिक रूपमा खेती सिँचाइ हुन्छ ।

मनाङमा रैथाने बालीका रूपमा आलु, गहुँ, फापर, करू, उवा र कोलु बोडीलाई लिइन्छ । हाल कतिपय स्थानमा रैथाने बाली लोप हुने अवस्थामा पुगेका छन् भने कतिपय स्थानमा नगन्य मात्रामा मात्र खेती गर्ने गरेको पाइएको कृषि विकास कार्यालयले जनाएको छ ।

कृषि विकास कार्यालयका अनुसार जिल्लाकै उच्च स्थानको रूपमा रहेको नार्पाभूमि गाउँपालिकामा रैथाने बाली प्रायः लोप हुने अवस्थामा पुगेको छ । उच्च हिमाली भेगमा हुने यस्ता बालीले त्यहाँको विशिष्ट पहिचान बोकेका हुन्छन्; तर ती लोप हुनु भनेको मनाङको मौलिकताको एक पाटो हराउनु हो ।

स्वाद र गुणस्तरमा आएको क्रमिक परिवर्तन

मनाङमा उत्पादन हुने रैथाने बालीको स्वादमा परिवर्तन आएको किसानको अनुभव छ । नासोंका किसान सोलबहादुर गुरूङ भन्छन्, 'गर्मी बढेसँगै खेतीबालीको स्वाद र गुणस्तर नै फेरिने रहेछ । हामीले गरेका स्याउ, आलु, फापर लगायतका कृषि उपजको स्वाद र गुणस्तर नै फेरिएको जस्तो लाग्छ । पहिलेको जस्तो स्वाद पाइँदैन ।' स्थानीय जातका स्याउको पनि स्वाद फेरिएको पाइएको उनी बताउँछन् ।

मौसममा आधारित खेतीपाती हुने मनाङमा समयमा हिउँ पर्दैन । तल्लो मनाङमा लामो समयदेखि हिउँ नपरेको गुरूङ बताउँछन् । आजकाल हिउँको सट्टा पानी पर्छ । तर, हिउँले उत्पादनलाई स्वादिलो बनाउने रहेछ कि के कुन्नि पानी पर्दा त्यस्तो स्वादको गुणस्तर नभेटिएको उनको अनुभव छ । हिउँले माटोलाई चिस्यानमात्र दिँदैन; यसले माटोभित्रका हानिकारक तत्वहरूलाई निष्क्रिय बनाउन पनि मद्दत गर्छ भन्ने स्थानीयको बुझाइ छ ।

यहाँका अधिकांश किसानले अहिले आलु, स्याउ लगायत अन्य कृषि उपजको स्वाद पहिलेजस्तो नभएको बताउने गरेको कृषि विकास कार्यालयका प्रमुख शंकर पौडेलले बताए । तापक्रम, वर्षा र माटोको अवस्थाले बालीको रासायनिक संरचनामा असर पार्न सक्छ । 'यसले स्वाद, पोषण र गुणस्तरमा परिवर्तन ल्याउन सक्छ । यहाँको खेती प्रणालीका विषयमा विस्तृत अध्ययन आवश्यक देखिएको छ,' उनले भने ।

नयाँ बालीको प्रवेशः अवसरसँगै चुनौती

जलवायु परिवर्तनलाई नकारात्मक रूपमा मात्रै लिने गरिन्छ । तर, यसको परिवर्तनसँगै समय अनुसारका उत्पादनलाई पनि केही अवसर पनि सिर्जना भएका छन् । जलवायु परिवर्तनको प्रभाव बढी हुँदा पहिले खेती नहुने क्षेत्रमा नयाँ बाली प्रवेश गर्ने अवसर समेत बनेको छ ।

तापक्रम वृद्धिले पहिले सम्भव नभएका खेतीबाली उत्पादन हुनुका साथै व्यावसायिक खेती प्रणालीको विकास हुने देखिएको कृषि विकास कार्यालयका प्रमुख शंकर पौडेलले बताए । जलवायुमैत्री प्रविधिको उपयोग गर्दै बन्दागोभी, काउली, गोलभेडा, प्याज, लसुन, रायो, गाजर, मुला, किबी जस्ता फलफूल तथा तरकारी खेतीको विकास भइरहेको छ । मनाङका उच्च भेगहरूमा अचेल तरकारीका लटरम्म टनेलहरू देखिन थालेका छन् ।

'हिमाली भेगमा पहिला टनेल प्रविधिको खेती गरिएको पाइँदैन । अहिले मौसमानुकूल उत्पादनका लागि यस प्रविधिको विकास गरिरहेका छौं,' प्रमुख पौडेलले भने, 'किसानले प्लास्टिक टनेल प्रयोग गरेर वर्षैभरि तरकारी उत्पादन गर्न थालेका छन् ।' यसले स्थानीय खाद्य आपूर्ति सुधार गर्नुका साथै आयात प्रतिस्थापनमा समेत योगदान पुगेको कृषि विकास कार्यालयले जनाएको छ ।

उत्पादनको तथ्यांक र घट्दो रैथाने बाली

मनाङका अधिकांश गाउँमा अहिले रैथाने बालीको उत्पादन घट्दै गएको छ । विशेषगरी नार्पाभूमि र मनाङ डिस्याङका उच्च हिमाली क्षेत्रमा फापर, जौ र उवा खेती उल्लेखनीय रूपमा घटेको छ । कार्यालयका अनुसार जलवायु परिवर्तनले खेती प्रणालीमा प्रत्यक्ष असर पारेको छ । यहाँ विगतदेखि नै अन्य खेतीको तुलनामा आलुको बढी उत्पादन, माग तथा खपत भएकाले व्यावसायिक खेती अर्थात् नगदे बालीका रूपमा विकास भएको पाइन्छ । तर, अन्य बाली लगाउन धेरै जनशक्ति लाग्ने र जनशक्तिको अभाव हुने समस्या भने रहने गरेको किसानहरू बताउँछन् ।

उत्पादनको अवस्था

आर्थिक वर्ष	क्षेत्रफल हेक्टर	उवा/कागुनो मे.टन	क्षेत्रफल हेक्टर	फापर मे.टन	क्षेत्रफल हेक्टर	जौ मे.टन	क्षेत्रफल हेक्टर	आलु मे.टन
२०७७/७८	-	-	२८६	५०४	१११	१७५	७४५	१४,९७५
२०७८/७९	७०	११५	३६१	६१०	४०	-	४३५	८,१९०
२०७९/८०	७०	११२	३०२	३२०	४०	६५	६३७	९,२१२
२०८०/८१	१०५	१९३	२१२	२१६	२०	३७	६३२	९,१३२

स्रोतः कृषि विकास कार्यालय मनाङ

तथ्यांकका आधारमा फापर र जौ जस्ता परम्परागत खाद्य बालीको खेती निरन्तर घट्दो क्रममा रहेको छ । उवा तथा कागुनोको अभिलेखीकरण पछिल्ला वर्षमा सुरू भएको कार्यालयको तथ्यांकमा उल्लेख छ । त्यस्तै, आलु अझै पनि मनाङको प्रमुख नगदे बालीको रूपमा रहेको प्रस्ट देखिन्छ ।

ङिस्याङ गाउँपालिकाका सबै वडामा रैथाने बाली लोप हुने अवस्थामा पुगेको कार्यालयका प्रमुख शंकर पौडेलले जानकारी दिए । दिनानुदिन वातावरणमा आएको परिवर्तनले रैथाने बाली हराउन थालेको पौडेलले बताए । 'उत्पादन घट्दै जाँदा किसानले बाली फेर्न थालेका छन्; यसलाई सुहाउँदो वातावरण अभावले पनि खेतीबाली फेर्न थालेका छन्,' उनले भने, 'मौसम अनुकूल खेतीलाई प्राथमिकता दिन थालेको पाइएको छ ।' परीक्षणपछि केही स्थानमा जलवायु परिवर्तन भए अनुसारका खेतीबाली परीक्षणकालीन खेती गरिरहेको उनको भनाइ छ ।

आधुनिक प्रविधि र प्रजातिको विकासमा होडबाजी

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र काठमाडौँका अनुसार कम जग्गामा बढी उत्पादन र उन्नत जातको खेती गर्ने उद्देश्यले गर्दा स्थानीय जातहरू लोप हुने अवस्थामा पुगेका छन् । हाल किसानले बढी उत्पादन लिन उन्नत जातका बीउहरू प्रयोग गर्दा रैथाने जातहरू विस्थापित भएका हुन् ।

संरक्षण केन्द्रका अनुसार फापर, कोलु बोडी, जौ, कागुनो, च्युनो, उवा, लट्टे, जुनेलो, मस्याङ, गहत, खेसरी, भोंगे सिमी, सिलाम, झुसे तिल आदिलाई स्थानीय तथा रैथाने बालीमा सूचीकृत गरिएको छ ।

हिमालपारिको जिल्ला मनाङ खेतीपाती र कृषिका लागि अब 'दुर्गम' रहेन । कृषि पकेट क्षेत्र तोकिएका अन्य भेगझैं व्यावसायिक रूपमा धेरै थरी अन्न र कृषि उपज उत्पादन हुन थालेपछि लमजुङ हुँदै अन्यत्र पनि निर्यात हुन थालेको छ । दुई हजार ७०० मिटर उचाइमा अवस्थित सदरमुकाम चामेमात्रै होइन; तीन हजार ५४० मिटर उचाइको मनाङ ङिस्याङ गाउँपालिकामा बन्दा, काउली, गाजर, मुला, गोलभेडा, रायो जस्ता बेमौसमी तरकारी खेती सफल भएपछि आन्तरिक खपतसँगै आयात प्रतिस्थापन सम्भव भएको कृषि विकास कार्यालयले जनाएको छ ।

यहाँका चार वटै पालिकामा एक दशकयता टनेल खेतीको अभ्यास हुँदै आएको छ । यसले किसान र स्थानीय बासिन्दालाई उत्साही बनाएको छ भने अर्कोतर्फ चिन्ता पनि बढाएको छ । विश्वव्यापी तापक्रम वृद्धिको प्रभावले हिमपात कम भएर रैथाने बालीनाली लोप हुन सक्ने तथा स्वाद र गुणस्तर खस्किन सक्ने किसानको चिन्ता छ । समय अगावै फलफूल र अन्नबाली पाक्न थालेको अनुभव स्थानीय बासिन्दाले गर्न थालेका छन् । मनाङका धेरैजसो किसान परम्परागत खेतीपाती छाड्दै व्यावसायिक स्याउ खेतीतर्फ आकर्षित हुन थालेका छन् ।

रैथाने बाली हराउँदै जाने र गुणस्तर खस्किने चिन्ता बढ्न थालेसँगै कृषि विकास कार्यालयले अनुदान सहितका सचेतना कार्यक्रम प्राथमिकतामा राखेको छ । जलवायु परिवर्तनको प्रभावले बालीनालीको उत्पादन र गुणस्तरमा प्रभाव पारिरहेको बताउँदै कार्यालय प्रमुख पौडेलले भने, 'रैथाने बालीको बीउ जोगाउन, परम्परागत खेतीलाई प्रोत्साहन गर्न हामी स्थानीय तहसँगको सहकार्यमा जुटेका छौं ।'

बाली चक्रको फेरबदल र राष्ट्रिय प्रभाव

विश्वव्यापी तापमान वृद्धिको प्रभावले मौसम प्रभावित हुँदा नेपालका अन्य भेगमा पनि बोटबिरूवा र फलफूलको बाली चक्र फेरिँदै गएको छ । प्रायः बाह्रै महिना सेताम्य हुने हिमाल केही वर्षयता मध्य हिउँदमा पनि मुस्किलले हिउँले ढाक्ने गरेको देख्न थालिएको छ । फागुनपछि मात्रै फुल्ने गुराँस मंसिर/पुसमै फुलेका खबर नौलो हुन छाडेका छन् ।

गर्मी भेगमा मात्रै फल्ने फलफूल चिसो मानिने काठमाडौं सहितका ठाउँमा फल्न थालेपछि मानिसहरू आश्चर्यमा परेका छन् । कीर्तिपुर स्थित राष्ट्रिय फलफूल विकास केन्द्र (बागवानी केन्द्र) मा अचेल नयाँ प्रजातिका बिरूवाबारे बुझ्न पुग्नेहरू बढेका छन् । विगतमा आँपका बोटमात्रै देखिने काठमाडौं उपत्यकामा अचेल आँप फल्न थालेको छ । मौसम परिवर्तनले कतिपय पुराना बालीको उत्पादकत्व घट्न थालेको अनुभव सुनाउने किसानले विकल्प खोज्दै आफ्ना भेगमा नयाँ फलतर्फ चासो लिने गरेको केन्द्रकी वागवानी विकास अधिकृत शोभा शर्माले बताइन् । 'विगतमा स्याउ राम्रोसँग नफलेका ठाउँमा तापक्रम अनुकूल हुँदा फल राम्रो लाग्न थालेपछि स्याउका बिरूवाको माग बढ्न थालेको छ,' शर्माले भनिन् ।

वर्षाको प्रकृतिसँगै अतिवृष्टि-अनावृष्टि हुने क्रम बढेर धेरै ठाउँमा बालीनालीको चक्र बदलिन थालेपछि यस्तो चासो बढेको हुन सक्ने शर्माको भनाइ छ । यो वर्ष काठमाडौं उपत्यकामा आँप, जापानिज हलुवावेद, चुच्चे ओखर लगायतका फल राम्रो लागेको शर्मा सहित केन्द्रका अन्य प्राविधिकको अनुभव छ ।

स्याउ फल्ने क्षेत्रमा आँप, लिची लगायत अन्य फल उत्पादन हुन थालेपछि केन्द्रले व्यावसायिक खेतीबारे ठाउँ विशेषको 'नमूना अध्ययन' गरिरहेको छ ।

जलवायु परिवर्तनको वैज्ञानिक अध्ययन र तथ्यांक

जलवायु परिवर्तनसम्बन्धी अन्तर सरकारी समूह (आइपिसिसी) का अनुसार पछिल्लो दशकमा पृथ्वीको औसत तापक्रम सन् १८५०-१९०० का तुलनामा १ दशमलव १ डिग्री सेल्सियसले बढिरहेको छ । विश्वको वार्षिक औसत तापक्रम १ दशमलव ५ डिग्री सेल्सियस पुग्ने सम्भावना ८० प्रतिशतले बढेको संयुक्त राष्ट्र संघ मातहतको विश्व मौसम संगठन (डब्ल्युएमओ) ले औंल्याएको छ ।

नेपालको औसत तापमान वृद्धिदर विश्वको औसतभन्दा करिब २ गुणा बढी भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । नेपालमा बर्सेनि ० दशमलव ०५६ डिग्री सेल्सियसका दरले तापक्रम वृद्धि हुँदै आएकाले यसको प्रत्यक्ष/परोक्ष प्रभाव कृषि बाली र अन्य क्षेत्रमा परिरहेको विभागका अधिकारी बताउँछन् ।

तापक्रमको वृद्धिसँगै भारी र अतिभारी वर्षा हुने क्रम बढ्न थालेपछि अन्न बालीमा ठूलो क्षति हुन थालेको छ । मिचाहा प्रजातिका वनस्पतिको वृद्धि, उच्च पहाड र हिमाली भेगका बालीनालीमा फौजी कीरा लगायत अन्य कीराको बढ्दो प्रभावलाई तापक्रम वृद्धिको असरका रूपमा व्याख्या गर्न थालिएको छ । नेपालको ३० प्रतिशत हाराहारी जमिन खेती गर्न योग्य र वनसँगको अन्तर सम्बन्धलाई जोड्दा करिब ५५ प्रतिशत क्षेत्र यस प्रयोजनमा प्रयोग गर्न सकिने कृषि विज्ञहरूको ठहर छ ।

मनाङ जस्ता हिमाली जिल्लामा खेतीपाती विस्तार र केही वर्षयता गोरखामा एक हजार ५०० मिटर उचाइ हाराहारीसम्म धान खेती हुन थालेकाले यसलाई सकारात्मक रूपमा पनि लिनुपर्ने बहस समेत हुन थालेको छ । तर, यस्ता सकारात्मक प्रभावहरू अल्पकालीन हुन सक्छन् र यसले दीर्घकालीन जैविक सन्तुलनमा खलल पुऱ्याउन सक्छ ।

जैविक विविधता र जलवायु वित्तको उपयोगको आवश्यकता

खाद्य तथा कृषि विज्ञ डा. यमुना घले जलवायु परिवर्तनको प्रभावलाई सधैं नकारात्मक अर्थमा मात्रै व्याख्या गर्नु उपयुक्त नहुने तर्क गर्छिन् । तापक्रम वृद्धि कृषि र बालीनालीको उत्पादकत्व बढाएर आयात प्रतिस्थापनको अवसरका रूपमा पनि चर्चा गरिनुपर्ने उनको भनाइ छ । 'जलवायु परिवर्तनले सबै ठाउँमा क्षति गर्छ; नकारात्मक प्रभाव पार्छ भन्ने सन्देश र बुझाइलाई बदल्नुपर्छ,' उनले भनिन्, 'कतिपय भेगका किसानका लागि तापक्रम वृद्धिले राहत पनि दिएको छ ।'

जलवायु परिवर्तनको प्रभाव विश्वव्यापी रहेकाले कुनै एक्लो देश र सरकारको पहलले मात्रै घटाउन नसकिने भएकाले वातावरण अनुकूलनका अभ्यासलाई प्राथमिकतामा राख्नुपर्नेमा डा. घलेको जोड छ । क्षति कम गर्न नेपाल जस्ता देशको जनशक्ति र बजेट पर्याप्त नहुने भएकाले वातावरण अनुकूलनका कार्यक्रम परिणाममुखी बन्नुपर्छ । अनुकूलन अभ्यासबाटै रैथाने बाली जोगाउन सकिने उनको तर्क छ । उनले भनिन्, 'रैथाने बालीको राष्ट्रिय मर्म सरकारले बुझ्न सकेको छैन; यो काम स्थानीय सरकारको हो भन्ने बुझाइ हुँदा यसका लागि पर्याप्त बजेट छुट्याउने कुरै भएन ।'

कृषि सम्मेलनहरूमा लोपोन्मुख बालीनाली जोगाउन सरकारले बाली प्रवर्धनलाई जोड दिनुपर्ने तर्क सुनिन्छ । तर, रैथाने उत्पादन जोगाउन गाउँघरमा सामुदायिक बीउ पुँजी स्थापना गर्ने अभ्यास पनि छन् । समुदाय सक्रिय हुँदा देशका विभिन्न भेगमा बीउ बैंक स्थापना गर्ने लहर सुरू भएको छ । बीउ बैंकले रैथाने बाली जोगाउन सकिने भए पनि बढ्दो तापक्रम वृद्धिले बालीनालीको चक्र फेरिँदा पोषण सुरक्षामा समेत असर परिरहेको राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) का वरिष्ठ वैज्ञानिक बालकृष्ण जोशी बताउँछन् ।

बालीनालीको चक्र फेरिँदा पोषण सुरक्षा सुनिश्चितता सहज नभएको बताउँदै उनी भन्छन्, 'विषय विज्ञसहित बीउ पुँजी दिगो बनाउन सकेमा रैथाने जात जोगिन्छ; उत्पादन दर पनि बढ्छ । कृषि उत्पादनको पोषण सुरक्षालाई लिएर नेपालमा यस्तो अध्ययन ज्यादै न्यून छ । यो निकै गम्भीर पाटो हो ।'

नेपालमा अहिलेसम्म खाद्य स्वास्थ्य सूचकांक नभएकाले अनुवांशिक विविधताको अनुसन्धान फराकिलो बनाउन नार्कले मनाङ, मुस्ताङ, रसुवा लगायत अन्य हिमाली जिल्लाका कृषि उपजको अध्ययन गर्ने गृहकार्य थालेको छ । रैथाने बाली हराउने चिन्ता, उच्च पहाड र हिमाली भेगका कृषि उत्पादनको गुणस्तर राम्रो रहेको चर्चा भइरहँदा अध्ययनले रैथाने बीउ जोगाउन पोषण सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने जोशीले बताए ।

हिमाली कृषि संरक्षणका लागि जलवायु वित्तको उपयोग बढाउन आवश्यक भएको विज्ञको भनाइ छ । जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रमका निम्ति अन्तर्राष्ट्रिय स्तरबाट उपलब्ध हुने जलवायु वित्तलाई कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने उनीहरूको सुझाव छ । विशेषगरी रैथाने बीउ पुँजी स्थापना, सामुदायिक बीउ संरक्षण, जलवायुमैत्री बाली विकास तथा अनुसन्धानमा सरकारले जलवायु वित्त कोषको लगानी बढाउन आवश्यक छ ।

जलवायुमैत्री खेतीलाई प्रोत्साहन गर्न सकिएमा मात्रै रैथाने खेतीको बीउ संरक्षण र प्रवर्धन गर्न सकिनेछ । यसको न्यूनीकरण गर्न जलवायु वित्त वा जलवायु अनुकूलन कोषमा आएको बजेटको उपयोग कृषि क्षेत्रमा लगानी बढाउन सरकारले ताकेता गर्नुपर्ने देखिन्छ । जसले कृषि र हिमशृंखला संरक्षणका निम्ति भरपुर उपयोगलाई तीनै तहको सरकारले प्राथमिकतामा राख्नुपर्ने देखिएको छ ।

मनाङको माटोको सुगन्ध र त्यहाँका रैथाने बालीको मिठास जोगाउनु किसानको चिन्ता मात्र होइन, यो त हाम्रो राष्ट्रिय खाद्य सुरक्षा र जैविक विविधतासँग जोडिएको विषय हो । मौसमको दबाबका बीच मनाङको खेतीपातीलाई जोगाइराख्नु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको छ ।

◆◆◆

भीरमा अल्झिएको भेडीगोठालाको जीवन

प्रतीक्षा आले मगर

> **हिमाली लेक, पाटन, चरनहरुमा अहिलेसम्म त हजारौं भेडा चरिरहेका छन् । तर गोठालाको चिन्ता भेडाको सुरक्षाभन्दा ठूलो छ । आफ्नो पुस्तापछि यो बाटो हिँड्ने मानिस होलान् कि नहोलान् ।**

गोरखा ।

गोठ नजिकैको इसराङ भीरबाट खसेको भेडा समात्न हाम्फालेका चुमनुब्री-३, पाङसिङका ६७ वर्षीय लारा गुरूङ फर्किएनन् । भेडा जोगाउन खोज्दा जीवन गुमाएका लारा न पहिलो व्यक्ति हुन्; न अन्तिम । उनको कथाले उत्तरी गोरखाको भेडा गोठालाको जीवन कति जोखिमपूर्ण छ भन्ने उजागर गरेको छ ।

समुद्री सतहबाट ४ हजार मिटरभन्दा माथिको लेक, खर्कको बसाइ, बेला बेला खस्ने सुख्खा पहिरो तथा बाटोमा ढुंगा खस्ने समस्या, भौगोलिक कठिनाइ पनि उस्तै छ । जनशक्ति पलायन जस्ता समस्याले भेडीगोठालाको जीवन झनै कष्टपूर्ण बन्दै गएको उनीहरूको गुनासो छ ।

यति बेला उत्तरी गोरखाका भेडीगोठालाहरू लेकतिर गोठ लैजाँदैछन् । उँधौलीका बेला गोरखाको आरूघाट, धादिङको बसेरी, सल्यानटार तथा लमजुङको बाहुनडाँडा, बिचौरसम्म फैलिएका उत्तरी गोरखाका गोठहरू उँभौली लागेपछि फेरि विस्तारै विस्तारै लेकतर्फ लैजाँदै गरेका हुन् ।

पाङसिङ गोरखाको सबैभन्दा धेरै भेडा पालन गर्ने गाउँ हो । त्यसैले यो भेडा गोठालाहरूको गाउँका रूपमा पनि चिनिन्छ । करिब १ सय ५० घरधुरी रहेको पाङसिङमा ७० घरधुरीका बासिन्दा भेडा पालनमा आबद्ध छन् ।

पाङसिङको भेडीगोठ अहिले गाउँको माथिल्लो लेकमा रहेको त्यहाँका भेडागोठाला रोहन गुरूङ बताउँछन् । भेडीगोठमै जन्मेहुर्केका उनीसँग अहिले करिब ३ सय भेडा छन् । 'एक महिना जति भयो यता आको; अहिलेसम्म गाउँ आसपासको लेकतिर छौं । विस्तारै अझै माथिल्लो लेकहरूमा जान्छौं,' उनले भने, 'अब विस्तारै-विस्तारै गाउँबाट दुईदिन, तीन दिनको बाटो टाढाको लेक, बुद्ध हिमालको फेदतिर पुग्छौं ।' गाउँका कैयौं गोठाला युवा साथी वैदेशिक रोजगारीमा गए पनि आफूहरू भने भैंडी गोठमै रमाएको उनी सुनाउँछन् ।

पाङसिङका रोहन जस्ता भेडीगोठालाहरू हिउँदका दिनमा भेडा चराउँदै धादिङको बसेरी र लमजुङको बाहुनडाँडासम्म पुग्छन् । बर्खामा हिमालका फेदहरूका पाटनमा बस्छन् । 'ठ्याक्कै यही ठाउँ जाने भन्ने हुन्न । हाम्रो जीवन त घुमन्तेको जस्तो पो छ,' उनी भन्छन्, 'हिँड्दै, हेर्दै, आफूलाई जता जाँदा ठीक लाग्छ, सजिलो लाग्छ त्यतै जाने हो ।' समुद्री सतहदेखि ३५ सयदेखि ४ हजार मिटरसम्म अग्ला लेक, खर्क, पाटनमा जाने रोहनले सुनाए । बर्खा सुरू भएसँगै माथिल्लो लेक जाने उनीहरू दसैं लागेपछि मात्र गाउँ आसपासमा झर्ने उनले बताएका छन् । 'त्यति बेला कोदो, मकैका बारीहरू खाली हुन्छ । त्यहाँ भेडा ल्याएर राख्न पाइन्छ,' उनले भने ।

भेडीगोठालाको जीवन त्यति सजिलो छैन । सास्ती पनि उस्तै; खर्चिलो पनि उत्तिकै छ । सरकारी बेवास्ताको कुरा त अझ परको कुरा । 'लेकको कथाबेथा छुट्टै छ तर गाह्रो त बेंसी झर्दा हुन्छ,' रोहन भन्छन्, 'हिउँदमा बेंसीमा घाँस पाउँदैन । हामी गोरखाको भेडा धादिङको बेंसी लैजाँदा त्यहाँ गाउँलेलाई घाँसको पैसा तिर्नुपर्छ । लमजुङमाचाहिँ तिर्नु पर्दैन । त्यसैले धेरैको गोठ त्यहीँ थुप्रिन्छ । पछि-पछि त्यहाँ पनि घाँसको अभाव हुन्छ । मैले आफैँले धादिङको बेंसीमा बर्सेनि घाँसका लागि ४० देखि ४५ हजार रूपैयाँ तिरेर भेडा लैजान्छु ।'

भेडापालन गाह्रो भए पनि जसोतसो गुजारा भने चलिरहेको उनले सुनाए । गुरूङ एक वर्षमा २० देखि २५ वटा भेडा बिक्री गर्छन् । जसबाट ३ देखि ४ लाख रूपैयाँ आम्दानी हुन्छ । 'आफ्नो मिहिनेत र खर्चको त के कुरा भो र ?', उनी भन्छन्, '३ लाखको बेचियो, ४ लाखको बेचियो भन्नेमात्र हो ।'

समय बदलिएसँगै भेडा पालन विगतको तुलनामा जटिल बन्दै गएको छ । संगीसाथी विदेशिन्छन् । महिनाकै लाख कमाउँछन् । तर यहाँ वर्ष दिन कुरेर ३ देखि ४ लाख हात पर्छ । पाङसिङका अर्का भेडा गोठाला माइला गुरूङका अनुसार आजभोलि भेडापालनमा युवाको मोह घट्दो छ । भेडा लेकबेंसी गर्न पनि चुनौती थपिएको उनले बताएका छन् ।

गोठालाको जीवन अरूले देखेको, सोचेको भन्दा धेरै कठिन हुने गरेको माइला बताउँछन् । 'पहिलाभन्दा आजभोलि लेकबेंसी गर्न गाह्रो छ,' उनी भन्छन्, 'धेरै पहिरो जान्छ । बेला-कुबेला ढुंगा खस्दा हामीलाई पनि जोखिम; यसरी हाम्रो सयौं भेडा मरिसके । भीरबाट खसेर पनि थुप्रै भेडा मर्छन् ।'

अर्को मुख्य समस्या चरन क्षेत्रको अभाव हो । जलवायु परिवर्तनका कारण आजभोलि पहिले जस्तो घाँस पाउन छोडेको गोठालाहरू बताउँछन् । नयाँ विषालु झारहरू उम्रन थालेको उनीहरूको गुनासो छ । त्यस्तो घाँस खाएर पनि भेडा मरेका छन् । राम्रो घाँस खोज्दै उनीहरू टाढा, टाढा पुग्नुपर्ने बाध्यता छ ।

माथिल्लो लेक, खर्क र पाटनहरूमा घाँस पलाउन छाडेको माइला बताउँछन् । यस्तै, भेडाहरूमा नयाँ रोग र प्रकोपहरू देखा पर्न थालेको उनको दुखेसो छ । घाँसको कमी र बढ्दो नयाँ-नयाँ रोगका कारण भेडाहरूको तौल घट्ने, प्रजनन क्षमता कमजोर हुने र उनीहरूबाट उत्पादन हुने ऊनको गुणस्तर तथा परिमाण दुवैमा गिरावट आएको उनले सुनाए ।

भेडा व्यवसायमा जलवायु परिवर्तनको प्रत्यक्ष असर छ । जसका कारण रैथाने हिमाली भेडापालन व्यवसाय संकटमा परेको छ र धेरै गोठालाले यो पेसा नै छाड्न थालेका छन् । जलवायु परिवर्तनले भेडागोठालाहरूको लेकबेंसी गर्ने तालिका पनि प्रभावित भएको छ । पहिले वैशाख पूर्णिमापछि मात्र गाउँ भित्रने भैंडीगोठ आजभोलि फागुनमै उकालो लाग्ने गरेको माइला गुरूङको अनुभव छ । 'बेंसी झार्दा पनि अब कताको बेंसी जाने भन्ने हिसाबले झारिन्छ । आजभोलि जाडोमा धेरै जाडो अनि गर्मीमा धेरै गर्मी हुन थालेको छ,' उनले भने ।

भेडा गोठालाहरू ४-५ जनाको समूह बनाएर, भेडीगोठमा बस्छन् । आलोपालो गर्दै गाउँ झर्ने, लेक चढ्ने चलन छ । उनीहरू भेडीगोठ बस्दा आवश्यक पर्ने खाद्य सामग्रीहरू बोकेरै लैजान्छन् । बेला बखतमा गाउँबाट परिवारजनले आवश्यक खाद्य सामग्रीहरू ल्याइदिने भेडा गोठालाहरू बताउँछन् । 'भेडाको दूध, दही, घिउ, लेकमा पाउने जडिबुटी, माछा, मासु खाएर गुजारा चलाउँछौं । लेकको त संसारै छुट्टै हुन्छ । तलतिर के भयो केही थाहा पनि हुन्न । वास्ता पनि हुन्न', भेडा गोठाला रोहन गुरूङले भने ।

हिमालपारिको चुमनुब्री गाउँपालिका-३, पाङसिङ, ठूलो फिलिम, सानो फिलिम, पाती, देवल, आँगा, सर्स्यूँ, सिर्दिबास, न्याक, घट्टेखोला, नाग्चेत लगायत क्षेत्रका किसानले भेडाबाख्रा पालन गरेका त्यहाँका वडाध्यक्ष रामकुमार गुरूङ बताउँछन् । 'कात्तिकतिर बेंसी झारेका भेडाबाख्रा वैशाख लागेपछि लेकको पाटन भरिभराउ भएका छन्,' उनी भन्छन्, 'हरेक वर्ष हिउँद लागेपछि लेकका भेडाबाख्रा खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लमजुङतिर झार्ने गर्छन् । कोही गोठालाले आर्खेत, आरूघाट, मान्बु हुँदै धादिङको बसेरी, सल्यानटारसम्म झार्ने गर्छन् ।' चैत, वैशाख लागेपछि पुनः लेक लैजाने चलन रहेको वडाध्यक्ष गुरूङको भनाइ छ ।

जिल्लाको चुमनुब्री गाउँपालिकामा २० हजार ९ सय ८५ भेडाहरू छन् । भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखाको अभिलेखअनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा चुमनुब्री गाउँपालिकाका भेडामा सञ्चालित पूर्ण खोप कार्यक्रममा उक्त संख्याको भेडा बाख्राको तथ्यांक संकलन भएको हो ।

भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखाको अभिलेखअनुसार आर्थिक वर्ष २०८१/०८२ मा पालिकाको १६ हजार ५ सय ९८ भेडाबाख्रालाई पूर्ण खोप दिएको थियो ।

तथ्यांक विश्लेषण गर्दा चुमनुब्रीमा गत आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्ष भेडाको संख्या वृद्धि भएको देखिन्छ । तर, संख्या वृद्धि भने नभएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ गोरखाका पशु सेवा प्राविधिक सुदीप विकले बताए । 'गत आर्थिक वर्ष २०८१/०८२ मा चुमनुब्रीमा पहिलो पटक पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरेका थियौं । पहिलो वर्ष भएकाले सबै भेडागोठालालाई खोपबारे जानकारी भएन । त्यसैले कैयौं भेडाहरू छुटेका हुन सक्छन् । त्यसैले अहिले बढेको देखिएको मात्र हो,' उनले भने, 'यो आर्थिक वर्ष भने उहाँहरू गाउँ आएको मौका छोपेर खोप लगाएका हौं ।'

चुमनुब्रीको भेडाबाख्रालाई पूर्णखोप लगाउन चुनौती रहेको उनले जानकारी दिए । फोन सम्पर्कसमेत हुन नसक्ने लेकमा गोठालाहरू पुग्ने हुँदा उनीहरूसँग सम्पर्क गर्न कठिन हुने गरेको कार्यालयको भनाइ छ ।

उनले भने, 'उहाँहरू जुन सिजनमा गाउँ जानुहुन्छ, त्यही सिजनमा बुझेर सबै जनालाई खबर गरेर जान थालेका छौं ।'

बाह्रै महिना गोठमा जीवन बिताउने भेडा गोठालाहरू उधौली लागेपछि उँधो(बेंसी) झर्ने र उभौलीमा उँभो(लेक) चढ्ने चुमनुब्री गाउँपालिका ३, जगतका गणेश कार्की बताउँछन् । भेडा गोठालाहरू जगत हुँदै उँधो, उँभो गर्ने उनको भनाइ छ । 'उँधौली र उभौली लागेको भेडाले नै थाहा पाउने रहेछ । जब कात्तिक लाग्छ अनि अलिअलि जाडो बढ्न थाल्छ, भेडाहरू उँधो फर्केर चर्न थाल्छन् । अनि जब वैशाख लाग्छ र अलिअलि गर्मी हुन थाल्छ त्यसपछि भेडाहरू उँभो फर्केर चर्न थाल्छन्,' उनी भन्छन्, 'उँधौली र उभौली लागेपछि यही जगतको बाटो हुँदै भेडाबाख्रा गाउँबेंसी गर्छन् ।'

हरिया चउर हिउँ परेर सेताम्मे हुन थालेपछि गोठालाहरू लेकबाट भेडाका लस्कर धपाउँदै-धपाउँदै महिना दिनपछि गाउँ नजिकै आउँछन् । गाउँ वरिपरिका बारीमा केही दिन चराएर फेरि भेडा धपाउँदै आरूघाट, धादिङको सल्यानटार, बसेरी तथा लमजुङको बाहुनडाँडा, बिचौरतिर झार्ने गर्छन् । समुद्री सतहदेखि ४ हजार मिटरभन्दा उँभो लेकका खर्कहरूमा भरिने भेडाबाख्रा जाडो लागेसँगै १ हजार मिटरभन्दा होचो बेंसीतिर झार्ने गर्छन् ।

भेडाहरू लेकको गोठबाट बेंसी झार्दा राम्रो दिन बार हेरेर झार्ने गरिन्छ । लेकको गोठबाट पनि एकै दिनमा बेंसी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइ पुऱ्याउने पाङसिङका विकास गुरूङ बताउँछन् । 'गाउँमा झारेको भेडा यहाँबाट अझै तल्लो भेग लैजानचाहिँ विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ,' उनले भने ।

चुमनुब्री गाउँपालिकाको पाङसिङ गाउँ जिल्लाकै धेरै भेडा पालन गर्ने गाउँ रहेको गाउँपालिका अध्यक्ष निमा लामाले बताए । 'यहाँको भेडा बारपाक, लाप्राक, बाहुनडाँडा(लमजुङ) लगायत क्षेत्रमा पाल्न भनेर लैजाने गर्छन्,' उनले भने । यद्यपि पछिल्लो समय भेडा पालनमा विभिन्न संकट देखिन थालेको पालिका अध्यक्ष लामाले जनाए ।

'मुख्यरूपमा जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा र यहाँको जनजीवनमा देखिएको छ,' लामाले भने, 'भेडापालन पनि संकटमा परेको अवस्था छ । वैदेशिक रोजगारीले पनि यसलाई थप असर पुऱ्याएको छ ।' पालिकाले भेडाबाख्रा पालन गर्ने किसानलाई प्रोत्साहन दिन कार्यक्रम गरिरहे पनि बर्सेनि उनीहरूको संख्या घटिरहेको उनको भनाइ छ ।

भेडाबाख्रा पालन गर्ने किसान धेरै भएकाले चुमनुब्री गाउँपालिका ३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ । गोठालालाई प्रोत्साहन गर्न गोठमा जाने बाटो मर्मत तथा खानेपानीको व्यवस्था लगायतका कार्यक्रमहरू सञ्चालन गरेको चुमनुब्री ३ का वडाध्यक्ष रामकुमार गुरूङले बताए ।

'गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयंको २० प्रतिशत लागत साझेदारीमा यस्ता कार्यक्रमहरू बर्सेनि गर्ने गरेका छौं,' उनले भने । 'गोठालालाई त्रिपाल, टर्च लाइट, गमबुट जस्ता सामान पनि दिने गरेका छौं ।'

गोठालालाई प्रोत्साहनस्वरूप चुमनुब्री गाउँपालिकाले यस वर्ष घुम्ती गोठ सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताए । कार्यक्रममा ९ वटा पशु फार्मका करिब १ सय ५० जना आबद्ध रहेको उनले जानकारी दिए । गाउँपालिकाले भेडा गोठालाहरूलाई प्रोत्साहन गर्ने नीतिसहित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको लामिछानेको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखाले भेडापालक कृषक लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरेको केन्द्र प्रमुख अनन्त कोइरालाले बताए । कार्यालयले पशुमा पूर्ण खोप कार्यक्रम अन्तर्गत भेडाबाख्रामा पूर्ण खोप कार्यक्रम, घुम्ती गोठ कार्यक्रम, भेडाहरूका लागि जुका तथा नाम्लेको औषधि वितरण, घुम्ती गोठका भेडा गोठालाहरूका लागि आवश्यक सामग्री सहयोग लगायतका कार्यक्रम सञ्चालन गरेको छ । साथै, घुम्ती प्रणाली अन्तर्गत चरन क्षेत्रमा रहेका भेडा बाख्राको स्वास्थ्य प्रवर्धन कार्यक्रम, स्वास्थ्य परीक्षण, औषधि वितरण तथा किसानलाई परामर्श कार्यक्रम पनि सञ्चालन गरेको कोइरालाले बताए । केन्द्रले यी सबै कार्यक्रमहरू गण्डकी प्रदेश सरकारको सहयोगमा सञ्चालन गर्दै आएको छ ।

'भेडा पालन हुने चुमनुब्री, धार्चे, बारपाक सुलिकोट, अजिरकोट र आरूघाट गाउँपालिकामा यी कार्यक्रम सञ्चालन भइरहेका छन्,' उनले भने । धेरै भेडा पालन हुने चुमनुब्री गाउँपालिकामा प्रभावकारी रूपमा यी कार्यक्रम सञ्चालन हुन नसकेको उनको भनाइ छ ।

चुमनुब्रीका भेडापालक कृषकलाई बजारसँग जोड्नुपर्ने डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शाण्डिल्यले बताए । जलवायु परिवर्तनको असर विश्वव्यापी रूपमा देखिएकाले भइरहेको समस्या अनुकूल चल्नुको विकल्प नरहेको उनको तर्क छ । 'बढी प्राविधिक कुरा गर्नुभन्दा पनि उहाँहरूलाई बजारसँग जोड्न सक्नुपर्छ । त्यो नै समस्याको हल हो,' उनले भने । साथै, भेडीखर्कहरूको थप उचित व्यवस्थापन गर्न सके पनि भेडा गोठालाहरूलाई धेरै राहत मिल्ने उनको भनाइ छ ।

तीनै तहको सरकारी पहल कायम रहला तर मान्छेले भेडा पालनलाई निरन्तरता देलान् कि नदेलान् ? यो प्रश्न अनुत्तरित छ । हिमाली लेक, पाटन, चरनहरूमा अहिलेसम्म त हजारौं भेडा चरिरहेका छन् । तर गोठालाहरूको चिन्ता भेडाको सुरक्षाभन्दा ठूलो छ- आफ्नो पुस्तापछि यो बाटो हिँड्ने मानिस होलान कि नहोलान् ?

◆◆◆

घर छेउकै अस्पतालमा विशेषज्ञ सेवा

पूर्ण विके

तनहुँको दमौली अस्पतालमा आधुनिक 'सी-आर्म' प्रविधि र विशेषज्ञ चिकित्सक थपिएपछि बिरामीको चाप दैनिक १५० नाघेको छ भने १५ बेडको इन्डोर सेवालाई ७७ बेडमा विस्तार गर्ने तयारी तीव्र पारिएको छ ।

'हात मर्केर छुनै नहुने भएपछि थप जाँच र उपचारका लागि पोखरा जाने तरखरमा थिएँ । तर गाउँका साथीभाइले दमौली अस्पतालमै राम्रा विशेषज्ञ डाक्टर आएका छन् भनेपछि यतै मोडिएँ । यहाँ आएर सम्बन्धित रोगकै विशेषज्ञ चिकित्सकलाई देखाउन पाएपछि मलाई अन्त धाउनुपर्ने बाध्यता टऱ्यो,' म्याग्दे गाउँपालिका वडाध्यक्ष नम्बर १, गुणादीका ५३ वर्षीय मनबहादुर रानाभाटले आफ्नो स्वास्थ्योपचारको सुखद अनुभव यसरी सुनाए ।

विगतमा सामान्य उपचारका लागि पनि पोखरा वा काठमाडौँका महँगा निजी अस्पताल चहार्नुपर्ने तनहुँवासीका लागि अहिले जिल्लाकै प्रादेशिक अस्पताल दमौली भरोसाको केन्द्र बन्दै गएको छ । गण्डकी प्रदेश सरकारमातहत सञ्चालित यस अस्पतालको सेवामा आएको गुणात्मक सुधारले स्थानीय नागरिकमा राज्यको स्वास्थ्य प्रणालीप्रति नयाँ विश्वास जगाएको छ । मनबहादुरमात्र होइन; अहिले यस क्षेत्रका सयौँ बिरामी प्रादेशिक अस्पतालको सेवाबाट सन्तुष्ट भई अरूलाई पनि यतै उपचार गर्न सल्लाह दिन थालेकाछन् ।

अस्पतालमा आधुनिक प्रविधि र विशेषज्ञ सेवा थपिएसँगै बिरामीको चाप उल्लेखनीय रूपमा बढेको छ । व्यास नगरपालिका वडा नम्बर १४, सुकौराकी ५७ वर्षीया हितकुमारी श्रेष्ठ पनि अस्पतालको फेरिएको स्वरूप देखेर दंग छिन् । 'उपचार राम्रो पाइने आशा बोकेर हामी यहाँ आउने हो; सरकारी अस्पताल त हो नि भनेर चित्त बुझाउनुपर्ने दिन अब रहेनन्,' हितकुमारी भन्छिन्, 'तर, अझै पनि लामो लाइन बस्नुपर्ने झन्झटलाई कम गरी कर्मचारीको व्यवहारलाई थप बिरामीमैत्री बनाउन सके यहाँ सेवाग्राहीको आकर्षण अझै थपिने थियो ।'

दमौली अस्पताल प्रशासनका अनुसार केही समय अघिसम्म दैनिक औसत १ सय २० जना बिरामी आउने गरेको मा अहिले त्यो संख्या बढेर दैनिक १५० जनाभन्दा बढी पुगेको छ । गैरसरकारी संस्था महासंघ तनहुँकी अध्यक्ष सरलादेवी श्रेष्ठका अनुसार राज्यले स्वास्थ्य बीमा कार्यक्रमलाई प्राथमिकतामा राखेका कारण पनि सरकारी अस्पतालहरूमा सर्वसाधारणको पहुँच र चाप दुवै बढेको हो ।

उनी भन्छिन्, 'स्वास्थ्य बीमा गरेका नागरिकलाई सरकारले सरकारी अस्पतालबाटै सेवा लिने प्रावधान बनाएकाले बिरामीको विश्वास यतातर्फ बढेको देखिन्छ । चाप बढेसँगै स्वास्थ्य संस्थाहरूले आफ्ना सेवालाई थप चुस्त र प्रभावकारी बनाउनु आजको आवश्यकता हो ।'

प्रविधिको फड्को र भौतिक पूर्वाधार विकास

बिरामीको बढ्दो चापलाई मध्यनजर गर्दै दमौली अस्पतालले आफ्नो भौतिक पूर्वाधार र प्रविधिमा ठूलो सुधार गरेको छ । अस्पतालले चार महिना अघिदेखि बिना चिरफार हाडजोर्नीको शल्यक्रिया गर्न सक्ने अत्याधुनिक 'सी-आर्म' प्रविधि भित्र्याएको छ । यो एक्स-रेमा आधारित यस्तो आधुनिक इमेजिङ प्रणाली हो; जसले शल्यक्रियाका क्रममा शरीरभित्रको भागलाई प्रत्यक्ष स्क्रिनमा देखाएर चिकित्सकलाई सटिक उपचार गर्न मद्दत पुऱ्याउँछ ।

अस्पतालका प्रमुख डा. परिवर्तन बरालका अनुसार हाल अस्पतालमा ५ जना विशेषज्ञसहित कुल ९ जना डाक्टरहरूले निरन्तर सेवा दिइरहेका छन् । 'यस क्षेत्रका बिरामीलाई कसरी गुणस्तरीय र प्रभावकारी सेवा दिन सकिन्छ भनेर हामीहरू दिनरात खटिएका छौं,' डा बराल भन्छन्, 'संविधानको मर्म अनुरूप स्थापित प्रादेशिक अस्पतालहरू अधिकांश जटिल उपचारमा सक्षम छन् भन्ने सन्देश नागरिकसम्म पुऱ्याउनु आवश्यक छ ।'

हाल यस अस्पतालबाट तनहुँ र छिमेकी जिल्ला लमजुङका नागरिकले समेत सेवा लिइरहेका छन् । अस्पतालमा करिब एक सय ३० जना कर्मचारी कार्यरत छन् । प्रदेश सरकारको पहलमा विगत तीन महिनादेखि यहाँ सर्पदंश उपचार केन्द्र, विद्युतीय भुक्तानी प्रणाली (इ-पेमेन्ट) र आधुनिक फोहोर व्यवस्थापन केन्द्रसमेत सञ्चालनमा ल्याइएको छ । हाल १६ बेड क्षमताको बहिरङ (इन्डोर) सेवालाई आगामी वर्ष २५ बेडमा र समग्र अस्पतालको ५५ बेड क्षमतालाई ७७ बेडमा विस्तार गर्ने गरी गण्डकी प्रदेश सरकारको सहयोगमा भौतिक निर्माणका कार्यहरू तीव्र गतिमा अघि बढिरहेका छन् । संघीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट करिब ५० लाख रूपैयाँ लागतमा आगामी वर्षदेखि बिरामीलाई दूरबिन प्रविधि (लाप्रास्कोपी) मार्फत् शल्यक्रिया सेवा दिने तयारीसमेत अन्तिम चरणमा पुगेको अस्पतालले जनाएको छ ।

गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालय र सरोकारवाला निकायबाट हुने नियमित अनुगमनले अस्पतालको कार्यप्रगति र जवाफदेहिता बढाएको डा. बरालको अनुभव छ । उनी थप्छन्, 'माथिल्लो निकायबाट हुने नियमित निरीक्षणले हामीलाई बिरामीप्रति अझ बढी जिम्मेवार बनाउन र सेवालाई प्रभावकारी रूपमा परिमार्जन गर्न मद्दत पुऱ्याएको छ । कर्मचारी अभावका कारण कहिलेकाँही जाँचमा केही ढिलासुस्ती हुन सक्ने भए पनि हामी सधैं उत्कृष्ट सेवा दिन प्रतिबद्ध छौं ।'

धौलागिरी प्रादेशिक अस्पताल बागलुङले समेत उपचार सेवा प्रभावकारी बनाएको छ । अस्पतालले दुरविनबाट हुने प्राय सबै खालका अप्रेसन, सिटि स्क्यान र सघन उपचार कक्षको समेत सेवा दिदैं आएको जनाएको छ ।

मातृशिशुको स्वास्थ्य उपचारको क्षेत्रमा यही मंसिरदेखि नवजात शिशुको सघन उपचार कक्ष (आइसियु) सेवा सञ्चालन गरिएपछि यस अस्पताल गण्डकी प्रदेशमै अब्बल रहेको अस्पताल प्रशासनले जनाएको छ । नवजात शिशुको सघन उपचार कक्षका कारण हाल बागलुङ जिल्लाको मात्र नभई म्याग्दी, पर्वत र मुस्ताङका सुत्केरी महिलाको पहिलो रोजाईमा उक्त अस्पताल पर्ने गरेको धौलागिरी प्रादेशिक अस्पतालका प्रमुख डा. किरण तिवारीले जानकारी दिए ।

'शिशुहरूको आइसियु सेवा सञ्चालन गरिएपछि सुत्केरी गराउन पोखरा जानै पर्दैन भन्ने विश्वास सर्वसाधारणमा छ,' डा तिवारीले भने, 'त्यसले गर्दा सुत्केरी हुने आमाहरूको चाप ह्वात्तै बढेको छ ।'

सुत्केरी हुने तर्खरमा पुगेकी महिलाले प्रशव पीडा नै नहुने गरी बच्चा जन्माउने चाहना राखे आफूहरूले विशेष शल्यक्रियामार्फत् बच्चा जन्माउने सेवासमेत सुरू गरेको डा. तिवारीले जानकारी दिए । 'प्रशव पीडा नै नहुने गरी शिशुलाई जन्म दिन चाहनेलाई सेवासमेत सुरू गरेका छौं,' डा तिवारीले भने, 'यो सेवा हाल मुलुककै ४/५ वटा अस्पतालमा मात्र छ । दक्ष जनशक्ति भएपछि हामीले समेत यो सेवा सुरू गरेका हौं ।'

अस्पतालले जलन उपचार सेवा, सर्पदंश उपचार लगायत अप्रेसन सेवाहरू सञ्चालन गर्दै आएको जनाएको छ । अस्पताल डिजिटल तवरले सञ्चालन गरिएको समेत उनले बताए । विपद् र दुर्घटनाजन्य अवस्थामा समेत थोरै समयमा धेरै घाइतेलाई उपचार गर्न सकिने गरी नियमित तालिम र सोही अनुसारको भौतिक अवस्थासमेत कायम गरिएको डा. तिवारीले जानकारी दिए । करिब २५ रोपनी क्षेत्रफलमा फैलिएको अस्पतालमा हाल १६ जना विशेषज्ञ डाक्टर सहित २ सय ३० जना कर्मचारी छन् ।

आयुर्वेद चिकित्सातर्फ पनि उत्साहजनक आकर्षण

प्रादेशिक अस्पताल दमौली जस्तै यति बेला प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा पनि बिरामीको आकर्षण निकै लोभलाग्दो छ । गण्डकी प्रदेश सरकारले एलोपेथिकसँगै आयुर्वेद स्वास्थ्य संस्थाहरूको सुदृढीकरण र सेवा विस्तारलाई प्राथमिकतामा राखेपछि यहाँ उपचारका लागि आउनेहरूको संख्या दिनानुदिन बढ्दो छ ।

भिमाद नगरपालिका-६, भिमाद बजारकी ३८ वर्षीया रामसकिला थापा यसको प्रत्यक्ष उदाहरण छिन् । मलद्वारसम्बन्धी (गुदद्वार) रोगबाट पीडित उनले गत जेठ २४ गते यस चिकित्सालयमा गई शल्य चिकित्सक डा रमेश पौडेलसहित ५ जना डाक्टरहरूको टोलीबाट निःशुल्क 'क्षारसूत्र' विधिमार्फत् सफल शल्यक्रिया गराइन् । रामसकिलाले सुनाइन्, 'दुई वर्षअघि यही रोगको उपचारका लागि मैले निजी स्वास्थ्य संस्थामा करिब ४५ हजार रूपैयाँ खर्च गरेकी थिएँ, तर निको भएन । अहिले प्रदेश सरकारको सहयोगमा यहाँ निःशुल्क शल्यक्रिया गराएर स्वास्थ्य लाभ गरिरहेकी छु ।'

प्रदेश सरकारले यस आर्थिक वर्षको कार्यक्रममार्फत् कास्की, तनहुँ र बागलुङ जिल्लामा गुदद्वारका बिरामी पहिचान गरी निःशुल्क शल्यक्रिया र औषधि वितरणको व्यवस्था मिलाएको छ । प्रदेश आयुर्वेद चिकित्सालय दमौलीका प्रमुख डा. नारायण श्रेष्ठ भन्छन्, 'नागरिकले प्रत्यक्ष महसुस गर्ने गरी स्वास्थ्य सेवा विस्तार गर्न प्रदेश सरकार अग्रसर छ । सरकारको यो अभियानलाई सार्थक बनाउनु र नागरिकलाई रोगमुक्त बनाउनु हाम्रो परम कर्तव्य हो ।'

यस चिकित्सालयले स्वास्थ्य उपचारका अतिरिक्त स्तनपान गराउने सुत्केरी आमाहरूका लागि दुग्धवर्धक औषधि प्रवर्द्धन कार्यक्रम, मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता र मानसिक स्वास्थ्य जस्ता नसर्ने रोगहरूको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन गरिरहेको छ । चिकित्सालयका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईका अनुसार रोग लागिसकेपछिको उपचारभन्दा रोग लाग्नै नदिने स्वस्थ जीवनशैली र योग शिक्षालाई गण्डकी प्रदेश सरकारले विशेष प्राथमिकतामा राखेको छ । चिकित्सालयले स्थानीय चिकित्सक, स्वास्थ्यकर्मी, पत्रकार र नागरिक समाजका लागि मानसिक स्वास्थ्य सुदृढ बनाउने योग शिक्षासमेत सञ्चालन गर्दै आएको छ ।

समग्र प्रदेशकै स्वास्थ्य संरचनामा सुधार

कोभिड महामारीपछि प्रदेशले स्वास्थ्य सेवाका क्षेत्रमा ठूलै फड्को मारेको छ । स्वास्थ्य मन्त्रालयका स्वास्थ्य प्रशासक डा. रमेशकुमार केसीका अनुसार प्रदेश अन्तर्गतका ९ वटा जनरल र २ वटा आयुर्वेद अस्पतालसहित १६ वटा प्रादेशिक अस्पतालको बेड क्षमता पहिला ३ सयमात्र थियो । अहिले बढाएर ८ सय पुऱ्याइएको छ ।

उनका अनुसार धौलागिरि प्रादेशिक अस्पताल बागलुङ र मध्यविन्दु प्रादेशिक अस्पताल नवलपरासीमा १/१ सय बेड क्षमता विस्तार गरिएको छ । अन्य १० वटा अस्पतालहरूको क्षमता ५०/५० बेडले र बाँकी ४ वटा अस्पतालको क्षमता २५/२५ बेड कायम गरिएको छ । हाल धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा १६ जना विशेषज्ञ डाक्टरसहित ९९ जनाको स्थायी दरबन्दी कायम छ ।

त्यस्तै, मातृशिशु मितेरी प्रादेशिक अस्पताल, प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, प्रादेशिक अस्पताल तनहुँ, पर्वत र स्याङ्जालाई प्रदेश मातहत ल्याएर व्यवस्थित गरिएको छ भने बुर्तिबाङ र आँप पिपल अस्पताललाई ५५ बेडमा स्तरोन्नति गरी प्रत्येकमा विशेषज्ञ चिकित्सकसहित ६९ जनाको दरबन्दी सुनिश्चित गरिएको छ ।

हिमाली जिल्ला मनाङ र मुस्ताङका प्रादेशिक अस्पतालहरूलाई २५ बेडमा स्तरोन्नति गरी ३/३ जना विशेषज्ञ डाक्टरसहित ३९ जनाको दरबन्दी कायम गरिएको छ । कास्कीको गण्डकी आयुर्वेद अस्पताल र बागलुङको धौलागिरी आयुर्वेद अस्पतालमा इनडोर (अन्तरंग) सेवा सञ्चालनका लागि ४ जना विशेषज्ञ चिकित्सकसहित २९ जनाको दरबन्दी स्वीकृत भएसँगै प्रदेशको स्वास्थ्य क्षेत्रमा व्यापक रूपान्तरण देखिएको छ ।

'प्रदेश सरकारको स्पष्ट नीति र प्रभावकारी योजनाका कारण स्वास्थ्य क्षेत्रमा ठूलो प्रशासनिक र व्यावहारिक सुधार आएको छ,' स्वास्थ्य प्रशासक डा. केसी भन्छन्, 'संविधानको मर्मअनुसार कसरी जनताप्रति उत्तरदायी स्वास्थ्य सेवा घरदैलोमै पुऱ्याउन सकिन्छ भन्नेमा नै हाम्रो सम्पूर्ण ध्यान केन्द्रित छ ।' स्थानीय स्तरमै गुणस्तरीय, सुलभ र भरपर्दो चिकित्सा सेवा पाउन थालेपछि गण्डकी प्रदेशका आम नागरिक यति बेला निकै उत्साहित र खुसी देखिएका छन् ।

प्रादेशिक स्वास्थ्य नीति र बजेटको भरोसा

गण्डकी प्रदेश सरकारले नागरिकको समग्र स्वास्थ्य अवस्था सुधारका लागि समावेशी, प्रभावकारी र दिगो स्वास्थ्य प्रणाली निर्माण गर्ने नीति लिएको छ । यस नीतिले उपचारात्मक सेवाका साथै प्रवर्द्धनात्मक र निरोधात्मक सेवा जस्तैः चेतना अभिवृद्धि, पोषण, सुरक्षित मातृत्व तथा बाल कल्याणलाई समान महत्त्व दिएको छ ।

स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका अनुसार प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स्वास्थ्य क्षेत्रमा ३ अर्ब ३१ करोड रूपैयाँ बजेट विनियोजन गर्ने लक्ष्य राखेको छ; जबकि चालु आर्थिक वर्षमा ३ अर्ब ३२ करोड ७० लाख ४० हजार रूपैयाँ विनियोजन गरिएको थियो । प्रदेशका विपन्न नागरिकका लागि हवाई उद्धार, निःशुल्क रगत उपलब्धता र 'गाउँ-गाउँमा डाक्टर' जस्ता जनमुखी कार्यक्रमलाई सरकारले निरन्तरता दिएको छ ।

गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचनका अनुसार प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल र कास्कीको गण्डकी आयुर्वेद अस्पतालको भवन निर्माणका लागि ६ करोड, मध्यविन्दु प्रादेशिक अस्पतालको भवन र गोरखा अस्पतालमा सिटी स्क्यान मेसिन खरिदका लागि थप १० करोड तथा नयाँ एम्बुलेन्स खरिदका लागि ३ करोड ५० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ । यसबाहेक क्यान्सर उपचार सहायता, स्वास्थ्य बीमा र दुर्गम क्षेत्रका गर्भवतीको हवाई उद्धारका लागि ६ करोड ६० लाख रूपैयाँ सुरक्षित गरिएको छ भने महामारी पूर्वतयारी तथा एकीकृत निगरानी प्रणालीलाई समुदाय स्तरसम्म विस्तार गर्न २ करोड रूपैयाँ छुट्याइएको छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन भत्ता र सामुदायिक नर्सिङ कार्यक्रमलाई समेत यसमा विशेष प्राथमिकता दिइएको छ ।

सरकारी स्वास्थ्य क्षेत्रमा देखिएको यो गुणात्मक फड्को र प्रविधिको विस्तार आफैंमा प्रशंसनीय छ । हिजो सामान्य उपचारका लागि पनि सहरका महँगा निजी अस्पताल धाउनुपर्ने बाध्यताबाट ग्रामीण नागरिकले मुक्ति पाउन थाल्नु संघीयताको एउटा सुन्दर उपहार हो । तर, प्रविधि र भवन मात्रै स्वास्थ्य सुधारका अन्तिम कडी होइनन् । अस्पतालमा देखिने लामो लाइनको सास्ती, झन्झटिलो प्रशासनिक प्रक्रिया र कतिपय अवस्थामा स्वास्थ्यकर्मीको रूखो व्यवहारले अझै पनि बिरामीलाई निराश बनाउने गर्छ ।

उपचारमा आधुनिक मेसिनसँगै स्वास्थ्यकर्मीको व्यवहारमा 'मानवीय संवेदना' र सेवामा 'चुस्तता' थप्न सकेमात्र सरकारी अस्पतालको यो फेरिँदै गरेको साख दिगो रहनेछ । प्रविधिले रोग निको पार्छ; तर अस्पतालको सरल प्रक्रिया र मीठो बोलीले नागरिकको राज्यप्रतिको विश्वासलाई बलियो बनाउँछ । यसतर्फ ध्यान दिनु आजको आवश्यक छ ।

◆◆◆

नाट्य शिक्षा
आत्मविश्वासदेखि सामाजिक चेतनासम्मको यात्रा

राजाराम पौडेल

> **नाटकले अभिनय मात्र सिकाउँदैन; विभिन्न संस्कृति बुझ्ने, समूहमा काम गर्ने, नेतृत्व गर्ने र अरूको भावना बुझ्ने क्षमता पनि विकास गर्छ ।**

पोखरा ।

कक्षामा शिक्षकले प्रश्न सोध्दा टाउको झुकाउने बबिता विश्वकर्मा अहिले मञ्चको बीचमा उभिएर सयौं दर्शकअगाडि संवाद बोल्छिन् । केही वर्षअघिसम्म सार्वजनिक रूपमा बोल्न डराउने उनी अहिले पात्रभित्र पस्छिन्; संवाद सम्झिन्छिन्, दर्शकको प्रतिक्रिया बुझ्छिन् र आत्मविश्वासका साथ अभिनय गर्छिन् । पोखराका विद्यालयमा विस्तार हुँदै गएको नाट्यशिक्षाले उनीजस्ता धेरै विद्यार्थीको जीवनमा यस्तै परिवर्तन ल्याइरहेको छ ।

कक्षा ९ मा अध्ययनरत बबिता भन्छिन्, 'पहिला अगाडि गएर बोल्नै सक्दिनथैं । सबैले हेर्दा डर लाग्थ्यो । उत्तर थाहा हुँदाहुँदै पनि भन्न सक्दिनथैं । अहिले धेरै सुधार भएको छ । आत्मविश्वास बढेको छ ।' विगत चार वर्षदेखि विद्यालयमा हुने साप्ताहिक नाट्य कक्षाले उनलाई केवल बोल्नमात्र होइन; मञ्चमा अभिनय गर्न पनि सक्षम बनाएको छ । उनले 'स्नो ह्वाइट', 'पाठशाला' र सडक नाटक 'शून्यदेखि सुरू'मा अभिनय गरिसकेकी छन् । अहिले अर्को नाटकको तयारीमा छिन् । उनी भविष्यमा राम्रो कलाकार बन्ने सपना बोकेर अघि बढिरहेकी छन् ।

गण्डकी प्रदेशमा पछिल्ला वर्षहरूमा विद्यालय स्तरमा नाट्यशिक्षाको विस्तार भइरहेको छ । विशेषगरी पोखरामा विभिन्न नाट्य संस्थाहरूले विद्यालयसँग सहकार्य गरेर नियमित नाट्य कक्षा सञ्चालन गरिरहेका छन् । यस अभियानमा पोखरा थिएटर जस्ता संस्थाहरू सक्रिय छन् । रंगकर्मीहरू विद्यालयमै पुगेर विद्यार्थीलाई अभिनय, अभिव्यक्ति, प्रस्तुति र सामाजिक विषयवस्तुमा आधारित नाटकमार्फत् प्रशिक्षण दिने काम गरिरहेका छन् ।

यसले विद्यार्थीलाई केवल कलाकार बनाउने होइन; आत्मविश्वासी नागरिक बनाउने काम गरिरहेको सरोकारवाला बताउँछन् ।

अहिलेको पुस्तामा बढ्दो एक्लोपन, डिजिटल निर्भरता र संवादहीनताबीच नाट्यशिक्षाले विद्यार्थीलाई प्रत्यक्ष संवाद, सहकार्य र संवेदनशीलताको अभ्यास गराइरहेको छ । नाटकले विद्यार्थीलाई पाठ्यपुस्तकमा सीमित नराखी समाज बुझ्न सिकाउने काम गरिरहेको छ ।

स्क्रिप्ट लेखन, निर्देशन, अभिनय, संगीत तथा दृश्य व्यवस्थापन जस्ता पक्षले सिर्जनशीलता र कल्पनाशीलता बढाउन मद्दत गर्छन् । विद्यार्थी केवल दर्शक होइन; सर्जकका रूपमा पनि विकसित भइरहेका छन् ।

नाट्य कक्षापश्चात् परिवर्तन अनुभव गर्ने विद्यार्थीमध्ये एलिजा बराल पनि एक हुन् । कक्षा ९ मै अध्ययनरत एलिजा केही वर्षअघिसम्म मञ्चमा उभिनासाथ डराउने गर्थिन् । अहिले भने उनी विद्यालयका कार्यक्रमदेखि नाटक मञ्चनसम्म सहज रूपमा सहभागी हुन्छिन् । एलिजाका अनुसार नाटकले अभिनय मात्र सिकाउँदैन; विभिन्न संस्कृति बुझ्ने, समूहमा काम गर्ने, नेतृत्व गर्ने र अरूको भावना बुझ्ने क्षमता पनि विकास गर्छ ।

१० वर्षीया आविरा अधिकारी यसको अर्को उदाहरण हुन् । कक्षा ५ मा अध्ययनरत आविराले पछिल्ला तीन वर्षदेखि नाटक सिकिरहेकी छन् । उनका अभिभावक विकास अधिकारीका अनुसार नाटक सिक्नुअघि उनी धेरै नबोल्ने र लजालु स्वभावकी थिइन् । तर रंगमञ्चसँग जोडिएपछि उनको व्यवहारमा उल्लेखनीय परिवर्तन आएको छ ।

थिएटर पुग्नेमा विद्यार्थी बढी

२०७४ सालको फागुनबाट पोखरा थिएटर सञ्चालनमा आएपछि हालसम्म ३ लाख ५० हजार दर्शकले नाटक हेरेको थिएटरको तथ्याङ्क छ । नाटक हेर्नेमा अधिकांश विद्यार्थी छन् । पोखरा थिएटरका संस्थापक अध्यक्ष परिवर्तनले दिएको जानकारी अनुसार नाटक हेर्नेमा ३ लाख विद्यालयमा अध्ययनरत विद्यार्थी हुन् । बाँकी ५० हजार हालसम्म थिएटरमा पुगेर हेरेका अन्य दर्शक छन् ।

नाटक हेर्न पुग्ने अधिकांश विद्यार्थी बुकिङ सो-मार्फत् थिएटरमा पुग्ने गरेका छन् । यो तथ्याङ्कले समेत नाटकप्रतिको विद्यार्थीको आर्कषणलाई मात्र पुष्टि गर्दैन; पोखराको रंगमञ्चलाई बलियो खम्बाको रूपमा सहारा दिइरहेको प्रष्ट हुन्छ ।

२ हजारभन्दा बढी विद्यार्थी नाटक पढ्दै

पोखरामा २०७६ बाट विद्यालय नाटक महोत्सव र विद्यालयमा नाटक कक्षा सञ्चालन गर्न सुरू गरिएको थियो । फलस्वरूप पोखराका विभिन्न विद्यालयले नाट्य शिक्षालाई अतिरिक्त क्रियाकलापका रूपमा समावेश गर्न थालेका छन् । केही विद्यालयले थिएटरमा कार्यरत रंगकर्मीबाट नै कक्षा दिइरहेका छन् । केहीले आफ्नै तरिकाले त केहीले विज्ञ राखेर यसको प्रयोग गरिरहेका छन् । केहीले सुरू गरेर पनि निरन्तरता दिन सकेका छैन् ।

पोखरा थिएटरले अहिलेसम्म ३० भन्दा बढी विद्यालयमा नाटकको कक्षा सञ्चालन गरिसकेको छ । कुनै वर्ष १४ वटा विद्यालयमा नाट्य कक्षा सञ्चालन गरेको थिएटरले यो वर्ष भने ९ वटा विद्यालयमा सञ्चालनमा छ । केही विद्यालयले नाटकप्रति रूचि भएका विद्यार्थी छनोट गरी कक्षा सञ्चालन गरिरहेका छन् भने केही विद्यालयले कक्षाका सबै विद्यार्थीलाई एक दिन साप्ताहिक रूपमा कक्षामा सहभागी गराउने गरिएको पाइन्छ । जसमार्फत् २ हजारभन्दा बढी विद्यार्थी नाट्य शिक्षाको कक्षामा सहभागी बनिरहेका छन् । थिएटरसँग जोडिएर नाट्य शिक्षा दिनेमा निजी विद्यालय बढी छन् । यस्तो शिक्षा दिएका केही सामुदायिक विद्यालयले अहिले निरन्तरता दिन सकेका छैनन् । केही विद्यालयमा आवश्यकता अनुसार नाट्य शिक्षा दिने र स्कुलमा हुने कार्यक्रममा नाटकमा अभिनय गराउने गरिएको समेत पाइन्छ ।

विद्यालयमा नाट्य शिक्षा लिन नपाएका यसतर्फ रूचि भएका विद्यार्थीले थिएटरमा गएर फुर्सदको समयमा कक्षा लिने गरेकासमेत छन् । यसरी हालसम्म २ सय जतिलाई नाटक सिकाइएको पोखरा थिएटरको तथ्यांक छ ।

त्यसो त शिक्षा विकास तथा समन्वय इकाइ कास्कीले दिएको तथ्याङ्क अनुसार कास्कीका ३ सय ६४ सामुदायिक र २ सय ३० संस्थागत विद्यालयमा २ लाख ५७ हजार ९ सय ६० विद्यार्थी अध्ययनरत छन् । यो तथ्यांकका आधारमा हेर्दा नाट्य शिक्षा अध्ययन हुने विद्यालय र विद्यार्थीको संख्या ज्यादै न्यून देखिन्छ ।

साप्ताहिक रूपमा नाटकको पढाइ हुने सनफ्लावर माध्यमिक विद्यालयका प्रिन्सिपल अमर माइकल गुरूङका अनुसार कक्षा ४ देखि ९ सम्मका विद्यार्थीले हप्तामा एक दिन नाटकको कक्षा लिने गरेका छन् ।

उनका अनुसार नाटकले विद्यार्थीको लुकेको प्रतिभा उजागर गर्नुका साथै व्यवहारिक ज्ञान, स्पष्ट अभिव्यक्ति क्षमता, पारिवारिक सम्बन्ध सुधार तथा सामाजिक व्यवहार सिकाउन मद्दत पुऱ्याएको छ । अभिभावकबाट समेत सकारात्मक प्रतिक्रिया प्राप्त भएको उनले बताए ।

शिक्षा विकास तथा समन्वय इकाइ कास्की प्रमुख लोकनाथ आचार्य विद्यार्थीभित्र रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्नु नै पहिलो राष्ट्रिय उद्देश्य भएको बताउँछन् । आचार्यका अनुसार अहिले शिक्षण सिकाइ प्रक्रियामा नाटकीय शैलीलाई प्रभावकारी माध्यमका रूपमा अपनाउन थालिएको छ । शिक्षकले हाउभाउ, अभिनय र प्रस्तुतीकरण शैलीसहित पढाउँदा विद्यार्थीले विषयवस्तु छिटो बुझ्ने उनले बताए ।

उनले नाटक मनोरञ्जनको माध्यममात्र नभई शिक्षण सिकाइको प्रभावकारी विधि पनि भएको उल्लेख गर्दै शिक्षक र विद्यार्थी दुवैलाई नाट्य क्षेत्रप्रति सचेत तथा आकर्षित गराउन आवश्यक रहेको औंल्याए ।

नाट्य क्षेत्रको विकास गण्डकी सरकारको प्रयास

गण्डकी प्रदेश सरकारले समेत नाट्य क्षेत्रको विकासका लागि केही प्रयास भने गरेको छ । गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठका अनुसार गण्डकी प्रदेशमा नाट्य क्षेत्रको विकासका लागि विगतमा विभिन्न कार्यक्रम सञ्चालन गरिएका थिए ।

नाटक लेखन तथा निर्देशन कार्यशाला, नाटक मञ्चनका लागि आर्थिक सहयोग, काठमाडौं स्थित रसियन हाउसमा पोखराका नाटकको प्रस्तुति तथा 'गण्डकी नाट्य दर्पण' जस्ता ऐतिहासिक पुस्तक प्रकाशनले प्रदेशको नाट्य इतिहास संरक्षणमा योगदान पुऱ्याएको उनी बताउँछन् ।

गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत शिक्षा महाशाखाका शाखा अधिकृत प्रकाश ओझाले बालबालिकाको विकासका लागि विद्यालयमा नाटक निकै आवश्यक रहेको बताए । नाटक भनेको केवल मनोरञ्जनको माध्यममात्र होइन; बालबालिकाको सिर्जनशीलता, आत्मविश्वास र प्रतिभा उजागर गर्ने प्रभावकारी माध्यम हो । उनले अहिलेका बालबालिका मोबाइल र बनिबनाउ भिडियोमा बढी व्यस्त भइरहेका बेला नाटकले उनीहरूलाई वास्तविक जीवन र समाजका विषय बुझ्न मद्दत गर्ने बताए ।

प्रयास पर्याप्त छैन

गण्डकी प्रदेशलाई नाट्य शिक्षाको नमुना प्रदेश बनाउन सकिने पर्याप्त सम्भावना छ । रंगकर्मी माओत्से गुरूङ नाट्य शिक्षालाई विद्यालय तहदेखि नै व्यवहारिक रूपमा लागू गर्न प्रदेश सरकारले विशेष पहल गर्नुपर्ने बताउँछन् । पाठ्यपुस्तकमा नाटक समावेश भए पनि त्यसलाई पढेरमात्र नभई मञ्चन प्रक्रियासहित प्रयोगात्मक रूपमा सिकाउने व्यवस्था आवश्यक रहेको उनको भनाइ छ । नाटक तथा रंगमञ्चको विकासका लागि प्रदेश सरकारले व्यवस्थित नाट्यशाला, स्टेज थिएटर र आवश्यक पूर्वाधार निर्माणमा लगानी गर्नुपर्नेमा उनले जोड दिएका छन् ।

कला, साहित्य र संस्कृतिको क्षेत्रमा पर्याप्त बजेट तथा प्राथमिकता नदिइएको भन्दै यसतर्फ राज्यको ध्यान जानुपर्छ; हालसम्म अधिकांश गतिविधि निजी प्रयासमै भएका छन् ।

'विद्यार्थीलाई सानै उमेरदेखि कला र नाटकबारे बुझाउन आवश्यक छ । पाठ्यपुस्तकमा नाटक भए पनि त्यसलाई पढेरमात्र पुग्दैन; नाटक कसरी मञ्चन हुन्छ र त्यसका लागि के-कस्ता तयारी आवश्यक पर्छन् भन्ने कुरा प्रयोगात्मक रूपमा सिकाउनुपर्छ ।'

प्राथमिकता भएन

आजको पुस्ता मोबाइल, भिडियो, छोटा सामग्री र सामाजिक सञ्जालमा अभ्यस्त छ । उनीहरूको सिकाइ शैली अघिल्लो पुस्ताभन्दा फरक छ । उनीहरू दृश्य, ध्वनि र प्रत्यक्ष अनुभवबाट छिटो सिक्छन् । यही कारण नाटक डिजिटल पुस्ताका लागि प्रभावकारी शैक्षिक माध्यम बन्न सक्छ ।

नाटकमा अभिनय, संगीत, दृश्य, संवाद र प्रस्तुति सबै समावेश हुन्छन् । यसले डिजिटल पुस्ताको ध्यान तान्न सक्छ । अहिलेका विद्यार्थी टिकटक, रिल्स वा युट्युबमा अभिव्यक्ति दिन सहज मान्छन् । तर, त्यही अभिव्यक्तिलाई सिर्जनात्मक, अनुशासित र सामाजिक दिशामा लैजान विद्यालय स्तरको नाट्यशिक्षा आवश्यक देखिन्छ ।

रंगकर्मी प्रमिला तुलाचन प्रविधिमैत्री युगमा बालबालिकाका लागि नाट्य शिक्षा अत्यन्त आवश्यक रहेको बताउँछिन् । नाटकमार्फत् बालबालिकाले सिक्ने अवसर प्राप्त गर्नुका साथै नेतृत्व क्षमता विकास गर्ने, समूहमा आत्मविश्वासका साथ बोल्न सक्ने, समाजका विषयवस्तु बुझ्ने र सामाजिक उत्तरदायित्वबारे जान्ने अवसर पाउने उनको भनाइ छ ।

डिजिटल युगले विद्यार्थीलाई सूचना त धेरै दिएको छ, तर संवेदना कम गराएको भन्ने बहस पनि छ । विद्यार्थी भर्चुअल संसारमा धेरै भए पनि प्रत्यक्ष संवादमा कमजोर हुँदै गएको शिक्षकहरूको अनुभव छ । नाटकले यही कमजोरी कम गर्न सघादैछ । यसले विद्यार्थीलाई प्रत्यक्ष संवाद, सहकार्य र भावनात्मक समझदारी सिकाउँछ ।

अर्कोतर्फ, डिजिटल माध्यम र नाटकबीच प्रतिस्पर्धा मात्र छैन, सहकार्यको सम्भावना पनि छ । अहिले विद्यालयमा डिजिटल सामग्री, भर्चुअल सिकाइ र मल्टिमिडिया प्रयोग बढाउने सरकारी नीति अघि बढिरहेको छ । यस्तो अवस्थामा नाटकलाई पनि डिजिटल प्रस्तुति, भिडियो नाटक, रेडियो नाटक वा मल्टिमिडिया प्रदर्शनसँग जोडेर आधुनिक बनाउन सकिन्छ ।

नेपालको विद्यालय पाठ्यक्रममा सिर्जनात्मक कला, अतिरिक्त क्रियाकलाप र व्यावहारिक सिकाइका विषय समावेश छन् । शिक्षा ऐन तथा नियमावलीले स्वीकृत पाठ्यक्रम लागू गर्न विद्यालयलाई बाध्यकारी व्यवस्था गरेको छ । तर व्यवहारमा नाट्य शिक्षाले पर्याप्त स्थान पाउन सकेको छैन । विद्यालयहरूको मुख्य ध्यान अझै परीक्षाफलमै केन्द्रित छ ।

पोखरा थिएटरका संस्थापक अध्यक्षसमेत रहेका परिवर्तनले नाटकमार्फत् बालबालिकाले भाषा विकास, संवाद कला, कल्पना शक्ति, अनुशासन, जिम्मेवारीबोध तथा समस्यालाई सिर्जनात्मक ढंगले समाधान गर्ने क्षमता समेत विकास गर्न सकिने बताउँछन् । यही उद्देश्यलाई केन्द्रमा राख्दै थिएटरले विद्यालय केन्द्रित नाट्य प्रशिक्षण, बालनाटक मञ्चन, नाट्य कार्यशाला तथा कलाकार विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

संस्थाले 'एडु स्टेज प्रोजेक्ट' मार्फत् नाटकलाई शिक्षण-सिकाइको प्रभावकारी उपकरणका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ । साथै, विद्यार्थी, शिक्षक र विद्यालय समुदायलाई नाट्य शिक्षासँग जोड्ने विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

विद्यालय केन्द्रित नाट्य गतिविधिलाई बलियो बनाउनुपर्छ

रंगकर्मी अनुप बरालको भनाइमा पोखरा केवल प्राकृतिक सुन्दरताले चिनिएको सहर होइन; कला, संस्कृति र सिर्जनशीलताको पनि उर्वर भूमि हो । तर यहाँको रङ्गमञ्चीय गतिविधि अझै सीमित दायरामै केन्द्रित देखिन्छ । केही नाटकघर, सीमित दर्शक र अनियमित मञ्चनका बीच पोखराको थिएटरले आफ्नो स्थायी भविष्य खोजिरहेको छ । यस्तो अवस्थामा विद्यालय केन्द्रित नाट्य गतिविधिलाई बलियो बनाउनु नै दीर्घकालीन समाधान बन्न सक्छ ।

विद्यालय तहमा नाटकलाई शिक्षासँग जोड्न सकियो भने विद्यार्थीमा आत्मविश्वास, अभिव्यक्ति क्षमता, सहकार्य र नेतृत्व विकास हुने सम्भावना अत्यन्त उच्च हुन्छ । अहिलेको डिजिटल युगमा धेरै बालबालिका मोबाइल र सामाजिक सञ्जालमा सीमित भइरहेका बेला नाटकले उनीहरूलाई वास्तविक संवाद र सामाजिक सम्बन्धतर्फ फर्काउने माध्यम बन्न सक्छ ।

पोखरामा रङ्गमञ्चले भोगिरहेको मुख्य समस्या भनेकै दर्शकको अभाव हो । यदि विद्यार्थीले सानैदेखि नाटक हेर्ने, बुझ्ने र अभिनय गर्ने अवसर पाए भने उनीहरू भविष्यमा पनि थिएटरसँग जोडिइरहने सम्भावना रहन्छ । यसरी विद्यालय स्तरबाटै 'दर्शक निर्माण' को प्रक्रिया सुरू गर्न सकिन्छ ।

विश्वका धेरै देशले विद्यालय नाटकलाई शिक्षाको महत्त्वपूर्ण अङ्गका रूपमा अपनाएका छन् । भारतको नेसनल स्कुल अफ ड्रामा अन्तर्गत सञ्चालन भएको 'थिएटर इन एजुकेसन' मोडेल दक्षिण एसियामै सफल अभ्यासका रूपमा चिनिन्छ । यस मोडेलले नाटकलाई केवल मञ्चीय प्रस्तुति नभई शिक्षण विधिको रूपमा प्रयोग गरेको छ । त्यस्तै, बेलायतमा सुरू भएको 'थिएटर इन एजुकेसन' अभियानले कक्षाकोठालाई नै रङ्गमञ्चमा रूपान्तरण गऱ्यो । इतिहास, विज्ञान वा सामाजिक विषयलाई अभिनय र संवादमार्फत् पढाउने अभ्यासले विद्यार्थीलाई पाठ्यपुस्तकभन्दा बाहिरको अनुभवात्मक शिक्षा प्रदान गऱ्यो । अमेरिकामा प्रयोग भइरहेको 'ड्रामा थेरापी' ले नाटकलाई मानसिक स्वास्थ्यसँग समेत जोडेको छ ।

रंगकर्मी बरालले पोखरामा 'हंसध्वनि' नाटकघर सञ्चालन गर्न लागेका छन् । नाटक घरको औपचारिक सुरूवात नभए पनि तालिम, कार्यशाला लगायतका गतिविधि भने सुरू भइसकेका छन् ।

चुनौती उत्तिकै

नाट्य क्षेत्रले अहिले विभिन्न चुनौती सामना गरिरहेको छ । डिजिटल प्लेटफर्मको तीव्र विस्तारले युवा पुस्तालाई छिटो र सजिलो मनोरञ्जनतर्फ आकर्षित गरिरहेको छ । यसले प्रत्यक्ष कला र रंगमञ्चप्रतिको रूचिमा असर पार्ने जोखिम बढेको छ ।

यसका अतिरिक्त पर्याप्त लगानी, पूर्वाधार, नाटकघर, प्रशिक्षक तथा संस्थागत सहयोगको अभावले नाट्य क्षेत्रको विस्तारमा अवरोध सिर्जना गरिरहेको छ । पोखरा शिक्षा, पर्यटन, खेलकुद र कला-संस्कृतिको केन्द्रका रूपमा विकास हुँदै गएको सहर हो । यहाँ विभिन्न सांस्कृतिक गतिविधि, संगीत कार्यक्रम र साहित्यिक अभियान भइरहेका छन् । तर विद्यालय तहमा नाटक अध्ययन गराउने र विद्यार्थीलाई थिएटरसम्म ल्याउने विषय भने अझै चुनौतीपूर्ण देखिन्छ ।

विश्वका धेरै देशमा विद्यालय शिक्षा प्रणालीभित्र नाटकलाई अनिवार्य वा सह-शैक्षिक गतिविधिका रूपमा समेटिएको पाइन्छ । तर पोखराका अधिकांश विद्यालयमा अझै पनि नाटकलाई गम्भीर अध्ययनको विषयका रूपमा लिइँदैन । विद्यालयमा संगीत र नृत्यलाई केही हदसम्म प्राथमिकता दिइए पनि नाटक शिक्षाको अवस्था कमजोर छ । धेरै विद्यालयमा नाटक सिकाउने प्रशिक्षित शिक्षक नै छैनन् । कतिपय विद्यालयले वार्षिक उत्सव वा विशेष कार्यक्रममा मात्रै विद्यार्थीलाई अभिनय गराउने गर्दछन् । यसले नाटकलाई निरन्तर सिकाइभन्दा पनि औपचारिक कार्यक्रममा सीमित बनाएको छ ।

अभिभावक र विद्यालय प्रशासनको सोच अर्को चुनौती हो । धेरैले नाटकलाई 'अतिरिक्त गतिविधि' मात्र ठान्ने गरेका छन् । विद्यार्थीले नाटकमा समय खर्च गर्दा पढाइ कमजोर हुन्छ भन्ने गलत धारणा अझै समाजमा देखिन्छ । त्यसैले विद्यार्थीमा रूचि भए पनि उनीहरूले पर्याप्त अवसर पाउन सकिरहेका छैनन् । विद्यालय र थिएटरबीच समन्वय कमजोर हुँदा विद्यार्थी प्रत्यक्ष रंगमञ्चीय अभ्यासबाट टाढा भइरहेका छन् । नाटक शिक्षाका लागि मञ्च, प्रकाश, ध्वनि, पोसाक र अभ्यासस्थल आवश्यक पर्छ । तर धेरै विद्यालयसँग यस्तो पूर्वाधार छैन । निजी विद्यालयले केही कार्यक्रम गरे पनि सामुदायिक विद्यालयमा स्रोत अभाव ठूलो समस्या बनेको छ ।

त्यस्तै, थिएटर सञ्चालन गर्ने संस्थाहरू पनि आर्थिक समस्याबाट गुज्रिरहेका छन् । दर्शक संख्या कम हुनु, टिकट संस्कृतिको विकास नहुनु र सरकारी सहयोग न्यून हुनुका कारण नियमित बाल नाटक वा विद्यार्थी लक्षित कार्यक्रम सञ्चालन गर्न कठिन भइरहेको छ ।

अन्य जिल्लामा फैलाउने प्रयास

यति बेला पोखरामा एउटा नाटकघर सञ्चालनमा छ भने अर्को सञ्चालनको चरणमा रहेको छ । नाट्य गतिविधिको केन्द्रका रूपमा रहने नाटकघरलाई पर्याप्त संस्थागत संरक्षण प्राप्त हुनुपर्ने आवश्यकता देखिएको छ । पोखरामा विकसित हुँदै गएको नाट्य संस्कृतिले अहिले प्रदेशका अन्य जिल्लालाई पनि सकारात्मक प्रभाव पार्न थालेको छ ।

नवलपुरमा पनि यसको प्रभाव देखिन थालेको ह्याप्पी एफएमका स्टेशन म्यानेजर आर्दश सुशील बताउँछन् । त्यहाँ विद्यालय स्तरमा नाटकको वातावरण बनाउन विभिन्न प्रयास भएका छन् । अस्थायी नाटकघर निर्माण गरेर नाटक मञ्चन गर्दा विद्यालयहरूको उत्साहजनक सहभागिता देखिएको उनी बताउँछन् । 'पोखराबाट केही नाटक लगेर पनि मञ्चन गरियो । त्यसपछि विद्यालयहरूले नाटकप्रति चासो देखाउन थाले,' उनले भने ।

अहिले सामुदायिक र संस्थागत विद्यालयहरू नाटकको कक्षा सञ्चालन गर्न इच्छुक देखिए पनि दक्ष शिक्षकको अभाव ठूलो चुनौती बनेको छ । नाटकप्रतिको आकर्षण बढाउन स्थायी नाटकघरको आवश्यकता समेत महसुस गरिएको उनले बताए । तनहुँ, स्याङ्जा, लमजुङ, पर्वत लगायत गण्डकीका जिल्लामा समेत विद्यालयमा नाटकले स्थान पाउन थालेको छ ।

जिम्मेवार नागरिक निर्माण

आजका विद्यार्थीमा बढ्दो डिजिटल निर्भरता, आत्मविश्वासको कमी र सामाजिक अन्तरक्रियामा आएको कमीका बीच नाट्य शिक्षा एउटा प्रभावकारी समाधानका रूपमा देखिएको छ । यसले विद्यार्थीलाई बोल्न, सोच्न, सिर्जना गर्न र नेतृत्व गर्न सिकाउँछ । नाटकले केवल कलाकार उत्पादन गर्दैन; जिम्मेवार नागरिक निर्माण गर्छ ।

शिक्षा केवल परीक्षा र अंकमा सीमित हुन नसक्ने बहस भइरहेका बेला नाट्य शिक्षाले जीवन बुझ्ने, समाजसँग जोडिने र आत्मविश्वासका साथ आफ्ना कुरा राख्ने सीप विकास गरिरहेको छ । त्यसैले विद्यालयमा नाटकलाई अतिरिक्त क्रियाकलापमात्र होइन; आवश्यक जीवनोपयोगी शिक्षाका रूपमा लिनुपर्ने आवश्यकता झन् बलियो बन्दै गएको छ । जसको पुष्टि नाट्य शिक्षा लिएका विद्यार्थीमा आएको परिवर्तनबाट हुन्छ ।

सायद यही कारणले, केही वर्षअघि कक्षाको कुनामा चूपचाप बस्ने विद्यार्थीहरू आज मञ्चको उज्यालोमा उभिएर आफ्ना संवाद मात्र होइन, आफ्ना सपना पनि निर्धक्क सुनाइरहेका भेटिन्छन् । अब त उनीहरूमा पढाइसँगै कलाको माध्यमबाट चिनिने भोक समेत जागेको छ ।

◆◆◆

गण्डकी सरकारका आठ वर्ष

बिजुली र पानीमा फड्को, ठूला पूर्वाधारमा अझै अलमल

रोहितराज पराजुली

> घर-घरमा बिजुली र पानीको फड्को, तर ठूला पूर्वाधारमा अझै उस्तै छ अड्को ।

पोखरा ।

नवलपुरको बौदीकाली गाउँपालिका ३, रकुवा साँवरी टारका कुलमणि ढुंगानालाई तीन वर्ष अघिसम्म मोबाइल कता चार्ज गर्ने भन्ने सामान्य समस्याले सधैं पिरोल्ने गर्थ्यो । मोबाइल चार्ज गर्न उनी कहिले कसको, कहिले कसको घरमा पुग्ने गर्थे । तर, हाल उनको दैनिकी फेरिएको छ । ३५ वर्ष उमेर पुग्दा घरमा राष्ट्रिय प्रसारण लाइनको बिजुली पुगेकाले आफ्नो घरमै मोबाइल फोनमात्र होइन; आवश्यक सम्पूर्ण विद्युतीय उपकरणहरू ढुक्कले चलाउन पाएका छन्; जसका कारण उनको दैनिकी समेत फेरिएको छ । ढुंगाना भन्छन्, 'घरमा बिजुली जडानसँगै यसअघि टुकी र सोलारको सहायता लिनुपर्ने अवस्थाको अन्त्य भएको छ । उज्यालोसँगै सञ्चार र अन्य विधृतीय उपकरणहरू सबै घरमा पुगेका छन्; जाँतो चलाउनेले मेसिन प्रयोग गर्न पाएका छन्; कुटानी पिसानीका लागि सहज भएको छ, दैनिक जीवनमा घरायसी काममा प्रयोग हुने आधुनिक उपकरण चलाउन पाएका छौं ।'

पोखरा-२५, सुइँखेतका नन्दलाल अधिकारीलाई दुई वर्ष अघिसम्म घरमा खानेपानी कसरी पुऱ्याउने भन्ने चिन्ता थियो । घर नजिकैको एक धाराबाट सात, आठ घरले पानी पालो अनुसार प्रयोग गर्नुपर्दा कहिले छिमेकी बीचमा नै झगडा हुने गरेको थियो; पानीसमेत सधैं अपुग हुन्थ्यो । हाल उनले त्यो समस्याबाट पार पाएका छन्, किनकि उनकै घरमा निजी धारा जडान भएको छ । उनको दैनिकीसमेत फेरिएको छ । घरमा दैनिक प्रयोग गर्ने खानेपानीका लागि उनलाई समय खेर फाल्न सँगै छिमेकीहरूसँग कलझगडा गर्नुपर्ने समस्याबाट पार पाएका छन् ।

म्याग्दीको मालिका गाउँपालिकाका पूर्वअध्यक्ष श्रीप्रसाद रोका मगरलाई पालिका अध्यक्ष हुँदा सधैं एउटा कुराले तनाव दिने गर्थ्यो; पालिकाका जनताको घरधुरीमा बत्ती कसरी पुऱ्याउने ?

२०७४ मा पालिका अध्यक्ष भएका उनलाई सुरूका एक, दुई वर्ष बिजुलीको मागले धेरै तनाव पनि दियो । आफ्नो कार्यकालको अन्तिमसम्म धेरै घरधुरीमा बिजुली पुग्यो अनि उनलाई बिजुलीको समस्याबाट मुक्त पाए जस्तो भयो ।

पोखरा कास्कीकोटका रामचन्द्र सुवेदी तीन वर्षअघि घरदेखि करिब ४५ मिनेट टाढा रहेको पँधेरामा पानी लिन जान्थे । उनले हाल त्यो समस्याबाट मुक्ति पाएका छन्; किनकि हाल उनको घरमा धारा जडान भएको छ । पँधेरामा पानी लिन उनी सँगै घरका परिवार र छिमेकीहरू अब जान नपर्ने भएको छ ।

यी त उदाहरणमात्र हुन् । २०७२ मा नयाँ संविधान जारीसँगै देशमा तीन तहका सरकार गठनपछि उनीहरूले आफ्नो काम सुरू गरे । तीन तहका सरकार मध्येको एक गण्डकी प्रदेश सरकारले ४ फागुन २०७४ देखि आफ्नो काम सुरू गऱ्यो र सोही दिन बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न निर्णय गऱ्यो । निर्णयमध्ये प्रमुख रूपमा हेरिएको उज्यालो प्रदेश र एक घर एक धारा कार्यक्रम थिए; जसलाई प्रदेशको महत्त्वाकांक्षी योजनाको रूपमा समेत लिइयो ।

निर्णयमा दुई वर्षभित्रमा प्रत्येक गाउँबस्तीमा खानेपानीको व्यवस्था गर्ने र आगामी दुई वर्षभित्रमा सबै गाउँबस्तीमा विद्युत सेवा उपलब्ध गराउने उल्लेख थियो । दुई वर्षमा पूरा गर्ने लक्ष्य लिएर काम सुरू गरिएकोमा समयमा काम पूरा गर्न नसके पनि ८ वर्षपछि उज्यालो प्रदेश लक्ष्य नजिक पुग्दा एक घर एक धारा अभियान पूरा गर्न भने अझै चार वर्ष लाग्ने अनुमान छ ।

मन्त्रिपरिषद् बैठकले खानेपानीको व्यवस्था र गाउँबस्तीमा विद्युत सेवा उपलब्ध गराउनेसँगै अन्य विभिन्न निर्णय गरेको थियो । आगामी पाँच वर्ष भित्रमा स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसँग स्तरीय सडक सञ्जालबाट आबद्ध गर्ने, पाँच वर्षभित्रमा अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न सम्मेलन केन्द्र स्थापना, आगामी पाँच वर्षभित्रमा अत्याधुनिक सुविधा सम्पन्न क्यान्सर, मुटुरोग तथा मृगौला उपचार केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउने, बहुसांस्कृतिक ग्राम स्थापना, अन्तर्राष्ट्रिय स्तरको बहुउपयोगी खेल मैदान आगामी पाँच वर्षमा निर्माण गर्ने निर्णय रहेका थिए । केही निर्णय लक्ष्य नजिक पुगेका छन्; केही कार्यान्वयनको चरणमा छन् भने केही अझै कागजमै सीमित छन् ।

उज्यालो प्रदेश लक्ष्य नजिक

गण्डकीले सुरू गरेको उज्यालो प्रदेश कार्यक्रम भने लक्ष्य नजिक पुगेको छ । दुई वर्ष भित्रमा सबै गाउँबस्तीमा विद्युत सेवा उपलब्ध गराउने लक्ष्य लिएको गण्डकी आठ वर्षपछि मात्र लक्ष्य नजिक पुगेको हो । प्रदेश स्थापना अघि गण्डकीमा बिजुली प्रयोग गर्नेहरूको संख्या ८२.५० प्रतिशत रहेकोमा हाल त्यो संख्या बढेर ९९.८० प्रतिशत पुगेको छ । कारण हो, प्रदेश सरकारको उज्यालो प्रदेश कार्यक्रम । प्रदेशले दुई वर्षमा पूरा गर्ने सोचका साथ २०७५/०७६ मा उज्यालो प्रदेश अभियान सुरू गरेकोमा करिब आठ वर्षमा आइपुग्दा प्रदेशको कुल घरधुरीको ०.२० प्रतिशत अर्थात् एक हजार ३ सय ५० घरमा बिजुली पुऱ्याउन बाँकी रहेको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका सूचना अधिकारी नवीन अर्यालले जानकारी दिए । कार्यक्रमका लागि गण्डकीले हालसम्म करिब ६० करोड लगानी गरेको छ । बाँकी रहेका घरधुरीमा आउँदो आर्थिक वर्षभित्र सेवा पुऱ्याएर उज्यालो प्रदेश कार्यक्रम सम्पन्न गर्ने योजना छ ।

विद्युत विस्तार, लघुजलविद्युत आयोजना मर्मत, घरेलु सौर्य ऊर्जा प्रविधि जडान र संस्थागत सौर्य ऊर्जा प्रविधि जडान मार्फत् गाउँबस्तीमा विद्युत सेवा जडानको काम गरिरहेको अर्यालले बताए । कार्यक्रमका लागि प्रदेश सरकारले ८५ करोड लागत अनुमान निकालेको थियो । विद्युत विस्तार/निर्माण कार्यको लागि प्रदेशसँग आफ्नो जनशक्ति नभएका कारण नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी मन्त्रालयले काम गरिरहेको छ । यसका लागि ७१ करोडले उज्यालो प्रदेश कार्यक्रम सम्पन्न गर्ने गरी तत्कालीन पोखरा तथा बुटवल क्षेत्रीय कार्यालयसँग २९ वैशाख २०७६ र ९ असार २०७६ मा मन्त्रालयले सम्झौता गरी विद्युत विस्तार कार्य सुरू भएको थियो ।

सँगै, विद्युत विस्तारले नसमेटिएको क्षेत्र तथा लघु जलविद्युत आयोजनाबाट विद्युत सेवा लिइरहेका जनतालाई भरपर्दो बिजुली उपलब्ध गराउन मन्त्रालय मातहतका कार्यालयबाट मर्मत कार्य सुरू गरिएको थियो । हालसम्म नवीकरणीय ऊर्जा मार्फत् १.७४ र राष्ट्रिय विद्युत प्रसारण लाइनमार्फत् ९८.०६ गरी प्रदेशका ९९.८० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको छ ।

राष्ट्रिय प्रसारण लाइनमा तत्काल जोडिने सम्भावना नभएका मुस्ताङका तीन, गोरखाका दुई, म्याग्दीका दुई, मनाङको एक र बागलुङको एक गरी पाँच जिल्लाका नौ पालिकाका एक हजार ६०४ घरधुरीमा प्रदेश सरकारको ७५ देखि ९० प्रतिशतसम्मको अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी सोलारमार्फत् विद्युत सुविधा पुऱ्याएको छ ।

कास्की र तनहुँबाहेक अन्य नौ जिल्लामा रहेका ९२ लघुजलविद्युत आयोजनाको मर्मत सम्भार गरी ३ हजार ४ सय ३३ किलोवाट विद्युत उत्पादन गर्दा १६ हजार ८६ घरधुरीले विद्युत सेवा लिएका छन् ।

सूचक	प्रदेश स्थापना अघि	हालको अवस्था (२०८१)
विद्युत पहुँच पुगेको जनसंख्या	८२.५० प्रतिशत	९९.८० प्रतिशत
विद्युत पहुँच पुगेका कुल घरधुरी	-	५,७४,७९८
विद्युत पुग्न बाँकी घरधुरी	१७.५० प्रतिशत	०.२० प्रतिशत (१ हजार ३५० घरधुरी बाँकी)
गण्डकी प्रदेशको कुल लगानी	-	करिब ६० करोड
राष्ट्रिय प्रसारण लाइनको पहुँच	८२.५० प्रतिशत	९८.०६ प्रतिशत
नवीकरणीय (सौर्य/लघु जलविद्युत) ऊर्जा		१.७४ प्रतिशत

'एक घर, एक धारा'लाई अझै चार वर्ष

प्रदेश सरकार स्थापना अघि गण्डकीमा आधारभूत खानेपानीको पहुँच ९१.७ प्रतिशत घरधुरीमा पुगेको थियो भने निजी अर्थात् एक घर एक धारा ५०.४ प्रतिशत घरमा जडान भएको थियो । ४ फागुन २०७४ मा भएको आगामी दुई वर्षभित्रमा प्रत्येक गाउँबस्तीमा खानेपानीको व्यवस्था गर्ने निर्णयपछि गण्डकीले आर्थिक वर्ष २०७५/०७६ देखि 'एक घर, एक धारा' कार्यक्रम सुरू गरेको थियो । कार्यक्रम सुरूसँगै हाल त्यो संख्या बढेर आधारभूत खानेपानीको पहुँच ९७ प्रतिशत 'एक घर, एक धारा' पुगेको घरधुरीको संख्या ६६ प्रतिशत पुगेको अर्यालले जानकारी दिए । निजी धारा जडानका लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म गरी १४ अर्बको हाराहारी गण्डकीले खर्च गरिसकेको छ ।

हालसम्म आइपुग्दा प्रदेशका ११ जिल्लाका एक लाख ६९ हजार ३८० घरधुरीमा निजी धारा जडान भएका छन् । छरिएर बसेको बस्ती, टाढा टाढा रहेका घरहरू, मौसमी बस्ती रहेका क्षेत्र र पहाडी क्षेत्रमा निजी धाराको काम बाँकी रहेको उनले बताए । लक्ष्य अनुसार काम गर्न बजेट नै मुख्य समस्या भए पनि प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको अन्त्य अर्थात् अबको चार वर्षभित्र लक्ष्य पूरा गर्ने गरी काम गरिरहेको उनले बताए । खानेपानीको काम प्रदेशसँगै तीन तहका सरकार, विभिन्न संघ, संस्थाले समेत सञ्चालन गरिरहेको छ । निजी धारा जडान हुन नसके पनि ती क्षेत्रमा खानेपानीको पहुँच लगभग सबै स्थानमा पुगेको भनाइ अर्यालको दाँबी छ ।

सूचक	प्रदेश स्थापना अघि	हालको अवस्था
आधारभूत खानेपानी पहुँच	९१.७ प्रतिशत	९७ प्रतिशत
निजी धारा (एक घर एक धारा) जडान	५०.४ प्रतिशत	६६ प्रतिशत
थप भएका निजी धारा (संख्या)	-	१,६९,३८० घरधुरी
गण्डकी प्रदेशको कुल लगानी	-	करिब १४ अर्ब

दुई पालिका अझै सडक पहुँच बाहिर

गण्डकी प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले पाँच वर्षभित्रमा स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसँग स्तरीय सडक सञ्जालबाट आबद्ध गर्ने निर्णय कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । प्रदेशका ११ जिल्लामा गरी ८५ वटा पालिका छन् । प्रदेश सरकार स्थापनाअघि तनहुँ र नवलपुर बाहेक अन्य नौ जिल्लाका १९ पालिकाका केन्द्र सडक सञ्जालमार्फत् प्रदेशको राजधानीसँग जोडिएका थिएनन् । हाल त्यो संख्या घटेर दुईमा झरेको छ । गोरखाको चुमनुब्री गाउँपालिका र मनाङको नार्पाभूमि गाउँपालिका मात्र सडकको पहुँच बाहिर रहेको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयकी सूचना अधिकारी मोतिकुमारी पौडेलले जानकारी दिइन् ।

चुमनुब्रीलाई सडक सञ्जालले जोड्नका लागि आरूघाट लार्के सडकमा नेपाली सेनाले ब्लास्टिङको काम गरिरहेको छ । यसै गरी नार्पा भूमिलाई जोड्नका लागि २० किलोमिटर सडक खन्न बाँकी छ; यसका लागि चामेको कोटोबाट काम भइरहेको छ । चुमनुब्रीका अध्यक्ष निमा लामाले सरकारको प्राथमिकतामा नपर्दा पालिका सडक सञ्जालसँग जोडिन नसकेको बताए । ०८३/०८४ को बजेटमा समेत सडक प्राथमिकतामा नपरेको उनको गुनासो छ ।

हाल धार्चेको कालो भीरमा नेपाली सेनाले सडक चक्ल्याउनका लागि ब्लास्टिङको काम गरिरहेको छ, तातोपानीमा समेत धेरै काम गर्न बाँकी छ । पालिका जोड्ने मूल सडक आरूघाट लार्के सडक हो, तातोपानी, छेकम्पार हुँदै करिब पाँच किलोमिटर सडक सँगै विभिन्न स्थानमा पुल समेत निर्माण गर्नुपर्ने उनले बताए । पालिका स्याउको पकेट क्षेत्रसमेत हो; वार्षिक रूपमा करोडौँ मूल्यका स्याउसँगै अन्य उपज उत्पादन हुन्छ तर सडक सञ्जाल नभएका कारण पालिकामा उत्पादित उपजले बजार पाउन नसकेको गुनासो उनको छ । सडक सञ्जाल नजोडिँदा साना साना सामान खच्चरबाट ढुवानी गर्ने गरिए पनि ठूला सामान हेलिकोप्टरमा लैजानुपर्ने बाध्यता रहेको उनले सुनाए ।

नार्पाभूमिका अध्यक्ष कोन्जे तेन्जिङ लामाले संघ र प्रदेश सरकारले वास्ता नगर्दा पालिकामा सडक सञ्जाल नपुगेको बताए । पालिका जोड्न २० किलोमिटर सडक र तीन पुल निर्माण गर्नुपर्ने लामाले बताए । बाटो बनाउनका लागि भीर र अप्ठ्यारो स्थान पार गर्नुपर्ने भएकाले धेरै स्थानमा ब्लास्टिङ गर्नुपर्छ । सबै काम सम्पन्न गर्न ६० करोड जति खर्च हुने अनुमान छ ।

सडक नहुँदा सबैभन्दा धेरै समस्या अकस्मात् बिरामी पर्दा हुने गरेको लामाले सुनाए । बिरामी भएर हेलीमा जाँदा एक पटकको पाँच लाख ५० हजार तिर्नुपर्ने बाध्यता छ । ढुवानीका लागि मान्छे र खच्चर प्रयोग गर्नुपर्दा सामानको मूल्य धेरै हुने गरेको, कतै हिँडडुल गर्दा समस्या हुने गरेको लगायतका धेरै समस्या पालिकाका स्थानीयले भोग्नुपरेको अध्यक्ष लामाले सुनाए ।

विशिष्टीकृत अस्पताल, प्रतिबद्धतामात्रै

मन्त्रिपरिषद्को पहिलो बैठकले आगामी पाँच वर्षभित्रमा अत्याधुनिक सुविधा सम्पन्न क्यान्सर, मुटुरोग तथा मृगौला उपचार केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउने निर्णय गरेको थियो । सरकारले निर्णय गरे पनि यसको कार्यान्वयन भने भएको छैन । कारण हो उपयुक्त जग्गा नभेटिनु । स्वास्थ्य मन्त्रालय गण्डकीका स्वास्थ्य प्रशासक डा. रमेशकुमार केसीका अनुसार आवश्यक उपयुक्त जग्गा नभेटिएका कारण उपचार केन्द्र स्थापनाको काम अघि बढ्न नसकेको हो । उपचार केन्द्र स्थापनाका लागि समिति बनाएर जग्गा खोजीको काम गरिएको थियो । जग्गा खोजीको क्रममा भेटिएका मध्ये कतै आवश्यक क्षेत्रफल नपुग्ने, कतै भौगोलिक हिसाबले अनुपयुक्त अर्थात् बाढी, पहिरोको जोखिम त कतै प्राविधिक हिसाबले अर्थात् जान आउन टाढा भएका कारण काम सुरू गर्न नसकिएको हो ।

पाँच वर्षभित्र उपचार केन्द्र स्थापना गर्ने महत्त्वाकांक्षी निर्णय गरे पनि त्यो कार्यान्वयनमा अघि बढ्न नसकेपछि हाल प्रदेश सरकारले आफूमातहत रहेका अस्पतालहरूमा सेवा थपसँगै आवश्यक उपकरणहरूको व्यवस्था वृद्धि गर्दै गएको छ ।

बहुसांस्कृतिक ग्राम

प्रदेशमा बोलिने सम्पूर्ण भाषा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्न विभिन्न जाति, जनजातिको पहिचान झल्कने गरी बहुसांस्कृतिक ग्राम स्थापना गर्ने निर्णय ४ फागुनको बैठकले गरेको थियो । निर्णय गरेको आठ वर्ष समय सकिँदा काम सुरू हुन सकेको छैन । मन्त्रिपरिषद्को निर्णयपछि संस्कृतिविद् डा. जगमान गुरूङको संयोजकत्वमा सात सदस्यीय एक समिति गठन गरिएको थियो । समितिले बहुसांस्कृतिक ग्राम निर्माणका लागि पोखरा-२४ स्थित ऐतिहासिक स्थल कास्कीकोट, पोखरा १८ स्थित ठूलाकोट, स्याङ्जाको फेदीखोला गाउँपालिका १ स्थित साल्मेडाँडा र अन्नपूर्ण गाउँपालिका ३ स्थित लाक्रेमा बहुसांस्कृतिक ग्राम स्थापनाका लागि स्थान उपयुक्त रहेको सिफारिस गरेको थियो ।

समितिले दिएको सिफारिसपछि अन्नपूर्णको लाक्रेमा बहुसांस्कृतिक ग्राम स्थापना गर्ने निर्णय प्रदेश सरकारले गरे पनि निर्णय भएको करिब ६ वर्ष हुन लाग्दा कुनै कामअघि बढ्न सकेको छैन ।

अन्नपूर्ण गाउँपालिकाका तत्कालीन अध्यक्ष युवराज कुँवरका अनुसार प्रदेश सरकारको निर्णयपछि पालिकाले लाक्रेमा करिब चार सय रोपनी जग्गा व्यवस्था गरेको थियो । सोही समय गण्डकीमा सरकार परिवर्तन भएपछि थप काम अघि बढ्न नसकेको उनले बताए । पालिकाको तर्फबाट सांस्कृतिक ग्राम बनाउन जुनसुकै सहयोग सँगै आवश्यक केहीपूर्वाधार समेत निर्माण गर्न तयार रहेको भए पनि प्रदेश सरकारले चासो नदिँदा काम अघि बढ्न नसकेको भनाई उनको छ ।

खेल मैदानको चर्चामात्रै

प्रदेश सरकारले गरेको अर्को निर्णय अन्तर्राष्ट्रिय स्तरको बहुउपयोगी खेल मैदान आगामी पाँच वर्षमा निर्माण गर्ने भन्ने थियो । सरकारले निर्णय त गऱ्यो तर यसका लागि २०७६ सालमा कामको सुरूवात भए पनि त्यो अघि बढ्न भने सकेको छैन; कारण हो उपयुक्त जग्गा नपाउनु । अन्तर्राष्ट्रिय स्तरको बहुउपयोगी खेल मैदान निर्माण गर्ने निर्णयको कार्यान्वयनका लागि पोखरा-२९, पशुपतिघाटमा बहुउपयोगी अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदानसँगै अन्य पूर्वाधार निर्माणका लागि २०७६ सालमा करिब २० लाख खर्च गरी सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयले डिपिआर तयार गरेको थियो । एक अर्ब २८ करोड लागत स्टमेट सहितको खेल पूर्वाधार निर्माण गर्ने गरी डिपिआर तयार गरिएकोमा खेल मैदान निर्माणका लागि छनोट गरिएको पशुपतिघाटको प्रस्तावित जग्गा सेती नदीले बहाव परिवर्तन गरी कटान गरेपछि उक्त आयोजना रूग्ण आयोजनामा परिणत भएपछि मैदान निर्माणको योजना कार्यान्वयन नभएको मन्त्रालयका उपसचिव प्रकाश देवकोटाले जानकारी दिए ।

बहुउपयोगी खेल मैदान निर्माण गर्न नसके पनि मन्त्रालयले 'एक स्थानीय तह, एक खेल मैदान' कार्यक्रम सञ्चालन गरेर साना तथा मध्यम स्तरका खेल पूर्वाधार निर्माण एवं विस्तारको काम भने गरिरहेको देवकोटाको भनाइ छ ।

सम्मेलन केन्द्रलाई जग्गा भेटिएन

अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न सम्मेलन केन्द्र प्रदेशमा स्थापना गर्ने निर्णयसमेत गण्डकीले आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकमा गरेको थियो । प्रदेशमा ठूला अन्तर्राष्ट्रिय सभा, सम्मेलन, प्रदर्शनी, व्यावसायिक कार्यक्रमसँगै अन्य विभिन्न कार्यक्रम आयोजना गर्न सक्ने गरी आगामी पाँच वर्षभित्रमा सम्मेलन केन्द्र निर्माण गर्ने निर्णय भयो तर यसका लागि काम भने अघि बढ्न सकेको छैन । प्रदेश सरकारले यो योजना नीति तथा कार्यक्रममा समेट्ने गरे पनि देखिने गरी कुनै काम अघि बढ्न सकेको छैन । योजना अघि नबढ्नुको मुख्य कारण उपयुक्त जग्गा नभेटिनु हो ।

हचुवाका योजना नै मुख्य समस्या

पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभाग प्रमुख डा. गिरधारी दाहाल प्रदेशको मुख्य समस्या बिना अध्ययन हचुवाको भरमा नीति तथा कार्यक्रम बनाउनु नै हो भन्छन् । उनले भने, 'कुनै पनि नीति तथा योजना बनाउनुअघि अध्ययन अनुसन्धान गरी विज्ञ र सरोकारवालाहरूसँग छलफल गरी उनीहरूको राय, सुझाव लिएर के आवश्यकता हो त्यसको विश्लेषण गरी अघि बढ्न सके त्यसले सफलता पाउँछ र कार्यान्वयन गर्न समेत सजिलो हुन्छ ।' आफनो स्रोतको अवस्था के छ त्यसको ख्याल नगर्दासमेत समस्या देखिएको उनको भनाइ छ । उनले थपे, 'दलहरूमा भिजनको समेत कमी छ, आवश्यकताको आधारमा भन्दा पनि हचुवाको भरमा धेरै काम हुने गरेका छन् ।'

संघकै कारण काम रोकियो : मुख्यमन्त्री

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेका अनुसार पहिलो मन्त्रिपरिषद् बैठकले गरेका केही निर्णय कार्यान्वयन हुन नसक्नु प्रदेश सरकारको इच्छाशक्ति वा प्रतिबद्धताको कमीका कारण नभई संघीयता कार्यान्वयनका क्रममा देखिएका कानुनी, संरचनागत र संस्थागत जटिलताका कारण हो । संविधानले प्रदेशलाई दिएको अधिकार कार्यान्वयनका लागि आवश्यक धेरै संघीय कानुन समयमै नबन्नु, प्रदेशले पाउनुपर्ने अधिकार, संरचना र कानुनी आधार पूर्ण रूपमा हस्तान्तरण नहुनु, कतिपय अवस्थामा प्रदेशका कानुन संघीय कानुनसँग बाझिनु तथा कतिपय क्षेत्रमा संघीय कानुनकै अभावले निर्णय कार्यान्वयनमा अवरोध सिर्जना भएको उनको भनाइ छ । प्रदेश सरकार गठनको प्रारम्भिक चरणमा संघीयता अपेक्षाअनुसार छिटो कार्यान्वयन हुने विश्वासका आधारमा महत्त्वाकांक्षी योजनाअघि सारिए पनि व्यवहारमा त्यसअनुसार प्रगति हुन नसक्दा ती योजनाको कार्यान्वयन प्रभावित भएको उनले बताए ।

ठूला पूर्वाधार आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति तथा व्यवस्थापनसम्बन्धी अधिकारसमेत प्रदेशलाई नदिइएको उल्लेख गर्दै उनले राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद् तथा अन्य अन्तरसरकारी संयन्त्रमार्फत् गण्डकी प्रदेशले कानुनी अधिकार, जग्गा व्यवस्थापन र आयोजना कार्यान्वयनसँग सम्बन्धित समस्या निरन्तर उठाउँदै आएको सुनाए । यद्यपि यी चुनौतीका बीच पनि प्रदेश सरकारले विकास निर्माणलाई निरन्तरता दिँदै खानेपानी, सडक, स्वास्थ्य र विद्युत् सेवाको पहुँचमा उल्लेखनीय सुधार गरेको उनको दाबी छ । उनले भने, 'संघीयताको मर्मअनुसार प्रदेशवासीका आकांक्षा पूरा गर्न, अधुरा योजना सम्पन्न गर्न र प्रदेशलाई समुन्नतिको दिशामा अघि बढाउन सरकार प्रतिबद्ध छ ।'

गण्डकी प्रदेश सरकारको आठ वर्षको अवधिमा बिजुली र खानेपानी जस्ता आधारभूत पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ । गाउँ-गाउँमा केन्द्रीय प्रसारणको बिजुली र घर-घरमा निजी खानेपानीको धारा पुगेसँगै नागरिकको दैनिक जीवनयापन सहज बनेको छ । व्यक्तिगत र सामाजिक झन्झटहरू हटेर जीवनस्तरमा गुणात्मक सुधार आए पनि ठूला र गौरवका आयोजनाहरूमा भने अझै ठोस प्रगति र स्पष्टताको खाँचो देखिन्छ ।

◆◆◆

गर्जदो सेती
फेवातालको छायामा ओझेलिएको पर्यटकीय स्वर्ग

सन्देश श्रेष्ठ

> सेती नदी पोखरा सभ्यताको जननीमात्र होइन; यो सहरका १० वटै तालहरूको जन्मदाता पनि हो ।

सहरको गर्भभित्र लुकेको अद्भूत संसार

महेन्द्रपुलको बारमा उभिएर तलतिर हेर्दा मुटु नै जिरिंग हुने गरी एउटा गहिरो र विशाल गर्जन सुनिन्छ । सहरको कोलाहल, गाडीको हर्न र मानिसहरूको दौडधूपभन्दा निकै तल, झण्डै ५० मिटरको गहिराइमा लुकेर बग्ने यो कस्तो रहस्यमयी नदी होला ? धेरै विदेशी र स्वदेशी पर्यटकका लागि पोखरा भन्नु नै फेवातालको शान्त सतहमा माछापुच्छ्रेको प्रतिबिम्ब हेर्नु वा सराङकोटबाट सूर्योदयको आनन्द लिनु हो । तर, त्यही सहरको गर्भबाट नागबेली चालमा बग्ने सेती भने कतै जमिनमुनि पूर्णरूपमा हराउँछे, कतै दुई मिटरको साँघुरो चिराभित्र गुज्जिन्छे त कतै विशाल खोंचमा आफ्नो तागत र श्वेत स्वरूप देखाउँछे ।

यो केवल एउटा पानीको वहावमात्र होइन; यो त पोखरा सभ्यताको जननी र प्रकृतिको एउटा अद्भूत भूगर्भीय चमत्कार पनि हो । फेवातालले विश्व पर्यटनको नक्सामा पोखरालाई एउटा छुट्टै चिनारी दिइरहँदा, त्यही सहरलाई अस्तित्व दिएको र यहाँका तालहरूलाई जन्म दिएको सेती नदी भने आज आफ्नै सहरभित्र उपेक्षित छ । भूगर्भीय रहस्य, धार्मिक आस्था र साहसिक पर्यटनको अथाह सम्भावना बोकेको सेतीलाई पर्यटनको मूल नक्सामा ल्याउन नसक्दा पोखराले वर्षौंदेखि एउटा स्वर्ण अवसर गुमाइरहेको छ । सेतीको यो उपेक्षा केवल एउटा नदीको उपेक्षा होइन; यो त पोखराको भविष्यको समृद्धिको ढोकामा लगाइएको ताल्चा पनि हो ।

सभ्यताको आधार र वर्तमानको विरोधाभास

सूचना प्रविधिको विकास र पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएसँगै यहाँको चर्चा विश्वव्यापी छ । तर, सेती नदी पर्यटनको केन्द्र बन्नुको साटो सहरको फोहोर विसर्जन गर्ने 'डम्पिङ साइट' र आत्महत्या गर्नेहरूको अन्तिम रोजाइ बन्दै जानु एउटा डरलाग्दो विडम्बना हो ।

ऐतिहासिक रूपमा पोखराका फेवा, बेगनास र रूपा लगायतका तालहरूको जन्मदाता मानिने यो नदी धार्मिक हिसाबले 'सेती गंगा' हो भने साहसिक पर्यटनका लागि विश्वकै उत्कृष्ट र दुर्लभ गन्तव्य बन्न सक्ने ल्याकत राख्ने प्राकृतिक सम्पदा हो । यो आलेखले सेतीको ६ करोड वर्ष लामो भूगर्भीय गहिराइ, यसले बोकेको अर्बौंको आर्थिक सम्भावना र राज्यको नीतिगत मौनताका बीचमा गुम्सिएका अवसरहरूको विस्तृत खोजी गर्ने प्रयास गरेको छ ।

सेतीको उत्पत्ति ६ करोड वर्षको यात्रा र पोखराको निर्माण

सेती नदीको उत्पत्ति र पोखरा उपत्यकाको निर्माण एउटा यस्तो वैज्ञानिक कथा हो, जसले जोसुकैलाई पनि आश्चर्यमा पार्छ । भूगोलविद् डा. कृष्ण केसीका अनुसार सेती नदी आजभन्दा झण्डै साढे ६ करोड वर्षअघि बनेको अनुमान छ । यो नदीले विभिन्न कालखण्डमा गएका महाभूकम्प र त्यसले ल्याएको गेग्रानमार्फत् पोखरा उपत्यकाको जग बसालेको हो । डा. केसीका अनुसार सेतीले पोखराको स्वरूप बदल्न तीनवटा मुख्य 'फर्मेसन' हरू पार गरेको छः

- **पुरुञ्चौर फर्मेसनः** आजभन्दा झण्डै १२ हजारदेखि १४ हजार वर्षअघि गएको महाभूकम्पका कारण यो फर्मेसन भएको थियो । यसले माथिल्लो भेगको भू-बनोट तयार पाऱ्यो ।
- **घाचोक फर्मेसनः** झण्डै १० हजारदेखि १२ हजार वर्षअघिको यो चरणले सेतीको बहाव र किनारका पहाडहरूलाई आकार दियो ।
- **पोखरा फर्मेसनः** यो सबैभन्दा महत्त्वपूर्ण चरण हो । जुन आजभन्दा झण्डै ७ सयदेखि ११ सय वर्षअघि मात्र भएको मानिन्छ । डा. केसी भन्छन्, 'नदीपुरदेखि पोखरा रंगशाला र चाउथेसम्मको समथर भूभाग यही पोखरा फर्मेसनकै देन हो ।'

रोचक कुरा त के छ भने, कुनै समय सेती नदी नदीपुरबाट सिधै विजयपुरतर्फ बग्ने गर्दथ्यो । तर पोखरा फर्मेसनको बेला गेग्रानले बाटो थुनिदिएपछि सेती महेन्द्रपुल, महतगौंडा र दोबिल्लातर्फ मोडिन पुग्यो । सेतीको बाटो थुनिएका कारण त्यसको 'साइड इफेक्ट'का रूपमा फेवाताल, बेगनास, रूपा, गुँदे, न्यूरेनी, दिपाङ, खास्टे, मैदी र कमलपोखरी जस्ता तालहरूको जन्म भएको हो । यसर्थ, वैज्ञानिक रूपमा भन्नुपर्दा सेती नदी नभएको भए आज पोखराका यी नौ वटै तालको अस्तित्व हुने थिएन । यो नदी पोखराका तालहरूको 'आमा'मात्र होइन, समग्र पोखरेली सभ्यताको जननी पनि हो ।

सेती नदी पोखरा सभ्यताको जननीमात्र होइन, यो सहरका १० वटै तालहरूको जन्मदाता पनि हो । यदि झण्डै एक हजार वर्षअघि सेतीले आफ्नो बाटो नमोडेको भए आज न पोखरा उपत्यका हुन्थ्यो; न त फेवाताल जस्तो विश्वविख्यात पर्यटकीय गन्तव्य नै ।

धार्मिक, सांस्कृतिक आस्थाको 'सेती गंगा'

सेती नदीको पानीमा चुनढुंगा मिश्रित हुने भएकाले यो सधैं सेतो देखिन्छ; त्यसैले यसको नामाकरण 'सेती' गरिएको हो । पौराणिक र धार्मिक ग्रन्थहरूमा यसलाई 'सेती गंगा' भनिएको छ । सेतीगंगा संरक्षण तथा विकास समितिका संस्थापक संयोजक विश्वप्रकाश लामिछानेका अनुसार विभिन्न पुराणहरूमा सेतीको पवित्रताबारे विस्तृत वर्णन गरिएको छ ।

'स्कन्द पुराणमा सेतीको जललाई अत्यन्त पवित्र मानिएको छ । यो हिन्दूहरूका लागि एउटा मुख्य तीर्थस्थल हो । पुराणमा भनिएको छ कि यो नदीमा स्नान गरेमा वा यज्ञ-अनुष्ठान गरेमा सबै तीर्थ पुगेजत्तिकै फल प्राप्त हुन्छ,' लामिछाने सुनाउँछन् । यही धार्मिक विश्वासका कारण हरेक पोखरेलीको मृत्युपश्चात् अन्त्येष्टि र अस्तु सेलाउने अन्तिम थलो सेती किनार नै बन्ने गरेको छ ।

माघे संक्रान्तिमा माघेस्नान गर्ने, ठूली एकादशीमा फूल तार्ने र श्रावणको सोमबार गाईघाटबाट बोलबमको जल लिएर निस्कने हजारौँ भक्तजनको आस्थाले सेतीलाई जीवित सांस्कृतिक सम्पदा बनाएको छ । तर, यति पवित्र मानिने नदीमा आज सहरका ढलहरू सिधै मिसाइनुले हाम्रो धार्मिक आस्था र वातावरणीय चेतनाबीचको विरोधाभासलाई छर्लंग पारेको छ ।

प्राकृतिक गर्जको सौन्दर्य

प्राकृतिक हिसाबले सेती नदी वास्तवमै रहस्यमयी र सुन्दरताको अनुपम उदाहरण हो । विश्वका अन्य सहरहरूमा नदीहरू जमिनको सतहमा बग्छन् । तर पोखरामा सेती जमिनभन्दा निकै तल एउटा गहिरो खोंच बनाएर बग्छ । यो नदीले बनाएको 'गर्ज' विश्वमै दुर्लभ मानिन्छ । कतै यो दुई मिटरको साँघुरो चिराभित्र यति खुम्चिन्छ कि माथिबाट हेर्दा यसको पिँध नाङ्गो आँखाले देख्न सकिँदैन । कतै भने रामघाट जस्तो फराकिलो क्षेत्रमा फैलिएर ढुङ्गा, गिट्टी र बालुवाको विशाल खानी जस्तो देखिन्छ ।

नागबेली चालमा बग्ने यो नदी कतै जमिनमुनि हराउँछ र कतै विशाल आवाजका साथ प्रकट हुन्छ । केआई सिंह पुल, महेन्द्रपुल र पृथ्वीचोकको 'चाइना पुल' बाट देखिने सेतीको दृश्यले जोसुकैलाई पनि आश्चर्यमा पार्छ । यो रहस्यमयी बनोट नै पर्यटकलाई आकर्षित गर्ने सबैभन्दा बलियो हतियार बन्न सक्छ । तर, विडम्बना; आज यी खोंचहरू पर्यटनको गन्तव्य बन्नुको साटो आत्महत्या गर्नेहरूको रोजाइमा परेका छन् । कास्की प्रहरीको रिपोर्टले देखाउँछ कि सुरक्षाको उचित व्यवस्था नहुँदा सेतीका यी भीरहरूबाट हाम फालेर ज्यान फाल्नेहरूको संख्या बढिरहेको छ ।

फेवातालभन्दा कम छैन सेती

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीका अनुसार सेती नदी एउटा प्राकृतिक संरचना मात्र होइन, यो पोखराको पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने 'मास्टर-प्रोडक्ट' बन्न सक्छ । उनी भन्छन्, ' हामीले फेवातालको मात्र कुरा गऱ्यौँ, तर सेतीको बनोट त फेवातालभन्दा पनि अद्भूत छ । चीन र युरोपका धेरै देशले साना नदीका खोंचहरूलाई सौन्दर्यकरण गरेर अर्बौं आम्दानी गरिरहेका छन् । हाम्रो सेतीमा त नेचर र एडभेन्चरको कुटकुट भरिएको छ ।'

सेतीमा पर्यटनका कम्तीमा पाँच वटा ठूला क्षेत्रहरू छन्:

१. **साहसिक खेलकुद:** बञ्जी जम्पिङ, क्यानोनिङ, ऱ्याफ्टिङ, रक क्लाइम्बिङ र स्काई साइक्लिङ ।

२. **धार्मिक पर्यटन:** सेती गंगाको किनारमा व्यवस्थित 'रिभर-साइड' घाट, मन्दिर र पार्कहरूको निर्माण ।

३. **सौन्दर्य अवलोकन:** गहिरा खोंचहरूमा 'ग्लास ब्रिज' र 'भ्यु डेक' निर्माण गरी पर्यटकलाई खोंचको भित्री दृश्य देखाउने ।

४. **करिडोर र पदयात्रा:** केआई सिंह पुलदेखि दोबिल्लासम्मको ८ किलोमिटर क्षेत्रमा दुवैतर्फ पदमार्ग र हरियाली करिडोर निर्माण ।

५. **मनोरञ्जन:** नदी फैलिएको ठाउँमा ड्याम बाँधेर कृत्रिम ताल (जस्तै रामताल) निर्माण गरी वाटर स्पोर्ट्स र डंगा सञ्चालन गर्ने ।

सेती नदीमा ५ अर्ब लगानी गरेर गुरूयोजना कार्यान्वयन गर्ने हो भने यसले वार्षिक १० लाख थप पर्यटक आकर्षित गर्न सक्छ । फेवातालमा हुने 'ओभर टुरिजम' को चापलाई व्यवस्थापन गर्न र पर्यटकको बसाई अवधि कम्तीमा एक दिन थप्न सेती नै सबैभन्दा बलियो विकल्प हो ।

किन तुहियो 'रामताल' सपना ?

सेतीलाई पर्यटनको हब बनाउने प्रयास २०७४ सालमा नभएको होइन । तत्कालीन मेयर मानबहादुर जिसीको पालामा रामघाट क्षेत्रलाई 'रामताल' बनाउने र त्यसलाई पिपिपी मोडलमा सञ्चालन गर्ने महत्त्वाकांक्षी प्रस्ताव गरिएको थियो । टेन्डर आह्वान गरेपछि 'बतास अर्गनाइजेसन' निकट 'सेती क्यान्योन प्रालि' ले यसको जिम्मा पाउने पक्का भएको थियो । योजना थियो नदीमा ड्याम बाँधेर ताल बनाउने, माथिबाट वारपार झोलुंगे पुल हाल्ने र तालमा वाटर स्पोर्ट्स सञ्चालन गर्ने ।

तर, यो परियोजना स्वार्थ समूह र राजनीतिक खिचातानीको सिकार भयो । महानगरका पूर्व इन्जिनियर महेन्द्र गोदार सम्झन्छन्, 'त्यो बेला डेढ अर्बको लगानीमा रामताल बनाउने सम्झौता भएको थियो । तर, केही स्वार्थ समूह र दलका कार्यकर्ताले 'नदी बेच्न लागियो' भन्दै विरोध गरे । लगानीकर्तालाई हतोत्साही बनाइयो र अख्तियारसम्म मुद्दा पुऱ्याइयो ।

पछि मुद्दा त जितियो, तर काम गर्ने वातावरण नै भएन ।' गोदारका अनुसार महानगरको बजेटले मात्र यति ठूलो काम सम्भव थिएन; त्यसैले निजी क्षेत्रलाई गुहारिएको थियो । 'अहिले म सुत्दा पनि सेती देख्छु, उठ्दा पनि सेती देख्छु । हाम्रो सपना तुहाइयो, जसका कारण सेती आज झन्झन् फोहोर फाल्ने डम्पिङ साइट बन्दै गएको छ,' उनी दुखेसो पोख्छन् ।

भिजन ८.३ किलोमिटरको करिडोर

इन्जिनियर महेन्द्र गोदारका अनुसार सेतीको सदुपयोगका लागि पदयात्रा मार्ग सबैभन्दा प्रभावकारी हुन सक्छ । उनले केआई सिंह पुलदेखि दोबिल्लासम्मको ८.३ किलोमिटर क्षेत्रमा एकतर्फी पदयात्रा गर्न मिल्ने करिडोर प्रस्ताव गरेका छन् । उनी भन्छन्, 'हामीले नदीको गर्ज अवलोकन गर्ने गरी 'क्यान्टिलिभर ब्रिज' बनाउन सक्छौं । कतै सुरूङ मार्गबाट हिँड्ने र कतै खोंचभित्रै गएर अवलोकन गर्ने व्यवस्था गर्न सकिन्छ ।

रातको समयमा लाइटिङ गरेर सेतीलाई अझै सुन्दर बनाउन सकिन्छ ।' तर, भूगोलविद् डा. कृष्ण केसी भने सेतीको सदुपयोग गर्दा सुरक्षाका उपायहरूमा विशेष ध्यान दिनुपर्ने सुझाव दिन्छन् । भौगोलिक रूपमा सेतीको बनावट कमजोर रहेकाले ठूला संरचना बनाउनुअघि गहिरो भौगोलिक अध्ययन जरूरी छ । 'सेती संवेदशील छ, यहाँ जति सम्भावना छ, त्यति नै जोखिम पनि छ । तर जोखिम न्यूनीकरण गरेर पर्यटकीय हब बनाउँदा नदीको संरक्षण पनि हुन्छ र आम्दानी पनि हुन्छ,' डा. केसीको तर्क छ ।

'बन्जी नेपाल' एउटा उदाहरण

सेतीको काखमा केही साहसिक गतिविधि सुरू भएका छन्; जसले आशा जगाएको छ । पोखरा-१७ रातोपैह्रामा सञ्चालित 'बन्जी नेपाल' यसको एउटा सफल उदाहरण हो । बन्जी नेपालकी प्रबन्ध निर्देशक मीना बराल लामाका अनुसार सेतीको खोंचमा बन्जी गर्न आउने पर्यटकहरूको संख्या लोभलाग्दो छ । 'भारतीय पर्यटकहरूका लागि त सेतीको बन्जी अहिले एउटा मुख्य आकर्षण बनेको छ,' उनी भन्छिन् ।

तर, उनी जस्ता लगानीकर्तालाई सरकारी नीति र कानुनले डराउँछ ।' हामी रक क्लाइम्बिङ र अन्य साहसिक खेलहरू थप्न चाहन्छौं, तर वन वातावरण र सरकारी झमेलाले गर्दा लगानी थप्न डराइरहेका छौं,' लामाको गुनासो छ । राज्यले सुरक्षाको ग्यारेन्टी गर्ने र नीतिगत स्पष्टता दिने हो भने निजी क्षेत्र सेतीमा अर्बौं लगानी गर्न तयार छ । युनाइटेड क्लब पोखराले पनि सेतीमा 'रोपिङ' प्रोजेक्टको प्रयास गरेको थियो, तर महानगरले रोकिदिएपछि त्यो अभियान अलपत्र पऱ्यो ।

तथ्यांकको ऐनामा पोखराको पर्यटन र सेतीको महत्त्व

नेपालमा वार्षिक झण्डै ११ लाख ६३ हजार पर्यटक भित्रिन्छन्; जसमध्ये ६० प्रतिशत पोखरा पुग्छन् । पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटाका अनुसार २०२६ सम्ममा पोखरामा वार्षिक १५ लाख पर्यटक पुग्ने अनुमान छ । तर, एउटा दुःखद पक्ष के छ भने पोखरामा पर्यटकको औसत बसाई अवधि अझै पनि साढे दुई दिनभन्दा माथि जान सकेको छैन ।

नेपाल पर्यटन बोर्डका गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेका अनुसार यदि सेती करिडोर र साहसिक गतिविधिलाई व्यवस्थित गर्ने हो भने पर्यटकको बसाई अवधि कम्तीमा एक दिन थप्न सकिन्छ । 'सेतीको ८ किलोमिटर क्षेत्रमा पदयात्रा मार्ग र ठाउँ-ठाउँमा भ्यु प्वाइन्ट बनाउँदा पर्यटकका लागि एउटा नयाँ संसार खुल्छ,' लामिछाने भन्छन् । तथ्यांकले के देखाउँछ भने पोखरा आउने ७० प्रतिशत पर्यटक साहसिक खेलकुदमा रूचि राख्छन् । सेती यस्तो ठाउँ हो, जहाँ ऱ्याफ्टिङ, क्यानोइङ र बन्जी जस्ता सबै साहसिक खेल एउटै करिडोरमा सञ्चालन गर्न सकिन्छ ।

किन पऱ्यो सेती ओझेलमा ?

फेवाताल संरक्षणका लागि वर्सेनी करोडौं बजेट छुट्टिन्छ, तर सेतीका लागि भने राज्यको नजर पर्दैन । हालसालै संघ र प्रदेशले ल्याएको बजेटमा पनि सेतीका लागि कुनै ठोस कार्यक्रम छैन । यो उपेक्षाले पोखरेलीलाई चिन्तित बनाएको छ । गण्डकी प्रदेशकी उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमाल भने सेतीको सम्भावनाबारे सरकार सचेत रहेको र आगामी दिनमा सम्भाव्यता अध्ययन गरेर बजेटको व्यवस्था गर्ने आश्वासन दिन्छिन् । 'सेती नदी फेवातालजत्तिकै महत्त्वपूर्ण छ । यसको सौन्दर्यकरण र संरक्षणका लागि सरकारले पहलकदमी लिनेछ,' उनले भनिन् । तर, यस्ता आश्वासन पोखरेलीले वर्षौंदेखि सुन्दै आएका छन्; परिणाम भने अझै देखिन बाँकी छ ।

सेती केवल पानीको धारा होइन, यो पोखराको 'अदृश्य म्युजियम' र 'स्वर्ण खानी' हो । सहरको मुटुभित्र लुकेका यी खोंचलाई विश्वको उत्कृष्ट साहसिक केन्द्र बनाउन केवल बलियो राजनीतिक इच्छाशक्ति र निजी क्षेत्रसँगको सहकार्यको खाँचो छ ।

बगिरहेको सम्भावना र हाम्रो दायित्व

सेती नदी सभ्यता हो । धार्मिक र सांस्कृतिक धरोहर हो । र, पोखराको भविष्यको समृद्धिको वाहक हो । यसको सुसेली, अनौठा गर्ज र निरन्तर बगेको दूध जस्तो पानीले हामीलाई वर्षौंदेखि एउटै सन्देश दिइरहेको छ, सम्भावनाको यो स्रोतलाई चिन ।

६ करोड वर्षको इतिहास बोकेको यो नदीले पोखरालाई जन्म दियो, नौवटा तालहरू दियो र एउटा सुन्दर उपत्यका दियो । तर, बदलामा हामीले यसलाई के दियौं ? ढल, फोहोर र उपेक्षा ! पोखरालाई साँच्चै पर्यटनको राजधानी बनाउने हो भने हामीले सतहको फेवातालबाट केही मुनि झरेर गहिरो सेतीको 'स्वर्ण सम्भावना'लाई चिन्ने बेला आएको छ ।

सेतीका दुवै किनारमा करिडोर निर्माण, सुरक्षासहितको खोंच अवलोकन र साहसिक खेलकुदको एकीकृत विकास नै पोखराको पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने प्रमुख बाटो हो । पोखराको सभ्यतालाई जन्म दिएको सेती आज पनि त्यही अनवरत वेगमा बगिरहेको छ । प्रश्न केवल यति हो हामी फेवातालको सतहमा देखिने सौन्दर्यलाई मात्र हेरेर रमाउने कि भूमिगत गर्जनभित्र लुकेको अर्को विशाल सम्भावनालाई पनि अवसरमा बदल्ने ? सेतीको सुसेलीले आज पनि यही प्रश्नको उत्तर खोजिरहेको छ ।

◆◆◆

साइबर अपराधको महाजाल
कसैको धन लुटियो, कसैको इज्जत

सञ्जय रानाभाट

> गण्डकी प्रदेशको राजधानीसमेत रहेको कास्की जिल्ला साइबर अपराधको मुख्य केन्द्र (हटस्पट) देखिन्छ ।

जिन्दगीभरको कमाइ एकै निमेषमा स्वाहा ! सामाजिक प्रतिष्ठा क्षणभरमै धुलोपीठो ! यो कुनै फिल्मको कथा होइन; पछिल्लो समय डिजिटल अपराधको कुरूप वास्तविकता हो । आर्थिक ठगी, फेसबुक/इन्स्टाग्राम फेक आइडी, चरित्रहत्या, डिजिटल ब्ल्याकमेल, बैंकिङ फ्रड, लगायतका साइबर अपराधको समग्र चित्र हो ।

पछिल्लो समय साइबर अपराधको ग्राफ उकालो मात्र लागेको छैन; यसले हजारौंको निद्रा र शान्ति खोसेको छ । गण्डकी प्रदेशमा ३ हजार ७ सय ९२ जनाले साइबर अपराधबाट पीडित भई न्यायका लागि हारगुहार गरेका छन् । त्यसको पछिल्लो सिकार बने पोखरा-१९ का प्रेम (पीडित नाम परिवर्तन) । प्रेमको जीवनमा एउटा सामान्य म्यासेज सबैभन्दा महँगो पाठ बनेको छ । एउटा क्लिक र केही सयमको संवादले उनलाई २ लाख ३० हजार ७ सय ९१ रूपैयाँको ऋण र मानसिक तनावको भुमरीमा धकेलिदिएको छ ।

घटनाको सुरूवात टेलिग्रामबाट हुन्छ । 'एटदरेट दिक्छु २३६' नामक एउटा अपरिचित युजरबाट प्रेमलाई म्यासेज आउँछ-' हामीसँग अनलाइन काम गर्नुहोस्, लगानी गरे लाखौं नाफा हुन्छ ।' भर्खरका तन्नेरी प्रेमलाई लाग्यो, सायद यो आफ्नो र परिवारको भविष्य बदल्ने एउटा अवसर हो । तर, उनलाई थाहा थिएन; त्यो डिजिटल दुनियाँका लुटेराहरूले बिछ्याएको एउटा स्मार्ट जाल थियो ।

सुरूमा प्रेमलाई १० हजार रूपैयाँ हाल्न लगाइयो । लगत्तै उनको खातामा १६ हजार रूपैयाँ फिर्ता पठाइदिए । ६ हजार रूपैयाँ सित्तैमा पाएपछि राहुलको मनमा उनीहरूप्रति अटुट विश्वास जाग्यो । पैसा त साँच्चै आउँदो रहेछ भन्ने यही विश्वास नै उनका लागि ठगले बुनेको जालो बन्यो ।

अनि सुरू भयो ठगीको जालो । उनीहरूले प्रेमलाई विभिन्न टास्क दिँदै थप रकम जम्मा गर्न लगाए । पुनः उनलाई १० हजार हाल्न लगाइयो ।

यो रकम हालेपछि थप २२ हजार हाल्न लगाए । उनले ३२ हजार हालेपछि उताबाट ४४ हजार हालिदिए । यो टास्क सकिएपछि उनलाई फेरि अर्को टास्क दिए । अब ४० हजार पठाएपछि थप बोनससहित पैसा आउने बताए । उनले ४० हजार हाले । प्रेमले बुबाको ईसेवाबाट पैसा पठाउँदै गए; तर यस पटक पैसा फिर्ता आएन । उल्टै ठगहरूले भने, 'तपाईंको पैसा अड्किएको छ; अझै ठूलो रकम हाल्नुभयो भनेमात्र सबै फिर्ता आउँछ ।'

आफ्नो फसेको पैसा उठाउने अन्तिम आशमा प्रेमले अर्को जोखिम मोले । उनले आफ्नी बहिनी रेश्माको सिद्धार्थ बैंकको खातामा रहेको १ लाख ९० हजार ७ सय ९१ रूपैयाँसमेत ठगहरूको खातामा पठाइदिए । जब ठगिएको पैसा २ लाख ३० हजार नाघ्यो र ठगहरूले अझै पैसा माग्दै धम्की दिन थाले; तबमात्र राहुलको होस खुल्यो । उनले पैसा माग्दा उल्टै ब्ल्याकमेलिङ र धम्की आउन थालेपछि उनी छाँगाबाट खसेझैं भए । न पैसा फिर्ता आयो; न त ती अनलाइन मालिकहरूको कुनै अत्तोपत्तो लागेको छ ।

अहिले प्रेम ०८२ माघ २२ गते उजुरी लिएर जिल्ला प्रहरी कार्यालय कास्की पुगेका छन् । उनले आफ्नो निवेदनमा भनेका छन्, 'मलाई लोभ देखाएर मेरो पसिनाको कमाइमात्र होइन; बहिनीको पनि लुटियो । ती अपराधीलाई कानुनी कठघरामा उभ्याइ पाऊँ ।' प्रहरीले यसबारे अनुसन्धान सुरू गरे पनि डिजिटल अपराधीलाई समात्नु चुनौतीपूर्ण छ । यद्यपि जिल्ला प्रहरी कार्यालयले अपराधीसम्म पुग्ने आश्वासन उनलाई दिएको छ ।

अनलाइन ठगीको जालोमा केवल प्रविधि बुझेका तन्नेरीमात्र परिरहेका छैनन्; यसको निशानामा अब पाका र अनुभवी व्यक्तिहरू पनि पर्न थालेका छन् । पछिल्लो समय पोखरामा ठगहरूले आफ्नो शैली बदल्दै रिवार्ड र बैंक अपडेटको बहानामा सर्वसाधारणको खाता रित्याउन थालेका छन् । यसैको पछिल्लो शिकार बने-पोखरा महानगरपालिका वडा नम्बर १९, पुरनचौरका ५५ वर्षीय पारस (नाम परिवर्तन) । २०८१ पुस १५ गते साँझ पौने ७ बजेतिर पारसको मोबाइलमा ९८४०६२६४१५ नम्बरबाट एउटा फोन आयो । फोन गर्ने व्यक्तिले निकै नम्र भाषामा आफूलाई ललितपुर स्थित ईसेवा कार्यालयको कर्मचारी विनोद महर्जन भन्दै चिनाए । उनले युवराजलाई भने, 'तपाईंलाई ईसेवाबाट रिवार्ड परेको छ, यसलाई पैसामा कन्भर्ट गरेर खातामा हाल्नुपर्छ ।'

ठगले भनेअनुसार पुरस्कारको रकम लिन मोबाइलको केही सेटिङ मिलाउनुपर्ने र फन्ड ट्रान्सफरको प्रक्रिया गर्नुपर्ने भनियो । विनोद महर्जन बनेका ती व्यक्तिले पारसलाई यसरी विश्वासमा पारे कि, उनले आफ्नो ईसेवा आईडीमात्र होइन; नेपाल बैंक लिमिटेड बगर शाखामा रहेका आफ्ना दुईवटा बैंक खाताका विवरणहरू पनि सहजै उपलब्ध गराए ।

युवराजलाई लागेको थियो, मोबाइलको सेटिङ मिलेपछि पुरस्कारको रकम खातामा झर्छ । तर, परिणाम ठ्याक्कै उल्टो भयो । जब ठगले युवराजको बैंकिङ पहुँच प्राप्त गऱ्यो, त्यसपछि सुरू भयो ठगी । युवराजको बैंक खाताबाट पटक-पटक गरी कुल २ लाख रूपैयाँ काटियो । अचम्मको कुरा त, त्यो रकम पारसको खाताबाट सिधै ठगको खल्ती एपको खातामा ट्रान्सफर गरिएको थियो । केही मिनेटमै आफ्नो पसिनाको कमाइ अर्कैको कब्जामा पुगेपछि पारस छाँगाबाट खसेझैं भए ।

आफू नराम्ररी ठगिएको पत्तो पाएपछि पारसले ०८२ माघ १६ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा लिखित निवेदन दिएका छन् । उनले बैंक स्टेटमेन्टसहित पेस गरेको निवेदनमा भनेका छन्, 'मलाई झुक्याएर बैंक खाताको रकम खल्ती एपमा ट्रान्सफर गर्ने व्यक्तिको पहिचान गरी मेरो रकम असुलउपर गरिपाऊँ ।'

ठगहरूले केवल प्रविधि र पुरस्कारको लोभमात्र देखाइरहेका छैनन्; उनीहरूले अब मानिसको भावना, विश्वास र नाता-सम्बन्धलाई समेत ठगीको हतियार बनाउन थालेका छन् । प्रेमलाई अनलाइन जागिरको प्रलोभन दिइयो, पारसलाई रिवार्डको लोभ देखाइयो, तर सुदीप (पीडितको नाम परिवर्तन)को हकमा भने ठगहरूले दाइको साथी बनेर उनको भावनासँग खेलबाड गरे । खोटाङ घर भई हाल पोखरामा बसोबास गर्ने ४० वर्षीय सुदीपको जीवनमा केही समयअघि एक व्यक्ति देखा परे । ती व्यक्तिले सुदीपलाई दाइको मिल्ने साथी भन्दै चिनाए । आफ्नै दाइको घनिष्ठ मित्र भनेपछि सुदीपले उनलाई शंका गर्ने कुनै ठाउँ देखेनन् । चिनजान बाक्लिँदै गयो र ती व्यक्तिले सुदीपको पूर्ण विश्वास जिते ।

विश्वासको जग बसिसकेपछि ती व्यक्तिले आफ्नो असली रूप देखाए । उनले सुदीपसँग दुई महिनामा जसरी पनि फिर्ता गर्छु भन्दै भरपर्दो भाका राखेर ५० हजार रूपैयाँ सापट मागे । दाइको साथीको समस्या टार्न सुदीपले नाइँ भन्न सकेनन् । उनले पटक-पटक गरी ती व्यक्तिले दिएको ठाकुर सप्लायर्सको नाममा रहेको इसेवा (९८५६०३३३२२) मा ५० हजार रूपैयाँ पठाए ।

समय बित्दै गयो । दुई महिनाको भाका काटिएपछि सुदीपले आफ्नो पैसा फिर्ता मागे । तर, दाइको साथी बनेर पैसा लैजाने ती व्यक्तिको बोली एकाएक बदलियो । पैसा फिर्ता दिनुको साटो उनी उल्टै सुदीपलाई धाकधम्की दिन थाले । केही समयपछि त ती व्यक्ति मोबाइल बन्द गरेर सम्पर्कविहीन भए । अहिले न ती दाइका साथी भेटिन्छन्; न त सुदीपको ५० हजार रूपैयाँ नै । आफू नराम्ररी ठगिएको र ती व्यक्तिको नियत नै आफ्नो पैसा हडप्ने रहेको चाल पाएपछि सुदीपले ०८२ चैत ९ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा निवेदन दिएका छन् । उनले ठगी गर्ने व्यक्तिको मोबाइल नम्बर र इसेवा आइडीसहित कारबाही र रकम फिर्ताको माग गरेका छन् ।

साइबर अपराधका घटना बढिरहेको बेला कास्कीमा यस्ता उजुरीको चाङ लाग्न थालेको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नम्बर ३ बस्ने २० वर्षीया एक युवती सिर्जना (परिवर्तित नाम) ले अहिले निकै ठूलो मानसिक तनाव व्यहोर्नुपरेको छ । कुनै अज्ञात व्यक्तिले सिर्जना र उनकी बहिनीको फोटो प्रयोग गरी फेसबुक र इन्स्टाग्राममा नक्कली आईडी बनायो । त्यतिमात्र होइन; त्यो नक्कली आईडीबाट सिर्जनाका साथीभाइ र आफन्तलाई अश्लील फोटो र भिडियो पठाएर उनको चरित्र हत्या गर्ने प्रयास भइरहेको छ । प्लस टु उत्तीर्ण गरेकी यी युवतीले आफ्नो सामाजिक मान-प्रतिष्ठामा आँच पुगेको भन्दै जिल्ला प्रहरी कार्यालयमा हारगुहार गरेकी छन् ।

अर्को घटनामा पोखरा महानगरपालिका वडा नम्बर ३३ बस्ने ३४ वर्षीय एक पुरूष भूपेन्द्र (परिवर्तित नाम) पीडित बनेका छन् । कुनै अज्ञात व्यक्तिले भूपेन्द्रको फोटो र व्यक्तिगत जानकारी प्रयोग गरेर हुबहु नक्कली (फेक) फेसबुक आइडी बनाएको छ । त्यो फेक आईडीबाट अपराधीले भूपेन्द्रका साथीभाइ र आफन्तलाई म्यासेज गर्दै मलाई अहिले एकदमै गाह्रो पऱ्यो, पैसा पठाइदिनू न भन्दै रकम असुल्ने प्रयास गरिरहेको छ । आफ्नो नाममा अर्कैले पैसा मागिरहेको थाहा पाएपछि भूपेन्द्रले ०८३ जेठ १ गते प्रहरीमा निवेदन दिँदै उक्त फेक आइडी बन्द गर्न र अपराधी पत्ता लगाउन माग गरेका छन् ।

पछिल्लो गम्भीर घटनामा कास्कीकै अन्नपूर्ण गाउँपालिका वड नम्बर ३ बस्ने २० वर्षीया अनिता (परिवर्तित नाम) निशानामा परेकी छन् । कुनै अज्ञात व्यक्तिले अनिताको फोटो र भिडियोहरू प्रयोग गरेर फेसबुक र इन्स्टाग्राममा नक्कली आइडीमात्र बनाएन; त्यसलाई अश्लीलता फैलाउने हतियार बनायो । ०८३ असार २ गते प्रहरीमा दिइएको उजुरी अनुसार त्यो फेक आईडीबाट अनिताका साथीभाइ, आफन्त र चिनजानका व्यक्तिलाई अश्लील सामग्री पठाएर उनको सामाजिक मान प्रतिष्ठा र चरित्रमाथि भद्दा प्रहार गरिएको छ ।

प्लस टु उत्तीर्ण गरेकी यी युवती अहिले यो डिजिटल हिंसाका कारण निकै ठूलो मानसिक तनावमा छिन् । यी माथिका उदाहरणले के देखाउँछ भने, प्रविधिको पहुँच बढे पनि सुरक्षा चेतनाको अभावले सर्वसाधारण सजिलै ठगिने गरेका छन् । अनलाइन बैंकिङको सहजताले गर्दा पीडितले थाहा पाउनुअघि नै रकम गायब हुनु, सामाजिक सञ्जालमार्फत् चरित्र हत्या हुनु र अपराधीले भीपीएन प्रयोग गरी विदेशबाटै सञ्जाल चलाउनु प्रहरीको पनि चुनौतिको विषय बनेको छ । यही प्राविधिक र कानुनी कमजोरीको फाइदा उठाएर साइबर अपराधीहरूले हजारौंको जिन्दगी र सम्पत्तिमाथि धावा बोलिरहेका छन् ।

उजुरी हजारौंमा, मुद्दा केवल ४०

साइबर अपराधमा प्रेम, पारस र सुदीप र सिर्जना, भूपेन्द्र र अनिता भोगेको यो नियति केवल प्रतिनिधि घटनामात्र हुन् । यसको भयावह रूप हेर्न गण्डकी प्रदेशका ११ जिल्लामा दर्ता भएका साइबर अपराधसम्बन्धी तथ्यांक हेरे पुग्छ । गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ को जेठ मसान्तसम्म ३ हजार ७ सय ९२ वटा उजुरी दर्ता भएका छन् । यसअघि प्रहरीले साइबर अपराधको छुट्टै तथ्यांक राख्ने गरेको थिएन । तथ्यांक संकलन सुरू भएको यस अवधिमा ठगीमार्फत् करोडौं, आर्बै रकम लुटिएको छ भने सयौंले मानसिक सास्ती (टर्चर) खेप्नुपरेको छ ।

विगतका उजुरीको तुलनामा विद्युतीय कारोबार ऐनअनुसार मुद्दा दर्ता भई अदालतसम्म पुगेका घटनाको संख्या केवल ४० मात्र छ । यसले के पुष्टि गर्छ भने, साइबर अपराधका ९९ प्रतिशत उजुरी कि त अनुसन्धानकै क्रममा अलपत्र पर्छन्; कि त अपराधी पत्ता नलागी टुंगिन्छन् । उजुरीको तुलनामा मुद्दा दर्ताको यो दर केवल १.०५ प्रतिशतमात्र हो । गण्डकी प्रदेश प्रहरीका अनुसार साइबर अपराधसम्बन्धी परेका प्राय ह्याक, फोटो, भिडिओ दुरूपयोग, नक्कली आडडी बनाउने नै सबैभन्दा बढी भएकाले त्यसलाई निवेदनकै आधारमा कतिपय उजुरी फर्स्यौंट हुने गरेको जानकारी दिएका छन् ।

जिल्लागत तथ्यांक हेर्दा गण्डकी प्रदेशको राजधानीसमेत रहेको कास्की जिल्ला साइबर अपराधको मुख्य केन्द्र (हटस्पट) देखिन्छ । पाँच वर्षको अवधिमा प्रदेशभर परेका उजुरीमध्ये ५५ प्रतिशतभन्दा बढी कास्कीकै छन् । विशेषगरी आर्थिक २०८०/८१ मा कास्कीमा ९३८ वटा उजुरी परेका थिए, जुन सो वर्ष प्रदेशभर दर्ता भएका कुल उजुरी (१,६३६) को झन्डै ६० प्रतिशत हो । कास्कीपछि नवलपुर (पूर्व), तनहुँ र बागलुङमा अपराधको दर उच्च देखिएको छ । बागलुङमा मात्रै पछिल्लो वर्ष उजुरीको संख्या ह्वात्तै बढेर ८७ पुगेको छ ।

सामाजिक सञ्जालका विभिन्न प्लेटफर्ममध्ये फेसबुक सबैभन्दा बढी असुरक्षित देखिएको छ । तर, पछिल्लो समय टिकटक र ह्वाट्सएपमार्फत् हुने अपराधको ट्रेन्ड डरलाग्दो गरी बढिरहेको तथ्यांकले देखाउँछ । आर्थिक २०८०/८१ मा फेसबुकमार्फत् भएका अपराधका १,५४२ वटा उजुरी परेका थिए । टिकटकको उदय पनि निकै तीव्र छ । २०७/७९ मा जम्मा २५ उजुरी रहेको टिकटकमा अहिले यो संख्या बढेर २५१ पुगेको छ । यो केवल पाँच वर्षको अवधिमा १० गुणाको वृद्धि हो । ह्वाट्सएपमार्फत् हुने अपराध पनि ४ बाट बढेर १०१ पुगेको छ ।

अपराधको प्रकृतिअनुसार आईडी ह्याक र फेक प्रोफाइल बनाएर गरिने अपराध सबैभन्दा धेरै छन् । २०८०/८१ मा मात्रै १,२१५ वटा ह्याकिङका उजुरी परेका थिए । फेक प्रोफाइल बनाएर गरिने अपराधको संख्या पनि वार्षिक २०० भन्दा बढी छ । यसका साथै आर्थिक ठगी र अश्लील गतिविधिका उजुरीहरू पनि पछिल्ला दुई वर्षमा ह्वात्तै बढेका छन् । चालु आर्थिक वर्षको वैशाखसम्म मात्रै ९४ वटा ठगी र ७६ वटा अश्लील गतिविधिका उजुरी दर्ता भइसकेका छन् ।

हजारौं पीडित न्यायका लागि प्रहरीको ढोकासम्म पुग्दा पनि कानुनी प्रक्रियामा जान नसक्नुले डिजिटल सुरक्षा, अनुसन्धान प्रविधि र जनशक्तिमा ठूलो चुनौती छ । कास्कीका प्रहरी उपरीक्षक (एसपी) नवीन कार्कीले जिल्लामा साइबर अपराधको जालो जटिल बन्दै गएको बताए । उनले साइबर अपराधलाई मुख्यतया दुई पाटोबाट विश्लेषण गर्दै चरित्र हत्या र आर्थिक ठगी (स्क्याम) मुख्य समस्याका रूपमा रहेको जानकारी दिए ।

एसपी कार्कीका अनुसार सम्बन्धमा रहँदा खिचेका आपत्तिजनक फोटो/भिडियो पछि रिसिइबी साध्न वा बदला लिन सार्वजनिक गर्ने प्रवृत्ति बढेको छ । उनले डिजिटल ठगीको अवस्था झन् भयावह रहेको बताए । 'चिट्ठा, सस्ता सामान र वैदेशिक रोजगारीको लोभ देखाएर ठग्ने गिरोह सक्रिय छन् । कास्कीमा मात्रै वार्षिक झन्डै २० करोड रूपैयाँभन्दा बढीको साइबर स्क्याम भइरहेको छ, जसमध्ये १० प्रतिशत रकममात्र फिर्ता गराउन प्रहरी सफल भएको छ ।'

गण्डकी प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता रोहितराज बास्तोलाका अनुसार अहिले साइबर अपराधको अनुसन्धान र न्याय सम्पादन प्रक्रिया विकेन्द्रीकृत भएको छ । पहिले काठमाडौंमा मात्र सीमित यो व्यवस्था अहिले हरेक जिल्ला प्रहरी कार्यालयले जाहेरी लिने, अनुसन्धान गर्ने र जिल्ला अदालतले मुद्दाको फैसला गर्ने गरी सहज बनाइएको छ । यद्यपि, सबै उजुरी विद्युतीय कारोबार ऐनको दफा ४७ को परिभाषामा पर्दैनन्; जसका कारण कतिपय मुद्दा चल्न सक्दैनन् ।

'डिजिटल साक्षरता' आजको प्रौढ शिक्षा

संघीयता कार्यान्वयनको ९ वर्ष पुग्न लाग्दा पनि प्रहरी समायोजन हुन नसक्दा प्रदेश सरकारको क्षेत्राधिकार मुद्दा मामिलामा सीमित छ । यद्यपि, साइबर अपराध बढेको विषयमा सदन सांसदले अनुभव र पीडितका पीडा बोलिरहेका छन् । गण्डकी प्रदेश सरकारले प्रत्येक वर्ष शान्ति, सुरक्षा र डिजिटल साक्षरताका लागि बजेट विनियोजन गरे पनि त्यो पर्याप्त छैन । हालसम्म करिब ५ सय जनालाई मात्र यस्तो तालिम दिन सकिएको गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको तथ्यांकले देखाउँछ ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा अर्थमन्त्री जीतबहादुर शेरचनले शान्ति सुरक्षालाई भरपर्दो र नागरिकमैत्री बनाउन, सुरक्षा निकायको सुदृढीकरण, भवन निर्माण र सूचना प्रविधिमा आधारित सेवा विस्तारका लागि १४ करोड रूपैयाँ विनियोजन गरेका छन् ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरूङले डिजिटल साक्षरतालाई आजको समाजमा प्रौढ शिक्षा जस्तै अनिवार्य र अत्यावश्यक रहेको बताइन् । 'साइबर अपराध न्यूनीकरणका लागि यो अत्यन्त जरूरी छ । प्रदेश सरकारले आगामी दिनमा अभिभावक, गृहिणी र युवा वर्गलाई प्राथमिकतामा राखेर डिजिटल साक्षरता कार्यक्रमलाई व्यापक बनाउनेछ,' उनले भनिन् । मन्त्रालयकी सूचना अधिकारी अञ्जना शर्माका अनुसार हालसम्म ५ सयभन्दा बढीलाई प्रत्यक्ष तालिम र हजारौंलाई सचेतनामूलक कार्यक्रममार्फत् जानकारी गराइएको छ । यद्यपि यो तथ्यांक प्रयाप्त छैन ।

गण्डकी प्रदेशको यो भयावह चित्रले यसबाट जोगिन घरै बसी कमाइने प्रलोभन र शंकास्पद लिंकहरूबाट टाढै रहनुपर्छ । बैंक पासवर्ड वा ओटिपी कसैलाई नदिने, सामाजिक सञ्जालमा प्राइभेसी सेटिङ मिलाउने र टु-फ्याक्टर अथेन्टिकेसन सक्रिय गर्ने हो भने धेरै हदसम्म सुरक्षित रहन सकिन्छ । नेपाल प्रहरीले अप्रिल १ मा आफ्नो सामाजिक सञ्जालबाटै यस्तै अपराधबाट जोगिन सबै नागरिकलाई सचेत गराएको थियो । प्रहरीले सामाजिक सञ्जालमा निरन्तर ठगिएको वा हिंसामा परेको महसुस हुनासाथ लुकाउनुको साटो तुरून्त खबर अनुरोध गरेको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा नागरिकको उच्च सतर्कता नै साइबर अपराधीविरूद्धको बलियो हतियार हो ।

माथिको तथ्यांक देखाउने तालिकाहरु

गण्डकी प्रदेशका ११ जिल्ला र नेपाल प्रहरी प्रदेश कार्यालय(नेप्रप्रका)मा
साइबर अपराध सम्बन्धी दर्ता भएका उजुरी

आर्थिक वर्ष	कास्की	नवलपुर	तनहुँ	स्याङ्जा	बागलुङ	गोरखा	लमजुङ	पर्वत	म्याग्दी	मुस्ताङ	मनाङ	नेप्रप्रका	जम्मा
०७८/०७९	११४	३१	१९	२४	९	१९	०	१०	६	१	०	२	२३५
०७९/०८०	२३२	४४	५२	३३	९	११	४	१७	६	२	१	३	४१४
०८०/०८१	९३८	२०२	१३७	७३	३५	६४	७१	५२	३६	१४	१	१३	१६३६
०८१/०८२	४६२	७८	५०	३३	३५	२९	२८	११	२७	१९	१	०	७७३
०८२/०८३ (जेठसम्म)	४३१	४४	४७	२५	८७	२०	२०	९	१६	२७	८	०	७३४

गण्डकी प्रदेशमा विभिन्न सामाजिक सञ्जालमार्फत् भएका साइबर अपराधका तथ्यांक

आर्थिक वर्ष	फेसबुक	टिकटक	इस्टाग्राम	ह्वाटसप	अन्य	जम्मा निवेदन संख्या
०७८/०७९	१९०	२५	६	४	१०	२३५
०७९/०८०	३१३	४९	३८	९	५	४१४
०८०/०८१	१५४२	२९	२०	२१	२४	१६३६
०८१/०८२	५४८	११४	२१	४७	४३	७७३
०८२/०८३ (जेठसम्म)	२९४	२५१	३३	१०१	५५	७३४

गण्डकी प्रदेशमा साइबर अपराधको कार्यविधी अनुसारको भएको घटनाको तथ्यांक

आर्थिक वर्ष	ह्याक	फेक	ठगी	गालीगलौज	अश्लिल गतिबिधी	अन्य	जम्मा
०७८/०७९	९२	८६	८	४७	०	२	२३५
०७९/०८०	१७२	१४६	२१	६१	४	१०	४१४
०८०/०८१	१२१५	२६४	१९	१	११२	२५	१६३६
०८१/०८२	३६१	२२१	५१	६	९९	३५	७७३
०८२/०८३ (बैशाख सम्म)	२०३	२६७	९९	२४	८९	५२	७३४

साइबार अपराधपछि विद्युतीय कारोबार ऐन अनुसार मुद्दा दर्ता संख्या

आर्थिक वर्ष	मुद्दा दर्ता संख्या	फछ्र्यौट	बाँकी
०७८/०७९	०	०	०
०७९/०८०	०	०	०
०८०/०८१	१०	१०	०
०८१/०८२	१२	१२	०
०८२/०८३ (जेठसम्म)	१८	९	९

स्रोतः गण्डकी प्रदेशका ११ वटै जिल्लाका प्रहरी कार्यालय र नेपाल प्रहरी प्रदेश कार्यालय

तालिमको तागत, नतिजामा प्रश्न

तारा चापागाईं

> **गण्डकी प्रदेशमा हरेक वर्ष सयौं युवाले व्यावसायिक तालिम लिन्छन् । कतिपयको जीवन बदलिएको छ, तर करोडौंको सार्वजनिक लगानीले कति दिगो रोजगारी सिर्जना गऱ्यो भन्ने प्रश्नको उत्तर दिने प्रणाली अझै कमजोर छ ।**

पोखरा ।

दुई दशकअघि श्रीमान् गुमाएपछि काखे छोराको जिम्मेवारी एक्लै बोकेकी संगीता ढकाललाई जीवन कसरी अगाडि बढाउने भन्ने चिन्ताले सताउँथ्यो । पाल्पाबाट पोखरा आएकी उनी होटलमा काम गरेर गुजारा चलाइरहेकी थिइन् । तर कोभिड-१९ महामारीले त्यो रोजगारी पनि खोस्यो ।

जीवन फेरि एक पटक अनिश्चिततामा पुगेको थियो । भविष्यको चिन्ता, आर्थिक अभाव र एक्लो संघर्षबीच उनले नयाँ बाटो खोजिरहेकी थिइन् । त्यही बेला कसैबाट पोखरा स्थित व्यावसायिक तथा सीप विकास केन्द्रमा सञ्चालन हुने कुक (खाना बनाउने) तालिमबारे जानकारी पाइन् । त्यो लिइन् ।

आज भने पोखरा-१७, विरौटामा उनी आफ्नै 'पोखरा ग्रिन हाउस रेस्टुरेन्ट' सञ्चालन गरिरहेकी छन् । करिब १० लाख रूपैयाँको लगानीमा सुरू गरेको व्यवसायबाट उनले आफ्नो जीवनलाई नयाँ दिशा दिएकी छन् । श्रीमान्को मृत्यु हुँदा छोरा दुई वर्षका थिए । अहिले २२ वर्षको भए । उनी भन्छिन्, 'सीप सिकेपछि आत्मनिर्भर बन्न सकिँदो रहेछ । अब जहाँ गए पनि आफ्नो सीपका आधारमा काम गरेर बाँच्न सक्छु भन्ने आत्मविश्वास आएको छ ।'

संगीता एक्ली पात्र होइनन् ।

दुई वर्षअघि वैदेशिक रोजगारीका लागि साउदी अरब गएका रवि सुवेदी पनि नेपाल फर्किएपछि अन्योलमै थिए । सामाजिक सञ्जालमार्फत् तालिम केन्द्रबारे जानकारी पाएपछि उनले मोबाइल मर्मतसम्बन्धी आधारभूत तालिम लिए । त्यसपछि थप सीप सिक्न भारत गए । अहिले पोखराको अमरसिंहचोकमा आफ्नै मोबाइल सेवा केन्द्र सञ्चालन गरिरहेका छन् । 'तालिम केन्द्रले मलाई आत्मविश्वास दियो । त्यसपछि थप ज्ञानका लागि भारत गएँ । अहिले आफ्नै पसल छ, आफ्नै काम छ । स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वास जागेको छ,' उनी भन्छन् ।

संगीता र रवि प्रतिनिधि पात्रमात्र हुन् । गण्डकी प्रदेशमा संघीय, प्रादेशिक तथा स्थानीय तहका सरकारहरूले हरेक वर्ष सयौं युवायुवतीलाई विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गर्दै आएका छन् । तीमध्ये कतिपय स्वरोजगार र उद्यमशीलतामा स्थापित भएका छन् भने धेरैको वास्तविक अवस्था भने अझै सरकारी अभिलेखमै छैन ।

प्रदेश सरकारले करोडौं रूपैयाँ खर्च गरेर सञ्चालन गरिरहेका यस्ता कार्यक्रमले वास्तवमै रोजगारी सिर्जना गरिरहेका छन् कि छैनन् ? तालिम लिएका कति व्यक्ति स्वरोजगार बने ? कति विदेशिए ? र कति बेरोजगार नै रहे ? यी प्रश्नको यकिन उत्तर दिने व्यवस्थित ट्रेसर स्टडी र डिजिटल अभिलेख अझै विकास हुन सकेको छैन ।

यही प्रश्नको खोजी गर्दै यो रिपोर्टले गण्डकी प्रदेशमा सञ्चालन भइरहेका सीप विकास कार्यक्रमहरूको प्रभाव, उपलब्धि, सीमा र चुनौतीको समीक्षा गरेको छ ।

करोडौं लगानी, हजारौं प्रशिक्षार्थी

गण्डकी प्रदेशमा हरेक वर्ष विभिन्न सरकारी निकायमार्फत् सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन हुँदै आएका छन् । पोखरा स्थित व्यावसायिक तथा सीप विकास केन्द्रबाट मात्रै पछिल्ला तीन आर्थिक वर्षमा २ हजार ३ सय ५६ जनाले तालिम लिएका छन् । केन्द्रको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा ८३९, आर्थिक वर्ष २०८०/८१ मा ७०५ र आर्थिक वर्ष २०८१/८२ मा ८१२ जनाले विभिन्न विषयका तालिम लिएका थिए । तीन वर्षको अवधिमा महिला सहभागिता १ हजार २ सयभन्दा बढी छ ।

चालु आर्थिक वर्षमा मात्रै केन्द्रले ३८ प्रकारका सीपमूलक तालिम सञ्चालन गर्न १ करोड ८६ लाख ३९ हजार रूपैयाँ बजेट पाएको छ । मन्टेसरी, ब्युटिसियन, सिलाइ-कटाइ, मोबाइल मर्मत, कुक, कम्प्युटर, प्लम्बिङ, विद्युत् जडान, अटोमोबाइल मर्मत तथा सैलुनसम्बन्धी तालिममा सहभागीको आकर्षण बढी देखिएको छ ।

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव शेषनारायण पौडेल यस्ता कार्यक्रमलाई सरकारको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन्छन् । 'वार्षिक रूपमा सयौं व्यक्तिलाई निःशुल्क व्यावसायिक तालिम दिन सक्नु सरकारको उपलब्धि हो,' उनले भने, 'हामीले सीप सिकाएका छौं । तालिम लिनेहरू उत्साहित देखिन्छन् । नेपालमै केही गर्न सकिन्छ भन्ने आत्मविश्वास उनीहरूमा विकास भएको छ । सानो लगानीबाट पनि व्यवसाय सुरू गर्न सकिन्छ भन्ने सन्देश यस्ता कार्यक्रमले दिएका छन् ।'

उनी कार्यक्रम प्रभावकारी भए पनि सुधारका धेरै क्षेत्र बाँकी रहेको स्वीकार गर्छन् । 'प्रयोगात्मक सिकाइका लागि आवश्यक सामग्री थप उपलब्ध गराउनुपर्छ । संस्थागत क्षमता पनि अझ बलियो बनाउनुपर्ने आवश्यकता छ,' उनले भने ।

अध्ययनहरूले के भन्छन् ?

नेपालमा सीप विकास र प्राविधिक तालिमलाई बेरोजगारी न्यूनीकरण तथा स्वरोजगार प्रवर्द्धनको महत्त्वपूर्ण माध्यमका रूपमा हेर्रिदै आएको छ । राष्ट्रिय योजना आयोगले १६औं योजनामा प्राविधिक तथा व्यावसायिक शिक्षा (टिभिइटी) लाई रोजगारी सिर्जना र उद्यमशीलता विकासको प्रमुख आधारका रूपमा अघि सारेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभटी) सँग सम्बन्धित संस्थाका १ हजार २ सय ३१ स्नातकलाई समेटेर गरिएको अध्ययनले तालिमअघि ८.८ प्रतिशतमात्रै रोजगारीमा रहेका सहभागीको संख्या तालिमपछि ५८.२ प्रतिशत पुगेको देखाएको छ । सहभागीको औसत आम्दानीमा पनि उल्लेखनीय सुधार आएको अध्ययनले देखाएको छ ।

विश्व बैंकसँग आबद्ध अनुसन्धाताहरूले नेपालमा सञ्चालन गरिएको ठूलो सीप विकास कार्यक्रमको अध्ययन गर्दै तालिम प्राप्त व्यक्तिहरूमा गैरकृषि क्षेत्रमा रोजगारी पाउने सम्भावना २८ प्रतिशतले बढेको निष्कर्ष निकालेका छन् । विशेषगरी महिलाले घरमा आधारित स्वरोजगारबाट बढी लाभ लिएको अध्ययनले देखाएको छ ।

विश्व बैंकको तथ्यांकअनुसार नेपालमा १५ देखि २४ वर्ष उमेर समूहको युवा बेरोजगारी दर २०.८ प्रतिशत छ । अर्थात् श्रम बजारमा प्रवेश गर्न चाहने प्रत्येक पाँच युवामध्ये एक जना बेरोजगार छ । यही सन्दर्भमा सीप विकास कार्यक्रमलाई धेरैले अवसरको पुलका रूपमा हेर्ने गरेका छन् ।

यकिन तथ्यांक छैन

अध्ययनहरूले सीप विकास कार्यक्रमको सम्भावना देखाए पनि गण्डकी प्रदेशका तालिम केन्द्रहरूले आफ्नै प्रशिक्षार्थीको अवस्थाबारे यकिन तथ्यांक प्रस्तुत गर्न सकेका छैनन् ।

व्यावसायिक तथा सीप विकास केन्द्र पोखराकी सूचना अधिकारी विष्णुदेवी पोखरेलले केन्द्रमा हाल १८ प्रकारका तालिम सञ्चालन भइरहेको जानकारी दिइन् । तर कुन तालिमले कति रोजगारी वा स्वरोजगार सिर्जना गऱ्यो भन्ने आधिकारिक तथ्यांक केन्द्रसँग नभएको उनले स्वीकार गरिन् ।

'पछिल्लो समय मन्टेसरी तालिम लिएकामध्ये धेरै जना रोजगारीमा जानुभएको जानकारी आएको छ । हालैको एक ब्याचमा ४० जनामध्ये करिब २० जनाले रोजगारी पाएको थाहा भएको छ,' पोखरेलले भनिन् । उनका अनुसार प्लम्बिङ, विद्युतीय वायरिङ र सैलुनसम्बन्धी तालिम लिनेहरू पनि स्वरोजगार बनेको पाइएको छ । 'तर यी विवरणहरू अनौपचारिक जानकारीमा आधारित हुन् । कुन तालिमले कति रोजगारी सिर्जना गऱ्यो भन्ने यकिन आधिकारिक तथ्यांक भने हामीसँग छैन,' उनले थपिन् ।

गण्डकी प्रदेशकै अर्को व्यावसायिक तथा सीप विकास केन्द्र, पर्वतमा पनि अवस्था धेरै फरक छैन । केन्द्रका निमित्त कार्यालय प्रमुख तथा सूचना अधिकारी महेशकुमार गौतमका अनुसार तालिम लिएका व्यक्तिमध्ये कति जना स्वरोजगार वा रोजगारीमा आबद्ध भए भन्नेबारे कुनै व्यवस्थित अभिलेख छैन । 'म भर्खरै यहाँ आएको हुँ । धेरै विवरणबारे पूर्ण जानकारी छैन', उनले भने ।

गौतमका अनुसार गत आर्थिक वर्ष केन्द्रले विभिन्न प्रकृतिका ४० वटा तालिम सञ्चालन गरेको थियो । त्यसका लागि करिब एक करोड ९९ लाख रूपैयाँ बजेट विनियोजन गरिएको थियो । 'उक्त बजेटबाट तालिम कार्यक्रममात्र होइन; कार्यालय सञ्चालन र कर्मचारी व्यवस्थापनसम्बन्धी खर्च पनि धान्नुपर्छ,' उनले बताए । चालु आर्थिक वर्षको जेठ अन्तिमसम्म करिब ५० प्रतिशत बजेट खर्च भइसकेको छ भने १२ वटा तालिम सम्पन्न भइसकेका छन् । सात वटा तालिम सञ्चालनकै क्रममा छन् । गत वर्षमात्रै ८ सयभन्दा बढी व्यक्तिले केन्द्रबाट विभिन्न सीपमूलक तालिम लिएको उनले जानकारी दिए ।

सीपले बदलिएका केही जीवन

स्याङ्जाकी मिना थापाले २०७० सालमा सिलाइ-कटाइ तालिम लिएकी थिइन् । तालिमपछि उनले सीपलाई पेसामा रूपान्तरण गरिन् । अहिले उनी सोही केन्द्रमा प्रशिक्षकका रूपमा कार्यरत छिन् ।

विभिन्न विद्यालय तथा संस्थामा समेत प्रशिक्षण दिन्छिन् । 'आज आफ्ना आवश्यकताका लागि श्रीमानसँग हात फैलाउनुपर्ने अवस्था छैन । आत्मनिर्भर बनेकी छु । समाजमा चिनजान र सम्मान पनि बढेको छ,' उनी भन्छिन् ।

विद्युत् तालिमबाट यात्रा सुरू गरेका स्याङ्जाकै शिव चापागाईं अहिले स्वरोजगार प्राविधिक बनेका छन् । 'सुरूआती आधार त्यहींबाट बन्यो । त्यसपछि अन्य ठाउँबाट पनि थप तालिम लिएँ । अहिले आफैंले काम गरिरहेको छु । अरूलाई सिकाउन सक्ने स्तरमा पुगेको छु,' उनले भने ।

धादिङकी पूनम श्रेष्ठले ब्युटिसियन तालिमपछि आफ्नै पार्लर सञ्चालन गरिन् । अहिले पारिवारिक कारणले घरबाटै सेवा दिइरहेकी छन् । 'सीप भनेको स्वरोजगारको आधार हो । सीप भएको मान्छे भोकै बस्नु पर्दैन,' उनी भन्छिन् ।

पोखराका लीलाबहादुर क्षेत्रीले सैलुन तालिमपछि आफ्नो व्यवसाय विस्तार गरे । अहिले आफ्नै व्यवसाय सञ्चालन गर्नुका साथै प्रशिक्षकका रूपमा पनि काम गरिरहेका छन् । 'तालिमले मेरो व्यवसायलाई नयाँ दिशा दियो,' उनले भने ।

यी अनुभवले सीपले अवसर सिर्जना गर्न सक्ने सम्भावना देखाउँछन् । तर यिनले सम्पूर्ण तस्बिर भने देखाउँदैनन् ।

तालिमपछि उनीहरू कहाँ पुगे ?

यहींबाट एउटा महत्त्वपूर्ण प्रश्न सुरू हुन्छ - तालिम लिएपछि बाँकी सहभागी कहाँ पुगे ? हरेक वर्ष सयौं युवायुवतीले सीपमूलक तालिम पूरा गर्छन् । कसैले आफ्नै व्यवसाय सुरू गर्छन्, कोही रोजगारीमा जान्छन्; कतिपय वैदेशिक रोजगारीतर्फ लाग्छन् र केहीले सिकेको सीप नै प्रयोग गर्न नसक्ने अवस्था पनि आउँछ । तर यस्ता अवस्थाबारे सरकारी निकायसँग व्यवस्थित र अद्यावधिक अभिलेख भने छैन ।

पोखरा स्थित व्यावसायिक तथा सीप विकास केन्द्रका अधिकारीहरू पनि यही कमजोरी स्वीकार गर्छन् । तालिम लिएका व्यक्तिहरूको दीर्घकालीन अवस्थाबारे तथ्यांक सङ्कलन गर्ने प्रणाली पूर्ण रूपमा विकास हुन नसकेको उनीहरू बताउँछन् ।

'हामीसँग सफलताको यकिन तथ्यांक छैन,' केन्द्रका एक अधिकारीले भने, 'धेरै जना सफल व्यवसायी बनेका खबर सुनिन्छ । तर त्यसलाई तथ्यांकका रूपमा पुष्टि गर्ने प्रणाली छैन ।'

सम्पर्क नम्बर परिवर्तन हुने, बसाइँसराइ हुने र धेरै सहभागीसँग सम्पर्क टुट्ने समस्याले अनुगमन कठिन बनेको उनीहरूको भनाइ छ । यसको अर्थ, तालिमका लागि खर्च भएको सार्वजनिक लगानीले वास्तविक रूपमा कति प्रतिफल दियो भन्ने प्रश्नको उत्तर अझै स्पष्ट छैन ।

पोखरा केन्द्रका प्रमुख अनिल सुवेदीका अनुसार तालिम लिएकामध्ये करिब ५० प्रतिशतले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ लिएको अनुमान छ । तर त्यसलाई पुष्टि गर्ने आधिकारिक अध्ययन उपलब्ध छैन ।

यही कारण पछिल्ला वर्षहरूमा 'ट्रेसर स्टडी' लाई विशेष महत्त्व दिन थालिएको छ । ट्रेसर स्टडीले तालिम पूरा गरेका व्यक्तिहरूको अवस्थालाई निश्चित समयपछि पछ्याएर मूल्यांकन गर्छ । यसबाट तालिम श्रम बजारको आवश्यकतासँग कति मेल खान्छ; कुन क्षेत्रमा बढी अवसर सिर्जना हुन्छ र सरकारी लगानी कत्तिको प्रभावकारी छ भन्ने थाहा पाउन सकिन्छ । तर गण्डकी प्रदेशका अधिकांश तालिम केन्द्रहरूमा यस्तो अभ्यास अझै संस्थागत हुन सकेको छैन ।

सीपसँगै सफलताको खोजी

तालिमले अवसरको ढोका खोल्न सक्छ, तर त्यो अवसरलाई दिगो आम्दानी र व्यवसायमा रूपान्तरण गर्नु सबैका लागि समान रूपमा सम्भव हुँदैन । प्रमुख सुवेदीका अनुसार सीप विकास कार्यक्रमको सबैभन्दा ठूलो चुनौती तालिम र बजारबीचको दूरी हो ।' हामीले अधिकांश अवस्थामा आधारभूत तालिम मात्रै दिन सक्छौं,' उनले भने, 'तर आजको प्रतिस्पर्धी बजारमा आधारभूत सीपले मात्र पुग्दैन । धेरै सहभागीलाई थप उन्नत तालिम आवश्यक पर्छ ।'

उनका अनुसार तालिम लिएका सबै व्यक्तिसँग व्यवसाय सुरू गर्न आवश्यक आर्थिक क्षमता हुँदैन । कसैसँग उपकरण किन्न पैसा हुँदैन । कसैले बजार पाउँदैनन् । कतिपयले पारिवारिक वा सामाजिक कारणले सिकेको सीपलाई पेशामै रूपान्तरण गर्न सक्दैनन् । 'सीप सिक्ने सबैले व्यवसाय सञ्चालन गर्न सक्दैनन् । कतिपयसँग पुँजी हुँदैन, कतिपयले बजार पाउँदैनन्,' प्रमुख सुवेदीले भने ।

उनका अनुसार नेपालमा सीप, उत्पादन, उद्योग र बजारलाई एउटै शृंखलामा जोड्न नसक्नु प्रमुख कमजोरी हो । दक्षिण कोरियाको भ्रमण अनुभव सुनाउँदै उनले भने, 'त्यहाँ तालिम केन्द्र, उद्योग र बजारबीच बलियो सम्बन्ध हुन्छ । सीप सिकेपछि उत्पादन गर्ने, बजारमा बेच्ने र आम्दानी गर्ने वातावरण तयार हुन्छ । हामीकहाँ त्यो सम्बन्ध अझै कमजोर छ ।'

श्रमप्रतिको सामाजिक दृष्टिकोण पनि अर्को चुनौती हो । 'हामीसँग क्षमता छ, युवामा उत्साह छ । अब आवश्यक कुरा भनेको सीपलाई रोजगारी र उद्यमशीलतासँग जोड्ने प्रभावकारी प्रणाली हो,' उनले थपे ।

समावेशीकरणको प्रश्न

सीप विकास कार्यक्रमको उद्देश्य सबै वर्ग र समुदायलाई अवसरसँग जोड्नु हो । तर तथ्यांकले केही समूह अझै कार्यक्रमको पहुँचबाहिर रहेको देखाउँछ । पोखरा केन्द्रको तीन वर्षको अभिलेखअनुसार २ हजार ३ सय ५६ प्रशिक्षार्थीमध्ये अपांगता भएका व्यक्तिको संख्या पाँच जनामात्र छ । केही वर्ष त उनीहरूको सहभागिता शून्य नै देखिन्छ ।

मुस्लिम, मधेसी तथा अन्य सीमान्तकृत समुदायको सहभागिता पनि अत्यन्त न्यून छ । केन्द्रकी सहायक प्रशासन अधिकृत विष्णु पोखरेलका अनुसार यसको प्रमुख कारण भौतिक पूर्वाधार हो । 'भवन अपांगतामैत्री नहुँदा उहाँहरूको सहभागिता न्यून छ,' उनले भनिन् । उनका अनुसार केन्द्र हाल भाडाको भवनबाट सञ्चालन भइरहेको छ । अपांगमैत्री संरचनामा निर्माण गरिएको आफ्नै भवन भने प्रदेश सरकारले प्रयोग गरिरहेको छ ।

तर चुनौती केवल पूर्वाधारमा मात्र सीमित छैन ।

अपांगता भएका व्यक्तिका लागि उपयुक्त तालिम, पहुँचयुक्त सिकाइ वातावरण, तालिमपछिको सहयोग र रोजगारीका अवसर सुनिश्चित गर्न नसक्दा उनीहरूको सहभागिता न्यून रहेको सरोकारवालाहरू बताउँछन् । तथ्यांकले महिलाको सहभागिता बढेको देखाए पनि सबै समुदायले समान रूपमा अवसर पाएका छैनन् ।

स्वालम्बन जीवन पद्धति केन्द्र पोखराकी अध्यक्ष अञ्जना केसीका अनुसार अपांगता भएका व्यक्तिहरू सीप विकास तथा रोजगारीका अवसरबाट अझै पर्याप्त रूपमा लाभान्वित हुन सकेका छैनन् । यसको प्रमुख कारण सरकारी संरचना र सेवाहरू अपांगमैत्री नहुनु रहेको उनको भनाइ छ ।

'अपांगता भएका धेरैव्यक्तिमा सीप सिक्ने र आत्मनिर्भर बन्ने इच्छा छ । तर तालिम केन्द्रसम्म पुग्न यातायातको समस्या छ, भवनहरू पहुँचयोग्य छैनन्,' केसी भन्छिन् ।

उनका अनुसार पछिल्ला वर्षहरूमा निर्माण भएका सार्वजनिक भवनहरूमा समेत अपांगमैत्री पूर्वाधारलाई प्राथमिकता दिइएको छैन । उनले अपांगतामैत्री संरचना निर्माणमा सरकारी निकायको संवेदनशीलता कमजोर रहेको टिप्पणी गरिन् ।

'पहिले बनेका भवन अपांगतामैत्री थिएनन् भन्ने बुझ्न सकिन्छ । तर अहिले बनिरहेका नयाँ भवनमा पनि त्यही समस्या दोहोरिनु चिन्ताजनक छ,' उनले भनिन् । अपांगता भएका व्यक्तिको पहुँच, सीप विकास र रोजगारीका विषयलाई नीतिगत प्राथमिकतामा राखेर व्यापक छलफल र हस्तक्षेप आवश्यक रहेको उनको धारणा छ ।

केसीले अपांगता भएका व्यक्तिलाई सीप विकास तालिममा सहभागी गराउने र स्वरोजगारतर्फ उन्मुख बनाउने जिम्मेवारी सरकारकै भएको बताइन् । 'निर्णय गर्ने तहबाटै स्पष्ट प्रतिबद्धता देखिँदैन । समस्या कहाँ छ भन्ने सबैलाई थाहा छ, तर समाधानतर्फ आवश्यक कदम चालिएको देखिँदैन,' उनले भनिन् ।

पोखरा सीप विकास तालिम केन्द्र : तीन वर्षको तस्बिर

२०७९/८० : ८३९ प्रशिक्षार्थी
२०८०/८१ : ७०५ प्रशिक्षार्थी
२०८१/८२ : ८१२ प्रशिक्षार्थी
तीन वर्षमा कुल : २,३५६ प्रशिक्षार्थी
महिलाको सहभागिता : १,२०० भन्दा बढी
तालिमका क्षेत्र : १८ प्रकार
वार्षिक बजेट : करिब १.८६ करोड रूपैयाँ

सीप सिकेका समुदाय

२०७९/८०	२०८०/८१	२०८१/८२
जनजाति : ३०८ दलित : १०७ मुस्लिम : ७ अपांगता भएका व्यक्ति : ०	जनजाति : २६१ दलित : १२६ मुस्लिम : ४ अपांगता भएका व्यक्ति : ३ मधेसी : ४	जनजाति : २६९ दलित : १३० मुस्लिम : २ अपांगता भएका व्यक्ति : २

लोकप्रिय प्रमुख ५ तालिम

- मन्टेसरी
- ब्युटिसियन (पार्लर)
- सिलाइ-कटाइ
- मोबाइल मर्मत
- कुक (खाना बनाउने)

तालिमपछि पनि किन सबै व्यवसायी बन्दैनन् ?

केन्द्रका अधिकारी र प्रशिक्षार्थीले औँल्याएका प्रमुख कारण–

- व्यवसाय सुरू गर्न पुँजी अभाव
- उत्पादन वा सेवाको बजार नपाउनु
- उन्नत (एडभान्स) तालिमको कमी
- तालिमपछि आर्थिक सहयोग नहुनु
- श्रमप्रतिको कमजोर सामाजिक दृष्टिकोण
- नियमित अनुगमन र परामर्शको अभाव

सीप केन्द्रका चुनौती

- अपांगतामैत्री भवन अभाव
- भाडाको भवनबाट सञ्चालन
- कच्चा पदार्थ खरिदका लागि सीमित बजेट
- ट्रेसर स्टडीको अभाव
- तालिमपछिको डिजिटल अभिलेख छैन
- आधारभूत तालिमपछि उन्नत तालिम सञ्चालन गर्न कठिनाइ
- सफलताको यकिन तथ्यांक उपलब्ध छैन ।

सीप सिकाइ र श्रम बजारबीचको सम्बन्ध

सीपमूलक तालिमको उद्देश्य केवल प्रमाणपत्र वितरण गर्नु होइन, श्रम बजारमा आवश्यक जनशक्ति तयार गर्नु हो । पोखरा स्थित व्यावसायिक तथा सीप विकास केन्द्रकी प्रशिक्षकका अनुसार मन्टेसरी तालिमपछि सबैभन्दा धेरै सहभागी रोजगारीमा गएका छन् ।

'तालिमको प्रभाव राम्रो देखिएको छ । धेरै सहभागी रोजगारी र स्वरोजगारमा जोडिनुभएको छ,' उनले भनिन् । ब्युटिसियन, सिलाइ-कटाइ तथा अन्य सेवा-मुखी तालिमबाट पनि उल्लेख्य संख्यामा सहभागी स्वरोजगार बनेका छन् । सबै तालिमको अवस्था भने समान छैन ।

केही तालिममा आधारभूत सीप सिके पनि व्यवसाय सञ्चालन गर्न थप लगानी, उपकरण र उन्नत तालिम आवश्यक पर्छ । यसले तालिम पूरा गरेलगत्तै रोजगारीमा प्रवेश गर्ने सम्भावना सीमित बनाउने गरेको छ ।

विज्ञहरूका अनुसार तालिम कार्यक्रम डिजाइन गर्दा श्रम बजारको वास्तविक माग, स्थानीय अर्थतन्त्रको आवश्यकता र सम्भावित रोजगारीका अवसरलाई अझ नजिकबाट अध्ययन गर्न आवश्यक छ । अन्यथा तालिम पूरा गर्नेको संख्या बढे पनि सीप र बजारबीचको दूरी कायम रहन सक्छ ।

बाँकी छन् चुनौती

चार वर्षअघि संगीता ढकाल तालिम केन्द्रको ढोकासम्म पुग्दा उनीसँग निश्चित भविष्य थिएन । आज उनी आफ्नै रेस्टुरेन्ट चलाइरहेकी छन् । रवि सुवेदीले वैदेशिक रोजगारीको विकल्प स्वदेशमै खोजेका छन् । मिना थापा जस्ता प्रशिक्षार्थी आफैं सीप सिकाउने प्रशिक्षक बनेका छन् । उनीहरूका कथा फरक छन्; तर एउटा साझा सत्य बोल्छन्- सीपले जीवनको दिशा बदल्न सक्छ ।

तर अर्को सत्य पनि त्यत्तिकै महत्त्वपूर्ण छ । सीप सिकाउने काम भइरहेको छ, तर त्यसको परिणाम मापन गर्ने प्रणाली अझै कमजोर छ । गण्डकी प्रदेशमा हरेक वर्ष हुने सार्वजनिक लगानीले कति दिगो रोजगारी सिर्जना गऱ्यो भन्ने प्रश्नको उत्तर खोज्न बाँकी छ । सम्भावनाको ढोका खुलिसकेको छ; अब राज्यले त्यसलाई प्रमाणित नतिजामा रूपान्तरण गर्नुपर्ने चुनौती बाँकी छ ।

◆◆◆

कृषि आधुनिकीकरणको परीक्षा
किसानको अपेक्षा, राज्यको चुनौती

यदुनाथ बन्जारा

> **कृषि सहकारी, सामूहिक खेती, निजी क्षेत्रको सहभागिता र स्थानीय सरकारको सक्रियता व्यावसायीकरणका महत्त्वपूर्ण आधार हुन् ।**

पोखरा ।

भालेको डाकसँगै ब्युँझिएपछि पोखरा-२५, हेम्जाका घनश्याम तिम्सिनाको दैनिकी सुरू हुन्छ । बिहानको ४ बज्दा नबज्दै उनी गोठमा पुग्छन् । दूध दुहुनु, पशुको स्वास्थ्य अवस्था हेर्नु, कर्मचारीसँग कामको तालिका मिलाउनु र उत्पादन बजारसम्म पुऱ्याउने व्यवस्थापन गर्नु उनको दैनिक जिम्मेवारी हो । झन्डै दुई दशकअघि सुरू गरेको हेम्जा गाई फार्म अहिले कास्कीको नमुना व्यावसायिक कृषि उद्यम बनेको छ ।

दैनिक करिब एक हजार लिटर दूध उत्पादन गर्ने फार्ममा अहिले ट्र्याक्टर, मिल्किङ मेसिन र आधुनिक उपकरण प्रयोग भइरहेको छ । करिब २ सय रोपनी जग्गामा खेती र सयभन्दा बढी गाईभैंसीको व्यवस्थापन परम्परागत प्रणालीबाट सम्भव हुने अवस्था छैन । यही कारण उनले समयसँगै प्रविधिलाई अपनाएका छन् ।

'ठूलो स्केलमा कृषि गर्न विज्ञान र प्रविधिको प्रयोग नगरी सम्भव छैन,' तिम्सिना भन्छन्, 'सरकारी सहयोग खासै नपाए पनि आफ्नै लगानीमा आधुनिक प्रणाली प्रयोग गरिरहेको छु ।'

उनको अनुभवले नेपालको कृषि क्षेत्रको एउटा ठूलो यथार्थ उजागर गर्छ । कृषि प्रधान देश भनिए पनि नेपाल अझै परम्परागत खेती प्रणालीको सीमाभित्रै अल्झिएको छ । श्रमिक अभाव, बढ्दो उत्पादन लागत, खण्डित जमिन, कमजोर बजार संरचना र आयातमा बढ्दो निर्भरताले कृषि क्षेत्र चुनौतीपूर्ण बन्दै गएको छ । यही परिस्थितिमा वैज्ञानिक कृषि प्रणालीको आवश्यकता झन् टड्कारो रूपमा देखिएको छ ।

परम्परागत कृषि प्रणालीको सीमितता

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अझै महत्त्वपूर्ण छ । लाखौं नागरिक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर छन् । तर कृषिको उत्पादकत्व भने अपेक्षाअनुसार बढ्न सकेको छैन ।

देशमा उर्वर माटो, विविध भूगोल र पर्याप्त जलस्रोत भए पनि कृषि उत्पादनले घरेलु माग पूरा गर्न सकेको छैन । फलफूल, तरकारी, खाद्यान्न तथा पशुजन्य उत्पादनमा आयात निर्भरता बढ्दो छ । यसले कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र नीतिगत प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

कृषि क्षेत्रको प्रमुख समस्या खण्डित जमिन हो । पुस्तौंदेखि अंशबन्डाका कारण जमिन साना टुक्रामा विभाजित हुँदै गएको छ । यस्ता जमिनमा आधुनिक उपकरण प्रयोग गर्दा लागत बढ्छ र प्रतिफल कम हुन्छ । अर्को समस्या श्रमिक अभाव हो । ग्रामीण क्षेत्रका युवा वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा खेतीपाती गर्ने जनशक्ति घट्दै गएको छ ।

कृषि क्षेत्रमा लगानी र मेहनतअनुसार प्रतिफल नपाउने गुनासो पनि व्यापक छ । किसानले उत्पादन गरे पनि उचित मूल्य पाउँदैनन् । बजारको सूचना अभाव, बिचौलियाको प्रभाव र भण्डारण सुविधाको कमीले किसान थप मारमा पर्छन् । यही अवस्थाले कृषि क्षेत्रलाई निर्वाहमुखी अभ्यासबाट व्यावसायिक र प्रविधिमैत्री प्रणालीतर्फ लैजानुपर्ने आवश्यकता बढाएको छ ।

वैज्ञानिक कृषि प्रणाली के हो ?

वैज्ञानिक कृषि प्रणाली भन्नाले आधुनिक प्रविधि, अनुसन्धान, यान्त्रिकरण, डिजिटल सूचना प्रणाली र व्यवस्थापनका नवीन अभ्यासको प्रयोगमार्फत् कृषि उत्पादनलाई प्रभावकारी, व्यावसायीमुखी र प्रतिस्पर्धी बनाउने प्रक्रिया हो । यसअन्तर्गत माटो परीक्षण, उन्नत बीउबिजन, आधुनिक सिँचाइ प्रणाली, कृषि उपकरण, स्मार्ट कृषि प्रविधि, जैविक व्यवस्थापन, उत्पादन प्रशोधन, भण्डारण र बजारीकरण समावेश हुन्छन् ।

वैज्ञानिक कृषि प्रणालीको मुख्य उद्देश्य कम श्रम र लागतमा बढी उत्पादन हाँसिल गर्नु हो । यसले कृषिलाई परम्परागत जीविकोपार्जनको माध्यमबाट आधुनिक व्यवसायमा रूपान्तरण गर्न मद्दत गर्छ । विकसित देशहरूले यही प्रणाली अपनाएर कृषि उत्पादन र उत्पादकत्वमा उल्लेखनीय सफलता हाँसिल गरेका छन् । नेपालमा पनि कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन वैज्ञानिक कृषि प्रणाली अपरिहार्य बन्दै गएको छ ।

कृषि रुपान्तरण प्रयास

राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको जनसंख्या करिब २५ लाख छ । प्रदेश सरकार स्थापनादेखि नै कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई निरन्तरता दिँदै कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै आएको छ । मन्त्रालयका कृषि महाशाखा प्रमुख वरिष्ठ कृषि अधिकृत गोविन्द पाण्डेका अनुसार गण्डकी प्रदेशका ६६ प्रतिशत नागरिक कृषिमा आधारित छन् । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २६ प्रतिशत छ ।

उनका अनुसार परम्परागत खेती प्रणालीलाई व्यावसायीकरण र आधुनिकीकरणतर्फ रूपान्तरण गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । माटो परीक्षणदेखि उन्नत बीउबिजन, मलखाद, सिँचाइ, यान्त्रिकीकरण र बजारीकरणसम्मका क्षेत्रमा लगानी गरिएको छ ।

संघीयता कार्यान्वयनपछि प्रदेश सरकारले कृषिको यान्त्रिकीकरणमा विशेष जोड दिएको छ । हाते ट्र्याक्टर, इलेक्ट्रिक कम्बाइन मिल, मकै रोप्ने तथा छोडाउने उपकरण, पोर्टेबल स्प्रेयर, सिँचाइ मोटर, विडर, खाडल खन्ने मेसिन लगायतका उपकरणमा अनुदान उपलब्ध गराइएको छ ।

त्यसैगरी, डिजिटल कफी रोस्टिङ मेसिन, आलु प्रशोधन उपकरण, प्याकेजिङ मेसिन, प्लास्टिक घर, हाइटेक कृषि प्रविधि, मिल्किङ मेसिन, काउ म्याट, दुग्ध संकलनका लागि चिलिङ भ्याट तथा हाई डेन्सिटी स्याउ खेती प्रवर्द्धनका कार्यक्रम पनि सञ्चालनमा छन् ।

भण्डारण सुविधा : उत्पादन बचाउने आधार

कृषि उत्पादन बढे पनि भण्डारणको अभाव नेपाली कृषिको पुरानो समस्या हो । किसानले उत्पादन गरेको तरकारी, फलफूल, दूध वा मासु समयमै बिक्री नभए नोक्सानी बेहोर्नुपर्ने अवस्था रहँदै आएको छ ।

यही समस्या समाधान गर्न गण्डकी प्रदेश सरकारले १० जिल्लाका विभिन्न पालिकामा ९३ वटा कोल्ड रूम तथा कोल्ड स्टोर निर्माणमा अनुदान उपलब्ध गराएको छ । कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सूचना अधिकारी राजेश चौधरीका अनुसार यसबाट करिब ४ हजार ५ सय कृषक लाभान्वित भएका छन् ।

कोल्ड स्टोर निर्माणले किसानलाई उत्पादन सुरक्षित राख्न र उपयुक्त मूल्य आएको समयमा बिक्री गर्न सहज भएको छ । यसले कृषि उत्पादनको मूल्य श्रृंखला बलियो बनाउन सहयोग गरेको छ ।

पोखरा-२० का रेशम बास्तोला यसका प्रत्यक्ष लाभग्राहीमध्ये एक हुन् । वैदेशिक रोजगारीबाट फर्किएपछि उनी पोल्ट्री व्यवसायमा सक्रिय छन् । मासिक करिब १० हजार ब्रोइलर कुखुरा उत्पादन गर्ने उनको समूहले प्रशोधन र आपूर्तिको काम पनि गर्दै आएको छ ।

उत्पादन र मागबीच सधैं सन्तुलन नहुने भएकाले भण्डारण सुविधा आवश्यक थियो । प्रदेश सरकारको ५ लाख रूपैयाँ अनुदान र आफ्नै लगानी गरी उनले १० लाख रूपैयाँ लागतमा ८ सय वर्गफिट क्षमताको कोल्ड स्टोर निर्माण गरे ।

बास्तोलाका अनुसार कोल्ड स्टोर सञ्चालनपछि व्यवसायमा उल्लेखनीय सुधार आएको छ । दैनिक ८ सय किलो मासु बिक्री हुने गरेकोमा अहिले बिक्री एक हजार किलोसम्म पुगेको छ । उत्पादन सुरक्षित राख्न सकिने भएपछि किसान र व्यवसायी दुवैलाई लाभ पुगेको छ । उनका अनुसार विद्युत् खर्च भने अझै चुनौती बनेको छ । कृषिमा प्रयोग हुने विद्युतमा विशेष सहुलियत भए कृषि व्यवसायलाई थप राहत मिल्ने उनी बताउँछन् ।

स्मार्ट कृषि प्रविधितर्फ बढ्दो आकर्षण

विश्वका विकसित मुलुकहरूमा कृषि क्षेत्र सूचना प्रविधिसँग जोडिएको छ । मौसम पूर्वानुमान, माटो परीक्षण, स्वचालित सिँचाइ, ड्रोन प्रविधि, सेन्सर प्रणाली र डिजिटल बजारले कृषि व्यवस्थापनलाई प्रभावकारी बनाएको छ ।

नेपालमा पनि स्मार्ट कृषि प्रविधिको प्रयोग विस्तार हुँदै गएको छ । यद्यपि यसको पहुँच अझै सीमित छ । कृषि विज्ञहरूका अनुसार किसानले मोबाइलमार्फत् मौसमको जानकारी, रोग व्यवस्थापन, बजार मूल्य र कृषि परामर्श प्राप्त गर्न सक्ने प्रणाली विस्तार गर्नुपर्छ । यसले उत्पादन योजना बनाउन र जोखिम कम गर्न मद्दत गर्छ ।

बजार सूचनाको अभावले किसानले उचित मूल्य पाउन नसक्ने समस्या अहिले पनि छ । कुन उत्पादन कहाँ, कति मूल्यमा बिक्री भइरहेको छ भन्ने जानकारी सहज रूपमा उपलब्ध हुन सके बजार व्यवस्थापन थप प्रभावकारी बन्न सक्छ ।

डिजिटल प्लेटफर्ममार्फत् उत्पादक र उपभोक्तालाई प्रत्यक्ष जोड्न सके बिचौलियाको प्रभाव घट्ने र किसानको आम्दानी बढ्ने सम्भावना पनि देखिन्छ ।

व्यावसायीकरण बिनाको कृषि दिगो हुँदैन

कृषिलाई केवल जीविकोपार्जनको माध्यमका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन नगरेसम्म कृषि क्षेत्रको रूपान्तरण सम्भव छैन । उत्पादनदेखि प्रशोधन, भण्डारण, ब्रान्डिङ र बजारीकरणसम्म किसानको सहभागिता सुनिश्चित गर्न आवश्यक छ । मूल्य श्रृंखलाको प्रत्येक चरणमा किसानको पहुँच विस्तार गर्न सके कृषि व्यवसाय थप लाभदायक बन्न सक्छ ।

कृषि सहकारी, सामूहिक खेती, निजी क्षेत्रको सहभागिता र स्थानीय सरकारको सक्रियता व्यावसायीकरणका महत्त्वपूर्ण आधार मानिन्छन् । विशेषगरी युवा पुस्तालाई कृषि उद्यमशीलतासँग जोड्न सके कृषि क्षेत्रमा नयाँ ऊर्जा आउन सक्छ ।

चुनौती अझै उस्तै

कृषिमा आधुनिकीकरणको बहस बढे पनि चुनौतीहरू भने कायमै छन् । सबैभन्दा ठूलो चुनौती खण्डित जमिन हो । साना टुक्रामा विभाजित जग्गामा आधुनिक उपकरण प्रयोग गर्दा लागत बढ्छ । कृषि बिमाको कमजोर पहुँच, अनुसन्धानको कमी, दक्ष प्राविधिक जनशक्तिको अभाव र बजारको अनिश्चितता पनि प्रमुख समस्या हुन् ।

युवाको कृषि क्षेत्रप्रतिको आकर्षण घट्नु अर्को चुनौती हो । कृषि क्षेत्रमा सम्मानजनक आम्दानी र अवसर सिर्जना गर्न नसके आधुनिक कृषि प्रणालीको विस्तार कठिन हुन सक्छ ।

अर्कोतर्फ, राज्यले ल्याएका अनुदान र सहुलियत कार्यक्रम सबै लक्षित किसानसम्म पुग्न नसकेको गुनासो पनि व्यापक छ । पारदर्शिता र प्रभावकारिता बढाउनु अझै चुनौतीको विषय बनेको छ ।

बढ्दो माग, घट्दो बजेट

कृषिमा प्रविधिको प्रयोग र व्यावसायीकरणको आवश्यकता बढ्दै जाँदा बजेटको आकार भने अपेक्षाअनुसार बढ्न सकेको छैन ।

गण्डकी प्रदेशको कृषि बजेट

आर्थिक वर्ष	विनियोजित बजेट (रू. हजारमा)
२०७५/०७६	२,३९०,४८५
२०७६/०७७	२,५०८,५६६
२०७७/०७८	३,१९०,५४४
२०७८/०७९	२,१३६,१३२
२०७९/०८०	१,९८८,६५१
२०८०/०८१	२,२४४,६९७
२०८१/०८२	२,०६३,९१५
२०८२/०८३	२,०८६,७५०

स्रोत : कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

तथ्यांकले कृषिमा लगानीको प्रवृत्ति स्थिर नरहेको देखाउँछ । आर्थिक वर्ष २०७७/०७८ मा बजेट ३ अर्ब १९ करोड ५ लाख ४४ हजार रूपैयाँ पुगेको थियो । त्यसपछि बजेट घट्दै आएको देखिन्छ । कृषि क्षेत्रमा प्रविधिको माग, उपकरणको आवश्यकता र आधुनिकीकरणको अपेक्षा बढिरहेका बेला बजेटको आकार घट्दा दीर्घकालीन लक्ष्य प्रभावित हुन सक्ने विज्ञहरूको भनाइ छ ।

वैज्ञानिक कृषि प्रणालीको विकल्प छैन : बस्नेत

कृषि मन्त्रालयका पूर्व सहसचिव तथा कृषिविज्ञ बेनीबहादुर बस्नेतका अनुसार अहिलेको अवस्थामा वैज्ञानिक कृषि प्रणालीको विकल्प छैन । विगतमा पर्याप्त जनशक्ति भएकाले परम्परागत खेती प्रणालीबाट पनि उत्पादन सम्भव थियो । तर अहिले श्रमिक अभाव बढेकाले आधुनिक प्रविधि र उपकरणको प्रयोग अनिवार्य भएको छ । बस्नेतका अनुसार आधुनिक उपकरणको प्रयोगले उत्पादन लागत घटाउन र उत्पादकत्व बढाउन मद्दत गर्छ । एक-दुई जनाले सयौं एकड क्षेत्रफलमा खेती गर्न सक्ने अवस्था सिर्जना भइसकेको छ ।

उनले जग्गा चक्लाबन्दीलाई कृषि रूपान्तरणको मुख्य आधार मानेका छन् । सरकारले कानुन बनाए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको बस्नेतको टिप्पणी छ । सामूहिक खेती, कृषि ड्रोनको प्रयोग, अनुसन्धानमा लगानी, युवा उद्यमशीलता र रैथाने बाली संरक्षणलाई प्राथमिकता दिनुपर्ने उनको सुझाव छ । व्यक्तिगत अनुदानभन्दा सामूहिक तथा बृहत्तर कृषि परियोजनामा लगानी गर्दा प्रभावकारी परिणाम प्राप्त हुने उनको धारणा छ ।

राज्यको भूमिका अझै महत्त्वपूर्ण

कृषि आधुनिकीकरणको नेतृत्व राज्यले लिनुपर्ने विज्ञहरूको साझा धारणा छ । कृषि पूर्वाधार, सिँचाइ, कृषि सडक, शीत भण्डार, अनुसन्धान केन्द्र, कृषि शिक्षा र प्रविधि विस्तारमा योजनाबद्ध लगानी आवश्यक छ ।

त्यसैगरी सहुलियतपूर्ण दीर्घकालीन कृषि ऋण, प्रभावकारी कृषि बिमा, पारदर्शी अनुदान प्रणाली र प्राविधिक सेवा विस्तारमा पनि राज्यको सक्रिय भूमिका आवश्यक देखिन्छ । स्थानीय सरकारसँग समन्वय गरेर कृषियोग्य जमिनको संरक्षण, पकेट क्षेत्र विकास, चक्लाबन्दी र युवा लक्षित कार्यक्रम सञ्चालन गर्न सके कृषि क्षेत्रले उल्लेखनीय फड्को मार्न सक्ने सम्भावना छ ।

नेपालको कृषि क्षेत्र अहिले संक्रमणकालीन मोडमा उभिएको छ । परम्परागत खेती प्रणालीले मात्र बढ्दो जनसंख्या, खाद्य सुरक्षाको चुनौती, आयात निर्भरता र श्रमिक अभावका समस्या समाधान गर्न सक्दैन । गण्डकी प्रदेशका कार्यक्रम, कृषकका अनुभव र विज्ञहरूको विश्लेषणले एउटा स्पष्ट सन्देश दिन्छ—कृषिको भविष्य वैज्ञानिक प्रणाली, यान्त्रिकीकरण, स्मार्ट प्रविधि र व्यावसायीकरणमा निर्भर छ ।

तर, केवल नीति र भाषणले मात्र परिवर्तन सम्भव छैन । पर्याप्त बजेट, प्रभावकारी कार्यान्वयन, पारदर्शी अनुदान, जग्गा चक्लाबन्दी, अनुसन्धान र युवा सहभागितालाई केन्द्रमा राखेर काम गर्न सकेमात्र कृषि क्षेत्रले अपेक्षित रूपान्तरण हाँसिल गर्न सक्छ ।

कृषकको खेत, बारी र गोठसम्म प्रविधि, ज्ञान र सेवा पुऱ्याउन सकियो भने कृषि केवल जीविकोपार्जनको माध्यम होइन; आत्मनिर्भर अर्थतन्त्रको आधार बन्न सक्छ । वैज्ञानिक कृषि प्रणाली अब विकल्प होइन; समयको माग हो ।

◆◆◆

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रेस रजिष्ट्रारको कार्यालय

पोखरा, नेपाल